# आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक
शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय
विभागको एम्. ए. दोस्रो वर्षको
दसौं पत्रको प्रयोजनका
लागि प्रस्तुत

**शोधपत्र**


शोधार्थी
गणेश धिताल



नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०७१

**त्रिभुवन विश्व विद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर**

## शोध निर्देशकको मन्तव्य

**आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको स्नातकोत्तर द्वितीय वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि **श्री गणेश धितालले** मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजले परिश्रम र लगनशीलता पूर्वक तयार पार्नु भएको प्रस्तुत शोधपत्रबाट म पूर्णतया सन्तुष्ट छु ।

यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मितिः २०७१।१२।०९

....................................

**शोध निर्देशक**

**उपप्रा. डा. नेत्रमणि सुवेदी**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

**त्रिभुवन विश्व विद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग, विश्व विद्यालय क्याम्पस कीर्तिपुरका छात्र श्री **गणेश धितालले** तयार पार्नुभएको **आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण** शीर्षकको शोधपत्र यस विभाग अन्तर्गतको एम्.ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ उपयुक्त ठानिएकाले मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | |
|---|---|
| १) **प्रा.डा. देवीप्रसाद गौतम** | (विभागीय प्रमुख) ........................ |
| २) **उप.प्रा. डा. नेत्रमणि सुवेदी** | (शोध निर्देशक) ........................ |
| ३) **प्रा. केशवप्रसाद सुवेदी** | (बाह्य परीक्षक) ........................ |

मिति : : २०७१/१२/१२

## सङ्क्षेपीकृत शब्द सूची

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| ...।... | सर्ग संख्या । श्लोक संख्या |
| आ.रा. | आदर्श-राघव |
| ई. | ईस्वी संवत् |
| उदा. | उदाहरण |
| उपप्रा. | उपप्राध्यापक |
| एम्.ए. | मास्टर अफ आर्टस् |
| गु. | गुरु |
| ज. | जगण |
| त. | तगण |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| न. | नगण |
| नं. | नम्बर |
| ने.के.वि. | नेपाली केन्द्रीय विभाग |
| प्र.का. | प्रकाशन काल |
| प्रा. | प्राध्यापक |
| पू. | पूर्णाङ्क |
| भ. | भगण |
| म. | मगण |
| य. | यगण |
| र. | रगण |
| ल. | लघु |
| वि.सं. | विक्रम संवत् |
| स. | सगण |
| सं. | सङ्ख्या |
| सम्पा. | सम्पादक |
| संस्क. | संस्करण |

# कृतज्ञता ज्ञापन

**आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय अन्तर्गत विश्व विद्यालय क्याम्पस, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि तयार पार्ने क्रममा आफ्नो अमूल्य समय प्रदान गर्दै कुशल निर्देशन दिनुहुने श्रद्धेय गुरु एवम् शोध निर्देशक **उपप्रा.डा. नेत्रमणि सुवेदी**ज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शीर्षकमा शोधकार्य गर्न अनुमति प्रदान गर्नु हुने नेपाली केन्द्रीय विभाग तथा विभागीय प्रमुख **प्रा.डा. देवीप्रसाद गौतम** गुरुप्रति कृतज्ञ छु ।

शोधकार्यका क्रममा उत्साह र मार्गदर्शन प्रदान गर्नु हुने माता **लक्ष्मी** तथा अग्रज **केशवप्रसाद धिताल**प्रति सदैव ऋणी छु ।

सामग्री सङ्कलनका क्रममा सहयोग गर्ने केन्द्रीय पुस्तकालय, महेश पुस्तकालय तथा वाल्मीकि पुस्तकालय प्रति आभारी छु । यसै क्रममा आवश्यक सहयोग प्रदान गर्ने **शर्मिला नेपाल**लाई धन्यवाद नदिइरहन सक्दिनँ ।

शोधपत्र टङ्कण कार्यमा आफ्नो अमूल्य समय प्रदान गर्नु हुने **केशवप्रसाद अधिकारी, विनोद वन** तथा **नारायण कोइराला**लाई धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यको क्रममा परोक्ष वा अपरोक्ष रूपमा आवश्यक सहयोग प्रदान गर्नु हुने तथा गर्न तत्पर रहनु भएका सबैलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि शोधपत्र विभाग समक्ष पेस गर्दछु ।

त्रि.वि. दर्ता नं. : ६-३-२८-१३६९-२००८ शोधकर्ता
शैक्षिक वर्ष : २०६६/६७ ..................
परीक्षा क्रमाङ्क: २८०५९१
मिति : २०७१।१२।०९ गणेश धिताल

# विषय सूची


| | पेज नं. |
|---|---|
| **प्रथम परिच्छेद : शोध परिचय** | **१-९** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधको औचित्य | ५ |
| १.६ शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ शोधविधि | ६ |
| १.७.१ सामग्री सङ्कलन विधि | ६ |
| १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा | ७ |
| १.८ शोधपत्रको सामान्य रूपरेखा | ८ |
| **द्वितीय परिच्छेद : महाकाव्य विश्लेषणका सैद्धान्तिक आधारहरू** | **१०-१९** |
| २.१ परिचय | १० |
| २.२ पाश्चात्य सिद्धान्तका आधारमा महाकाव्यको स्वरूप | १० |
| २.३ पूर्वीय काव्यलक्षणकारका दृष्टिमा महाकाव्यको स्वरूप | १२ |
| २.३.१ भामहको दृष्टिमा महाकाव्य | १२ |
| २.३.२ दण्डीको दृष्टिमा महाकाव्य | १३ |
| २.३.३ रुद्रटको दृष्टिमा महाकाव्य | १४ |
| २.३.४ आचार्य विश्वनाथका दृष्टिमा महाकाव्य | १५ |
| २.४ आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा | १७ |
| २.५ निष्कर्ष | १९ |
| **तृतीय परिच्छेद : आदर्श-राघव महाकाव्यको सर्गबद्धता, कथावस्तु र पात्र विधान** | (२०-१०३) |
| ३.१ परिचय | २० |
| ३.२ सर्गबद्धता | २० |

३.३ आदर्श-राघव महाकाव्यको कथावस्तु २२
३.३.१ आदर्श-राघव महाकाव्यको प्रथम सर्गको कथावस्तु २३
३.३.२ आदर्श-राघव महाकाव्यको द्वितीय सर्गको कथावस्तु २७
३.३.३ आदर्श-राघव महाकाव्यको तृतीय सर्गको कथावस्तु ३२
३.३.४ आदर्श-राघव महाकाव्यको चतुर्थ सर्गको कथावस्तु ३५
३.३.५ आदर्श-राघव महाकाव्यको पञ्चम सर्गको कथावस्तु ४०
३.३.६ आदर्श-राघव महाकाव्यको षष्ठ सर्गको कथावस्तु ४४
३.३.७ आदर्श-राघव महाकाव्यको सप्तम सर्गको कथावस्तु ४८
३.३.८ आदर्श-राघव महाकाव्यको अष्टम सर्गको कथावस्तु ५३
३.३.९ आदर्श-राघव महाकाव्यको नवम सर्गको कथावस्तु ५४
३.३.१० आदर्श-राघव महाकाव्यको दशम सर्गको कथावस्तु ५८
३.३.११ आदर्श-राघव महाकाव्यको एकादश सर्गको कथावस्तु ६१
३.३.१२ आदर्श-राघव महाकाव्यको द्वादश सर्गको कथावस्तु ६६
३.३.१३ आदर्श-राघव महाकाव्यको त्रयोदश सर्गको कथावस्तु ६८
३.३.१४ आदर्श-राघव महाकाव्यको चतुर्दश सर्गको कथावस्तु ७०
३.३.१५ आदर्श-राघव महाकाव्यको पञ्चदश सर्गको कथावस्तु ७३
३.३.१६ आदर्श-राघव महाकाव्यको षोडश सर्गको कथावस्तु ७६
३.४ आदर्श-राघव महाकाव्यको पात्र विधान ८६
३.४.१ आदर्श-राघव महाकाव्यमा रामको चरित्र ८६
३.४.२ आदर्श-राघव महाकाव्यमा सीताको चरित्र ९२
३.४.३ आदर्श-राघव महाकाव्यमा रावणको चरित्र ९६
३.४.४ आदर्श-राघव महाकाव्यमा दशरथको चरित्र ९७
३.४.५ आदर्श-राघव महाकाव्यमा लक्ष्मणको चरित्र ९८
३.४.६ आदर्श-राघव महाकाव्यमा भरतको चरित्र ९९
३.४.७ आदर्श-राघव महाकाव्यमा प्रस्तुत भएका अन्य पात्रहरू १००
३.५ निष्कर्ष १०३
**चतुर्थ परिच्छेद : आदर्श-राघव महाकाव्यको रसाभिव्यक्ति, लय विधान र उद्देश्य (१०४-१५०)**
४.१ परिचय १०४

४.२ आदर्श-राघव महाकाव्यको रस विधान/रसाभिव्यक्ति १०४
४.२.१ आदर्श-राघव महाकाव्यमा श्रृङ्गार रसाभिव्यक्ति १०५
४.२.२ आदर्श-राघव महाकाव्यमा हास्य रसाभिव्यक्ति १०८
४.२.३ आदर्श-राघव महाकाव्यमा करूण रसाभिव्यक्ति १०८
४.२.४ आदर्श-राघव महाकाव्यमा वीर रसाभिव्यक्ति १०९
४.२.५ आदर्श-राघव महाकाव्यमा रौद्र रसाभिव्यक्ति ११०
४.२.६ आदर्श-राघव महाकाव्यमा भयानक रसाभिव्यक्ति ११०
४.२.७ आदर्श-राघव महाकाव्यमा वीभत्स रसाभिव्यक्ति १११
४.२.८ आदर्श-राघव महाकाव्यमा अद्‌भुत रसाभिव्यक्ति ११२
४.२.९ आदर्श-राघव महाकाव्यमा शान्त रसाभिव्यक्ति ११२
४.२.१० आदर्श राघव महाकाव्यको अङ्गीरस ११३
४.३ 'आदर्श-राघव' महाकाव्यको लय विधान ११७
४.३.१ लय/छन्दको सैद्धान्तिक परिचय ११७
४.३.२ आदर्श-राघव महाकाव्यमा प्रयुक्त छन्दहरू र तिनको व्याप्ति ११९
४.३.३ आदर्श-राघव महाकाव्यमा प्रयुक्त छन्द र तिनका उदाहरण १२५
४.४ 'आदर्श-रावघ' महाकाव्यको उद्देश्य १४२
४.४.१ 'आदर्श-राघव' महाकाव्यमा धर्मको चित्रण १४३
४.४.२ 'आदर्श-राघव' महाकाव्यमा अर्थको चित्रण १४४
४.४.३ 'आदर्श-राघव' महाकाव्यमा कामको चित्रण १४५
४.४.४ 'आदर्श-राघव' महाकाव्यमा मोक्षको चित्रण १४५
४.४.५ 'आदर्श-राघव' महाकाव्यको प्रमुख उद्देश्य १४६
४.५ निष्कर्ष १५०
**पञ्चम परिच्छेद : आदर्श-राघव महाकाव्यको परिवेश विधान र शीर्षकीकरण १५१-१७९**
५.१ परिचय १५१
५.२ आदर्श-राघव महाकाव्यको परिवेश विधान १५१
५.२.१ साकेत (नगर वर्णन) १५२

५.२.२ विश्वामित्र आश्रम (यज्ञ/वन तथा मुनि वर्णन) १५२
५.२.३ अन्धकार वर्णन १५३
५.२.४ प्रातः काल वर्णन १५४
५.२.५ विवाह वर्णन १५५
५.२.६ शरद् ऋतु वर्णन १५६
५.२.७ सिकार वर्णन १५७
५.२.८ हेमन्त समय वर्णन १५७
५.२.९ ऋतु परिवर्तन वर्णन १५८
५.२.१० समुद्र वर्णन १५८
५.२.११ युद्ध वर्णन १५८
५.२.१२ यात्रा वर्णन १६२
५.२.१३ रात्रि समय वर्णन १६३
५.२.१४ यज्ञ वर्णन (अश्वमेध यज्ञ) १६४
५.२.१५ पुत्रजन्म वर्णन १६४
५.२.१६ चन्द्रोदय वर्णन १६५
५.२.१७ वसन्त ऋतु वर्णन १६६
५.२.१८ सम्भोग वा विप्रलम्भ श्रृङ्गार १६७
५.३ 'आदर्श-राघव' महाकाव्यको शीर्षकीकरण १६८
५.३.१ 'आदर्श-राघव' महाकाव्यका अवान्तर सर्गको शीर्षक १६९
५.३.२ 'आदर्श-राघव' महाकाव्यको शीर्षकीकरण १७७
५.४ निष्कर्ष १७९
**षष्ठ परिच्छेद : शोध सारांश तथा निष्कर्ष** **१८०-१८३**
६.१ शोध सारांश १८०
६.२ शोध निष्कर्ष १८२
सन्दर्भ सामग्री १८४

# प्रथम परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोधकार्य **आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण**सँग सम्बन्धित रहेको छ । *आदर्श-राघव* (प्र.का. वि.सं. २००५) महाकाव्य साहित्य शास्त्र (*साहित्य प्रदीप*), व्याकरण चिन्तन(*मध्यचन्द्रिका*), पूर्वीय अध्यात्मचिन्तन (*दर्शनप्रवेशिका*) समेतको रचना गर्न सफल नेपाली साहित्य एवम् वाङ्मय क्षेत्रका विशिष्ट प्रतिभा सोमनाथ सिग्द्याल (जीवनकाल वि.सं. १९४१-२०२९) द्वारा लेखिएको महाकाव्य कृति हो । उनले वि.सं. १९६३मा *सुन्दरी* (पहिलो लीलामा) प्रकाशित 'मानिनीरञ्जन' शीर्षकको श्रृङ्गारिक कविताबाट आफ्नो काव्ययात्राको औपचारिक आरम्भ गरेका हुन् । तत्कालीन श्री ३ महाराज तथा प्रधानमन्त्री चन्द्रशमशेरको व्यक्ति स्तुतिलाई केन्द्रविन्दु बनाई रच्न थालिएको *चन्द्रचरित* महाकाव्य (रचनाकाल वि.सं. १९७६।७८ -१९८६) वि.सं. १९८६ मा चन्द्रशमशेरको मृत्युपछि बीचमै थन्किन बाध्य हुन्छ । चन्द्रचरितको साधना पश्चात् *आदर्श-राघव* महाकाव्य रचिएको छ । नेपाली महाकाव्य परम्परामा मौलिक तथा विधा सचेत महाकाव्य शाकुन्तल (प्र.का. वि.सं. २००२) र सुलोचना (प्र.का. वि.सं. २००३) जस्ता अन्तस्तलमा मूलतः अङ्ग्रेजी पूर्वस्वच्छन्दतावादी महाकाव्य ढाँचाको प्रयोग गरी महाकवि लक्ष्मीप्रसाद देवकोटाले अघि बढाएको नेपाली महाकाव्य यात्रामा पूर्वीय महाकाव्य मान्यताको अनुपालन गरी लेखिएको महाकाव्यको अभाव बोध गरी साहित्य शास्त्रका लक्षणकार समेत रहेका सिग्द्यालद्वारा महाकाव्य रचना गर्ने आफ्नो प्रयास र दृढ सङ्कल्पका साथै नेपाली महाकाव्य परम्परामा पूर्वीय महाकाव्यमान्यताको अनुपालन गरी लेखिएको महाकाव्यको अभावपूर्तिको प्रयोजनार्थ रचिएको कृति हो । विवेच्य कृति साहस्री श्लोक (१०६२श्लोक) विस्तार र अष्टाधिक सर्ग (१६सर्ग)सम्मको विस्तृतिले महाकाव्यात्मक लमाइको पुष्टता पाएको कृति हो ।

वाल्मीकि *रामायण* एवम् *योगवाशिष्ठ*मा प्रसिद्ध पौराणिक आख्यानको प्रयोग गरे तापनि शान्त रसलाई अङ्गीरसका रूपमा अभिव्यक्त गरी संयोगान्त बनाइएको विवेच्य

महाकाव्यमा मौलिकता एवम् उत्पाद्यताको मिश्रण पाइन्छ । पूर्वीय महाकाव्यमान्यताको अक्षरशः पालन गर्ने प्रतिबद्धता बोकेको विवेच्य महाकाव्यले पूर्वीय साहित्यशास्त्री आचार्य विश्वनाथबाट निर्दिष्ट महाकाव्यलक्षणको अनुप्रयोग तथा संस्कृत महाकाव्यकार भारविको किरातार्जुनीयम् महाकाव्यद्वारा प्रवर्तन गरेको ललित महाकाव्यको विचित्रमार्गी धाराको वरण गर्दै नवपरिष्कारवादी शास्त्रीय कट्टरतालाई अवलम्बन गरेको छ ।

पुरातन आख्यानमा समसामयिकता एवम् दार्शनिकताको प्रयोग गर्दै मौलिकता तथा आलङ्कारिकताले परिपूर्ण आदर्श-राघव महाकाव्यलाई क्लिष्ट, दार्शनिक प्रयोगशाला, उत्पाद्य आलङ्कारिक यान्त्रिकता, संस्कृतनिष्ठ समस्त तथा तत्सम शब्दहरूको बहुलताले यसका पाठक एवम् समालोचकहरूलाई समेत बेलाबेलामा झस्काउने गरेको पाइन्छ । फलतः मानक महाकाव्य, नरिवल महाकाव्यको संज्ञा पाएको यस महाकाव्यको साङ्गोपाङ्ग अध्ययनको अभावको पूर्ति गर्दै आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण र मूल्याङ्कन गर्नु आवश्यक देखिन्छ ।

## १.२ समस्याकथन

नेपाली महाकाव्य परम्परामा पूर्वीय महाकाव्य लक्षणको अक्षरशः प्रयोग गरी रचना गरिएको आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण नै प्रस्तुत शोधकार्यको प्रमुख समस्या रहेको छ । यही मूलभूत समस्यासँग सम्वन्धित निम्न लिखित समास्यामा आधारित भई शोधकार्य गरिएको छ :

(क) *आदर्श-राघव* महाकाव्यको सर्गबद्धता, कथावस्तु र पात्रविधान के कस्तो छ ?

(ख) *आदर्श-राघव* महाकाव्यको रसाभिव्यक्ति, लयविधान र उद्देश्य के कस्तो छ ?

(ग) *आदर्श-राघव* महाकाव्यको परिवेशविधान र शीर्षकीकरण कस्तो छ ?

## १.३ शोधको उद्देश्य

*आदर्श-राघव* महाकाव्यको कृतिगत विश्लेषण गरी त्यसको मूल्याङ्कन गर्नु नै प्रस्तुत शोधकार्यको मूलभूत उद्देश्य रहेको छ । प्रस्तुत शोध समस्याको समाधानमा आधारित उद्देश्यहरू यस प्रकार रहेका छन् :

(क) *आदर्श-राघव* महाकाव्यको सर्गबद्धता, कथावस्तु र पात्रविधान निरूपण गर्नु ।

(ख) *आदर्श-राघव* महाकाव्यको रसाभिव्यक्ति, लयविधान र उद्देश्य पहिचान गर्नु ।

(ग) *आदर्श-राघव* महाकाव्यको परिवेशविधान र शीर्षकीकरणको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

*आदर्श-राघव* महाकाव्यका बारेमा विभिन्न विद्वानहरूले बेलाबेलामा आ-आफ्नै दृष्टिकोण दिने सन्दर्भमा आदर्श-राघव महाकाव्यको विश्लेषण गर्ने प्रयास गरेका छन् । जसको चर्चा यहाँ गरिएको छ ।

सोमनाथ सिग्द्यालले *साहित्य प्रदीप* (२०१७) सैद्धान्तिक समालोचना ग्रन्थमा आलङ्कारिक दृष्टिकोणले आदर्श-राघव महाकाव्यका थुप्रै पद्यहरू उदाहरणका रूपमा प्रस्तुत गरेका छन् ।

ताराप्रसाद जोशीले *आदर्श-राघवको शास्त्रीय विवेचना* (२०२७) शीर्षकको पुस्तकमा आलङ्कारिक दृष्टिकोणले अध्ययन गर्ने जमर्को गरेका छन् । अलङ्कारको बौद्धिक प्रदर्शनलाई काव्य कलाको उन्नत शिखर मानिने युगमा विवेच्य महाकाव्यको रचना भएको हो भन्दै उनले त्यस युगका कविहरूको शिल्प शैलीलाई यस महाकाव्यले राम्ररी चिनाउन खोजेको छ, भनी आलङ्कारिक दृष्टिमा कृतिको विश्लेषण गरेका छन् ।

*आदर्श-राघव* महाकाव्यको विश्लेषण सोमनाथ सिग्द्यालले समेत गरेका छन् । उनले प्रस्तुत महाकाव्यको वि.सं.२०२८को भूमिकामा यसलाई पूर्वीय महाकाव्य सिद्धान्तको साँचोमा ढाली प्रस्तुत गरेको अवगत गराएका छन् ।

वासुदेव त्रिपाठीले *सिंहावलोकन* (२०३२)मा “नेपाली साहित्यका महान् शिल्पी सोमनाथ सिग्द्याल” शीर्षक समालोचनात्मक लेखमा समकालीन महाकाव्यकारहरूसँग तुलना गर्दै भारवि-धाराको अनुशीलन र शास्त्रीय परिपाटीप्रतिको अति आसक्तिले सोमनाथलाई बन्दी बनाएको चर्चा गरेका छन् ।

वामदेव पहाडीले *रूपरेखा* ( वर्ष २२, अङ्क ४, पू. २४४, भदौ २०३८) पत्रिकाको "आदर्श-राघव महाकाव्यमा शून्य युगबोध" शीर्षक लेखमा आदर्श-राघव महाकाव्यमा युगबोधको अभाव भएको पुष्टिमात्र गरेकाले यो समालोचना एकाङ्गी हुन गएको छ ।

नरहरि आचार्यले *सोमनाथ सिग्देल र उनको महाकाव्य साधना* (२०४९)मा सोमनाथ सिग्देलको परिचय दिँदै उनको महाकाव्य साधनामा चन्द्रचरित र पूर्वीय महाकाव्य सिद्धान्तको उल्लेखनीय भूमिका रहेको ठहर गरेका छन् ।

बाबुराम आचार्यले "आदर्श-राघव महाकाव्यको तत्सम शब्दकोश" नामक शोधपत्र(२०४९)मा आदर्श-राघव महाकाव्यमा प्रयुक्त संस्कृत शब्दार्थको अध्ययन गरेका छन् ।

ठाकुर पराजुलीले *नेपाली साहित्यको परिक्रमा* (२०५६) मा "नेपाली साहित्यका यशस्वी साधक : सोमनाथ" शीर्षकको समालोचनात्मक लेखमा सोमनाथको जीवनी, अन्य व्यक्तित्त्व तथा तत्कालीन प्रतिभाहरूसँग तुलना गर्दै समयको लामो अन्तरालमा पुऱ्याएर रामका आदर्श भावका जलसिञ्चनले परिमार्जन गरेर चन्द्रचरितलाई आदर्श-राघवमा परिणत गरेको अभिव्यक्ति प्रस्तुत गरेका छन् । यसका साथै सोमनाथले संस्कृतको ज्ञानपुञ्जलाई संस्कृतकै दायराभित्र मात्र सीमित नराखी नेपाली महाकाव्यमा समेत व्यावहारिकरूपमा परिणत गराउन सकेकाले शास्त्रीय मेधा र रचनात्मक प्रतिभा विकसित गर्ने सङ्कल्प लिएर सोमनाथ साहित्यिक मैदानमा उत्रेको पराजुलीले ठहर गरेका छन् ।

ऋषीश्वर अधिकारीले "आदर्श-राघव महाकाव्यमा अलङ्कारविधान" (२०६३) शीर्षकको शोधपत्रमा अलङ्कारको विशेष चहक नै आदर्श-राघव महाकाव्यको महत्त्वपूर्ण चमक बन्न पुगेको तथा यमकमय आठौं सर्ग नै यस महाकाव्यको महान् उपलब्धी भएको उनको मूल्याङ्कन छ । आलङ्कारिक दृष्टिले अध्ययन गरिएको प्रस्तुत शोधकार्य पनि एकाङ्गी हुन गएको छ ।

यसरी २००५ सालमा पूर्वीय महाकाव्य सिद्धान्त अनुरूपको महाकाव्यको युगीन आवश्यकताको परिपूर्तिका लागि लिखित एवम् प्रकाशित प्रस्तुत आदर्श-राघव

महाकाव्यको लेखक स्वयंका अतिरिक्त कयौं विद्वान्हरूले चर्चा, टीकाटिप्पणी एवम् मूल्याङ्कन र विश्लेषण गर्ने प्रयास गरे तापनि उपर्युक्त प्रयासहरू पाठ्यसामग्रीको प्रयोजनार्थ, सतही चर्चा, सङ्क्षिप्त तथा एकाङ्गी अध्ययन मात्र भएकाले आदर्श-राघव महाकाव्यको कृतिगत अध्ययन, विश्लेषण र मूल्याङ्कन तदनुरूप पूर्वीय महाकाव्य चिन्तक आचार्य विश्वनाथको महाकाव्य लक्षणमा निर्दिष्ट विधातत्त्वका आधारमा वैज्ञानिक, तथ्यपरक एवम् वस्तुगत अध्ययन गरी शोधपत्र तयार पार्नु अति आवश्यक देखिन्छ ।

## १.५ शोधको औचित्य

महाकाव्यकार सोमनाथ सिग्द्यालद्वारा रचित *आदर्श-राघव* महाकाव्यको प्रकाशनसँगै यस महाकाव्यका बारेमा विभिन्न पत्रपत्रिका, पुस्तक तथा शोधपत्रहरूमा समेत अनेक समीक्षा एवम् टीका टिप्पणी भएका छन् । अधिकांश समालोचकहरूले शब्दगत एवम् भावगत क्लिष्टताले गर्दा दुर्बोध्य तथा क्लिष्टको संज्ञा त कसैले मानक महाकाव्यको संज्ञा दिएर पन्छिने काम गरे भने कसैले समष्टिगत समालोचना गरे भने कसैले कुनै एक तत्त्व वा पक्षको मात्र उद्घाटन गर्ने प्रयास गरेका छन् । महाकाव्यकार समेतको अदृश्य आग्रह रहेको पूर्वीय काव्य तत्त्वका आधारमा महाकाव्यको विश्लेषण गर्नेतर्फ आजसम्मका समालोचकहरूको समालोचना अपुष्ट रहेको सन्दर्भमा वैज्ञानिक एवम् वस्तुगत अध्ययन गर्दै आचार्य विश्वनाथको महाकाव्य लक्षणमा निर्दिष्ट विधातात्त्विक विश्लेषण गरेर तयार गरिएको प्रस्तुत शोधपत्रको विवेच्य महाकाव्यको अध्ययनका क्रममा तथा भावी शोधकर्ताहरूको मार्गदर्शकका रूपमा समेत औचित्य एवम् महत्त्व रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

आदर्श-राघव महाकाव्यको पूर्वीय महाकाव्य चिन्तक आचार्य विश्वनाथको महाकाव्य लक्षणमा निर्दिष्ट विधातत्त्वको आधारमा विवेच्य महाकाव्यको अध्ययन, विश्लेषण र मूल्याङ्कनमा प्रस्तुत शोधकार्यलाई सीमित बनाइएको छ ।

## १.७ शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा पर्दछन् । सामग्री सङ्कलनमा प्राथमिक, द्वितीयक दुवै स्रोतका सामग्रीको सङ्कलन अपरिहार्य हुन्छ । तिनको विश्लेषणमा निश्चित सैद्धान्तिक वा अवधारणात्मक आधार तथा ढाँचा निर्माण अनिवार्य छ । यसका साथै परिभाषीकरण, वर्गीकरण, व्याख्या, विश्लेषण, सत्यापन, अर्थापन, तुलना-प्रतितुलना, अन्वय-व्यतिरेक, सामान्यीकरण र निष्कर्षण प्रक्रियाको सन्तुलित एवम् समन्वयात्मक उपयोग पनि हुनु पर्ने भएकाले प्रस्तुत शोधपत्रमा यी सबै प्रक्रियाको समुचित अनुशरण गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधका समस्याहरूको प्रामाणिक समाधानका लागि उपयुक्त तथ्य/सामग्रीको आवश्यकता पर्ने देखिन्छ । समस्या कथनमा उल्लेख गरिएका प्रश्नहरूको प्रामाणिक समाधानका लागि दुई प्रकृतिका सामग्रीको सङ्कलन गरिएको छ । पहिलो प्रकृतिको तथ्य/सामग्री अन्तर्गत विवेच्य महाकाव्यको मूलपाठ अर्थात् आदर्श-राघव महाकाव्य रहेको छ । दोस्रो प्रकृतिका तथ्य/सामग्री अन्तर्गत महाकाव्य विश्लेषणका क्रममा आउने लक्षण ग्रन्थ तथा आदर्श-राघव महाकाव्यका सम्वन्धमा विभिन्न विद्वान्हरूले बेलाबेलामा पत्रपत्रिका, पुस्तक तथा शोधपत्र आदिमा उल्लेख गरेका आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषणसँग परोक्ष वा अपरोक्ष रूपमा सम्वन्धित समस्त पूर्वकार्य हुनेछन् । प्रस्तुत शोधकार्यमा उपर्युक्त दुवै प्रकृतिका तथ्य/सामग्री, जानकारी वा सूचनाहरू सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस क्रममा द्वितीयक स्रोतका सामग्रीको सङ्कलनमा भन्दा प्राथमिक स्रोतका सामग्रीको सङ्कलनमा बढी जोड दिइएको छ । पूर्वीय महाकाव्य-चिन्तकहरूको लक्षणग्रन्थ तथा महाकाव्यका तत्त्वहरूको विश्लेशणका क्रममा आउने छन्द, अलङ्कार, रसादि तत्त्वका लक्षण ग्रन्थ अनि स्वयं आदर्श-राघव महाकाव्य नै प्रस्तुत शोधकार्यका लागि प्राथमिक स्रोतका मुख्य विश्लेषणीय सामग्री भएका छन् । उपर्युक्त तथ्य/सामग्रीको थप प्रामाणीकरणका लागि परोक्ष वा अपरोक्ष रूपमा पूर्वीय महाकाव्य सिद्धान्तका आधारमा

महाकाव्यको कृतिगत विश्लेषणसँग सम्बन्ध राख्ने विभिन्न विद्वान् समालोचक तथा साहित्यकारहरूबाट पनि आवश्यक थप सल्लाह, सुझाउ र सहयोग लिइएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधको प्राज्ञिक समाधानका लागि सङ्कलित सामग्रीको अध्ययन विश्लेषणमा महाकाव्य विश्लेषणको सैद्धान्तिक ढाँचा अन्तर्गत पूर्वीय महाकाव्य लक्षणकार विश्वनाथ (चौधौं शताब्दी)को *साहित्य दर्पण* ग्रन्थमा निर्देश गरिएका विधा तात्त्विक मान्यता एवम् विधिको प्रयोग गरिएको छ । *आदर्श-राघव*को कृतिगत विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको अभीष्ट हुनाले प्रस्तुत शोधका सङ्कलित सामग्री विश्लेषणको अवधारणात्मक ढाँचा शोध समस्याका क्रमानुसार यस प्रकार रहेको छ ।

समस्या नं (क)को प्राज्ञिक र प्रामाणिक समाधानका लागि सङ्कलित सामग्रीको विश्लेषण निम्न लिखित ढाँचाका आधारमा गरिएको छ ।

(क) विषय परिचय

(ख) आदर्श-राघव महाकाव्यको सर्गबद्धता

(ग) आदर्श-राघव महाकाव्यको कथावस्तु

(घ) आदर्श-राघव महाकाव्यको पात्रविधान

(ङ) निष्कर्ष

समस्या नं (ख)को प्रामाणिक समाधानका लागि निम्नलिखित ढाँचाको प्रयोग गरिएको छ ।

(क) विषय परिचय

(ख) आदर्श-राघव महाकाव्यको रसाभिव्यक्ति

(ग) आदर्श-राघव महाकाव्यको लयविधान

(घ) आदर्श-राघव महाकाव्यको उद्देश्य

(ङ) निष्कर्ष

समस्या नं (ग)को प्रामाणिक समाधानका लागि निम्नलिखित ढाँचाको प्रयोग गरिएको छ ।

(क) विषय परिचय

(ख) आदर्श-राघव महाकाव्यको परिवेशविधान

(ग) आदर्श-राघव महाकाव्यको शीर्षकीकरण

(घ) निष्कर्ष

समग्र शोधको ढाँचा यस प्रकारको रहेको छ ।

(क) सर्गबद्धता,

(ख) कथावस्तु,

(ग) पात्रविधान,

(घ) रसाभिव्यक्ति,

(ङ) लयविधान,

(च) उद्देश्य,

(छ) परिवेशविधान र

(ज) शीर्षकीकरण ।

उपर्युक्त विविध आधार र मानदण्डको प्रयोग गरी आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण गरिएकाले प्रस्तुत शोधकार्यको प्रकृति सैद्धान्तिक, विश्लेषणात्मक र कृतिपरक किसिमको रहेको छ ।

## १.८ शोधपत्रको सामान्य रूपरेखा

प्रस्तुत शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको स्वरूप वा संगठन यस प्रकार रहेको छ ।

प्रथम परिच्छेद : शोध परिचय

द्वितीय परिच्छेद : महाकाव्य विश्लेषणका सैद्धान्तिक आधारहरू

तृतीय परिच्छेद : आदर्श-राघव महाकाव्यको सर्गबद्धता, कथावस्तु र पात्रविधान

चतुर्थ परिच्छेद : आदर्श-राघव महाकाव्यको रसाभिव्यक्ति, लयविधान र उद्देश्य

पञ्चम परिच्छेद : आदर्श-राघव महाकाव्यको परिवेशविधान र शीर्षकीकरण

षष्ठ परिच्छेद : शोध सारांश र निष्कर्ष

# द्वितीय परिच्छेद

## महाकाव्य विश्लेषणका  सैद्धान्तिक आधारहरू

### २.१ परिचय

महाकाव्य साहित्यको कविता विधा अन्तर्गत रहेको वृहत् आकारप्रकारको उपविधा हो । यसको आफ्नै स्वतन्त्र संरचना हुन्छ । जस अनुसार यसको विश्लेषणीय आधारको समेत निर्माण भएको हुन्छ । पूर्व तथा पश्चिममा यसलाई हेर्ने दृष्टिकोणमा धेरै तात्त्विक भिन्नता पाउन सकिन्छ । जसको सामान्य चर्चा गर्दै प्रस्तुत परिच्छेदमा विवेच्य महाकाव्यको कृतिगत विश्लेषणका लागि कुनै एउटा आधार तथा ढाँचाको निर्माण तार्किक एवम् युक्तिसङ्गत रूपमा गरिएको छ ।

### २.२ पाश्चात्य सिद्धान्तका आधारमा महाकाव्यको स्वरूप

पाश्चात्य साहित्यमा महाकाव्यलाई epic भनिन्छ । महाकाव्यकै केन्द्रीयतामा पश्चिममा महाकाव्य-चिन्तन नगरिए तापनि पाश्चात्य  महाकाव्य चिन्तनको चर्चा गर्दा एरिस्टोटलको महाकाव्य-चिन्तन, स्वच्छन्दतावादी महाकाव्य चिन्तन र मार्क्सवादी महाकाव्य-चिन्तन नै विशेष उल्लेखनीय देखापर्दछन् । जसको सामान्य चर्चा यहाँ गरिनु आवश्यक देखिएको छ ।

प्राचीन पश्चिमी विद्याका केन्द्र ग्रीसका विद्वान् एरिस्टोटल एक मर्मज्ञ काव्यशास्त्री हुन् । उनी विशेष रूपमा दुःखान्त नाट्य चिन्तक भए तापनि अग्रज स्रष्टा होमरका इलियड र ओडिसी महाकाव्यका अनुगमनबाट प्राप्त हुने नियमको अङ्कनद्वारा उनले महाकाव्य चिन्तनको सबल जग बसालेका छन् । उनले प्रस्तुत गरेका महाकाव्यात्मक चिन्तनलाई निम्न लिखित बुँदामा प्रस्तुत गरिएको छ ।

(क) उच्चतर (भव्यतर) पात्रहरूको पद्यबद्ध अनुकरणका रूपमा महाकाव्य र दुःखान्तकमा समानता छ ।

(ख) महाकाव्यात्मक अनुकरणमा समाख्यानात्मकताका साथै एकै छन्दको प्रयोग गरिएको हुन्छ।

(ग) महाकाव्यमा आफ्ना सीमाहरूको विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ ।

(घ) महाकाव्यमा समाख्यानात्मक रूपले गर्दा थोरै समयमा घटित हुने अनेक घटना प्रस्तुत गर्न सकिन्छ अनि यदि यी (घटना) विसङ्गत छन् भने यिनीहरूबाट काव्यलाई घनत्व र गरिमा प्राप्त हुन्छ ।

(ङ) गीत र दृश्य विधानका अतिरिक्त अन्य संरचनात्मक अङ्गहरू दुवैमा समान हुन्छन् । (त्रिपाठी, २०४८:८४)

एरिस्टोटलले दुःखान्त नाटक र महाकाव्यका बीचमा तुलना गर्दै उपर्युक्त मान्यताको अङ्कन गरेका हुन् र यिनैबाट उनका महाकाव्य मान्यताको बारेमा प्रस्ट जानकारी प्राप्त गर्न सकिन्छ । उनका उपर्युक्त कथनबाट स्थापित हुने महाकाव्यात्मक अभिलक्षण यी हुन् : (क) महाकाव्य दुःखान्त प्रकृतिको अनुकरण हो, (ख) महाकाव्यमा उच्चतर पात्रको भव्य चित्रण हुन्छ, (ग) महाकाव्यमा एकै वीर छन्दको प्रयोग हुन्छ, (घ) महाकाव्यमा दुःखान्त नाटकीय दृश्यविधानका सट्टा समाख्यानात्मकता हुन्छ, (ङ) महाकाव्यमा विषयवस्तुगत विस्तारको विशिष्ट क्षमता रहने हुँदा वृहत्/वृहत्तर स्वरूपगत विस्तार हुन्छ ।

स्वच्छन्दतावादी महाकाव्य चिन्तनका आधारमा महाकाव्यका आधारभूत सामान्य लक्षण तथा स्वरूप यस प्रकार छन् । (क) महाकाव्यको कथावस्तु केवल कल्पनाश्रित मात्र नरही लोक विश्रुत र व्यापक हुनु पर्ने, त्यस अन्तर्गत उपाख्यान रहने, विभिन्न दृश्य र गौण पात्रको चित्रण गर्दै मन्द गतिमा त्यो कथावस्तु अगि बढ्ने, त्यस्तो मन्द गतिले कथानकीय घटनाक्रममा एकरूपता ल्याउने र आफ्ना उदात्तता एवम् समृद्धिद्वारा त्यसले पाठकलाई अभिभूत पार्ने, (ख) महाकाव्यको नायक इतिहास प्रसिद्ध, उदात्त र क्रियाशील हुनु पर्ने, ऊ सम्पूर्ण जाति वा राष्ट्रको प्रतिनिधि हुने भएकाले उसको विजय देखाउनुपर्ने, (ग) महाकाव्यमा पात्रको कार्यभार र कथावस्तुगत आयामलाई विस्तृति दिन अलौकिक/अतिप्राकृत शक्तिको समावेश आवश्यक पर्ने, मानवीय पात्रका कार्यभारमा त्यस्ता अलौकिक शक्तिको सहभागिता देखिने र कुनै एक युगका समाज-संस्कृतिको समग्र प्रतिच्छायाको अङ्कन गरिने, (घ) महाकाव्यमा वीर भाव मुख्य रहने र प्रणय तथा वीरताको संश्लेषण पनि हुन सक्ने, (ङ) महाकाव्यमा आद्यन्त

एउटै छन्दगत सङ्गतिको व्याप्ति रहने, (च) महाकाव्यमा उत्कर्षपूर्ण र गरिमादि गुणले युक्त प्रभावोत्पादक भाषाशैलीको प्रयोग गरिने अनि (छ) महाकाव्यका समष्टि शैलीशिल्प, भावव्यञ्जना, कल्पना र वर्णनमा असाधारण भव्यता, उदात्तता र विशाल योजना देखाउनै पर्ने (अवस्थी,२०४८,पृ.३४) हुन्छ । यस प्रकारका अभिलक्षणमा रचिने महाकाव्यमा प्रकृति तर्फ फर्क भन्ने आग्रह समेत गरिएको हुन्छ ।

मार्क्सवादी समालोचक राल्फ फक्स र जर्ज लुकाजले उपन्यास-चिन्तनको बहुलता रहेको यस युगमा महाकाव्यका सम्बन्धमा साङ्केतिक टिप्पणी गरेका छन् । फक्सले महाकाव्य अतीतको विधा हो भन्ने तत्कालीन समयमा महाकाव्य प्रति सकारात्मक टिप्पणी गर्दै यो भविष्यको विधा पनि हो भनेर दाबी गरेका छन् । लुकाजका विचारमा कुनै पनि उच्च प्रतिभाले नै समग्र मानव चेतनालाई अभिव्यक्त गर्न सक्तछ । उनको यस विचारबाट (क) कुनै पनि प्रतिभा व्यक्तिगत वा सामाजिक स्तरमा जे जस्तो भए पनि सिर्जनाको स्तरमा ऊ समग्र मानव चेतनालाई व्यक्त गर्न सक्ने हुनुपर्छ, (ख) पूर्ण मनुष्यता भनेको वर्गरहितता नै हो र वर्गरहित समाजमा नै समग्र मानव चेतना सम्भव छ । उनको महान् प्रतिभा र समग्र-मानव-चेतना सम्बन्धी मान्यताबाट वर्ग रहित समाजको अखण्ड परिपूर्ण अभिव्यक्ति गर्ने विधा महाकाव्य नै हुन सक्ने सङ्केत मिलेको छ ।

## २.३ पूर्वीय काव्यलक्षणकारहरूका दृष्टिमा महाकाव्यको स्वरूप

पूर्वीय साहित्य मान्यताको स्थापनामा छैटौं शताब्दीका भामहदेखि चौधौं शताब्दीका विश्वनाथसम्मको काव्य लक्षण ग्रन्थको नै भूमिका रहेको छ । महाकाव्य पनि साहित्यकै एक विधा/उपविधा भएकाले सोही उल्लेखनीय लक्षणग्रन्थमा यसको अस्तित्व एवम् रूपरेखाको पहिचान गरिन्छ ।

### २.३.१ भामहको दृष्टिमा महाकाव्य

साङ्केतिक रूपमा वाल्मीकि रचित रामायणको उत्तरकाण्डमा महाकाव्यको प्रथम प्रयोग भएको पाइए तापनि समस्त शब्दकै रूपमा यसको प्रयोग गरी महाकाव्य सम्बन्धी चिन्तन प्रस्तुत गर्ने विद्वान् छैटौं शताब्दीको पूर्वार्धका भामह नै प्रथम हुन् ।

पूर्वीय महाकाव्य चिन्तनका प्रवर्तक विद्वान् भामहले आफ्नो *काव्यालङ्कारम्* भन्ने लक्षण ग्रन्थको पहिलो परिच्छेदका १९–२३ श्लोकका पाँच श्लोकमा महाकाव्य सम्बन्धी आफ्नो दृष्टिकोण सूत्रबद्ध रूपमा प्रस्तुत गरेका छन् । संस्कृत भाषाका ती श्लोकमा भनिएका प्रमुख लक्षणलाई नेपाली भाषामा यसरी व्यक्त गर्न सकिन्छ ।

महाकाव्य महान्हरूका महत् अर्थको सर्गबद्ध, शिष्ट शब्दार्थयुक्त र अलङ्कृत अभिव्यक्ति हो जुन सत्मा आश्रित हुनुपर्छ । यसका साथै महाकाव्यमा मन्त्रणा, दूतप्रेषण, यात्रा, सङ्ग्राम वा अभियान र नायकको अभ्युदयको वर्णन हुनुपर्छ । त्यसै गरी पञ्चसन्धि हुनुपर्ने, अतिविस्तार नभएको तर भव्यता वाञ्छित महाकाव्यमा चतुर्वर्गको चित्रण गरिए पनि अर्थको मुख्यता हुनुपर्दछ । महाकाव्यमा लोक स्वभावको चित्रण, सबै रसको अभिव्यक्ति गर्दै वंश, वल एवम् विद्यायुक्त नायक हओस्, नायकभन्दा अर्कोलाई बढी महत्वपूर्ण देखाई नायकको वध गरिएको नदेखाइयोस् । यसका अतिरिक्त जसको व्यापकता एवम् उदय देखाउन सकिंदैन त्यसको प्रशंसा सुरुदेखि नै नगरियोस् ।

प्रस्तुत महाकाव्य चिन्तनको विश्लेषणबाट भामहका आधारमा महाकाव्यमा महान् शब्दले पात्र, महत् अर्थ शब्दले विस्तृत कथावस्तु; सर्गबद्ध शब्दले सर्गबद्धता; शिष्ट शब्दार्थयुक्त र अलङ्कृत शब्दले भाषाशैली; मन्त्रणा, यात्रा आदि शब्दले परिवेश; अर्थको मुख्यताले उद्देश्य अनि सबै रसको अभिव्यक्तिले रसलाई महाकाव्यका तत्त्वका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### २.३.२ दण्डीको दृष्टिमा महाकाव्य

सातौं शताब्दीको उत्तरार्धका संस्कृत काव्यशास्त्री दण्डीले आफ्नो लक्षणग्रन्थ *काव्यादर्श*को पहिलो परिच्छेदका कूल १० श्लोकमा महाकाव्यका लक्षणहरू अङ्कित गरेका छन् । उक्त परिच्छेदका चौधौंदेखि तेइसौं श्लोकसम्म संस्कृत भाषामा प्रस्तुत गरेका लक्षणको नेपाली उल्थालाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

महाकाव्य आशीर्वादात्मक, नमस्कारात्मक वा वस्तुनिर्देशात्मक मङ्गलाचरणबाट आरम्भ गरिने सर्गबद्ध रचना हो । यसमा ऐतिहासिक वा सज्जन व्यक्तिका यथार्थ

जीवनमा आश्रित आख्यानको प्रयोग गरिन्छ । चतुर एवम् उदात्त चरित्रको नायकको चतुर्वर्गप्राप्तिको चित्रण महाकाव्यमा गरिन्छ, जसको क्रममा समुद्र, पर्वत, नगर, ॠतु, चन्द्रोदय, सूर्योदय, उद्यान, जलक्रिडा, सम्भोग-उत्सव र विप्रलम्भ, सुरापान, विवाह र कुमारजन्म, मन्त्र, दूत, प्रयाण अनि नायकाभ्युदयको वर्णन गरिनुपर्छ । महाकाव्य अलङ्कृत, विस्तृत र रसभावादिले ओतप्रोत हुनुपर्छ । यसका सर्गहरू अतिविस्तृत हुनुहुँदैन र कथावस्तु श्रव्य छन्द एवम् सन्ध्यादि अङ्गद्वारा गठित हुनुपर्छ अनि सर्गान्तमा छन्द परिवर्तन गरिनुपर्छ । यी गुणहरू भएको महाकाव्य लोकरञ्जक र कल्पान्तसम्म स्थायी रहन्छ भने यीमध्ये केही अपुग हुँदा पनि वर्णन आकर्षक भए महाकाव्य बिग्रन्न । ईशाान संहितामा भने अनुसार महाकाव्यमा न्यूनतम आठ सर्ग र अधिकतम तीस सर्ग हुनुपर्छ । सुरुमा नायकको गुण देखाएर पछि प्रतिनायकको विशेषता देखाए पनि वा सुरुमा प्रतिनायकको विशेषता देखाएर पछि नायकको उपस्थिति देखाएर उत्कर्ष दिए पनि अन्तमा  नायकको विजय देखाउनै पर्ने दण्डीको महाकाव्य मान्यता छ ।

दण्डीको महाकाव्य लक्षणको विश्लेषणबाट भामहका अतिरिक्त छन्दको विधातात्त्विक प्रवेश थप भएको पाइन्छ । यसका अतिरिक्त ईशान संहिताको प्रसङ्ग दिई न्यूनतम आठ सर्ग र अधिकतम तीस सर्गको रुढी समेत बसालिदिएको पाइन्छ । सामान्य तात्त्विक विभिन्नताका साथ थपिएको छन्दका सन्दर्भमा श्रुतिमधुरता एवम् सर्गान्तमा छन्द परिवर्तनको अपेक्षा समेत यस लक्षणमा प्रस्तुत भएको पाइन्छ ।

### २.३.३ रुद्रटको दृष्टिमा महाकाव्य

पूर्वीय संस्कृत काव्यशास्त्रका परम्परामा महाकाव्य सम्बन्धी उल्लेखनीय चिन्तन प्रस्तुत गर्नेमा आठौं शताब्दीका रुद्रट पनि एक हुन् । उनले आफ्नो महाकाव्य चिन्तन आफ्नै लक्षण ग्रन्थ *काव्यालङ्कारम्*को सोह्रौं अध्यायका २-१९औं श्लोकसम्म प्रस्तुत गरेका छन् । संस्कृत भाषामा प्रस्तुत गरिएका ती अभिलक्षणहरूको सारांस यसरी दिन सकिन्छ ।

प्रबन्ध काव्य दुई प्रकारका छन् - काव्य र कथाआख्यायिका । यीमध्ये प्रबन्धकाव्य उत्पाद्य र अनुत्पाद्य गरी दुई प्रकारको हुन्छ भने तिनका  पनि महान् र

लघु गरी अरु दुई प्रकार हुन्छन् । महाकाव्यमा उत्पाद्य वा अनुत्पाद्य कथाको कथन गरिन्छ र तिनमा मूलकथालाई गति दिने अवान्तर कथाको पनि  संयोजन हुन्छ । महाकाव्यमा सबै रस, चतुर्वर्ग तथा काव्यस्थानको चित्रण हुन्छ । यसमा सर्गबद्ध र सन्धियुक्त कथा हुन्छ  अनि त्यसमा जीवनको समग्र चित्र अङ्कित हुन्छ । त्यस चित्र अन्तर्गत कुनै साहसिक कार्य वा मुख्य घटनाको चित्रण गरिन्छ । महाकाव्यकारले त्यसै मुख्य घटनासँग सम्बद्ध भव्य वर्णन, प्रकृति चित्रण र लौकिक तथा अलौकिक वर्णन गरेर महाकाव्यको निर्माण गर्छन् । लौकिक वर्णन अन्तर्गत प्रकृति वर्णन, वाग वर्णन, नगर वर्णन जस्ता लोकसम्बद्ध दृश्य वर्णन अङ्कित हुन्छन् । त्यसै गरी अलौकिक वर्णन अन्तर्गत देवता, स्वर्ग, नर्कादिको चित्रण हुन्छ । यसको नायक शक्तिसम्पन्न, सर्वगुणसम्पन्न, विश्वविजयाकाङ्क्षी, नीतिज्ञ  र व्यवहारकुशल महान् वीर वा राजा हुन्छ । यसमा प्रतिनायकका वंशवर्णन समेत भए पनि अन्त्यमा नायकको विजय एवम् प्रतिनायकको पराजय देखाइन्छ । उत्पाद्य महाकाव्यमा नायकका वंशप्रसंशासँगै उसका नगरको पनि सुन्दर वर्णन हुन्छ । महाकाव्यमा अलौकिक अतिप्राकृतिक तत्त्व हुन सक्दछन् तर तिनमा मानवकृत अस्वाभाविक घटनाको संयोजन हुदैन ।

रुद्रटले आफ्नो महाकाव्य चिन्तनमा भामह र दण्डी जस्ता पूर्वाचार्यद्वारा स्थापित महाकाव्य मान्यताका आधारभूत बुँदालाई समेटी अनावश्यक बुँदाको परिहार समेत गरेका छन् । उनले महाकाव्यका बाह्य ढाँचासँग सम्वन्धित तत्त्व मङ्गलाचरण, सर्गसंख्या, छन्दढाँचा आदिको चिन्तनर्फ चासो नदिई अपरिहार्य बुँदाको ग्रहण गर्दै रससमग्रताको सञ्चारको अपेक्षा जस्ता मौलिक योगदानले समन्वयावादी दृष्टि अँगालेको पाइन्छ । उनको लक्षणलाई विश्लेषण गर्दा महाकाव्यका तत्त्वहरू महान् कथावस्तु, महान् वीर पात्र, जीवन समग्रताको रसाभिव्यक्ति, सर्गबद्धता, पञ्चसन्धियुक्तता तथा परिवेश पर्दछन् ।

## २.३.४ आचार्य विश्वनाथका दृष्टिमा महाकाव्य

पूर्वीय महाकाव्य-चिन्तन परम्परामा देखापरेका अन्तिम महान् विद्वान् चौधौं शताब्दीका आचार्य विश्वनाथ हुन् । उनले आफ्नो साहित्यदर्पण नामक लक्षणग्रन्थको छैटौं परिच्छेदमा काव्यका भेदोपभेदको चर्चा गरेका छन् । उक्त क्रममा श्रव्यकाव्यका

पद्य-प्रबन्धको एक प्रकारका रूपमा रहेको महाकाव्यको लक्षण विस्तारपूर्वक उल्लेख गरेका छन् । पूर्वाचार्यहरूका महाकाव्य चिन्तनका विशेषता तथा चौधौं शताब्दीसम्मका संस्कृत महाकाव्य-परम्परामा भएका प्रयोगहरूबाट समेत प्रभाव ग्रहण गरी युगीन सृनात्मक प्रकारलाई आात्मसाथ गर्दै सरल संस्कृत भाषामा प्रस्तुत गरिएको महाकाव्य लक्षणको नेपाली रूपान्तर यस प्रकार छ ।

महाकाव्य सर्गबन्ध हुन्छ । त्यसमा देवता, सद्वंशी क्षेत्री वा धीरोदात्त प्रकृतिको कुनै कुलीन राजा वा एकै वंशका क्रमिक धेरै राजा पनि नायक हुन सक्दछन् । यसमा श्रृङ्गार, वीर र शान्तमध्ये कुनै एक रसलाई अङ्गी रसका रूपमा व्यक्त गरी अन्य सबै रसलाइई अङ्ग रसका रूपमा प्रयोग गरिनुपर्छ । यसमा सबै नाट्यसन्धिहरूको प्रयोग हुनुपर्छ । यसको कथावस्तु इतिहासमूलक र अन्य सज्जनाश्रित हुनुपर्छ भने त्यस अन्तर्गत चतुर्वर्गको चित्रण गरी तीमध्ये कुनै एकलाई फलका रूपमा अभिव्यक्ति दिनुपर्छ । यसको थालनी नमस्कारमूलक, आशीर्वादमूलक वा वस्तुनिर्देशात्मक हुनुपर्छ । यसमा खलपात्रको निन्दा र सत्पात्रको प्रसंशा गर्दै न ज्यादा छोटा न ज्यादा लामा आठभन्दा बढी सर्ग होऊन्, तिनमा एक छन्द वा नाना छन्दको प्रयोग गरिए पनि अन्त्यमा छन्द परिवर्तन गरी सर्गान्तमा भावी कथाको सङ्केत पनि दिइयोस् । यसमा सूर्य, चन्द्र, प्रातः काल, मध्याह्न, दिवा, प्रदोष, अन्धकार, रात्रिकाल, सिकार, युद्ध, पर्वत, ॠतु, वन, समुद्र, सम्भोग वा विप्रलम्भ श्रृङ्गार, मुनि, स्वर्ग, पुर, यज्ञ, यात्रा, विवाह, पुत्रजन्म आदि विषयको यथायोग्य वर्णन गरिनु पर्छ । यसको शीर्षकीकरण/नामकरण कविनाम वा नायकनाम वा अन्य कसैको नामका आधारमा गरिनुपर्छ भने अवान्तर सर्गको शीर्षक त्यसमा वर्णित कथा अनुरूप हुनुपर्छ । यसका साथै सर्गलाई आर्ष महाकाव्यमा आख्यान, प्राकृत भाषाको महाकाव्यमा आश्वास र अपभ्रंश भाषाको महाकाव्यमा कुडवक भनिन्छ ।

यसप्रकार आचार्य विश्वनाथको महाकाव्य चिन्तनको विश्लेषण गर्दा सर्गबद्धता; नाट्यसन्धियुक्त इतिहासमूलक र सज्जनाश्रित कथावस्तु; पात्र/चरित्र; रसाभिव्यक्ति; लयविधान; चतुर्वर्गको चित्रण गर्दै कुनै एकलाई फलका रूपमा अभिव्यक्ति दिनु– उद्देश्य; विविध काव्यस्थानको वर्णन- परिवेशविधान र शीर्षकीकरण महाकाव्य तत्त्वका

रूपमा आएका छन् । यसका अतिरिक्त आरम्भमा मङ्गलाचरण गर्नै पर्ने आग्रहका साथै तीन प्रकारका मङ्गलाचरणको समेत उल्लेख गरिएको छ ।

## २.४ आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा

भामहदेखि आचार्य विश्वनाथसम्मका उल्लेखनीय महाकाव्य चिन्तनको अध्ययन, अनुसन्धान, विश्लेषण गर्दै विवेच्य आदर्श-राघव महाकाव्यतर्फ फर्केर हेर्दा अनि समालोचकहरूको मत तथा आग्रहतर्फ समेत मध्यनजर गर्दा आदर्श-राघव महाकाव्यको तत्त्वगत विश्लेषणका लागि आचार्य विश्वनाथकै मान्यता सर्वश्रेष्ठ ठहर्छ । जसका प्रमुख तार्किक युक्तिहरूको चर्चा यहाँ गरिएको छ ।

भामहको महाकाव्य चिन्तनमा लयविधानको समेत चर्चा गरिएको छैन तर आदर्श-राघव महाकाव्यमा यसलाई सचेत ढङ्गले आत्मसात् गरेको पाइन्छ ।

अर्का विद्वान् दण्डीले लयविधानलाई महाकाव्यको अङ्ग बनाए तापनि शीर्षकीकरणको समेत चर्चा गरिएको छैन तर आदर्श-राघव महाकाव्यमा यसको प्रयोग सचेत ढङ्गले गरिएको छ ।

अर्का विद्वान् रुद्रटको मतमा पनि सबै रस र चतुर्वर्गको चित्रण महाकाव्यमा अपेक्षित देखिन्छ । यिनका बारेमा सूक्ष्म चित्रण गरिएको छैन तर विवेच्य महाकाव्यमा यसको सूक्ष्म पालन भएको छ ।

अर्का विद्वान् विश्वनाथले पूर्वाचार्यहरूले स्वीकारेका महाकाव्यगत तत्त्वहरूको ग्रहण गर्दै रसको बारेमा अङ्गी र अङ्ग भेद छुट्याई श्रृङ्गार, वीर र शान्तमध्ये कुनै एकलाई अङ्गी बनाउनु पर्ने चिन्तन प्रस्तुत गरेका छन् सोही अनुरूप उपजीव्य महाकाव्य *रामायण*मा बनाइएको अङ्गी रस करुण रसलाई विवेच्य महाकाव्यमा कुशलतापूर्वक शान्तरसका रूपमा अभिव्यक्त गराइएको छ । त्यसै गरी चतुर्वर्ग चित्रणका क्रममा कुनै एकलाई फलका रूपमा अभिव्यक्त गर्नै पर्ने मान्यता अघि सारेका छन् जसले उद्देश्य निर्धारणमा स्पष्टता थपेको पाइन्छ । यसका अतिरिक्त शीर्षकीकरण तथा वर्णित कथा अनुरूप अवान्तर शीर्षकको चर्चा केवल आचार्य विश्वनाथको महाकाव्य चिन्तनमा मात्र उल्लेख भएको छ । अतः पूर्वीय महाकाव्य

चिन्तन परम्परामा विश्वनाथको मान्यता व्यापक, स्पष्ट तथा सूक्ष्म रहेको पाइन्छ । पूर्वीय महाकाव्य सिद्धान्तको अक्षरशः पालना गर्ने अभीष्ट रहेको आदर्श-राघव महाकाव्यको विश्लेषणको कसी विश्वनाथकै व्यापक तथा सूक्ष्म मान्तालाई बनाउनु आवश्यक देखिएको छ ।

यसका अतिरिक्त महाकाव्य विश्लेषकका रूपमा चिरपरिचित समालोचकहरूको विश्लेषणलाई समेत मध्यनजर गर्दा आदर्श-राघव "(यस) महाकाव्यमा सोमनाथ सिग्द्यालले पूर्वीय साहित्यशास्त्रीमध्ये खास गरी दण्डी र विश्वनाथले स्थापित गरेका... महाकाव्य लक्षणको दुरुस्त प्रयोग गर्ने शास्त्रीयतावादी सचेतता देखाएका छन् ।"( अवस्थी, २०६४,पृ.१२६) यसै क्रममा विश्लेषणको निष्कर्षमा विवेच्य महाकाव्यमा "पूर्वीय साहित्यशास्त्री विश्वनाथबाट निर्दिष्ट महाकाव्य-लक्षणको अनुप्रयोग"(अवस्थी, २०६४,पृ.१२९) गरिएको निष्कर्ष निकालिएको छ ।

यसरी तार्किक ढङ्गले विश्लेषण गर्दा आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषणका लागि आचार्य विश्वनाथले प्रस्तुत गरेका महाकाव्य चिन्तनमा अन्तर्निहित महाकाव्यका तत्त्वहरूको आधारमा गरिनु सान्दर्भिक रहेको छ । अतः विवेच्य महाकाव्य विश्लेषणको सैद्धान्तिक आधार आचार्य विश्वनाथको महाकाव्य चिन्तन नै हो भने कृतिगत विश्लेषणको ढाँचा यस प्रकार रहेको छः

(क) सर्गबद्धता,

(ख) कथावस्तु,

(ग) पात्रविधान,

(घ) रसाभिव्यक्ति,

(ङ) लयविधान,

(च) उद्देश्य,

(छ) परिवेशविधान र

(ज) शीर्षकीकरण ।

## २.५ निष्कर्ष

पूर्वीय महाकाव्य मान्यताको अक्षरशः अनुप्रयोग गरिएको मानिने आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषणका लागि आचार्य विश्वनाथको महाकाव्य चिन्तन अब्बल ठहरिएको पाइन्छ । व्यापक, सूक्ष्म तथा स्पष्ट चिन्तन बोकेको विश्वनाथको महाकाव्य मान्यतामा अन्तर्निहित तत्त्वहरू सर्गबद्धता, कथावस्तु, पात्रविधान, रसाभिव्यक्ति, लयविधान, उद्देश्य, परिवेशविधान र शीर्षकीकरणको सापेक्षतामा विवेच्य महाकाव्यको विश्लेषण गर्नु पर्ने निष्कर्ष प्रस्तुत परिच्छेदमा अभिव्यक्त भएको छ । बाह्य तत्त्वका रूपमा रहेको मङ्गलाचरणको चर्चा सर्गबद्धतामै गरिएको छ । आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषणको सैद्धान्तिक आधार पूर्वीय महाकाव्य चिन्तक आचार्य विश्वनाथको महाकाव्य चिन्तन नै रहेको छ ।

# तृतीय परिच्छेद

## आदर्श-राघव महाकाव्यको सर्गबद्धता, कथावस्तु र पात्रविधान

### ३.१ परिचय

आदर्श-राघव महाकाव्यको आचार्य विश्वनाथको  महाकाव्य सिद्धान्तमा आधारित भई सर्गबद्धता, कथावस्तु र पात्रविधान के कस्तो छ ? सोको अध्ययन अनुसन्धान गर्नु कृतिगत विश्लेषणका सन्दर्भमा आवश्यक देखिन्छ । सर्गबद्धता महाकाव्यको प्रमुख विशेषता हो । समग्र जीवनको झाँकी प्रस्तुत हुने महाकाव्यमा सर्गगत विभाजनले समष्टिमा व्यष्टिको भूमिका खेलेको हुन्छ । त्यस्तै कथावस्तु विना महाकाव्यको अस्तित्त्व तथा पात्र विना कथावस्तुको मूर्तता अकल्पनीय रहेको हुन्छ । यिनको प्रयोग जुनसुकै महाकाव्यमा हुने भए तापनि आचार्य विश्वनाथको सैद्धान्तिक कसीमा घोटी विवेच्य महाकाव्यको सोको अध्ययन, विश्लेषण र मूल्याङ्कन प्रस्तुत परिच्छेदमा गरिएको छ ।

### ३.२ सर्गबद्धता

महाकाव्य शब्दको प्रयोग हुनु अघि यसलाई सर्गबन्ध शब्दले बोध गराइएको पाइन्छ । अतः पूर्वीय महाकाव्य-चिन्तनमा सर्गबद्धतालाई प्रमुख तत्त्व मानिएको छ । यसै कारणले गर्दा सर्गबद्धतालाई महाकाव्य तत्त्वका रूपमा सबै विद्वान्ले स्वीकारेको पाइन्छ ।

*आदर्श-राघव* महाकाव्यको पहिलो सर्गका प्रथम ६ श्लोक मङ्गलाचरणमा आधारित रहेका छन् । मङ्गल शीर्षक दिई आरम्भ गरिएको प्रथम श्लोकमा पञ्चमुखी पशुपतिनाथ, दोस्रो श्लोकमा गुह्येश्वरी, तेस्रो श्लोकमा विनायक, चौंथो श्लोकमा शब्दब्रह्म, पाँचौं श्लोकमा गुरु वन्दना तथा छैटौं श्लोकमा आदिकवि वाल्मीकि आदि कविको स्मरण गरी विशेष रूपमा नमस्कारात्मक मङ्गलाचरणको प्रयोग गरिएको पाइन्छ । चतुर्वर्ग अर्थात् पुरुषार्थ चतुष्टयमध्ये मोक्षलाई फलागम वा अन्तिम उद्देश्यका रूपमा चित्रित गरिएको प्रस्तुत महाकाव्यको प्रथम श्लोकमा पशुपतिनाथको सगुण

पञ्चमुखी मूर्तिको वर्णनका अतिरिक्त सत्, चित् र सुखस्वरूप निरञ्जन/निर्गुण रूपको संभना गरिएको छ । पूर्वीय दार्शनिक मान्यता अनुरूप मोक्षपदका लागि ब्रह्मतत्त्व साक्षात्कारको आवश्यकता पर्दछ । ब्रह्मको लक्षण सच्चिदानन्दका रूपमा तटस्थ लक्षण तथा सृष्टि-स्थिति-लयकर्ताका रूपमा स्वरूप लक्षण गरिएको पाइन्छ । तिनै ब्रह्मको वर्णन/स्मरण-बाट ग्रन्थारम्भ गरिएको र ग्रन्थको अन्तिम उद्देश्य मोक्ष भएकाले प्रस्तुत मङ्गलाचरण श्लोक नमस्कारात्मक मात्र नभई वस्तुनिर्देशात्मक समेत रहेको पुष्टि हुन्छ । उदा.

श्रीपूर्ण पञ्चमुख मूर्ति लिई सरूप,
सृष्टि-स्थिति-क्षय-निरोध कृपानुरूप ।
सच्चित्सुखात्मक निरञ्जन तत्त्वरूप,
संभी रहौं पशुपति प्रभुको स्वरूप ॥ (आ.रा. १।१)

त्यसै गरी उपर्युक्त श्लोकमा पञ्चमुखको अर्थ ब्रह्मको सापेक्षतामा पञ्चतत्त्व अर्थात् पृथ्वी, जल, तेज, वायु र आकासलाई लिन सकिन्छ भने श्रीपूर्णको अर्थ मायाले युक्त भन्ने हुन्छ ।

मङ्गलाचरणको तेस्रो श्लोकमा ग्रन्थको निर्विघ्न समाप्तिका लागि विघ्नेश्वरको आराधना गरी विघ्न विनाश गरिदिने आग्रह समेत गरिएको छ । अतः यस श्लोकको अन्तस्तलमा आशीर्वादको अभिप्राय समेत लुकेको देख्न सकिन्छ । जसले आशीर्वादात्मक मङ्गलाचरणतर्फ सङ्केत गरेको छ ।

यसरी प्रस्तुत महाकाव्यमा ग्रन्थको आरम्भमा मङ्गल शीर्षक दिई मङ्गलाचरण गरिएको छ । आचार्य विश्वनाथले भने भैं नमस्कारात्मक, आशीर्वादात्मक तथा वस्तुनिर्देशात्मक मङ्गलाचरणको समायोजनले विवेच्य महाकाव्य मङ्गलाचरणका दृष्टिमा सिद्धान्त अनुरूप रहेको छ । *आदर्श-राघव* महाकाव्यमा प्रथम सर्गदेखि षोडश सर्गसम्म प्रस्ट रूपमा महाकाव्यलाई विभाजित गरिएको छ । प्रथम सर्गमा ७३ श्लोक, द्वितीय सर्गमा ७७ श्लोक, तृतीय सर्गमा ६१ श्लोक, चतुर्थ सर्गमा ७९ श्लोक, पञ्चम सर्गमा ६१ श्लोक, षष्ठ सर्गमा ६५ श्लोक, सप्तम सर्गमा ५४ श्लोक, अष्टम सर्गमा ५५

श्लोक, नवम सर्गमा ६४ श्लोक, दशम सर्गमा ६५ श्लोक, एकादश सर्गमा ६९ श्लोक, द्वादश सर्गमा ५७ श्लोक, त्रयोदश सर्गमा ५८ श्लोक, चतुर्दश सर्गमा ५४ श्लोक, पञ्चदश सर्गमा ७३ श्लोक तथा षोडश सर्गमा ९७ श्लोक गरी कूल १०६२ श्लोकको विस्तारमा महाकाव्य व्याप्त रहेको छ । समानुपातिक दृष्टिले एक सर्गमा औसत ६६/६७ (६६.३७) श्लोक संख्या हुनुपर्ने विवेच्य महाकाव्यमा घटीमा ५४ श्लोक तथा बढीमा ७९ (अपवाद ९७) श्लोक संख्या रहेका छन् । यसरी हेर्दा बढीमा ६७ + १२ = ७९ तथा घटीमा ६६ – १२ = ५४ गरी संरचित सर्गहरूको अध्ययन गर्दा सचेत ढङ्गमा नियमको अक्षरशः अनुपालन गर्न खोजिए अनुरूप अन्तिम एक सर्ग (षोडश सर्ग) अधिकतम ९७ श्लोकसम्म विस्तृत भएको छ । जुन अति विस्तृत अन्तर्गत पर्ने अवस्थासम्म पुगेको छैन किन भने औसत श्लोक संख्याको डेढ गुणाभन्दा केही कमै रहेको पाइन्छ भने न्यूनतम ५४ श्लोकका सातौं र चौधौं गरी दुई सर्ग रहेका तथा अधिकतम ७९ श्लोकको चौंथो सर्ग रहेकाले सोह्रौं सर्ग ७९को विपरीत ९७ श्लोक भएको हुनसक्ने देखिएको छ ।

प्रस्तुत अध्ययन विश्लेषणका आधारमा सैद्धान्तिक दृष्टिले हेर्दा विश्वनाथका अनुसार महाकाव्य सर्गबद्ध छ । अष्टाधिक (आठभन्दा बढी) १६ वटा सर्ग रहेका छन् । प्रत्येक सर्ग न ज्यादा लामा न ज्यादा छोटा होऊन् भन्ने मान्यता अनुरूप गणितीय कसीमा समेत खरो उत्रन सफल भएका छन् । अतः सर्गबद्धताका दृष्टिले *आदर्श-राघव* महाकाव्यमा सैद्धान्तिक मान्यताको अक्षरशः पालना गरिएको पाइन्छ ।

## ३.३ आदर्श-राघव महाकाव्यको कथावस्तु

पूर्वीय महाकाव्य-चिन्तन परम्पराले स्थापित गरेको एक महत्त्वपूर्ण तत्त्व महत् अर्थ हो । जसले महाकाव्यात्मक वृहद् कथावस्तुको बोध गराएको छ । आचार्य विश्वनाथका दृष्टिमा कथावस्तु सम्बन्धी मान्यताको अध्ययन विश्लेषण गर्दा महाकाव्यको कथावस्तु इतिहासमूलक र अन्य सज्जनाश्रित, सबै नाट्य सन्धिहरूको प्रयोग भएको, सत्पात्रको प्रसंशा तथा खलपात्रको निन्दा गरिएको, सर्गान्तमा भावी कथाको सङ्केत समेत दिइएको हुनुपर्छ भन्ने रहेको पाइन्छ । यिनै सिद्धान्तका सापेक्षमा *आदर्श-राघव* महाकाव्यको कृतिगत विश्लेषण गर्दा सर्गगत कथावस्तुको अध्ययन-

विश्लेषण गर्दै समष्टिमा निष्कर्ष निकाल्नु वैज्ञानिक, सहज र बोधगम्य हुने विश्वास गर्दै सोही अनुरूप वर्गीकरण गरी अध्ययन गरिएको छ ।

### ३.३.१ आदर्श-राघव महाकाव्यको प्रथम सर्गको कथावस्तु

प्रथम सर्गको आरम्भ 'मङ्गल' उपशीर्षकका सुरुका ६ श्लोकबाट गरिएको छ । जसको पहिलो श्लोकमा भावी कथावस्तु मोक्षप्रधान रहेको साङ्केतिक झलक पाइए तापनि कथाको स्पष्ट सुरुवात भएको छैन । मङ्गलाचरणमा नै सीमित रहेको छ ।

उपक्रम उपशीर्षकका सातौंदेखि सत्रौंसम्मका एघार श्लोकमध्ये पहिलो श्लोकमा संसारका सार भएका, मणि झैं देदीप्यमान् सुन्दर, गुणवान्, पुरुषहरूमा उत्तम (पुरुषोत्तम) एवम् पुण्यात्माका रूपमा श्रीरामचन्द्रको वर्णन गरिएको छ । उदा.

देदीप्यमान मणि झैं गुणका निधान,
 विश्वेशको छ महिमा सबमा प्रधान ।
संसार-सार पुरुषोत्तम पुण्यमूर्ति,
 श्रीरामचन्द्र हुनु भो उनका विभूति ॥ (आ.रा. १।७)

यस शीर्षकका बाँकी श्लोकहरूमा रामचन्द्रलाई सत्य नै ब्रत, धर्म नै स्थिति, प्रवल शक्तिशाली, अगाध वुद्धिमान्, भक्तको रक्षा गर्ने, शुद्ध चित्त भएका, कल्पान्तसम्म कीर्ति रहने, नीतिमै रहने, दिलीपका कुलदीपकका रूपमा चित्रण गरिएको छ । यसै क्रममा रघुकुलका राघव अर्थात् रामचन्द्रको चरित्रको आदर्श पाएर त्यस्ता महापुरुषको शुभ चरित्रस्वरूप मुहार संझी संझी शब्द रूपी कोरा-मूर्ति कोर्न सकें जसलाई उदारहृदयी, मर्मज्ञ सज्जनहरूले चैतन्यरूपी रस भरी प्रस्तुत कृतिको सुधार गरून् भन्ने आग्रह समेत गरिएको छ । यसै गरी राघवको सच्चरित्रको प्रकाश पार्दै उपक्रम उपशीर्षकले विवेच्य महाकाव्यमा रामचन्द्र/राघवको कथावस्तु आउने झलक स्पष्टाएको भए तापनि अझै पूर्ण रूपमा कथाको आरम्भ हुन सकेको छैन ।

'साकेत' उपशीर्षकमा ६ श्लोक खर्चंदै अयोध्याको वर्णन गरिएको छ । भूलोककै मध्यमणि भुवनावलीका रूपमा चिनाउँदै साकेतलाई किरणको मध्यविन्दुका रूपमा प्रस्तुत गरिएको छ । प्रख्यात पुरातन सरयुका तरङ्ग निरन्तर नाचिरहने र विविध सपूत,

राजपूत जन्माउन सफल जस्ता विविध प्रसङ्गले साकेतको वर्णन गरिएको पाइन्छ । यस उपशीर्षकमा पनि महाकाव्यको कथावस्तुको खासै उद्घाटन भएको पाइँदैन तर रामचन्द्रको वर्णन पछि यस स्थल अयोध्या(साकेत)को वर्णन गरिएबाट सायद उनको जन्मभूमि हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

यसै क्रममा 'पूर्ववृत्त' उपशीर्षकका नौ श्लोकमा रामचन्द्रको वंशवर्णन अन्तर्गत रघुको धर्म व्यवस्था एवम् पूर्वकालको वर्णन गर्दै प्रस्तुत महाकाव्यको कथानकको मूलस्रोतको चर्चा समेत गरिएको छ । यसै क्रममा वाल्मीकि रचित इतिहासरूपी लेख (रामायण) सबैका मन मस्तिष्कमा गुञ्जिरहेको छ, त्यसलाई नदेखे झैं कसरी बताउनु भन्ने विचार यसरी अभिव्यक्त भएको छ ।

जस्तो छ जे छ अहिले, तर पूर्वकाल
गर्दो छ पूर्ण महिमा मनमा बहाल ।
वाल्मीकिका नजरको इतिहास लेख
गुञ्जीरहेछ, कसरी कहनू अदेख ॥ (आ.रा. १।२४)

इक्ष्वाकुका वंशज, ककुत्स्थ, भगीरथ आदि राजर्षिहरूको विचार, विवेक एवम् सल्लाह लिंदै धर्मनीतिले विजय हासिल गरी राज्यसीमा फैलाउने तथा राजकाज सञ्चालन गर्ने रघुको शासनकालमा कोशल/अयोध्याको अवस्था साह्रै राम्रो थियो भन्ने बताइएको छ । स्त्री,बालक, वृद्ध, निर्वल, ब्राह्मण लगायत महर्षि समेत त्यही राज्यमा निडर भई सुख-शान्ति प्राप्त गर्न सफल थिए । जसरी लोहाले चुम्बकलाई नचाएझैं, वर्षा हुँदा रस रसाएझैं भारतवर्षको प्राचीन महत्त्वमाथि प्रकाश पार्दा कसैको मनमा ममत्त्व हुँदैन भन्दै सबैले एकमात्र नामका रूपमा अयोध्या सम्झन्छन् भन्नेसम्मका विविध महत्त्व दर्शाउँदै कथावस्तुमा गति दिइएको पाइन्छ ।

अर्को उपशीर्षक 'पितृमातृ-वृत्तान्त' अन्तर्गत पनि नौ श्लोक रचिएको छ । रघुपछि दशै दिशामा अद्वितीय रथ दौडाउने रघुकुलका दोस्रा राजा दशरथले असल नीतिद्वारा अन्यायमाथि दमन गरेको घटना प्रस्तुत गरिएको छ । त्यसै सन्दर्भमा असल शासनद्वारा प्रजालाई सुख दिई चक्रवर्ती शासनको बागडोर समालेका दशरथका तीन

रानीको वर्णन गरिएको छ । जेठी दक्षिण कोशल देशकी राजकुमारी शुभशीलवती कौशल्या, माहिली अति चलाख केकय देशकी राजकुमारी कैकेयी र कान्छी विनित मगध देशकी राजकुमारी सुमित्रालाई क्रमशः पृथ्वी, लक्ष्मी र सरस्वती तथा सत्त्व, रज र तम (त्रिगुण)का रूपमा व्यक्त गरिएको छ । यी तीनैले राजा दशरथलाई विष्णुको भावनाले सेवा गरे जसबाट उनलाई अनन्त भोग मिलेको कथन यसरी गरिएको छ ।

यी तीन भूमि, कमला अनि शारदाले
सेवा गरे नृपतिको हरि-भावनाले ।
निःस्वार्थमा त्रिगुणको हुन आइ योग,
दिन्थ्यो महापुरुषलाइ अनन्त भोग ॥ (आ.रा. १।३८)

राजा दशरथले यी तीन रानीको सहयोगमा धर्म, अर्थ तथा काम तीनै पुरुषार्थको सहारा; कुलीन, धीर, प्रिय मन्त्री सुमन्त्र अनि मार्ग प्रदर्शकका रूपमा धर्मनिष्ठ, निगमागमका ज्ञाता गुरुको संयोगबाट दशरथको सुकीर्ति फिंजिएको वर्णनले कथावस्तु अघि बढेको छ ।

'अपुत्रता' उपशीर्षकमा राजा दशरथको सुव्यवस्थित राजसंस्था चलिरहेको बेला आफ्नो उमेर ढल्कन लागेको अनि विश्राममार्ग (छोरा) नहुँदा मनले छोराको सोच लिएको प्रस्तुति रहेको छ । छोराको अभावले आनन्दित जीवनमा दुःख मिसिएको अनि मन झसङ्ग बनाउँदै देह र देही (शरीर र आत्मा) दुवै पिरिएको छ । साम्राज्यको पद पाएका स्वयं दशरथ समेत छोराको अभावमा दुःखी हुँदा सारा संसार दुःखमय छ, सुख कतै सोह्र आना पनि छैन, संसारका सबैमा केही न केही अभाव वा पिर रहेकै हुन्छ भन्ने दार्शनिक दृष्टिकोणको प्रस्तुति यसरी गरिएको छ ।

याहाँ रहेनछ कहीँ सुख सोह्र आना,
जाहाँतहीँ कम कुनै न कुनै छ बाना ।
साम्राज्यको पद समेत रहेन पूर्ण,
निःशेष विश्व रचिएछ यसै अपूर्ण ॥ (आ.रा. १।४४)

संसारमा रहेका जति पनि चर तथा अचर अनित्य छन् । चराचर जगत्भन्दा बाहिर उज्ज्वल तथा नित्य सत्य रहेको छ । यो लौकिक गति पुस्तान्तर हुँदै चलाएर विद्वान्हरू अलौकिक खोज गरिरहेका छन् । पुत्रको अभावमा घर, राज्य, संसार तथा समग्र जीवन नै  निरश हुन्छ । आफू पछिको उत्तराधिकारी नहुँदा यो राज्यको भार कसको शिरमा छोडेर जाने भन्ने चिन्ताले दशरथ चिन्तित बनेका छन् ।

जसरी विद्याविना मनुष्य जन्म, लोकहित कार्य विना ऐश्वर्य, श्रीमती विना घर शून्य तथा सारहीन हुन्छन् त्यसरी नै पुत्रको मुखरूपी चन्द्रमा विना यो संसार अँध्यारो र शून्य हुन्छ । छोरा भएको झुपडी पनि हवेली समान हुन्छ भने सत्पुत्रले नै परलोकको बाटोसम्म सहारा दिने, संसार उज्ज्वल बनाउने, पितृ ऋण मोचन गराई मृत्यु पछि अन्न-पानी (पिण्ड तथा तर्पण) दिने हुँदा इहलोक तथा परलोक समेत सुधार्न सक्ने छोराको अभाव (अपुत्रता) दशरथमा रहेको कथा वर्णित भएको छ ।

'श्रीरामादि जन्म' उपशीर्षकका एघार श्लोकमा छोराको अभाव खड्किएका अनि महत्त्व समेत बुझेका दशरथ आफ्ना रानीहरू समेत भई देवता तथा देवीलाई खुसी पार्न लागेका छन् । विधि-विधान सहितका पूजा-आराधना, तीर्थ, ब्रत, जप, पाठ, दानादि सकाम(कामना/छोराको-इच्छा सहितको) कर्महरूका प्रभावले अर्थात् सङ्कल्परूपी कल्पवृक्षका फलका रूपमा चार पुरुषार्थ समानका चार जना पुत्रले दशरथको अपुत्रता नष्ट भएको छ । जसमध्ये कौशल्याका कोखबाट उषाकालका अरुणोदय झैं श्रीरामको जन्म, कैकेयीका कोखदेखि  भरतको जन्म अनि सुमित्राबाट शत्रुघ्न र लक्ष्मणको जन्म भएको छ । पुत्रजन्म पछि दशरथले मोक्षरूपी चौंथो पुरुषार्थ समेत आर्जन गरेका अनि सानन्दले अयोध्या भाग्यशाली बनेका कथावस्तुले महाकाव्य अघि बढेको छ । उपशीर्षक श्रीरामादिजन्म भएकाले यीमध्ये रामको कथा महाकाव्यमा रहने सङ्केत समेत गरिएको पाइन्छ ।

'आनन्दोत्सव' उपशीर्षकका श्लोकहरूमा रामचन्द्रको जन्मले राजामात्र नभई प्रजावर्ग समेत आनन्दित भएको वर्णन गरिएको छ । शान्ति एवम् कान्ति भरिई उत्तराधिकारीको आगमनले मनका अन्धकार भागेको र मनमा हर्षका समुद्र उर्लन लागेको प्रसङ्ग यस प्रकार प्रस्तुत गरिएको छ ।

रामचन्द्र अवतीर्ण हुँदामा

कान्ति शान्ति भरिए जनतामा ।

अन्धकार मनको पनि भाग्यो

हर्षको उदधि उर्लन लाग्यो ।। (आ.रा. १।६८)

आनन्दोत्सवले पुरा अयोध्यामात्र नभई चारैतिर दशरथको सुयश फैलिएको छ भने दशरथ दरवारमा हर्ष प्रकट गर्न आएका सबैमा बकस बाँड्दै छन् । यही उपशीर्षकसँगै प्रथम सर्ग सकिएको छ । जसको अन्तिम श्लोक यस प्रकार रहेको छ ।

दिन दिन चहकिलो पक्षका बालचन्द्र

सरह रुचि बढाई शोभिँदा रामचन्द्र ।

दशरथ पृथिवीका नाथकी राज्यलक्ष्मी

सहित भइ सुहाइन् भव्य गार्हस्थ-लक्ष्मी ॥ (आ.रा. १।७३)

(इति श्रीरामचन्द्र जन्म प्रथम सर्ग )

प्रस्तुत श्लोकमा जसरी चहकिलो पक्ष ( शुक्ल पक्ष)का बालख चन्द्रमा बढ्दछन् त्यसैगरी रामचन्द्रको वृद्धि भएको छ । दशरथ रानी र छोरा सहित भएर गृहस्थाश्रमको शोभा बढेको छ भन्ने वर्णन गरिएको छ । विश्वनाथको मान्यता अनुरूप नेपाली अपभ्रंश भाषामा लेखिएको विवेच्य महाकाव्यको सर्गलाई कुडवक भनिने भएकाले सर्ग नै भन्न सर्गान्तमा संस्कृत शब्दको समेत प्रयोग भएको पाइन्छ ।

समग्र उपशीर्षकको अध्ययनबाट प्रस्तुत सर्गको मूल कथावस्तु रघुको कुलमा दशरथका छोराको रूपमा धर्मको प्रभावले अयोध्यामा रामको जन्म भएको उनका तीन आमा र अन्य तीन भाइ समेत रहेको कथावस्तु प्राप्त भएको छ । अन्त्यमा महाकाव्यकार स्वयंले सर्गको नामकरण नै रामचन्द्रको जन्म गरेबाट सोको पुष्टि समेत भएको छ ।

### ३.३.२ आदर्श-राघव महाकाव्यको द्वितीय सर्गको कथावस्तु

दोस्रो सर्गको पहिलो उपशीर्षक गार्हस्थ्य दिइएको छ । प्रथम सर्गको अन्तमा दशरथको गृहस्थाश्रमको शोभा बढेको छ भन्ने वर्णन गरिएको छ । जसले भावी कथा

गार्हस्थ्यको सङ्केत गरेको पाइन्छ । आचार्य विश्वनाथको सर्गान्तमा भावी कथाको सङ्केत गरिनु पर्ने मान्यताको अनुपालन यस सर्गमा गरिएको नै छ ।

दशरथले गार्हस्थ धर्मको पालनाले धर्म, अर्थ र काम आर्जन गरे भन्ने वर्णन गर्दै पूर्वीय मान्यता अनुरूपका चार वर्णाश्रम व्यवस्थाको वर्णन यस प्रकार गरिएको छ ।

तत्त्वोपदेश-श्रवणादि आद्यमा,
सन्मार्ग-चर्चा-मनन द्वितीयमा ।
एकाग्रता-ध्यान हुँदा तृतीयमा,
उक्लन्छ तुर्याश्रम आत्म-लाभमा ।। (आ.रा. २।४)

प्रस्तुत श्लोकमा पहिलो, दोस्रो, तेस्रो तथा चौंथो (तुर्य) आश्रमका कर्महरू क्रमशः तत्त्वोपदेशको श्रवण (विद्यार्जन), असल मार्गको चर्चा र मनन, ध्यान र एकाग्रता अनि आत्मलाभ हुन् भन्ने वर्णन गरिएको छ । जसले हिन्दू वर्णाश्रमका ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास आश्रमतर्फ सङ्केत गरेको छ । यसै क्रममा चारै आश्रममध्ये गृहस्थाश्रमको महत्त्वमाथि प्रकाश पार्दैमा यस उपशीर्षक व्याप्त भएको छ । मुख्य कथामा कुनै गति मिलेको छैन ।

दोस्रो सर्गको दोस्रो उपशीर्षक दशरथको गृहश्री अन्तर्गतका चार श्लोकमा दशरथको गृहस्थी सभ्य समाजको आदर्श तथा सुखी हुनुका कारणहरूको चर्चा यसरी गरिएको छ ।

पत्नी सुशीला घरमा रमा सरी
सत्पुत्र निराजन-दीपिका सरी ।
गार्हस्थ्यमा पुष्टि गरी, थरी थरी
आनन्द दिन्थे नृपलाई वेसरी ।। (आ.रा. २।१४)

अर्को उपशीर्षक बाल-संस्कार-शिक्षा अन्तर्गतका श्लोकमा रामादि चार बालकको संस्कार र शिक्षाको वर्णन गरिएको छ । वशिष्ठ ऋषिको आशीषको वृष्टि, माता पिताका कल्याणको वृष्टि अनि कालोदित संस्कार प्राप्त गर्दै रामादिले सालै पिच्छे कक्षा चढेका छन् । वेद तथा वेदका षडङ्ग, नीतिशास्त्र, शस्त्र-अस्त्र तथा तारो निशाना

र सिकारका अनि व्यायामका साथमा वाहन-यानको समेत शिक्षा राम, भरत, लक्ष्मण र शत्रुघ्नले पाएका छन् । चारै भाइ निर्मल र प्रतिभावान् भए तापनि राम सबैमा श्रेष्ठ छन् भन्ने अभिव्यक्ति यसरी दिइएको छ ।

चारै थिए निर्मल, किन्तु राममा
विद्या भए उज्ज्वल पूर्ण-भावमा ।
सूर्य-प्रभामा मणि तेज बढ्दछ,
हीरा सबैमाथि धपक्क बल्दछ । ।(आ.रा. २।२२)

आकार(उचाइ)ले मात्र दाजु-भाइमा विभेद देखिने सबैको आत्मा अविभिन्न नै थिए । सबैले राममा असीम प्रेम गर्ने वर्णनसँगै उपशीर्षकको समाप्ति भएको छ ।

'विश्वामित्रको आगमन' उपशीर्षकमा महर्षि कौशिकको अयोध्या आगमन हुन्छ । राजा दशरथले आदर सत्कार गर्छन् । शिर निहुराएर मैले केही सेवा गर्न सक्छु कि भनी राजाले सोद्धछन् । प्रत्युत्तरमा विश्वामित्र कुमार जन्मले राज्यको अखण्ड ज्योति र आभा बढेको छ भन्दै यो वंश विप्र धर्मको रक्षक हो, तपाईंका सन्तान पनि यसकै लायक होऊन् भन्ने विचार व्यक्त गर्दछन् । यसै क्रममा असुरहरूले यज्ञ विध्वंश गरेका र आफूले नयाँ यज्ञको आरम्भ गर्न खोजेकाले केही दिनलाई रामको सहायताका लागि यी वीर बालक लान चाहन्छु भन्ने भाव उनले यसरी व्यक्त गरेका छन् ।

चाहन्छु केही दिनलाई रामको
साहायच, रक्षार्थ नवीन यज्ञको ।
उत्पातको घातक भै सहायक
पाऊँ यिनै लायक वीर बालक । । (आ.रा. २।३५)

यस्तो आज्ञा सुनेर अङ्ग तरङ्गित भएका, मनमा वितर्कको बाढी चलेका राजा दशरथ छोराको कलिलो र सिकारु हात भएको अनि उज्जण्ड राक्षसको बथानको सामना गर्नु पर्ने कारणले आफैं सहायता दिन जाने विचार व्यक्त गर्दछन् । अनिकालको अन्न जस्ता बुढेस कालका सौभाग्यको चिह्न भएका पुत्र सुम्पन नसकी बोल्नै नसक्ने हुन्छन् । राजाको मनको संशय देखेर विश्वामित्रले महर्षि वाक्यमा विश्वास गर्नुहोस्,

बालकले यज्ञको रक्षा तथा दैत्यको दमन गर्न सक्दछन् भन्ने आश्वस्त पार्दछन् । जस अनुसार राजाले राम र लक्ष्मण महर्षिलाई सुम्पँदै द्विज र धर्मको हित गर्ने क्षत्रीय धर्मको पालना गर्ने तथा पुर्खाको कीर्ति थाम्ने कार्यका लागि आफ्ना प्राण समान दुई बालक दिएको प्रसङ्गबाट यस उपशीर्षकको अन्त्य भएको छ ।

'आश्रमतिर प्रस्थान' उपशीर्षकमा राजाले राम र लक्ष्मण लैजान अनुमति दिए पछि सन्तुष्ट भएका महर्षि विश्वामित्र खुसीले विशेष आशिषको वर्षा गर्दै राजाको प्रशंसा समेत गरेर राम, लक्ष्मण सहित आफ्नो आश्रम प्रस्थान गर्दछन् । महर्षिले रामलाई सत्तीर्थमा रहस्यास्त्र समेत दिएर पुराना रमणीय कुरा सुनाउँदै, तपोवनका अनेक दृश्य देखाउँदै सहज ढङ्गले बाटो पार गराएका छन् । विश्वामित्र आश्रमका पुष्प, बाँस, कृष्णसारले समेत रामलक्ष्मणको स्वागत गरेको प्रसङ्गले नयाँ उपशीर्षक निम्त्याएको छ ।

'विश्वामित्राश्रम' उपशीर्षकमा विश्वामित्र आश्रमको वर्णन गरिएको छ । यो उपशीर्षक प्रकृति चित्रणका दृष्टिले सबल देखिए पनि कथानकका दृष्टिले दुर्बल रहेको छ ।

'यज्ञविघ्नध्वंश' उपशीर्षकमा उत्तम यज्ञको आरम्भ भएको; मारीच, दुर्वाहुहरूले यज्ञ विध्वंश गर्न चारैतिर उत्पात मच्चाउन सुरु गरेको; यज्ञशालामा शिलादिको वर्षा गराएको; ऋत्विक्हरूले सुरो चलाएको; दैत्यहरूले धमाधम यज्ञ भताभूङ्ग बनाउन लागेको देखेर सज्जनहरूमा पीडाको आगो बलेको; मङ्गल कार्य अमङ्गलमा परिणत भएको; उपद्रवको पराकाष्ठा भएको; सत्कर्मको मर्म नै लिन खोजेको देखेर रामले कौशिकसँग आज्ञा मागी आफ्नो पुरुषार्थद्वारा शस्त्र-अस्त्रको वर्षा गराएर दुष्टहरूको दमन गरेको घटनाबाट आकास समेत स्वच्छ भएको भाव व्यक्त भएको छ । यसै उपशीर्षकको अन्त्यमा विधिवत् रूपमा निर्विघ्नतापूर्वक यज्ञ पूर्ण भएको घटनाको वर्णन यसरी गरिएको छ ।

चोख्याइ तीर्थाम्बु पवित्र मन्त्रले,
शुद्ध्याइ यज्ञ-स्थल कर्म-तन्त्रले ।
आरम्भ भो फेरि विधान रत्नको,

निर्विघ्न सम्पूर्ति भयो प्रयत्नको ।। (आ.रा. २।७०)

'रामको अभिनन्दन' उपशीर्षकमा सत्कर्ममा विघ्न हुनु स्वाभाविक छ, जसको रक्षा गर्नु क्षत्रीयको कर्तब्य हो, वीरत्वको तेज र शुद्ध भावको संयोग नै रक्षाको प्रमुख कारण हो, भनिएको छ । यसै क्रममा बालक रामले जवान एवम् वलवान् असुर समूहको सहज ढङ्गले दमन गरेको घटनाको तुलना जङ्गलका बीचको एक फिलिङ्गो आगोसँग यसरी गरिएको छ ।

सारा परे छक्क, अपूर्व चालको
देखि बडो विक्रम वीर बालको ।
आगो फिलिङ्गै पनि होस् अरण्यमा,
उल्लास देखाउँछ एक सासमा ॥ (आ.रा. २।७२)

पवित्र यज्ञ पुनः निर्विघ्नतापूर्वक सम्पन्न भएकाले सबैले रामको गुणगान गाउँदै, खुसी हुँदै शुभाशिर्वचन तथा अभिनन्दनको वर्षा गराएको प्रसङ्गको वर्णन गर्दै यस उपशीर्षकको विट मारिएको छ ।

'रात्री विश्राम' उपशीर्षकमा राक्षसको अन्त्य भई चारैतर्फ शान्तिमय सन्देश व्यक्त हुँदा झटपट निशाको आगमन भएको, नवोदित चन्द्रमाको शोभा बढेको, ताराहरू झलमलाएको, ऋषिहरूको समूह तथा रामादिले आनन्दपूर्वक रात बिताएको प्रसङ्गको वर्णन गरिएको छ ।

यस उपशीर्षक तथा दोस्रो सर्गकै अन्तिम श्लोकमा रात्रीपछि नयाँ प्रभातको आगमन भएको, अन्धकारको अन्त्य भएको, चराचुरुङ्गीको आवाजले साङ्गितिक रूप लिएको अनि बालक सूर्यको उदय भएको प्रस्तुति यसरी दिइएको छ ।

उठ्यो बढो सुहाउँदो नवप्रभा प्रभातको
भयो निशान्धकारको प्रसङ्ग नाश-कालको ।
चल्यो चराचुरुङ्गिको निनाद तुल्य तर्यको,
खुल्यो नयाँ शुभोदय-प्रकाश बाल-सूर्यको ।। (आ.रा. २।७७)

यसप्रकार द्वितीय सर्गमा रामादिले शिक्षा-दिक्षा प्राप्त गरेको, विश्वामित्रको आश्रममा गई रामले दैत्य दमन गरी यज्ञपूर्ण गराएर आफ्नो बालक चरित्र उज्ज्वल तुल्याएको घटना प्रस्तुत भएको छ ।

## ३.३.३ आदर्श-राघव महाकाव्यको तृतीय सर्गको कथावस्तु

द्वितीय सर्गको अन्तमा बालक सूर्यको उदय भएको प्रसङ्ग आएको छ । तृतीय सर्गको पहिलो उपशीर्षक प्रातःकाल रहेको छ । यसले सर्गान्तमा भावी कथाको प्रसङ्ग दिएको स्पष्ट बनाएको छ ।

'प्रातःकाल' उपशीर्षकका २१ श्लोक केवल प्रातःकालको वर्णनमै खर्चिएका छन् भने २२औं श्लोकले प्रातकालमा विश्वामित्रको आश्रमबाट निस्किएको वेदध्वनिले आकास गुञ्जायमान भएको, विभिन्न पवित्र यज्ञ-यागादिको क्रम चलेको, अतिथिको सत्कारले कुटी भरिभराउ भएको अनि तपोवन नै राजकुमारहरूको हिंडाइले अपूर्व भएको प्रसङ्ग अभिव्यक्त भएको छ ।

'मिथिलागम' उपशीर्षकमा रामको कामले खुसी भएका महर्षि कौशिक शिवजीको महाधनु हेर्न तथा मिथिलेशको प्रेमाग्रह स्वीकारी नयाँ किसिमको विवाह हेर्न राम र लक्ष्मण सहित विदेह भूमितिर प्रस्थान गर्दछन् । मिथिलेशले सहर्ष मनले महर्षिको दर्शन एवम् आदर सत्कार गर्दछन् । यसै क्रममा रामको चरित्र पनि विस्तारपूर्वक सुनेर प्रेमपूर्वक रामको सर्वाङ्गमा नजर दिएको घटनाको वर्णन गर्दै दुई श्लोकको यो उपशीर्षक समाप्त भएको छ ।

'शिवधनुर्भङ्ग' उपशीर्षकको प्रथम श्लोकले वीरहरूको उपस्थिति, सबैको शिव धनुमा ताँदो चढाउने अठोट भएको, सो काम गर्नेको जनकको छोरी जानकीसँग विवाह हुने अवस्था भएको तर कसैले पनि उठाउन नसकेको घटनाको वर्णन गरिएको छ । जसबाट राममा शिवधनुमा ताँदो चढाउने उमङ्ग पैदा भएकाले उनले महर्षितर्फ साहसी नजरले हेरेका छन् । कौशिकको मञ्जुरी पाए पछि रामको किशोर मुख पनि तरुण केसरीको समान भएको छ । उनले नुहेर दुई हातले फूलको ढुङ्गा झैं धनु उठाई कानको फेदसम्म खिंच्दा ताँदो टुट्छ, जसको भयङ्कर आवाजले मानौं कसैको कान समेत फुट्दछ, भनी वर्णन गरिएको छ । यसै क्रममा रामको वीरता तथा सीताको

प्रसन्नता अनि महर्षिको हाँसो र रामको शरीरको वर्णन गर्दै यस उपशीर्षकको कथावस्तु अगाडि बढेको छ ।

'सीता-स्वयंवर' उपशीर्षकमा खुशी भएका मिथिलेशको अमृत-तुल्य आदेश पाएकी वधुको भेषमा रहेकी जानकीले साथी सहित मस्कँदै अगि बढेर रामलाई सुन्दर मालाले उत्सव सहित स्वयंवर गरेको घटनाको वर्णन यसरी गरिएको छ ।

प्रफुल्ल मिथिलेशको अमृत-तुल्य आदेशमा,
सखी सहित मस्कँदै अगि सरी वधु-वेशमा ।
नुही रघु-किशोरको  जनक-कन्यकाले अब,
स्वयंवरण गर्नु भो रुचिर माल्यले सोत्सव ॥ (आ.रा. ३।३५)

यसै क्रममा राम र सीताको आँखा जुध्नु, दुवै लाटिनु, साटिए झैं भ्रम हुनु, प्रेम जालमा फस्नु, दुवैको मन मिल्नु जसले वधुको शरीरमा वल भरिई महलमा गएको कथानक समेत रहेको छ ।

'विवाह' उपशीर्षकमा विवाहको खबर तुरुन्त साकेतमा पुगेको, त्यहाँ दशरथादि उपस्थित भएको, दुईतर्फै विवाहको तयारीले शहरको प्रभा फैलिएको प्रसङ्ग व्यक्त भएको छ । यसै क्रममा शुभ मुहुर्तमा मङ्गल ध्वनि तथा वेदोक्त विधानद्वारा भएको मनोहर विवाहमा राम र जानकीको मिलनलाई चाँदनी र चाँदको समागमसँग तुलना गरिएको छ । यसै अवसरमा भरत, शत्रुघ्न र लक्ष्मणको पनि जनकका कुलका कुमारीहरूसँग विवाह भएको घटनाको वर्णन यस उपशीर्षकमा गरिएको छ ।

'परशुराम-दमन' उपशीर्षकमा आफ्ना छोरा-वुहारीहरू लिएर विवाह सकी अयोध्या फर्कंदै गर्दा बाटामा परशुरामसँग भेट भएको छ । हातमा धारिलो वन्चरो लिएका, कठोर चेष्टा भरिएका परशुराम कडा रूपमा रामचन्द्रका सामु खडा भएका छन् । पुरानो धनु भाँचिएकोमा  केही अचम्म नभएको भन्दै आफ्नो ठूलो धनु उठाउन परशुरामले रामचन्द्रलाई चुनौति दिंदै नसकेमा पिठिऊँमा वन्चरोले भयङ्कर कठोरता प्रकट गर्दै क्षमालाई छोडेर दण्ड दिने बताउँदै तेजिलो धनु अगाडि सारेकाछन् । विनयी रामचन्द्रले केही नबोली सहजै त्यो धनु उठाई ताँदो चढाउँदा उक्त स्वरले चारै

दिशामा टङ्कार र ठङ्कारको ध्वनि गुञ्जायमान भएको छ । परशुरामको व्यर्थको घमण्ड चुर भई मनमनै रामको महत्त्व बुझी कदर समेत गरेका र दुवै पक्ष आ-आफ्नो बाटो लागेको वर्णन गरिएको छ ।

'अयोध्या-गमन' उपशीर्षकमा पुत्रको वीरताले प्रफुल्लित दशरथ आफ्नो देश अयोध्या फर्किएको अनि जयगान गर्दै प्रजाले सारा देह झुकाई कीर्तिको ज्योति बालेको प्रसङ्गको वर्णन गरिएको छ । सारा प्रजाले चारै दिशामा खुसीयाली मनाउँदै दीप प्रज्वलन गरेका छन् । चार जना पुत्र अनि पुत्र योग्य लक्ष्मीतुल्य पुत्रवधु साथमा लिएर पृथ्वीमा हिंडेका राजा दशरथ अवतारी देखिन गएको प्रसङ्गको वर्णन यसरी भएको छ ।

चार बाहु-सम आयुध धारी,
योग्य पुत्र कलमा-सम (कमला-सम?) नारी ।
साथमा लिइ मही-तल-चारी
भूप देखिन गए अवतारी ।। (आ.रा. ३ । ६०)

यस उपशीर्षक तथा तृतीय सर्गको अन्तिम श्लोकमा दिन क्रमशः ढल्केर साँझ पर्न लागेको प्रसङ्ग सहित कथाको अन्त्य गरिएको छ ।

यस प्रकार तृतीय सर्गमा कौशिक आश्रमबाट राम र लक्ष्मण गुरु विश्वामित्रसँग विवाह हेर्न मिथिला गएको, रामले अन्य कुनै वीरले शिवधनु उठाउन नसके पछि गुरुको मन्जुरी लिई शिवधनुमा ताँदो चढाउँदा धनु नै भाँचिएको, सीतासँग स्वयंवर तथा विवाह भएको, रामको विवाहसँग भरतादिको पनि त्यही मण्डपमा मिथिलाकै कुमारीहरूसँग विवाह भएको, उत्सव पछि सपरिवार अयोध्या फर्कन लाग्दा बाटामा परशुरामसँग भेट भएको तथा उनको चुनौती रामले सहजै पूरा गरी झगडा गर्न आएका परशुरामको मनमा समेत आफूप्रतिको कदरभाव पैदा गराई अयोध्या आउँदा सबै प्रजाले स्वागत गरेको यसै क्रममा दिनान्त (साँझ) हुन लागेको घटनाको वर्णन गरिएको छ । यस सर्गमा कथानकको विकास सन्तोषजनक मान्न सकिन्छ ।

### ३.३.४ आदर्श-राघव महाकाव्यको चतुर्थ सर्गको कथावस्तु

तृतीय सर्गको अन्त्यमा दिन ढल्न लागेको प्रसङ्ग रहेको छ । चतुर्थ सर्गको सुरुको उपशीर्षक ‘उत्तर-वयको विचार’ रहेको छ । दिन ढल्न लागेको सङ्केतले राजा दशरथको उमेर ढल्कन लागेको सङ्केत समेत दिई कथालाई त्यही मोड दिइएकाले तृतीय सर्गको अन्तमा पनि भावी कथाको सूचना दिइएको पुष्टि भएको छ ।

‘उत्तर-वयको विचार’ उपशीर्षकमा राजा दशरथले विभिन्न विषयरस पान गरेर अघाए पछि संसारका सबै सुख फिक्का भएको अनि आफ्नो उमेर थोरै बाँकी छ भन्ने सोची विकल्प अर्थात् उत्तराधिकारीको खोजी गरेको घटना यसरी अभिव्यक्त भएको छ ।

विषय-रस पिई थरी थरीका,
नृपति अघाइ सबै बुझेर फिका ।
अब अवधि गमेर बाँकी अल्प,
विकल भए, मनमा उठ्यो विकल्प । ।(आ.रा.४।१)

उत्तरवयको अवस्थामा पुगेका दशरथले विषय सुख सुरुमा हितकारी देखिए पनि पछाडि अहितकारी विष सरह त्याग्न लायक हुन्छ । त्यसदेखि परको प्रमेय/ज्ञान अर्थात् आत्मतत्त्व साक्षात्कार नै बुद्धिमान्हरू खोज्दछन् भन्ने प्रस्तुति दिएका छन् ।

सम मधु घृत झैं भई अगाडि,
अहित हुने परिपाकमा पछाडि ।
विषय विषसरी बुझेर हेय,
सहृदय खोज्दछ भित्रको प्रमेय । । (आ.रा.४।६)

उत्तरवयको अवस्थामा दशरथलाई विषय सुख तथा इहलोकका उमेरमा प्यारा लागेका प्रियवस्तु पनि अगुल्टो समान लाग्दछन् । उनलाई मुकुट त लठारो नै लागेको प्रस्तुति यसरी दिइएकोछ ।

रसमय वयमा सबै पियारो,
मुकुट समेत बुढ्याइँमा लठारो ।

दिन किन यसरी बहन्छ उल्टो,

प्रिय पनि बन्दछ आँतको अगुल्टो ।। (आ.रा. ४ । १२)

चौध श्लोक खर्चिएको यस उपशीर्षकमा कथानकको खासै विकास नभए तापनि राजाको मनमा उत्तराधिकारीको घोषणा गर्न जुन प्रेरणा प्राप्त भएको छ; त्यसलाई भावी कथाका लागि उर्वर भूमीका रूपमा विश्लेषण गर्न सकिन्छ ।

'यौवराज्यभङ्ग' उपशीर्षकमा राजा दशरथ पहिलो श्लोकमै मनमनै उत्तराधिकारी दिने तयारी गर्दछन् । दोस्रो श्लोकमा उत्तराधिकारी हुने अधिकार, आवश्यक गुण, प्रजाका विचार समेतलाई मध्यनजर गर्दा राजा र सचिव (तत्कालीन मन्त्री) दुबैले मिलेर रामलाई युवराजपदमा अभिषेक गराउने तयारी यसरी गरेका छन् ।

गुण-गण हक राममा हुनाले,

जन-मनसाय समेत जोडिनाले ।

नृप सचिव मिली गरे तयारी,

दिन युवराज-पदाभिषेक भारी ।। (आ.रा. ४।१६)

यसै क्रममा भरतलाई समेत लिएर मावल गएका रामचन्द्र समेत नआइपुग्दै मुहुर्त छोप्नका लागि रामलाई युवराज घोषणा गरिएको छ । यो खबर मन्थराले सुनेर कुभावनाले कैकेयीको मन बहकाई दिएकी छिन् । फलस्वरूप कैकेयीले सर्पिणीको जस्तै कुटिल बाटो समाई बदचाल चलेकी छिन् । जस अनुरूप राजासँग अगिका जगेडा दुई वर अब मलाई दिनै पर्छ भनेर कैकेयीले बखडा झिक्दै यस्तो वर मागेकी छिन् ।

"अब वनतिर राम चौध वर्ष,

भरत नृपासनमा रहून् सहर्ष ।

दुइ वर त यिनै मिलून्" भनेर,

नरपतिलाई पिरीरहिन् अडेर ।। (आ.रा. ४ । २३)

समाज, अधिकार र गुणको विरुद्ध पहिलो वरमा रामलाई चौध वर्षको वनवास तथा दोस्रो वरमा भरतलाई राजसिंहासन मागिएकोले राजा दशरथको हृदय छिया छिया भएर जीवन भरको सत्यतालाई जीवन्त राखौं वा हृदय समेतको आधा अङ्गका रूपमा

रहेका रामलाई अलग गरौं भन्ने भावनाले उनको धीरता, विवेक तथा चेतना समेत हराएको तथा केही बोल्नै नसक्ने अवस्था भएको छ । यसै बीच रामले धैर्य साथ सविनय हात जोडेर बोल्न सुरु गर्दछन् भन्नेसम्मका कथावस्तु यस उपशीर्षकमा समेटिएको छ ।

'राम-वनवास' उपशीर्षकमा रामले पिताजीसँग आफ्नो वचनलाई पूरा गरी बाजी जित्नुपर्छ; व्यर्थैमा विचलित नहुनुहोस्; म लामो समय वनवास जान तयार छु; अब भरत नै राजकाजको काम गरून्; भन्ने उद्गार यसरी व्यक्त गरेका छन् ।

किन विकल हुनु वृथा पिताजी !
वचन तथा गरि जित्नुपर्छ बाजी ।
म छु चिर वनवास जान राजी,
भरत गरून् अब काम राजकाजी ।। (आ.रा.४।३०)

थप तीन श्लोकमा रामले कैकेयी मुमाको वचन उचित छ; जड, पशु, चरा समेत आफ्नो बच्चाको हितका लागि सचेत हुन्छन् भने मुमाले आफ्नो छोराको भलो सोचेर अगि बढ्नु उचित छ; माता-पिताको पुत्रलाई संसारमा खडा गराउँदा पर्ने श्रमको भारा उनीहरूको हित गरेर छोराहरूले तिर्नु पर्छ, भनेका छन् । उनले कैकेयी माताको उक्त पवित्र बोली शिरोपर गर्दै झोली भिरेर वन जान आफू तयार भएको, निर्जन वनको अलौकिक कान्तिले मेरो चित्त शान्ति गर्नेछ भन्ने भावद्वारा पूर्वाग्रह र द्वेष विना नै पिताजीको चरणकमलमा भक्तिले शिर निहुराई वनतर्फ जाने दृढ निश्चय गरी जान तयार भएको घटनाको वर्णन यस उपशीर्षकमा भएको छ ।

'लक्ष्मणको दृढ प्रेम' उपशीर्षकका दुई श्लोकमा दिनकर(सूर्य) विदेश जान तयार हुँदा दिनमात्र घरमा रहन नसक्ने दृष्टान्त अघि सारी लक्ष्मण पनि दाजुसँगै वनवास जान तयार भएको घटनाको वर्णन गरिएको छ ।

'सीताको पतिभक्ति' उपशीर्षकमा जानकीले वनवासको खबर सुने पछि चन्द्रमा नहुँदा चन्द्रमाको प्रकाश कसरी रहन सक्छ ?, भन्दै आफू पनि वनवास जान तयार रहेको अभिप्राय व्यक्त गरेकी छिन् । रामचन्द्रले वनवास दुःखको खानी भएकाले त्यहाँ

स्त्रीहरू जान नसक्ने हुँदा राज्यमै बस भनी सम्झाएका छन् । तर सीताले पति-पत्नीको सम्बन्धमाथि नाना तरहले प्रकाश पार्दै पति विनाको महल भन्दा पति सहितको वनवासी जीवन अनुकूल हुने अमूल्य तर्कहरू र पतिभक्ति देखाए पछि रामचन्द्रले सीतालाई वनवास जान यसरी अनुमति दिएका छन् ।

वचन सुनि अमूल्य, मानी नीको,
अटल पतिब्रत जानि जानकीको ।
अनुमति दिनु भो विचार साथ,
रघुवरले वन जान साथ साथ । ।(आ.रा.४।४६)

यसै घटनाबाट प्रभावित भई महाकाव्यकारले थप तीन श्लोकमा भारतवर्षकी पतिव्रता नारी तथा एक नारीका उपासक पतिका कारण प्रणयरसद्वारा दुवैको हृदय तथा भावना एक भएको वर्णन प्रस्तुत गरेका छन् ।

'वन-प्रस्थान' उपशीर्षकमा प्रिय अनुज लक्ष्मण तथा प्यारी वधु सीताका साथ राघवको वन प्रस्थानको वर्णन भएको छ । यस क्रममा रामको मुहार रत्तिभर फरक नभएको तर अभागी अयोध्यावासी भने धुरुधुरु रुँदै पछाडि लागेका छन् । जङ्गलमा पुगी चित्रकूटमा तृणले कुटी बनाई वनका जल र फलफूल पान गर्दा रामलाई वनवास पनि सरस भएको प्रसङ्गसँगै वन-प्रस्थान उपशीर्षक पूर्ण भएको छ ।

'अयोध्यामा शोक' उपशीर्षकमा राजा-प्रजा सबै दुःखी भएकाले अयोध्याका सबै उत्सवको इति- श्री भएको प्रसङ्ग व्यक्त भएको छ । कौशल्याको एकमात्र छोरा रामको वनवासले हृदय विरस छ, अनि राँको बलेको छ । यसै क्रममा दशरथको मृत्युले अयोध्यामा शोकमाथि शोक थपिएको घटनाको वर्णनसँगै यस उपशीर्षकको अन्त्य भएको छ ।

नृपति-रवि हुँदा तुरुन्त अस्त,
तिमिर सबैतिर वैरियो प्रशस्त ।
अवध कमल भो अचेत मूक,
क्षत दिलमा दलियो अनन्त चूक । । (आ.रा. ४।६३)

'भरत विलाप' उपशीर्षकमा भरतलाई मावलबाट ल्याएर गुरुहरूले सम्झाइ-बुझाइ गर्दै दशरथको क्रिया गराएर परमात्मामा मिलाएको घटनाले कथामा गति प्रदान गरेको छ । यति सानो समयमा प्रलयसरीका घटना घट्नाले भरतले विलाप गर्ने क्रममा आफ्नो जन्मलाई विपत्को सूचक मान्दै, आफ्नो खोटो कर्ममा जहर भरिएको तथा आफ्नो छोटो भाग्यमा अपकीर्तिको भण्डार रहेको ठानेका छन् । कुपुत्र हुन सक्छन् तर कुमाता कहिल्यै पनि हुँदिनन् भन्ने नियममा समेत अगुल्टाको प्रहार दिई ममाथि दैव किन उल्टो भयो?, पिता र सो समान दाज्यूका लागि लुकिछिपि चोट दिने विषालु बोट दिने कपूत भएकोमा अफसोच गर्दै अमृत फलाउने बीज पनि विषरसमा भिजी खराब बनेको प्रस्तुति दिंदै भरतले विलाप गरेका छन् । पिताजीको शरीर त्याग भयो, त्यसको कुनै उपाय छैन तर दाजुलाई शरण परेर अयोध्यामा फर्काई राजकाज गर्न लगाउँछु भन्ने उनको विचार महाकाव्यमा यसरी व्यक्त भएको छ ।

वपु अलप भयो, गयो पिताको,
  न त छ उपाय हुने कुनै त्यताको ।
अब शरण परेर, दाइलाई,
  नगर फिराउँछु राज-काजलाई ।। (आ.रा. ४।७२)

'भरतको प्रस्थान' उपशीर्षकमा विलाप गर्दै बसेका भरत आमाको निन्दित कार्यको घृणा गर्दै गुरु, मन्त्री तथा कुटुम्बको साथमा रामलाई खोज्न वनतर्फ प्रस्थान गरेको घटनाको वर्णन गरिएको छ । खोज्दै जाने क्रममा चित्रकूटमा भेट भएको; भरतले दाजुका चरणतलमा छाँद हालेर रोएको; माता, गुरु तथा अनुजसँगको भेटघाटमा पारस्परिक भावना साटासाट भएको यस खुसीको क्षणमा वाधा गर्दै राजाको स्वर्गवास भएको घटना यसरी प्रकट भएको छ ।

पाई, माता, गुरु, अनुजका साथमा भेटघाट,
  पत्नी भ्रातासँग लिइ, भयो भावना रामबाट ।
चल्दा पारस्परिक मनको भाव वार्ता-प्रसङ्ग,
  बाधा गर्दै प्रकट हुनगो भूपको स्वर्ग-सङ्ग ।। (आ.रा. ४।७७)

पितृ शोकको आघात खप्न नसकी दृढ तथा नरिवल जस्ता हृदय भएका रामको पनि नरिवलको मृदुल भित्री अंश खोलिई गर्म-रस पोखिए झैं आँसुले सबै देह भिजेको छ । तापाग्निको जलनले हृदय सुकाएर सो उद्गारको वाष्प बाहिरसम्म आएको घटनाको वर्णनले चतुर्थ सर्ग समाप्त भएको छ ।

यस सर्गमा आफ्नो बुढचौलीको महसुसले दशरथले रामलाई युवराज घोषणा गरेको, मन्थराको कुरामा लागी कैकेयीले दशरथसँग पुरानो जगेडा दुइ वरको माग गरेको, पहिलो वरले रामको चौध वर्ष वनवास तथा दोस्रो वरले भरतलाई राजसिंहासन मागेको, यो मागले दशरथ शिथिल भई बोल्न नसक्दा स्वयं रामले आफू वनवास गई मातृपितृ वचन शिरोपर गर्ने बताई वन प्रस्थान गर्न लाग्दा लक्ष्मण र सीता पनि रामसँगै वनवास गएको, वनवासको घटनाले शोकाकूल अयोध्यामा दशरथको मृत्युले थप शोक थपिएको, भरतले पिताको क्रिया गर्दै शोक मनाएको, अन्त्यमा मातादि सहित भई चित्रकूटमा वनवास बसेका रामादिलाई फिर्ता ल्याउने उद्देश्य अनुरूप गएका भरतादिसँग रामको भेट भएपछि पिताको मृत्युको खबर रामले सुनेको अनि पितृशोकले हृदयमा मात्र नभई वाष्पका रूपमा शोकको उद्गार बाहिर निस्किएको कथावस्तुको वर्णन भएको छ ।

### ३.३.५ आदर्श-राघव महाकाव्यको पञ्चम सर्गको कथावस्तु

चतुर्थ सर्गको अन्तमा पिताको मृत्युको खबर सुनेका रामको शोकको उद्गार मनबाट वाष्पका रूपमा बाहिर आएको प्रसङ्ग व्यक्त भएको छ । पञ्चम सर्गको पहिलो उपशीर्षक 'पितृ-शोक' रहेको छ । अतः चतुर्थ सर्गको अन्त्यमा भावी कथाको सङ्केत दिएको पाइन्छ ।

पञ्चम सर्गको पहिलो उपशीर्षक पितृ-शोक रहेको छ । वनवासबाटै छिया छिया भएको विरही चित्तमा पितृशोकको कडा वियोगले घाउमा नुन छरे जस्तो भएको प्रस्तुति यसरी दिइएको छ ।

"अहहा ! वनवासदेखि यो
विरही चित्त, छिया छिया थियो ।

उसमाथि कडा वियोग यो

लतमा क्षार भरे सरी भयो । ।(आ.रा. ५।१)

यसै क्रममा रामले केराको बोटको अन्त्यको कारण स्वयं फल(केरा) भएझैं आफू पिताको मृत्युको कारण बनेको अभिव्यक्ति यसरी दिएका छन् ।

जसको जगमा खडा भएँ,

उनकै नाश-निदान मै भएँ ।

कदली-तरुको निमित्तमा,

फल नै घातक हुन्छ अन्तमा । ।(आ.रा.५।२)

यसै गरी प्रस्तुत उपशीर्षकको बाँकी चौध श्लोकमा रामले पिताको महत्त्व र पितृ-शोकको अभिव्यक्ति दिंदै अब संसार नै असार भएको तथा सर्वस्व गएको भाव अभिव्यक्त गरेका छन् । कथानकको गति यथास्थानमै अडिएको छ ।

'वशिष्ठको प्रबोधन' उपशीर्षकका बाइस श्लोकमा पनि कथानकको गति यथास्थानमै अडिएको छ । वशिष्ठले विविध उदाहरण दिंदै शरीरको अनित्यता तथा आत्माको अमरताका बारेमा दार्शनिक अभिव्यक्ति दिएका छन् । उदाहरणका रूपमा प्रस्तुत श्लोकलाई लिइएको छ ।

अजरामर सत्य चिन्मय,

विमल ब्रह्म छ तत्त्व अद्वय ।

भइ भिन्न उपाधिले, त्यही

भावमा घुम्दछ, जीव हो यही । ।(आ.रा.५।२१)

परको पथलाई साँवल केवल निर्मल धर्म हो; घर, शरीर, इष्टमित्र, सन्तान यहीँसम्मका मात्र भएकाले ताप हटाएर धैर्य धारण गर्दै वैरीलाई वशमा राखी आफ्नो राज्य समाल्दै प्रजालाई खुसी र सुखी तुल्याउनु पर्दछ भन्ने वशिष्ठको प्रबोधन महाकाव्यमा यसरी मुखरित भएको छ ।

अब ताप धमाइ धैर्यले,

वशमा राखी विपक्ष वीर्यले ।

निज राज्य सम्हाल्नुपर्दछ,

दुनियाँलाई उज्याल्नुपर्दछ ।। (आ.रा. ५।३७)

यसरी गुरुले सम्झाए पछि रामको मन स्थिर भएको तथा अपशोचीपन आँसु भै बहेको प्रसङ्गसँगै प्रस्तुत उपशीर्षक इति श्री गरिएको छ ।

भरतादिको विनय उपशीर्षकमा भरतले आफ्नो दोष नभएको भन्दै दाजुप्रतिको भक्तिभाव व्यक्त गरेका छन् । यसै क्रममा त्रिदोषमा मुछिंदा सन्निपात जस्तो दाह गर्ने भएँ भन्दै अब तपाइँको अमृतसरी दृष्टि पारेर सबै थरी घटना/दोष हर्नू हओस् भन्ने अभिव्यक्ति यसरी दिएका छन् ।

ज्वर दाहक भै उठ्यो ममा

मुछिंदा दुर्घटना त्रिदोषमा ।

अब दृष्टि परी सुधा सरी

घटना-दोष हरोस् सबै थरी ॥(आ.रा. ५।४३)

यसै क्रममा आफू पूर्ण अज्ञान बालक तथा आमा अनायक स्त्री-जन भएकी कारण सबै दोषलाई क्षमा गर्नुहओस् भन्दै बाबुको गद्दी शोभित गराउँदै प्रजाको रक्षा गर्न स्वराज्य फर्कन भरतले रामलाई आग्रह गरेका छन् । यसै क्रममा मलिन मुख बनाउँदै कैकेयीले, अरु आमाहरूले, मन्त्रीगण तथा प्रजाहरू समेतले रामलाई अयोध्या फर्काउन भरमौदूर प्रयास गर्दै पटक-पटक आग्रह गरेको वर्णन यस प्रकार गरिएको छ । जसबाट यस उपशीर्षको अन्त्य गरिएको छ ।

मलिनानन केकयी, अरु

जननी, मन्त्रिगण, प्रजाहरू ।

सबले पुरमा फिराउन

भरमौदूर भने पुनः पुनः । ।(आ.रा.५।४८)

'रामको अटल निष्ठा' उपशीर्षकमा गुरुको प्रबोधन र भरतादिको आग्रह सुने पछि पनि रामले सुख र दुःख संसारमा पर्दछन् भन्दै कुलधर्मको सत्यताको अनि आदर्श परम्परा रूपी ब्रतको तन तथा मनले समेत तोडेर कामुक नहुने बताएका छन् ।

यसै क्रममा निगमागम दिव्य वेद सरह पितृको वाक्य मनुष्यको वेद नै हो भन्दै यिनको अटल ज्ञान यो लोक तथा परलोक दुवैको सुधार गर्ने कारक हो भन्ने अभिव्यक्ति उनले यसरी दिएका छन् ।

निगमागम दिव्य वेद हो,

पितृको वाक्य मनुष्य वेद हो ।

यिनको अटल प्रमा अहो !

स्थिर लोक-द्वयको सुधार हो । ।(आ.रा. ५।५२)

अतः रामले पितृको शब्दमय प्रदीपलाई निभ्न दिनु व्यावहारिक नहुने भन्दै अरु अङ्गहरू अनेक छन् तर जिब्रो र मुख एउटा मात्र हुनु सत्य ब्रत लिनका लागि हो, भन्ने अभिव्यक्ति दिंदै पितृवाक्यको अवहेलना गर्दिन भनी सबैसँग क्षमा माग्दै अहिले राजकाज सम्हाल्न तथा अयोध्या फर्कन असमर्थ भएको जानकारी यसरी प्रदान गरेका छन् ।

यतिका नजको (जनको?) मनोरथ,

अहिले पूर्ण गराउने पथ ।

लिन यो असमर्थता ममा,

सबमा प्रार्थना गर्दछ क्षमा । ।(आ.रा. ५।५७)

रामको यस्तो सूक्ति सुनेपछि सबै प्रजाहरूले रामलाई धन्यवाद वर्षा गराएको प्रसङ्गसँगै यस उपशीर्षकको अन्त्य भएको छ ।

'भरतको प्रत्यावर्तन' उपशीर्षकमा रामको दृढ भावना बुझ्ने पछि रामको सट्टा उनको खराउ लिई टोलिंदै भरतादि अयोध्या फर्किएको घटनाको वर्णन यस प्रकार गरिएको छ ।

दृढ भाव समान रामको,

स्थिर लोक-स्थिति निम्ति कामको ।

जतिरूपक पादुका लिई

अब फर्के भरतादि टोलिई । ।(आ.रा. ५ । ५९)

दाजुले राज्य छोडी तपस्वी सरह वनवासी बनी नन्दिग्रामका प्रजामा मिलित भएर कुटीको बास रोजेकाले राजसिंहासनमा दाजुको खराउ पूजेर रामकै भावनाले ऐना झैं विमल भरतले राजकाजको काम थालेका छन् । यस सर्गको अन्तिम श्लोकमा रामको अयोध्यादेखि अझ पर जाने इच्छा अनुरूप रामादि अत्रिको आश्रममा पुगेको तथा दण्डक वनमा पुगी खुसी भएको प्रसङ्ग प्रस्तुत गरिएको छ ।

यस प्रकार पञ्चम सर्गमा रामको पितृ-शोक समन गराउन वशिष्ठको प्रबोधन, रामलाई अयोध्या फर्काउन भरतादिको आग्रह, तर रामको अटल निष्ठाका कारण भरतादि रामको खराउ लिई फर्किएको अनि भरतले सिंहासनमा खराउ राखी राजकाज चलाएको र रामादि अयोध्यादेखि अझ पर अत्रिको आश्रममा पुग्नुका साथै दण्डकारण्यको शोभा देखेर खुसी भएको घटनाको वर्णन गरिएको छ ।

### ३.३.६ आदर्श-राघव महाकाव्यको षष्ठ सर्गको कथावस्तु

पाँचौं सर्गको अन्त्यमा रामादि दण्डकारण्यमा पुगी खुशी भएको प्रसङ्ग रहेको छ । छैटौं सर्गको आरम्भको प्रथम श्लोकमै दण्डकारण्यको शारदी शोभाको वर्णन गरिएको छ । अतः अन्य सर्गमा झैं पञ्चम सर्गान्तमा पनि भावी कथाको सङ्केत भएकै छ ।

यस सर्गको प्रथम उपशीर्षक 'शारदी शोभा' रहेको छ । शरद्कालीन शोभाको वर्णन भव्य रूपमा गरिएको भए तापनि कथानकका दृष्टिमा यो उपशीर्षक उल्लेखनीय देखिंदैन । यसमा कथानकको विकास भएको छैन ।

'पंचवटी-प्रवेश' उपशीर्षकमा शरद् ऋतुले वन र समय दुवै रामलाई प्यारो भएको छ । राम अझ पर पर जाँदैछन् । यसै क्रममा रामसँग जोरी खोज्ने विराधले तुरुन्त परत्र प्राप्त गरेको छ । मुनिका फाटफुट कुटी भएको पञ्चवटी पुगी त्यहाँबाट परतिर हेर्दा ब्रह्मज्ञानी अगस्ति ऋषिहरूको रम्य बस्ती तथा शान्तिदीप देखी रामले त्यहीं छाप्रो बनाउन उचित मानेका छन् । पञ्चवटी नै उचित मानी त्यहाँ छाप्रो बनाउने तयारी भएको घटना यसरी अभिव्यक्त भएको छ ।

वट विटप फिँजाई झयाम्म छन् उच्च पञ्च,
विरल मुनि-कुटी छन् दूरमा निष्प्रपञ्च ।

वनबिच रहनामा त्यो जनस्थान भारी

उचित भनि यहाँ भो पर्ण-शाला तयारी । ।(आ.रा. ६। १६)

'रामाश्रम' उपशीर्षकमा रामको पर्णशालाको वर्णन गरिएको छ । जीवन्त प्रकृति चित्रण गरिएको भए तापनि रामको आश्रम बनेको घटना प्रस्तुत गर्नुका अतिरिक्त यस उपशीर्षकमा अन्य कुनै घटना उद्घाटित भएका छैनन् ।

'दिनचर्या' उपशीर्षकमा राम, लक्ष्मण र सीताको दिनचर्याको वर्णन गरिएको छ । दाजु-भाइ शिकार गर्न पर पर जाँदा जानकी डराएर होशियार भई बस्दछिन् भने फर्कंदा हसिलो मुहार भएको देखिन्छ । वरपर बाघ भालु पसारा पर्दा सीतालाई प्यारो लाग्ने प्रस्तुतिका साथै जहाँ राम त्यहीँ अयोध्या भएको अनुभूति यसरी व्यक्त भएको छ।

वरपर कति पर्थे बाघ भालू पसारा,

तर तरु-तल सीतालाई लाग्थे पियारा ।

वन-वसति बनोस् जे बन्छ योध्या अयोध्या,

हृदयविच त जाहाँ राम त्याहीँ अयोध्या । ।(आ.रा. ६।३२)

यसै क्रममा प्रकृतिको वर्णन गर्दै राम र सीतालाई प्रत्येक दिन, दिनभन्दा रात प्यारो हुने वर्णन गरिएको छ । राम र सीता दुवैलाई सुविस्ता दिन लक्ष्मण क्षणभर पनि ननिदाई रातभर पहराका निमित्त जागा भइरहने घटनाको वर्णन गर्दै यस उपशीर्षकको पनि अन्त्य भएको छ ।

हर-तरह सुविस्ता राम सीता दुवैमा,

हुनु उचित छ भन्दै चित्तलाई यसैमा ।

क्षणपनि नगुमाई भाइ लागीरहन्थे,

निशि-भर पहराको निम्ति जागीरहन्थे । ।(आ.रा. ६।३९)

'हेमन्त-समय' उपशीर्षकका दुई श्लोकमा शरद् ऋतुको अन्त्यसँगै हेमन्त ऋतुको आगमन भएको, सूर्यको किरण मधुरो बन्न लागेको, अग्निले प्यारो बनी मान पाएको प्रसङ्गको वर्णन भएको छ ।

'शूर्पणखादि-दमन' उपशीर्षकमा एघार श्लोक रचिएका छन् । नरम तथा कोमल फूलमा काँडा अनि चन्द्रमामा पनि कालो टाटो भए झैं ऋषिमुनिको पवित्र तपोवनमा समेत कुटिल अनि पापी घुम्ने गरेको प्रसङ्ग यसरी प्रस्तुत गर्दै कथानकमा नयाँ गति प्रदान गर्न खोजिएको छ ।

मृदु कुसुम कलिला सुद्ध देखिन्छ काँटा,
विशद शशि-कलामा गाभिएको छ टाटा ।
ऋषिमुनी तप गर्ने त्यो जन स्थान भेक,
विकट कुटिल पापी घुम्दथे एक एक ॥(आ.रा.६।४२)

तरुण युवक देखी चित्त दृढ गर्न नसकी आँखी भौं नचाउँदै नक्कल झक्कल पार्दै सीताको भाग्य तथा सौभाग्यको शोभा देख्न नसकी रामका सामु आएकी ( उपशीर्षकमा उल्लेख भएकाले शूर्पणखा?) वेरूपकी बहुरूपी राक्षसीलाई राम र लक्ष्मणले एक अर्कालाई इशारा दिएका अनि अन्तमा लक्ष्मणले नकटी बनाइदिएका छन् । यो खबर खरहरूले पाउँछन् अनि सलह दल सहित राक्षसी फौज आँधी जसरी रामसँग लडाईं गर्न आएका छन् । सीतालाई भाइ लक्ष्मणको जिम्मा लगाई राम धनु, ठोक्रा लिई वीरता साथ युद्ध स्थलमा पुग्दछन्; केहीबेर दुईतर्फी युद्ध भएको छ । अन्त्यमा त्रिशिर, खर लगायतका सलहदल तथा चौध हजार सैन्य समेत ध्वस्त बनाएका रामको विजयको यश तपस्वीको गाउँमा नै फैलिएको घटनाको वर्णन यसरी गरिएको छ ।

त्रिशिर र खर आदि ध्वस्त पारी अदैन्य
सलह-दल जलाई चौध हज्जार सैन्य ।
अवध-नव-युवाको तेज यो बल्न थाल्यो,
विजय-यश-तपस्वी-ग्राममा गूँजिहाल्यो । ।(आ.रा.६।५१)

यस प्रकारको विजय प्राप्त गरी आएका रामचन्द्रलाई जानकीले अति कदर गरेको तथा मुनिजन मिलेर खुसी हुँदै रामको वीरगान गाएको प्रसङ्गसँगै यो उपशीर्षकले नेटो काटेको छ ।

'मारीच-वध' उपशीर्षकमा आफ्नी वहिनी शूर्पणखाको दुर्गति सुनी लङ्कापतिले बन्धु मारीचलाई सुनको मृग बनाई रामको आश्रम वरपर घुम्न लगाएको अनि आफू दाउ हेरेर बसेको प्रसङ्गको वर्णन भएको छ । संयोगवश जानकीले सुनको मृग देखेको अनि उनमा त्यसलाई लिने इच्छा पलाएकोले रामलाई उक्त मृग समातेर ल्याउन आग्रह गरिरहँदा रामले प्रेमको मान राख्न मात्र भए पनि जानै पर्ने अवस्थाको सिर्जना भएको छ । अति अनौठो हरिण देखेर यो जाल पो हो कि भन्ने सोची लक्ष्मणलाई सधैं सीतासँगै रहनु भन्ने आदेश दिएर धनु र वाण लिएका राम मृगको पछि पछि लाग्दा मृग छिटो छिटो अगाडि कुद्न लागेको घटनाको वर्णन यसरी भएको छ ।

"हरिण अति अनौठा जाल पो हो कि, हेर,
हरदम रहनू है" भाइलाई भनेर ।
शर धनु लिई झट्टै राम लाग्दा पछाडि,
मृग टपटप टप्तै उड्न लाग्यो अगाडि ॥(आ.रा.६।५७)

केही पर पुगे पछि रामले जाल नै हो भन्ने जानेर वाण प्रहार गर्दछन् । मर्ने बेलामा गजबसित "हाइ! भाइ! अहह! अब मरें हा! हा! प्रिये!"(आ.रा.६।५८) भन्ने शब्द गरी सुनको मृगरूपी मारीच मर्दछ । त्यो शब्द वन-वन फिंजिंदै जानकीको कानमा समेत पुग्दछ । यो सुनेर हड्बडाएकी तथा वेदनाको वेगमा व्यग्र भएकी जानकीले यो दुष्टको छल हो, प्रभुमाथि कसैको प्रहार पर्न सक्दैन, यसमा कुनै शङ्का छैन भन्ने लक्ष्मणको निश्चिन्त भई नडगेको मनमा यस प्रकारको अभिव्यक्ति दिएकी छिन् ।

"ध्वनि विकलपनाको नाथको हो, बचाऊ
किन विहक बसेको, लौन दौडेर जाऊ ।
रतिभर पनि कस्तो दाइको छैन माया,
हरि! हरि कसरी यो बच्न सक्नेछ काया । ।(आ.रा.६।६१)

यस प्रकारको दाइको रतिभर पनि माया नभएको भन्ने अति कटु वाणी भाउजूको मुखबाट निस्किए पछि लक्ष्मण व्यग्र भएर दाजुको खोजीमा वनमा जान्छन् । दाजुलाई सानन्द पाएर आँसुले मलिन मुहार धोई हास्दछन् । लक्ष्मणलाई वनमा देखे पछि भएको दाजु-भाइको दोहोरो वार्तालाप एकै श्लोकमा यसरी प्रस्तुत गरिएको छ ।

"विहक हडबडाई फाल हालेर आयौ,

छलकपट नसम्भी, पीर सित्तै बढायौ ।"

यति कहनुभएमा, यो भने "भाउज्यूको

हृदय धमिलिंदामा बस्न मानें ननिको"॥(आ.रा. ६।६३)

निश्चय नै दुष्टको चाल हो भन्ने बुझेका राम-लक्ष्मण टाढा आएकाले छिटो छिटो दगुरिएर तुलबुलिएको चित्त सम्हाल्दै दुष्टले कपट सहित आज साटो फेर्ला भन्दै फाल हाली दगुर्दै गरेको प्रसङ्गको वर्णन पछि यस सर्गको अन्तिम श्लोकमा दगुर्दै जाँदा पनि कुटीमा एक्लै रहेकी निसहाय सीतालाई सम्झी रामको मनमा भुटभुटी बढ्न गएको अवस्थाको चित्रण गरिएको छ ।

यस सर्गमा शरद् ऋतुमा पञ्चवटीमा रामले आश्रम बनाई दिनचर्या बिताएको, शूर्पणखाको नौटङ्की खप्न नसकी लक्ष्मणले उनको नाक काटिदिएको, यो खबर थाहा पाएर युद्ध गर्न आएका त्रिशिर र खरका चौध हजार सैन्यमाथि रामको विजय भएको, आफ्नी बहिनीको अवस्थाको बदला लिने उद्देश्य अनुरूप दशमुखले मारीचलाई सुनको मृग बनाई पञ्चवटी ल्याएर आफू दाउ हेरी बसेको, सुनको मृग देखी जानकीले रामलाई उक्त मृग समाउन पठाएको, रामको वाण लागी मर्ने बेलामा मारीचले कपटपूर्वक रामको स्वर बनाई भाइसँग गुहार मागेको, यो सुनेर जानकीले निश्चय नै वैरीको छल हो भन्ने बुझेका लक्ष्मणलाई समेत वन जान बाध्य बनाएको दाजु-भाइको वनमा भेट भए पछि दुष्टको छल हो भनी दगुर्दै आश्रमतर्फ आउँदै गर्दा लामो बाटो भएकाले अनि निसहाए सीता आश्रममा एक्लै रहेकाले रामको मनमा भुटभुटी चलेको घटनाको वर्णन गरिएको छ ।

## ३.३.७ आदर्श-राघव महाकाव्यको सप्तम सर्गको कथावस्तु

छैटौं सर्गको अन्त्यमा पञ्चवटीमा एक्लै बसेकी सीतालाई दुष्टले फेलापारी साटो फेर्ला भनी रामको हृदय भुट्भुटिएको वर्णन गरिएको छ । सातौं सर्गको आरम्भमा 'रावणको दुष्टता' उपशीर्षकमा रावणले लुकेर सीता हर्ने कपट घटनाको जाल बुनेको वर्णन गरिएको छ । अतः छैटौं सर्गान्त पनि भावी कथाको सङ्केत गर्न सबल देखिएको छ ।

'रावणको दुष्टता' उपशीर्षकमा निस्वार्थ भावले वनमा दुःख झेलेर बसेका न्यायशील रामलाई बेसरी जाल बनाई धर्मको द्रोह गर्ने दशमुखले रिस फेर्ने उद्देश्यले लुकेर सीता हर्ने कपट गर्न लागेको घटनाको वर्णन यसरी गरिएको छ ।

स्वार्थ त्यागी गहन वनमा शान्तिले दुःख झेली
बस्ने न्यायी रघुपतिविषे, बेसरी जाल खेली ।
धर्म-द्रोही दशमुख यहाँ रीस फेरूँ भनेर,
सीता हर्ने कपट-घटना गर्न लाग्यो लुकेर ॥(आ.रा.७।१)

यसै क्रममा रामको सच्चरित्रता तथा रावणको दुश्चरित्रताको लेखाजोखा गर्दै सज्जन र दुर्जनको मूल कारण, जन्म, रूप एकै भए पनि सुकृत कुकृतको भेद सहज देखिन्छ भन्दै सज्जन र दुर्जन मार्गको निरूपण समेत गरिएको छ । यसै क्रममा जाली तथा उल्लू रावणले गर्न लागेको सीता हरणको जाललाई आफैं खस्ने धरै गहिरो खाडल खन्न लागेको संज्ञा यसरी दिइएको छ ।

गर्वद्वेषादिक जहरिलो तीक्ष्ण औजार जोडी,
धर्मज्ञान प्रभृति चपरी लोष्ट पाषाण फोडी ।
जाली उल्लू दशवदनले, जाल जो गर्न लाग्यो,
आफैं खस्ने अधिक गहिरो खाडलै खन्न लाग्यो ॥(आ.रा. ७।१०)

'सीता-हरण' उपशीर्षकमा दुवै धीर, वीर राम लक्ष्मण वन गएकाले मौका पाएको जाली रावण दौडँदै जोगीको भेषमा आएर आश्रमको ढोकानेर उभिई अलख शब्द बोलेको घटनाको वर्णन भएको छ । जोगी आए भनेर सीता भीक्षा लिएर निस्कन्छिन् तर रावणले आफू प्रेम माग्ने भिखारी लङ्काको सम्राट भएकाले आफूलाई वरण गर्न सीतासँग आग्रह गरेको छ । राज्यच्यूत वनवासी राममा केही छैन भन्दै सीताको रूपको वर्णन गरी पटरानी बनाई सेवा गर्ने प्रतिबद्धता जाहेर गर्दै रावणले सीताको अधर मधुको स्वाद पाई विकल दिलको आनन्द मौलाओस् भन्ने इच्छा समेत यसरी प्रकट गरेको छ ।

सेवा गर्छु प्रणत शिरले पट्ट-रानी बनाई,

लाऊ कर्के नजर, भुजले गम्म जेली मलाई ।
प्यारी! तिम्रो अधर मधुको स्वाद पाई अमन्द,
मौलाओस् यो विकल दिलको शुष्क आनन्द-कन्द ॥(आ.रा. ७/१५)

यस प्रकारको रावणको वज्र जस्तो कठोर विषालु बोली सुनी झटपट कान थुन्दै काँपेर धोका खाएकोमा परतिर हट्दै अग्निसमान नेत्र बनाई भय र क्रोधकी मूर्ती बनेर सीताले रावणलाई झपारेको अनि ज्यान प्यारो लागे गइहाल भनेको घटनाको वर्णन गरिएको छ । गाली खाएको रावणले झोक्किँदै जानकीलाई बोकेर फुर्तिसाथ रथमा हाली वरपर हेर्दै बडो वेगले उड्न लागेको घटनाको वर्णन यसरी भएको छ ।

गाली खाई दशवदनले झोक्किई शान्ति रोकी,
हा हा पार्दै विकट वपुले जानकीलाई बोकी ।
फुर्ति साथै सुदृढ रथमा हालि दौडाइहाल्यो,
हेर्दे-हेर्दै वरपर, बडो वेगले उड्न थाल्यो ॥(आ.रा.७/१९)

विजन वनमा पुकारा गर्दै सीता शोकमग्न भएको, सीताको कङ्कलाशब्द समेत आकाशमा अल्पिएको कारणले रघु तथा जनकको वंशको दीव्य दीप नजिकै आँधी आई निभ्नै लागेको रहस्योद्घाटन गर्दै प्रस्तुत उपशीर्षक पनि सकिएको छ ।

'लङ्का-नयन' उपशीर्षकमा वनका बीचमा जाँदै गरेको रावणको रथलाई कुनै गिद्धले देखेर ठुड्दा-ठुड्दै रथ धुलो पिठो पार्न खोज्दा दुष्ट रावणको चोटले उक्त गिद्ध (जटायु) तलतिर खसेको अनि जटायुको बाँकी आयु समेत अन्त्य भएको वर्णन गरिएको छ । यसै क्रममा रावणले सिन्धुको पारी लङ्का पुगी सीतालाई राक्षसीको घेराभित्र अशोक बाटिकामा थुनेर शोकाकूल बनाएको, रामको सम्झनामा सीतालाई एकक्षण पनि एक युगसरह लागेको, छिनमा बेहोस हुने अनि छिनमा राक्षसीको स्वरले जागा हुने क्रममा एकदिन रामसँग भेट हुने आशमा कष्ट सहन गर्दै रहेकी सीतालाई रावणले अनेक प्रलोभन देखाउँदै जाल बुनेको तर उनको दृढ सतीधर्मका अगाडि रावणले हार मानेको घटनाको वर्णन भएको छ । सीताको यस प्रकारको रामात्मक आत्मा तथा एकाग्र चित्त देखेर भौतिक रूपमा वियोग भए तापनि पारमार्थिक रूपमा योग भएकोले

सीता-हरणको घटनालाई  योग हो वा वियोग भन्ने संशय प्रकट गर्दै यस उपशीर्षकको बिट यसरी मारिएको छ ।

साधी रस्ता यम नियमको चित्त एकाग्र पारी,
चढ्दै जाँदा श्रवण मनन ध्यानको मार्ग भारी ।
आत्मा रामात्मक दृढ हुँदा, जानकीको प्रयोग,
के भन्ने हो जनक-कुलको योग हो वा वियोग ॥(आ.रा. ७।३०)

'रामको व्याकुलता' उपशीर्षकमा वनबाट फर्किएका रामले रित्तो कुटी देख्दा थरथर काँप्दै कुटी भित्र, बारी तथा पिँढीमा हेर्दा जानकीलाई नदेखी जतातत‍ै उनको खोजी गरेको तर केही पत्ता नलागेको घटनाको वर्णन यसरी गरिएको छ ।

फर्की आई खरखर गरी, रामले त्यो कुटीमा
देख्दा रित्तो, थरथर हुँदै, भित्र बारी पिंढीमा ।
फिक्री गर्दै सरसर घुमी खोजमा जानकीको,
जाहाँताहीं खबर बुझियो, छैन पत्ता कहींको ॥(आ.रा. ७।३१)

यसै क्रममा जानकीको कहीं खबर नपाए पछि रामले कीट-पतङ्ग, वनस्पति, पशु आदिलाई समेत सोधेको; सारा प्रकृति नै शोकमग्न भएको; रामको क्षणमा व्याकुल हुने, क्षणमा बेहोसी हुने अनि क्षणमा अर्धचेतना आउने अवस्थाको वर्णन गरिएको छ । कथानकले थप गति प्राप्त गरेको छैन ।

'रामको धैर्य' उपशीर्षकमा सारा प्रेमी-जन, धन तथा साम्राज्य समेत त्यागेर वनवासी भएर हिंडेका राममा सीताको अभावमा संसारीको हृदय डगे झैं धैर्यको बाँध बाँधिन सकेको छैन । व्याकुल दाजुलाई देखी विचलित मन भएका लक्ष्मणले उनलाई धैर्यमा ल्याउन प्रयास गर्न खोज्दा आफैं डाँको छोडी रोएका छन्, अनि उल्टै दाजुले भाइलाई सम्झाउनु परेको अनि धीर समेत भएको पाइन्छ । यसै क्रममा विरह थपिएकै अवस्थामा आँसु बगाउँदै हृदयमा भार तथा प्रशस्त व्यथा बोक्दै जानकीलाई खोज्दै जाने अठोटका साथ दुवै भाइ चारै तर्फ हेर्दै बिस्तारै हिंडेको घटनाको वर्णन यसरी गरिएको छ ।

झन् झन् थप्दा विरह-लहरी, आँसुका धेर धार,

उर्ली हाल्यो भव-जलधिको देखिने हुन्न पार ।

जानी, संझी सब, हृदयमा भार बोकेर कुस्त,

खोज्दै जाने दृढ-गरि, दुवै हिंड्नुभो सुस्त सुस्त ॥(आ.रा. ७४४)

'जटायु र कबन्धको सद्गति' उपशीर्षकमा राम र लक्ष्मण हिंड्दै गर्दा गिद्धको जमात देखा परेको; त्यहीं जटायु मृत अवस्थामा फेला पर्नुका साथै रथ, धनु, वाण लगायतका छिन्न-भिन्न भएका रावणका चिन्ह समेत फेला परेका छन् । आफूले खर तथा मारीचहरू मारेको तथा रावणीय चिन्हहरू फेला परेकाले सीता हर्ने निन्दित कुकृत्य एवम् जाल रावणकै हो, भन्ने प्रमाण रामलाई मिलेको छ । जटायुले चाहेर पनि सीतालाई बचाउन नसकी आफैं काटिएको थाहा पाई रामले उसको मृत्युको शोक मनाउँदै आगो लगाई जलाएर पानी (तर्पण) दिई उसलाई दीव्य लोक पुऱ्याएको वर्णन यहीं भएको छ । पुनः विश्राम नगरी अगाडि बढ्ने क्रममा क्रौञ्च झाडी देखा परेको, उक्त झाडीबाट निस्किई कबन्धले राममाथि आक्रमण गरेको अनि रामले उसको ज्यान हर्ने प्रबन्ध गरेको प्रसङ्गले कबन्धले पापी शरीर त्यागी परमपदमा पुग्नुका साथै उसको पहिलेको श्राप निर्मुक्त भएको प्रसङ्ग प्रस्तुत गरी रामलाई दुःखीलाई हरतरहले शान्ति दिने महात्माको रूपमा यसरी चित्रण गरिएको छ ।

छोडी पापी वपु, हत भई रामका बाहुबाट

पाई आफ्नो सुगति अगिको, तेजिलो पारि छाँट ।

उक्लीहाल्यो परमपदमा शाप-निर्मुक्त आत्मा,

दुःखीलाई हरतरहले शान्ति दिन्छन् महात्मा ॥(आ.रा. ७४९)

'शबरी सङ्गम' उपशीर्षकका दुई श्लोकमा सीताको नाम जप्दै यताउती हेर्दै हिंडेका रामको विमल भक्तिकी प्रसिद्ध शबरीसँग भेट भएको र तिनले रामको विशेष कदर र वन्दना गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ ।

'पम्पा प्राप्ति' उपशीर्षकमा कमलको लहर र हाँसले सुन्दर पवित्र जल भएको पम्पा तलाउ देखी रामलाई जानकीको विमल मनको सम्झना भएको अवस्थामा वसन्त

ऋतुको नव प्रभाले आगोमा घिउ थप्ने काम गरेको चित्रण गर्दै सप्तम सर्ग समाप्त भएको छ ।

यस प्रकार सातौं सर्गमा रावणले सीता हर्ने जाल बनाएर जोगीको भेषमा आई सीता हरण गरेको, लङ्कामा लगी अशोक बाटिकामा राक्षसी घेरा लगाएर राखेको, पतिब्रता जानकीलाई फकाउन नसकी उनीसँग हार खाएको, रामको व्याकुलतालाई धैर्यले नियन्त्रण गरेको, सीतालाई खोज्दै जाने क्रममा जटायु र कबन्धले सद्गति प्राप्त गरेको, रामको शवरीसँग भेट भएको अनि पम्पा तलाउले जानकीको सम्झना दिलाउँदा वसन्त ऋतुले रामलाई झन् पिरोलेको घटनाको वर्णन भएको छ ।

### ३.३.८ आदर्श-राघव महाकाव्यको अष्टम सर्गको कथावस्तु

सातौं सर्गान्तमा वसन्त ऋतुले रामको हृदयलाई थप जलाएको प्रसङ्ग आएको छ । अष्टम सर्गको सुरुमै वसन्त ऋतुको वर्णन गरिएको छ । अतः सप्तम सर्ग पनि सर्गान्तमा भावी कथाको सङ्केत दिन सबल भएको पाइन्छ ।

'वसन्त ऋतु' उपशीर्षकमा यमक अलङ्कारको चातुरी देखाउँदै वसन्त ऋतुको सजीव वर्णन गरिए तापनि कथानकका दृष्टिले यो उपशीर्षक दुर्बल देखा परेको छ ।

'वासन्तिक बाधा' उपशीर्षकमा वसन्त ऋतुको मनोहर वातावरण पनि सीताको अभावमा रामलाई पीडा थप्ने बनेको घटनाको मार्मिक वर्णन भएको छ । यसै क्रममा अधीर भई, विरहको व्यथाले विलाप गरेर पिरको लहर तिरमा पोखेको वर्णन गर्दै वसन्तको चहकिलो नव प्रभा पनि रामका लागि छातीको घाउमा नुनको धुलो छरे झैं भएको वर्णन समेत गरिएको छ । वसन्तले मनमा बलेको विरहाग्निको राँकोमा घिउको आहुति थपिदिएकाले आँसु वर्षाइएको अनि कोमल मनका लक्ष्मणको समेत हृदय पिल्सिएको घटनाको वर्णन यस प्रकार गरिएको छ ।

घृताहुति वसन्तले थपिदिंदा रडाको उठ्यो,
असह्य विरहाग्निको दनदनाइ राँको छुट्यो ।
रँगाइ मुख घूमले नयन-वारि वर्षाइयो,
मृदु-प्रकृति भाइको हृदयसुद्ध पिल्स्याइयो ॥(आ.रा. ८।५२)

'वानर-सङ्गम' उपशीर्षकमा रामले आफ्नो मन सम्हालेको शोक व्यथालाई मथर पार्न खोजेको बेला विरूप नर जङ्गली देशका वानराकृति प्रसन्न मुख हनुमान् आदिसँग परस्पर कुशल मङ्गल तथा प्रेमको कुरा चलेको वर्णन यसरी गरिएको छ ।

नयाँ पुरुष देखिंदा अधिक तेजिला सुन्दर,
प्रसन्नमुख मारुति-प्रभृतिले गरे आदर ।
समागम अपूर्व भो, नर र वानर-श्रेष्ठको,
परस्पर कुरा चल्यो कुशल मङ्गल प्रेमको ॥(आ.रा. ८।५४)

यस उपशीर्षक तथा अष्टम सर्गकै अन्तिम श्लोकमा वानर खलकका स्वामी सुग्रीवको प्रिय सेवकहरूसँगको वार्ता तथा आदरले मित्र प्राप्तिको प्रसङ्ग सिर्जना भएको वर्णन गरिएको छ ।

यस प्रकार अष्टम सर्गमा वसन्त ऋतु तथा वासन्तिक बाधाको वर्णन भएको, सीताको विरहमा रामलाई वसन्त ऋतु नै विरहको अग्निमा घृताहुति थप्ने कारक भएको, हनुमान् आदिसँग रामको भेट भएको अनि मित्र प्राप्तिको प्रसङ्गको सङ्केत गरिएको छ । महाकाव्यको कथानकको दृष्टिले यो सर्ग दुर्बल देखिन्छ ।

### ३.३.९ आदर्श-राघव महाकाव्यको नवम सर्गको कथावस्तु

अष्टम सर्गको अन्त्यमा मित्र प्राप्तिको प्रसङ्ग आएको छ । नवम सर्गको आरम्भ 'मित्र-लाभ' उपशीर्षकबाटै गरिएको छ । अतः अघिल्ला सर्गहरूमा झैं अष्टम सर्गमा पनि सर्गान्तमा भावी कथाको सङ्केत भएकै छ ।

'मित्र-लाभ' उपशीर्षकमा सुख होस् वा दुःख जीवनमा मित्रको अपेक्षा गरिएको हुन्छ, भन्दै मित्रको महत्त्व दर्शाउँदै नौ श्लोक खर्चिएको भए तापनि कथानकका दृष्टिमा यो उपशीर्षक दुर्बल बनेको छ ।

'सुग्रीव-सङ्गम र मित्रता' उपशीर्षकमा पम्पाका तटमा भेटिएका हनुमान्ले रामको सत्कार गर्दै कपीवर्गका प्रधान सुग्रीवसँग परिचित गराएका छन् । राज्यश्री तथा प्यारी तारालाई समेत हरण गरी बालीले दुःख दिएका सुग्रीव, पहाडमा बसेका छन् । सुग्रीव र रामको अपूर्व जोडी मिलेको प्रसङ्गको वर्णन यसरी भएको छ ।

सुग्रीव प्रणत भई सरे अगाडि,
श्रीराम प्रमुदित बढ्नु भो अगाडि ।
आश्लेष प्रणय-विनम्र अङ्ग जोडी
गर्दामा मिलित भयो अपूर्व जोडी ॥ (आ.रा. ९।१४)

यसै क्रममा राज्यलक्ष्मीरहित, धरै दिनका परदेशी, श्रीमतीले रहित अनि सहायता चाहने एक नरेन्द्र रामचन्द्र तथा अर्का वानरेन्द्र सुग्रीवका बीचको समानताको वर्णन महाकाव्यमा यसरी भएको छ ।

राज्य-श्री-विकल भई चिर-प्रवासी
भार्याले रहित सहायताभिलाषी ।
उस्तै भै मिलित नरेन्द्र वानरेन्द्र,
देखिन्थे समरसको अभिन्न केन्द्र ॥ (आ.रा. ९।१७)

दुवैमा रहेको उपर्युक्त साधर्म्यले हृदयमा जलन गराएकाले चाँडै गाढा मित्रतामा परिणत भएको प्रसङ्गलाई जलन हुँदा फलाम पनि जोडिने जल पनि एकरूप हुने प्रसङ्गले पुष्टि समेत गरिएको छ । यो मित्र भाव श्वास-वायु, नेत्र-जल (आँसु), शून्य अन्तःकरण (आकास), ताप-अग्नि र वन-भूमि पञ्चतत्त्व साक्षी लिएर उदाएकाले अन्त्यमा अभीन्न भाव बन्ने वर्णन गरिएको छ । यी दुईको मित्रतामा एक-आपसमा भएको बालीको वध गरी सुग्रीवलाई उनको राज्य फर्काइदिने तथा सीताको खबर लिई राम र सीतालाई मिलाउने विनिमयको चित्रण यसरी गरिएको छ ।

बालीको वध गरि राज्य-दानलाई,
सीताको खबर लिई मिलानलाई ।
गर्दामा अटल परस्परै कबोल
मैत्रीमा विनिमय झैं भयो अमोल ॥(आ.रा. ९।२१)

मित्रतामा दुःख बाँडिदा दुवैका दुःख आधा भएको अवस्थामा सीताका खसेका गहनाहरू टिपेर सुग्रीवले रामलाई दिँदै बालीको रावणमाथिको प्रशंसनीय विजयको वर्णन गर्दै बालीको अपार वलको परिचय समेत दिएका छन् । सुग्रीवलाई

विश्वस्त पार्न सात ताल वृक्षको पङ्क्तिलाई एकै वाणले छेदन गरेर रामले आफ्नो शक्ति प्रदर्शन गरे पछि बालीको दमन गर्न युद्धका लागि सुग्रीव किष्किन्धा नजिक गई उसको मन रणतर्फ खिच्न थाल्दछन् । राम र बालीको दुईतर्फी युद्ध हुन्छ । लामो समय थकाइ मार्दै दाउ हेरी युद्ध गर्दै जाने क्रममा रावणको घमण्ड समेत तोडेका बालीको पनि अन्त्यमा रामले प्रहार गरेको वाण छातीमा लागेर देह त्याग भएको छ । उदा.

तेजीलो दशमुख सम्मको घमण्ड,
तोडेथे, अगि जसले दिएर दण्ड ।
ती बाली पनि रघुवीरको अगाडि,
काहाँ हो अलप भए शरीर छाडी ॥(आ.रा. ९।३८)

यस घटनाले रामको बयान इन्द्रको समान फैलिएको कथनसँगै नयाँ उपशीर्षकको आगमन भएको छ ।

'सुग्रीबलाई राज्य-लाभ' उपशीर्षकमा बालीको मृत्यु पछि तारा र सुग्रीवको प्रेमलता सरस भएर मौलाएको तथा कपिदलले चारैतर्फ जम्मा भई खुशीयाली मनाउँदै जय नाद गरेको घटना वर्णन भएको छ । बालीको दमन तथा प्रिय सखा सुग्रीवलाई राजगद्दी दिलाएका रामको बयान किष्किन्धाभर फैलिएको वर्णन यसरी गरिएको छ ।

बालीको दमन गराइ सिंहनादी,
सुग्रीव प्रिय-सखलाई राज-गादी ।
प्रेमीका परवश रामले दिंदामा
किष्किन्धाभर भरिए वयान लामा ॥(आ.रा. ९।४२)

'ऋतुपरिवर्तन' उपशीर्षकमा ग्रीष्म पछि वर्षाको आगमन भएको, वर्षा ऋतुको उदय सारहीन भई बिलाएको अनि शारदीय दृष्टि बढ्दै गएको प्रसङ्गको वर्णन भएको छ । कथानकको विकास भएको छैन ।

'वानरप्रेषण' उपशीर्षकमा प्रिय सखा रामको अधीरता देखेर सुग्रीवले सीताको खोजीमा तनमन लगाई लागि पर्नुका साथै अङ्गद तथा हनुमान् समेतलाई दलबल सहित चारैतर्फ खटाएका छन् । प्रत्येक स्थल, वन, पहाड चहार्दै चतुरता पूर्वक खोज्दा पनि पत्ता लगाउन नसकी फर्केका वानर जतिलाई अभागीको संज्ञा यसरी दिइएको छ ।

प्रत्येक स्थल, वन, शैलमा चहारी,
तेजीलो नजर, विचार, कान पारी ।
खोज्दामा, असफल भै, पता नलागी,
फर्केका जति कपि, ठानिए अभागी ॥(आ.रा. ९।५१)

'हनूमान्को साहस' उपशीर्षकमा दक्षिण प्रदेशका कण-कण केलाई सीतालाई खोज्दै जाँदा हनुमान् आदि समुद्र किनारमा पुगेका छन् । सीताको गहना र वैरीको द्रुत गतिको दिशा यही हो भनी पहिल्याए तापनि समुद्रको तट आँखाले समेत नदेख्दा मन मनै समुद्र कसरी तर्ने?, को तर्ने?, भन्ने तुलबुल चलेको छ । अन्तमा कपिदलले फुर्क्याउँदै स्तुति गरी हनुमान्लाई अगिको उनको प्रभाव (सायद जन्मने बित्तिकै सूर्यलाई निल्न आकासमा उडेकाले उड्न सक्ने प्रसङ्ग) सम्झाएका छन् । साथीहरूले यदि समुद्र पार गर्न नसके त्यसको परिणाम सम्झ भनी घुर्क्याउँदा "सोचेमा गुण-जनले निकास लिन्छ ।", (आ.रा. ९।६०) भने झैं हनुमान् अगाडि सरेका छन् । आत्माको बल मौकामा मापन भएकाले सबै वानर समूहले हनुमान्को पीठमा धाप दिंदै उत्साह थपेका छन् । मनमा रामको नाम जप्दै कार्यसिद्ध गर्दछु अथवा आफ्नो शरीर सडाउँछु भन्ने निश्चय गर्दै साहसी, उत्साही तथा कर्मवीर हनुमान् बुर्लुक्क उफ्रेको प्रसङ्गसँगै नवम सर्ग समाप्त भएको छ ।

यस प्रकार नवम सर्गमा मित्रलाभको प्रसङ्ग तथा सुग्रीवसँग रामको मित्रता भएको, बालीको दमन गरी रामले सुग्रीवलाई तारा तथा राज्य-लाभ गराएको, सुग्रीवले अङ्गद तथा हनुमान्लाई दलबल सहित सीताको खोजी गर्न पठाएको, केही अभागी वानर सीताको खबर नपाई फर्किए पनि हनुमान्ले सीता लङ्कामा भएको तथ्य फेला पारी त्यहाँ जान समुद्र नै उफ्रेर तर्न समेत तयार भएको घटनाको वर्णन गरिएको छ ।

## ३.३.१० आदर्श-राघव महाकाव्यको दशम सर्गको कथावस्तु

नवम सर्गको अन्त्यमा उत्साहित हनुमान्को साहसको चर्चा गरिएको छ । दशम सर्गको प्रथम उपशीर्षक नै ‘उत्साह र साहस’ रहेको छ । अतः नवम सर्गको अन्तमा पनि भावी कथानकको सङ्केत गरिएको छ ।

‘उत्साह र साहस’ उपशीर्षकमा हनुमान्को उत्साह र साहसको बखान गर्दै पहाड चढी त्यहाँबाट उफ्रेर सागरको पारी जाने उमेद गाढा गरी अगाडि बढेको घटनाको वर्णन गरिएको छ ।

‘समुद्र-प्लवन’ उपशीर्षकमा विविध संघर्षको बाबजुद धीरता र वीरता अनि साहसले भेलहरूसँग भिड्दै सागरको पारी पुगी लङ्का सहरमा प्रवेश गरेको घटनाको वर्णन यसरी गरिएको छ ।

भेलहरूसँग भिडिंदै
विजय लिई धैर्य वीर्य साहसले ।
पार पुगी सागरको,
लङ्का-पुरमा पसे बडो रसले ॥(आ.रा. १०।१७)

‘सीता दर्शन’ उपशीर्षकमा लङ्काको वरिपरि घुम्दै खोज्दा हनुमान्ले अशोक वनमा राक्षसीहरूको घेरा भित्र “हा राम! राम!” मुखमा लिंदै रुँदै बसेकी सीतालाई देखेको घटनाको वर्णन भएको छ ।

‘हनूमत्सीता-संवाद’ उपशीर्षकमा त्रिजटा विकटाहरू ओल्टा कोल्टा लागेको बेला रुखमा लुकेर हनुमान्ले गुन-गुनाउँदै रामको सन्देश भनेको घटनाको उपस्थिति यसरी गराइएको छ ।

ओल्टा कोल्टा लागे,
त्रिजटा विकटाहरु भयो बेस ।
रूखमा लुकेर कपिले
भने गुनगुनाई-राम-सन्देश ॥(आ.रा. १०।२१)

हनुमान्को राम सन्देश सुनेर झसङ्ग भएकी सीता थर थर काँप्दै रावणको जाल हो अथवा ननिदाइ देखेको सपना हो भन्ने तर्क बितर्क गर्दै आँखा चिम्लेर बेहोस भए पछि झटपट हनुमान्ले श्रीराम नामको औंठी हातमा खसाइदिएको अनि सीताको होस् आएको र दुबैका बीच संवाद भएको घटनाको वर्णन भएको छ । हनुमान्ले सुग्रीव र रामको मित्रता अनि सीतालाई भेट्ने आशमा विरहमा डुबेका रामको देह अडेको बताउँदै चाँडै नै रामले शत्रुकूलको अन्त्य गरी लिन आउने सन्देश दिएका छन् । सीताले पनि शुभ आशामा चुर्लुम्म नुहाउँदै रामको निशानी औंठी हृदय भित्र राख्दै एक क्षण पनि अति लामो कल्प बनेकोले छिटै आई लैजानु भन्ने सन्देश यसरी दिएकी छिन् ।

हे वीर! भद्र पुरुष!

क्षण पनि बन्दो छ दीर्घतम कल्प ।

सन्देशले रसाई,

पारोस् अविकल्प नाथ-सङ्कल्प ॥(आ.रा. १०।३८)

'लङ्का-विध्वंस' उपशीर्षकमा सीतालाई वन्दना गरेर निस्किएका हनुमान्ले लङ्का विध्वंसको नमुना दिने इच्छाको उदय भएको वर्णन गरिएको छ । हनुमान्ले क्षणभरमै अशोक वाटिका उजाडेको, रावणको महललाई सय टुक्रा बनाएको, पर्खालहरु भत्काएको, मूलद्वार तोडेको, झण्डा उखेलेको, दरबारकै झण्डा समेत झुकाएको, कयौं राक्षसी सेनालाई परास्त गरेको घटनाको वर्णन गरिएको छ । उदा.

छिनमा मुलुक्क मुल्की,

उफ्री बुर्लुक्क तोडमा बलको ।

कपि-भटले देखाए,

व्यायाम-कला अपूर्व भारतको ॥(आ.रा. १०।४६)

'लङ्का-दहन' उपशीर्षकमा रावणले हनुमान्लाई समात्न आफ्नो छोरा इन्द्रजितलाई छल बल सहित पठाएको, इन्द्रजित्ले महावीर हनुमान्लाई छल-बलले घिच्याई लगेको, रावणको आज्ञाले लुगाको लठारो बनाई तेल खन्याएर हनुमान्को पुच्छरमा बाँधी आगो लगाएको, हनुमान्ले हर-हर बलेको आगोको मुस्लोसरी लठारो

घिसार्दै घर-घर घुम्दै आगो लगाइदिएको घटनाको वर्णन गरिएको छ । यसै क्रममा लङ्का नगरी नै राँकोमय बन्न पुगेको, हाहाकार मच्चिएको घटना देखी रावणको मुख महाकाल झैं कालो बनेको छ ।

'हनूमान्‌को प्रत्यागमन' उपशीर्षकमा सुनौलो लङ्का सहर डढाएर अङ्गारको रास बनाई हनुमान् सागर तरेर चिन्तित दललाई प्रसन्न पार्दै किष्किन्धा पुगेका छन् । रामलाई शिष्टाचार गर्दै लाल शरीर हनुमान्‌ले प्रसन्न मुखले उभिएर कार्यसिद्धिको प्रकटीकरण गरेका छन् । हनुमान्‌ले रामलाई सीताको हाल बताएको अनि श्रीरामले मारुतिमा प्रेमको दृष्टि दिँदै सत्कार गरेको प्रसङ्गसँगै प्रस्तुत उपशीर्षकको बिट मारिएको छ ।

'लङ्का-यात्रा-प्रबन्ध' उपशीर्षकमा रघुनाथ सुग्रीवादिलाई साथमा लिई रावणको दुच्छर गर्व तोड्न हिँडेको प्रसङ्ग प्रस्तुत गरिएको छ । वीरहरूको ठूलो दल तयार पारी शिक्षा र शस्त्रहरू दिँदै लङ्कातर्फ क्रोध दृष्टिले हेर्दै यात्राको पूर्ण तयारी गरिएको घटनाको वर्णन यस प्रकार गरिएको छ ।

जम्मा पारी वीरहरूको दल भारी
शिक्षा गर्दै अस्त्रहरूले ठट पारी ।
लंका तर्फ क्रोध भरी दृष्टि उघारी,
यात्रालाई गर्नुभयो पूर्ण तयारी ॥ (आ.रा. १०।६४)

प्रस्तुत उपशीर्षक तथा सर्गकै अन्त्यमा रावणको मूर्खता अनि अहंकार तोड्न रामादिको लङ्का-गमन भएको वर्णन गरिएको छ ।

यस प्रकार दशम सर्गमा हनुमान्‌को उत्साह र साहसले समुद्र तरी हनुमान्‌ले सीतालाई भेटाएको, हुनमान् र सीताका बिचमा वार्तालाप भएको, रामको औंठी दिई राम छिट्टै आउने आश्वस्त पार्दै सीतासँग छुट्टिएका हनुमान्‌ले लङ्कामा तोडफोड गरेको, इन्द्रजितले हनुमानलाई छलले समाती रावणको आज्ञाले कपडामा तेल खन्याई पुच्छरमा बाँधिदिएर आगो लगाएको सो आगोले मारुतिले उल्टै लङ्का दहन गरी

किष्किन्धा फर्किएको, सीताको खबर रामलाई दिएको अनि राम सुग्रीव आदि वानर सेनाका साथ लङ्का हिँडेको घटनाको वर्णन भएको छ ।

### ३.३.११ आदर्श-राघव महाकाव्यको एकादश सर्गको कथावस्तु

दशम सर्गको अन्त्यमा रावणलाई शठ (मूर्ख) भनिएको सो बमोजिम एकादश सर्गको आरम्भमा रावणको अधर्म प्रकृतिको वर्णन गरिएकाले दशम सर्गान्तमा समेत भावी कथाको सङ्केत गरिएको छ ।

'रावणको अधर्मप्रकृति' उपशीर्षकमा वेदका प्रकाशक ब्रह्माका छोरा पुलस्त्य ऋषिको सन्तान भएर पनि रावण मातृकूलको संस्कारले ओर्लिएर कृत्याकृत्य विवेक तथा धर्माधर्म विचारहीन भएको अभिव्यक्ति दिइएको छ । धर्म र अधर्मको विचार अभिव्यक्त गर्दै रावणको अधर्मको प्रस्तुति दिँदै यस सर्गको आठौं श्लोकमा संसारमा शुभाशुभ फल प्रत्यक्ष पाइने विचार यसरी व्यक्त गरिएको छ ।

दिन्नन् धर्म अधर्म, यो म हुँ भनी केही इशारा कहीं
इच्छा माफिक कर्म-बीच जनले रोप्छन् खुशीमा रही ।
बन्छन् अङ्कुर ती सुधा र विषका, हाली जरा आँतमा,
दिन्छन् आखिरमा शुभाशुभ फल प्रत्यक्ष संसारमा ॥ (आ.रा. ११।८)

यसै क्रममा उल्लू रावणले पुजनीय मातासमान सीतादेखि लोभिएकोले विष-वृक्ष रोपेको र त्यसको फल यहीं मिल्ने सङ्केत गर्दै ब्रह्माका कुलको सन्तान, शिवको आराधना गर्ने स्वर्णपुरी लङ्का निवास भएको, कडा शासन भुवनमा व्याप्त गराएको वैभवपूर्ण रावणमा कुनै कुराको कमी नभए तापनि राग र द्वेषरूपी भुसको आगोमा अब सबै सल्काइने देखिएको वर्णन यसरी गर्दै यो उपशीर्षकको समापन गरिएको छ ।

ब्रह्माको कुल-सन्तति, ब्रत अहो चर्को शिवाराधन,
लङ्का स्वर्णपुरी निवास, भुवन-व्यापी कडा शासन ।
भारी वैभव पूर्ण, रावणमहाँ के कम्ति भन्ने थियो,
राग द्वेष तुषाग्निमा अब सबै सल्काइने देखियो ॥ (आ.रा. ११।१३)

'विजय यात्रा' उपशीर्षकमा रावणको सेखी तोडी सीताको विरह व्यथा शान्त गर्ने उद्देश्य अनुरूप विजयको उत्साह बोकेका सुग्रीव, अङ्गद आदि वानर सेनाका साथ राम पृथ्वी नै थर्काउँदै दक्षिण दिशातर्फ निशाना गर्दै समुद्रको तिरमा पुगेको कथावस्तुको वर्णन गरिएको छ ।

'सामुद्रिक प्रतिबन्ध' उपशीर्षकमा अन्य वैकल्पिक मार्ग नभएको तथा अत्यन्तै विशाल समुद्र देखेर समुद्रका तिरमा अडिएर समुद्रलाई लङ्का जाने पर्खालका रूपमा महसुस गर्दै आपसमा परस्पर युद्ध गर्न तयार भएको जस्तै देखिएको प्रसङ्गको वर्णन भएको छ ।

'सेतु-निर्माण' उपशीर्षकमा लङ्का पुग्न सागर तर्नै पर्ने भएकाले के युक्ति गर्ने भनी रामले इष्टदेव शिवको चिन्तन गर्दा पुल निर्माण गर्ने सोच पलाएको अनि वानर समूहले पहाडी टिला, शिला तथा चट्टानले सङ्घर्षपूर्वक भारत र लङ्काको तट जोडिने गरी पुलको निर्माण गरेको वर्णन गरिएको छ । जुन पुलको वर्णन महाकाव्यमा यसरी गरिएको छ ।

यस्तो अद्भूत सेतु भो, सुयशको माला सरी कल्पना,
श्रद्धाले यसमा सुमेरुसम भो रामेश्वर-स्थापना ।
भेटी श्रीफल अर्पिए सगरका सन्तानको शिल्पमा,
फर्कन्थे तटमा प्रसादसम भै ती पुण्य-संकल्पमा ॥ (आ.रा. ११।२५)

'समुद्र पारगमन' उपशीर्षकमा पुल निर्माण भएकाले उत्साहित हुँदै राम तथा वानर सेनाले पुलबाट समुद्र पार गरेको, लङ्काको किनार हुँदै नजिकैको सुबेल गिरिको किल्ला तोडी सैनिकहरू सेनाको रचना गर्दै गरेको अवस्थामा राक्षसादिहरूको सातो उडाइदिएको प्रसङ्गको वर्णन गरिएको छ ।

'विभीषणको ग्रहण' उपशीर्षकमा दाजु रावणलाई सच्चा नीति र धर्मका वचनले उनको कुलको संहारकारी कुचालका बारेमा सम्झाउँदा उल्टै शत्रु जसरी लङ्काबाट निकालिएका विभीषण; आधारका लागि झुकेर रामकहाँ आएका छन् । नैतिक दृष्टिले

जाँच्दा पक्का हितैषी हुन् भनी रामद्वारा पारख गरिएका विभीषण आफूतर्फ भएकोमा राममा थप विजयको उत्साह बढेको घटनाको वर्णन यसरी गरिएको छ ।

सेनाको बल, अस्त्र-शस्त्र महिमा, व्यूहादिको प्रक्रिया,
जो छन् गुप्त रहस्यसम्म, सबको ज्ञाता नयाँ भेदिया ।
भैयादै रिपुको, हुँदा शरणमा, संग्राममा कामको
बाटो धेर खुला भयो, विजयको उत्साहमा रामको ॥ (आ.रा. ११।३०)

'अङ्गदको दूतकर्म' उपशीर्षकमा रामले अङ्गदलाई रावणलाई सम्झाउनका लागि दूत बनाएर पठाएको रत्नको झिलिमिली तथा फौजको रवाफले छाती ढुक्क फुलेको भए तापनि रावणका अगाडि रामसँग शरण परी क्षमा मागेर रामको चरणमा जानकी सुम्पेर आनन्दसाथ बस्ने आग्रह गरेका अङ्गदलाई रावणले थप केही बोल्न नदिई क्रोधाग्निले राँकिँदै मार्न भनी लखेट्दछन् । राक्षसहरूलाई जिल्याउँदै जिस्काउँदै अधर्मको फल समाप्ती मिलोस् भनी अङ्गद फर्कन्छन् । अन्तमा रावणको वृत्तान्त तथा सिद्धान्तको फाटोका बारेमा अङ्गदले रामको चरणकमलमा निवेदन गर्दा शत्रुको उपाय दण्ड मात्र भएकोले रामको आज्ञा लिई युद्धको हुङ्कार चारैतिर फैलिएको घटनाको वर्णन यसरी गरिएको छ ।

वैरी रावणको भएभर सबै वृत्तान्त, सिद्धान्तको
फाटो, अङ्गदले निवेदन गरे पादाब्जमा रामको ।
सुन्दा हाल, उपाय खालि रिपुको दण्डै हुँदा आखिर
रामाज्ञा लिइ, फैलियो समरको हुङ्कार चारैतिर ॥ (आ.रा. ११।३६)

'राम-रावण युद्ध' उपशीर्षकका १४ श्लोकमा राम र रावणको युद्ध भएको वर्णन गरिएका छन् । जङ्गलका दुस्तर वृक्षादिको जञ्जाल पनि अग्निको फेला परेपछि अवश्य भस्मीभूत भए झैं राक्षसादि रामादि सेनासँग अन्त्यमा पराजित हुने नै छन् भन्ने सङ्केत दिइएको भए तापनि राम-रावण युद्ध दुईतर्फी एवम् घमासान देखा पर्दछ । कथानकको थप विकास नभए तापनि राम रावण युद्धलाई 'न भूतो न भविष्यति' को संज्ञा महाकाव्यमा यसरी दिइएको छ ।

क्रोध-व्याप्त भुजङ्गको भ्रम भरी भड्काउने रावण,

त्राहि त्राहि गराइ राम रणमा गर्ने युगान्त-क्षण ।
दोतर्फा घमसान घोर घटना संहारको देखियो,
यस्तो युद्ध भयो न ता पछि हुने होला भनी लेखियो ॥ (आ.रा. ११।५०)

'रावण-वध' उपशीर्षकमा रिसले रन्थनिएर आइलागेको गोमनको जस्तो फुङ्कारको वेगमा राघवले जहरिलो वाणले छातिमा डङ्का दिँदा रावणको प्राण गएको र विन्ध्य पर्वत जस्तै गरी मैदानमा लडेको घटनाको वर्णन गरिएको छ । बाँकी श्लोकमा लङ्काको दुर्दशाको वर्णन जीवन्त ढङ्गले गरिएको भए तापनि कथानकले थप गति लिएको छैन ।

'सीताको भेट र आश्वासन' उपशीर्षकमा रावणको अन्त्य पछि राम सीतासामु गएको प्रसङ्ग वर्णित छ । चिन्ताग्रस्त, केशमा लट्टा परेकी, विरहको उच्छ्वासमा पिल्सिएकी, चिन्नै मुस्किल भएकी सीताले सपना हो कि विपना भन्ने तर्कना गर्दै रामको चरणमा परी रुँदै वन्दना गरेको वर्णन गरिएको छ । यसै क्रममा राहुले छाडिसक्यो भन्दै रामले सीतालाई निर्मल मुखचन्द्र देखाउ भनी बाहुले उठाएको, सीतालाई सन्तापको आँचमा खारेर पतिव्रता तथा आचारको जाँचमा पवित्र निर्मल बुझी स्वीकारेको तथा साक्षी भएका राक्षसीसम्मले मञ्जुरीको बल दिई राम निश्चिन्त भएको घटनाको वर्णन यसरी भएको छ ।

खारी खास गरी सतीव्रत कडा सन्तापको आँचमा,
सीतालाई पवित्र निर्मल बुझी, आचारको जाँचमा ।
अङ्गीकार विचार साथ गरियो, निश्चिन्त भै रामले,
साक्षी भै अनुमोदनाबल दिए ती राक्षसीसम्मले ॥ (आ.रा. ११।६२)

यसै प्रसङ्गमा रामलाई सम्बोधन गर्दै सीताले पाउको धुलाको कण झैं निश्चिन्त सेवा गरी रहन पाऊँ भन्ने आग्रह व्यक्त भएको छ । प्रत्युत्तरमा रामले सम्झाउँदै चन्द्रको चाँदनी लगायतका उपमा दिँदै अन्तमा 'आधा अङ्ग दिँदैन काम, दुईको एकत्व हो पूर्णता' (आ.रा. ११।६६) भन्दै सधैं सँगै रहने आश्वस्त पारेका छन् । रामको अमृत रूपी वाणीले धोई जानकी उज्वल बनेको, केशको लट्टा

फुकेको, सीता र रामलाई उषा र दिवाकर समूह देखेर कदमका गुच्छा रूपी मालाले लोकले पूजा गरेको घटनाको वर्णन यसरी गरिएको छ ।

यो रामानन चन्द्रको अमृतले मालिन्य सर्वाङ्गको
धोई उज्ज्वल बन्नुभो जनकजा, लट्टा फुक्यो केशको ।
सीता-राम उषा-दिवाकर सरी देखेर रोमाञ्चले,
माला-रूप कदम्बका स्तवक भै पूजा गरे लोकले ॥ (आ.रा. ११।६७)

'विभीषण-राज्य' उपशीर्षकमा रामले सबैलाई कर्मबलको कालोचित्त ज्ञानले बुझाई शान्ति रसका धारा भरेर संस्कारादि गराएको, विभीषणहरूद्वारा सबै मैला दाग सफा पारिएको तथा लङ्काको राजसिंहासनमा विभीषणलाई शोभित गराएको प्रसङ्गसँगै उनलाई सर्द्धमको भरमा परेर राजकाज चलाउने शुभ शिक्षा दिएर राज पदको टीका लगाई दिँदै गर्दा विजय उत्सवका तरिका बढ्दै गएको घटनाको वर्णन यसरी गरिएको छ ।

"सद्धर्मको भर गरी, गर राजपाट"
भन्ने दिएर शुभ शिक्षण रामबाट ।
बक्स्यो पदानत विभीषणलाई टीका,
बढ्दै गए विजय उत्सवका तरीका ॥ (आ.रा. ११।६९)

यसप्रकार एकादश सर्गमा रावणको अधर्म प्रकृतिको वर्णन तथा रामादिको विजय यात्राको वर्णन गरिएको, सामुद्रिक प्रतिबन्धलाई सेतु निर्माणद्वारा अनुबन्ध गर्दै समुद्र तरेको, रावणले देश निकाला गरेका उनका भाइ विभीषणलाई जाँची रामले ग्रहण गरेको, रामले रावणलाई सम्झाउन अङ्गदलाई दूत बनाई पठाउँदा रावणले अङ्गदलाई मार्न तयार भएको, सो वृत्तान्त अङ्गदले रामलाई सुनाए पछि दण्ड नै अन्तिम उपाय भएको निष्कर्ष अनुरूप राम र रावणको घमासाम युद्ध भएको अन्त्यमा रामको विजय भएको, रावणको वध गरी सीता भेटमा गएका रामले सीतालाई हर तरहले जाँची सबल देखेर अङ्गीकार गरेको, सीता र रामले नछुटिने निष्कर्ष निकालेको अनि विभीषणलाई लङ्काको राजसिंहासन सुम्पिएको र विजय उत्सव बढ्दै गएको घटनाको वर्णन भएको छ । यो सर्ग कथानकका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

### ३.३.१२ आदर्श-राघव महाकाव्यको द्वादश सर्गको कथावस्तु

एकादश सर्गको अन्त्यमा विजय उत्सवका तरिका बढ्दै गएको सङ्केत गरिएको छ । द्वादश सर्गको आरम्भ 'विजयानन्द' उपशीर्षकबाट गरिएको छ । अतः एकादश सर्गान्तमा समेत भावी कथाको सङ्केत गरिएको पाइएको नै छ ।

'विजयानन्द' उपशीर्षकमा राक्षसका नायक लङ्का स्वामी विभीषण, किष्किन्धाका स्वामी सुग्रीव, हनुमान्हरू समेतले रावणको अन्त्य भएको उत्सवमा नाचगान गर्दै हर्ष जगाएर विजयको आनन्द मनाएको प्रसङ्ग आएको छ । संसारमा सबैभन्दा ठूलो आनन्द विजयानन्द भएको वर्णन गरिएको यस उपशीर्षक कथानकका दृष्टिले दुर्बल रहेको छ ।

'रामको विमान यात्रा' उपशीर्षकमा चौध वर्षको वनवास पूर्ण भएकोले रामादि आफ्नो देश अयोध्या फर्कन लागेको दायाँबायाँ भाइ र श्रीमती तथा पुष्पक विमान भित्र सुग्रीव, विभीषण तथा हनुमान्हरू सहित भएर अयोध्याका लागि विमान यात्रा भएको वर्णन गरिएको छ । बाटाको विविध दृश्य तथा पुष्पक विमानको गतिको सरसवर्णन गरिए तापनि थप कथानकको दृष्टिले यो उपशीर्षक पनि फितलै रहेको छ ।

'भरद्वाजाश्रम-प्राप्ति' उपशीर्षकमा भरद्वाज आश्रम पुगेका राघवलाई ऋषिबाट आशीर्वाद प्राप्त हुन्छ भने ऋषिलाई रामद्वारा दुष्टलाई नाश गरेको कथा सुनाइन्छ, मुनि थप हर्षित हुन्छन्, वनवास पूरा गरी अयोध्या जाने इच्छ अनुरूप श्रीरामको आज्ञा पाएका हनुमान् अयोध्यामा सूचना दिन दौडेको घटनाको वर्णन यसरी गरिएको छ ।

पूरा पारी राघवले यी वनवास,
इच्छा राख्ता जान अयोध्यातिर खास ।
आज्ञा पाई सूचन गर्ने प्रभुबाट,
याहाँबाटै मारुति दौडे अगिबाट ॥ (आ.रा. १२।३१)

'भरतादिको-प्रत्युद्गमन' उपशीर्षकमा रामादि आएको अमृतले नुहाए झैं ठण्डा खबर पाएका नन्दिग्राममा बस्ने भरत रमाई रामलाई लिन गएको खबर

हावासरह सहरमा फिँजिएकाले माता, मन्त्री, बान्धव, गुरु, रैति सबै जाग्रत् हो वा स्वप्ना भन्ने तर्कना गर्दै आँखाभरि आँसु बनाउँदै रामादिलाई लिन आएको प्रसङ्गको वर्णन यसरी गरिएको छ ।

आशा पग्ली पातलिएको जमिहाल्यो,
सुक्खा आँखा छेउ कुलासम्म रसायो ।
भित्री मुस्लो थामिइ सेलाउन लाग्यो ।
जाग्रत् हो वा स्वप्न यही तर्क उदायो ॥ (आ.रा. १२।३४)

यसैक्रममा दिव्य विमान आइपुगेको देखी सबै निश्चिन्त हुन्छन् भने आशाभन्दा आनन्दको आँसुको प्रवाह बढ्न गएको वर्णनसँगै यस उपशीर्षकको समाप्ती भएको छ ।

'आत्मीय-समागम' उपशीर्षकमा विमानबाट उत्रिई शिष्टाचार आदान-प्रदान गरेको अनि १४ वर्ष १४ युग जसरी बितायौं भन्दै तीनवटी माताले राम, सीता र लक्ष्मणलाई तानेका छन् । शत्रु मारेर ऋषिलाई शान्ति दिलाएको, देवतालाई धर्मद्वारा सन्तुष्ट गराएको, पिताको आज्ञाको पालना गरेको कारण तिनै ऋणबाट उत्रेकाले गुरुबाट आदर भाव वर्षेको वर्णन महाकाव्यमा गरिएको छ । यसै क्रममा चारै भाइका बिच भ्रातृप्रेम आदानप्रदान हुँदा ती आकृतिले मात्र अनेक देखिन्थे भन्ने वर्णन गर्दै यो उपशीर्षक सकिएको छ ।

'हर्षोदय' उपशीर्षकमा प्रजाहरूले पतिव्रता सीता, भक्तिनिष्ठ लक्ष्मण तथा विश्वव्यापी राघवको गौरव पाएकाले हर्षोदय गर्दै ताली पिट्दै गैह्र प्रजाले जय गान गाएको अभिव्यक्ति दिइएको छ ।

'पुर-प्रासाद-प्रवेश' उपशीर्षकमा बाजा-गाजाको उत्सव गर्दै ताजा फूल तथा माला चढाउँदै, ब्राह्मणहरूको वेदध्वनि, सेनाको बाजाको आवाज तथा रैति तथा पौरहरूको जय नाद सुन्दै सुन्दै मन्द मुस्कान छर्दै रघुनाथ दरबार पस्दा, दरबार नै निद्रा छोडेर जागा भएको, हर्ष बढेको तथा मित्रप्रेमी वानर तथा राक्षसहरूलाई विश्राम गराएको अनि टाढा-टाढादेखि जुटेका जनताले महल वैठकहरू समेत शोभित भएको घटनाको वर्णन गरिएको छ ।

'आनन्दवृद्धि' उपशीर्षकमा वियोगको व्यथा सकिई विनोदको कथा सुरु भएको वर्णन गरिएको छ भने साकेतमा रामको राज्याभिषेकको प्रबन्ध गर्न लागिएको तथा सबै राजसम्मानमा तत्पर रहेको घटनाको वर्णनसँगै द्वादश सर्ग परिपूर्ण भएको छ ।

यसप्रकार द्वादश सर्गमा विजयानन्द तथा रामको अयोध्याका लागि विमान यात्राको वर्णन गर्दै भरद्वाज आश्रम आइपुगे पछि हनुमान्‌ले अयोध्यामा रामादि आएको सूचना दिएको, भरतादि रामादिलाई लिन गएको, आत्मीय समागमले हर्षोदय गराएको, रामादिको दरबार प्रवेश भएकोले आनन्दवृद्धि भएको अनि रामको राज्याभिषेकको प्रबन्ध गर्न लागेको कथावस्तुको वर्णन गरिएको छ ।

### ३.३.१३ आदर्श-राघव महाकाव्यको त्रयोदश सर्गको कथावस्तु

द्वादश सर्गको अन्त्यमा सबै राज सम्मानमा तत्पर भएको सङ्केत दिइएको तथा त्रयोदश सर्गको प्रारम्भमा 'सम्मान' उपशीर्षकबाट आरम्भ भएको छ । अतः सर्गान्तमा भावी कथाको सङ्केत द्वादश सर्गमा पनि गरिएकै छ ।

'संमान' उपशीर्षकमा कीरा, फट्याङ्ग्रा, पशुपंक्षीका बीचमा पनि कुनै एक अधिपति भए जस्तै मनुष्य समाजमा नृपतिको महत्त्व तथा सम्मान भाव व्यक्त गरिएको छ । पहिले आदर्शको शुभ मार्ग रोजेको रघुकुलका गहनासरी अयोध्याका राजा बनेको रघुखलकले इक्ष्वाकुको नमुना लिँदै कुल पुरुषको शोभा सन्तानमा फैलाएको प्रसङ्गको वर्णन गरिएको छ ।

' श्रीराम-राज्याभिषेक' उपशीर्षकमा सबैले तुरून्त रामको राज्याभिषेकको चाहना गरेको बताइएको छ । आनन्द तथा विधिविधानपूर्वक राजसिंहासनको वर्णन गर्दै वशिष्ठले राज्याभिषेक गराएको घटनाको वर्णन महाकाव्यमा यसरी भएको छ ।

कनक-घटका नाना तीर्थादिका जल निर्मल,<br>
  कुश कुसुमले छर्की पढ्दै श्रुति-स्मृति-मङ्गल ।<br>
ऋषि मुनिहरू दायाँ बायाँ लिई अति हर्षले ।<br>
  विधिसँग गरे भारी राज्याभिषेक वशिष्ठले ॥ (आ.रा. १३।१८)

यसै क्रममा हवनको धुँवाले देवगणको आँखा समेत पग्लाएको छ । सिमसिमे वर्षाले दिव्याभिषेक सरह भएको अनि चमर अधर्म धपाउने तथा मणि-मुकुट राजाको श्री बढाउने भएको छ । मणिमुकुटमा परेका अभिषेकका छिटाले सभा इन्द्रेणीले विभूषित झैं भएको तथा इन्द्रसम स्वरूपको वर्णन समेत गरिएको छ । यसैक्रममा जयगान र श्रुतिका सुमधुर कर्णप्रिय ध्वनि अनि वाद्यवादले भाटहरू स्तुति गानमा लागेको तथा नामी नटीहरू नाच्न लागेको वर्णन गरिएको छ ।

'नगर-यात्रोत्सव' उपशीर्षकमा दलबल लिई भएको रामको नगर यात्रालाई महोत्सवको रूपमा वर्णन गरिएको छ । यात्राकै क्रममा घरघरै फूल, अविर तथा लाजा समेतले भक्तिभावले प्रजाहरूले पूजा गरेको प्रसङ्गको वर्णन गरिएको छ । यसैक्रममा अयोध्या पक्षका व्यक्तिको आत्मा रमाउँदै नाचेको तथा विरोधीको मनमा सातोपुत्लो गएको चर्चा गर्दै रामलाई भेटी राख्दै दर्शन गरी अभिनन्दन गरेको वर्णन गरिएको छ ।

'वसिष्ठको शुभोपदेश' उपशीर्षकमा वरिपरि हात जोडी खडा रहेका मन्त्री तथा प्रजाका बिचमा महेन्द्रसरी बसेका श्रीराम सहितलाई वशिष्ठले मुसुक्क हाँस्दै शुभ उपदेश दिएको वर्णन गरिएको छ । उपदेशका क्रममा भरतलाई स्वार्थ त्यागी, लक्ष्मणलाई दृढ निश्चय भएका, सीतालाई पतिव्रता तथा भाइका पत्नीलाई समेत पृथ्वीका गहनाका रूपमा यसरी वर्णन गरिएको छ ।

भरत अचल स्वार्थ-त्यागी, दृढव्रत लक्ष्मण,
अनुपम सती सीता, आदर्श हुन् क्षिति-भुषण ।
अनुज-गृहिणी यस्ता पाई महोज्ज्वल रामको,
उदय सुकिलो होला फैलाउँदै रुचि नामको ॥ (आ.रा. १३।३३)

अनेक उपदेश दिने क्रममा वशिष्ठले कल्पस्थायी तथा नमुना लायक राजाको बारेमा यसप्रकार बताएका छन् ।

हर तरहले बाधा पीर प्रजा-जनको हरी,
हर-दम दया शान्ति प्रेम प्रमोद खडा गरी ।

विमल कृतिले ऊचो कीर्ति प्रताप बढाउने,

नृपति-वर हुन कल्प स्थायी भई नमुना हुने ॥ (आ.रा. १३।३ ६)

यस उपशीर्षक पनि कथानकको दृष्टिले सबल नरहेकै देखिन्छ ।

'प्रजामा आनन्दोत्सव' उपशीर्षकमा रामको राज्य सञ्चालनमा भाइ, माता, बन्धु, परिवार तथा प्रजा सबै सुखी र खुसी रहेको वर्णन गरिएको छ । धेरै दिनसम्म रातदिन एकपारी महोत्सव फैलिएको छ ।

'सुग्रीवहरूको विदाइ' उपशीर्षकमा सुग्रीव, विभीषण, हनुमान्, अङ्गद लगायतका अतिथिहरू उचित मौकामा विदा पाई विमानमा चढी मन अयोध्यामै छोडेर आ-आफ्नो देश फर्केको तथा सुखदुःखका साथी पर पर हुँदा राम र सीताले अटालिमा चढेर हेरिरहेको घटनाको वर्णन गरिएको छ ।

'रात्रि-समय' उपशीर्षकमा रात परेको भूलोकका चन्द्र (रामचन्द्र) अति निर्मल देखिएकाले आकाश-चन्द्र (चन्द्रमा) पनि अन्कन लागेको जसले आकाश तथा जमिनको शोभा बढेको कारण आनन्द समेत बढेको अभिव्यक्ति व्यक्त गरिएको छ ।

यसप्रकार त्रयोदश सर्गमा सम्मान सहित श्रीरामको राज्याभिषेक तथा नगर यात्रोत्सव भएको, वशिष्ठले राज्य सञ्चालनका सम्बन्धमा रामादिलाई शुभ उपदेश दिएको, रामको राजकाजबाट परिवार तथा प्रजा आनन्दित रहेका, सुग्रीव, हुनमान्, विभीषण, अङ्गद आदि अयोध्या छोडी आ-आफ्ना देशमा फर्किएका अनि रात्री समयको वर्णनका क्रममा रामलाई भू-चन्द्रमाका रूपमा बताउँदै चन्द्रोदयको सङ्केत गरिएको घटनाको वर्णन भएको छ ।

### ३.३.१४ आदर्श-राघव महाकाव्यको चतुर्दश सर्गको कथावस्तु

त्रयोदश सर्गान्तमा चन्द्रमाको प्रसङ्ग आएको तथा चतुर्दश सर्गको आरम्भमै चन्द्रोदयको वर्णन गरिएकाले त्रयोदश सर्गान्तमा पनि भावी कथाको सङ्केत गरिएको छ ।

'चन्द्रोदय' उपशीर्षकमा रामलाई भूचन्द्र तथा अयोध्यामा राम-जानकीलाई सुहाए जसरी आकाशमा चन्द्रिका साथ चन्द्र सुहाएको अभिव्यक्ति दिँदै

वासन्तिक चन्द्रोदयको मनोहर वर्णन गरिएको भए तापनि कथानकका दृष्टिले यो उपशीर्षक दुर्बल रहेको छ ।

'रामको आनन्दवाणी' उपशीर्षकमा रामले सीतासँग वासन्तिक चन्द्रोदयको वर्णन तथा विछोड र मिलनमा यसको फरक अनुभूतिको चर्चा गर्दै कहिल्यै कुबाटोमा नलाग्नू अनि हरेश पनि नखानू र दैवको भरोसा लिनू किनकि यो संसार दैवी व्यवस्था हो, यो तिम्रो हाम्रो व्यवस्था होइन, स्वयं अवस्था नै राम्रो वा नराम्रो हुन्छ भन्ने आनन्दवाणी यसरी अभिव्यक्त गरेका छन् ।

व्यवस्था छ दैवी, न-तिम्रो न-हाम्रो
अवस्था स्वयं हुन्छ राम्रो नराम्रो ।
नलाग्नू कुबाटो नखानू हरेस,
भरोसा लिनू देवको यो छ बेस ॥ (आ.रा. १४।२६)

आफ्नो वनवासी जीवन र आजको जीवनको तुलना रामले महाकाव्यमा यसरी गरेका छन् ।

डट्यो पर्णशाला, बन्यो राजशाला
डट्यो दुःख हाला, मिल्यो हर्ष-माला ।
रह्यौं कष्टमा फाल-हाली कहाली,
मिल्यो शान्तिमा फेरि हाली-मुहाली ॥(आ.रा. १४।३०)

यो सबै सन्मार्गको फल भएको बताउँदै स्वर्णीम आनन्दको वर्णन गरिएको यस उपशीर्षकमा कथानकको थप विस्तार भएको पाइँदैन भने अन्तिम श्लोकमा सीताको चन्द्र, समान मुहार देखेर रामका इन्द्रिय सुधापानका लागि लोभिएको वर्णन यसरी गरिएको छ ।

'प्रिये ! हेर तारा सितारा समान
जडेको, प्रभा-पूर्ण भै भासमान ।
नयाँ चन्द्र देखेर तिम्रो मुहार
सुधा-पानमा लुब्ध छन् दृक्चकोर ॥ (आ.रा. १४।३८)

'सीताको प्रेमोक्ति' उपशीर्षकमा रामको आनन्दवाणी श्रवण गरेकी सीताले ब्रतको समाप्तीमा अमृत पान मनाए जस्तो गरी कोइलीको बोलीलाई समेत फिकापारी सीताको वाणी खुलेको वर्णन यसरी गरिएको छ ।

'अति स्वादिलो रामको उक्ति यस्तो,
मनाई सुधा-पारणा-पान जस्तो ।
फिका पारी बोली सबै कोइलीको,
गलाबाट वाणी खुल्यो जानकीको ॥ (आ.रा. १४।३९)

यसै क्रममा सीताको प्रेमोक्ति यसरी अभिव्यक्त भएको छ ।

पुरी वा वनी वा, हवेली कुटी वा,
सुशय्या शिला वा, नदी होस् तटी वा ।
जहाँ चन्द्र छन्, देश होस् वा विदेश,
त्यहीँ मान्दछिन् चन्द्रिकाले विशेष ॥ (आ.रा. १४।४३)

यसप्रकार सीतालाई जहाँ र जस्तो सुकै अवस्थामा पनि जहाँ चन्द्र (रामचन्द्र) छन् त्यहीँ विशेष खुसी लाग्ने प्रस्तुति व्यक्त भएको छ । यसै क्रममा सीताले विविध प्रेमोक्ति व्यक्त गरे पछि वातावरण पनि सुकिलो तथा भरिलो देखेर राम नयाँ कल्पको कल्पना गर्दै रात्रीमा विश्राम गर्ने ठाउँमा गएको वर्णन यसरी गरिएको छ ।

सुनी जानकी-वाक्य यस्तो रसीलो,
सबै दृश्य देखी सुकीलो भरीलो ।
नयाँ कल्पको कल्पना साथ राम,
उठी पस्नु भो रात्रि-विश्राम-धाम ॥ (आ.रा. १४।४९)

प्रस्तुत श्लोकको नयाँ कल्पको कल्पना साथ भन्ने वाक्यले रघुकुलको नयाँ पुस्ताको कल्पनालाई सङ्केत गरेको पाइन्छ ।

'राज-कार्य-चिन्ता' उपशीर्षकमा दाम्पत्य प्रेमालापमै रात्रीकालीन क्षण व्यतित गरेका रामचन्द्र प्रजाको कल्याणका बारेमा सोच्दै उषाकालमा नै जागा भएका छन् । रामराज्य असल भएको प्रजाले भनून्, रामको आराम राज्यमात्र नबनोस् किनकि

राजसिंहासन सबैको भलो गर्नका लागि हो भन्ने अभिव्यक्ति महाकाव्यमा यसरी अभिव्यक्त भएको छ ।

प्रजाले भनून् बेस भो राम-राज्य
नहोस् रामको मात्र आराम-राज्य ।
सबैको भलोलाई हो राज-पीठ,
यसैमा थियो नाथको पूर्ण दीठ ॥ (आ.रा. १४।५१)

यसै क्रममा प्रजाले राजालाई आफ्नो आत्मा माने अनुरूप राजाबाट पनि प्रजाको रक्षा तथा शिक्षाका लागि अनेकौं कार्य गरे गराएको घटनाको वर्णन गरिएको छ । प्रजाको हित र अहितका बारेमा सोची सोची कर्म र दुष्कर्मको जाँच गर्दै, अन्याय भाँच्दै, द्वेषी तथा दोषीहरूको हृदयमा डर पैदा गराएर सञ्चालन गरिएको रामराज्य ( सौराज्य) प्रिय तथा हितकारी फलको वृक्ष झैं मौलाएको वर्णन गर्दै यो सर्ग सकिएको छ ।

यसप्रकार चतुर्दश सर्गमा चन्द्रोदयमा रामको आनन्दवाणी तथा सीताको प्रेमोक्ति पश्चात् रघुकुलको नयाँ कल्पको उदयको सङ्केत भएको तथा राममा राजकाजको चिन्ता भएको र सो बमोजिमका असलकार्यहरूले राम राज्य हितकारी फलको वृक्ष झैं मौलाएको कथावस्तुको वर्णन भएको छ ।

### ३.३.१५ आदर्श-राघव महाकाव्यको पञ्चदश सर्गको कथावस्तु

चतुर्दश सर्गको अन्त्यमा रामराज्य असल राजकाजले मौलाएको प्रसङ्ग आएको छ । पञ्चदश सर्गको आरम्भमा असल राजकाज (सौराज्य) को वर्णन गरिएको छ । अतः यस सर्गमा पनि सर्गान्तमा भावी कथानकको सङ्केत मिलेकै छ ।

‘सौराज्य’ उपशीर्षकमा रामको असल राजकाजको वर्णन गरिएको छ । कथानकको उपस्थिति भएको छैन ।

‘धर्म रक्षा’ उपशीर्षकमा रामको धर्म रक्षाका प्रभावले देशमा दुःख नष्ट भएको, सुख प्राप्त भएको, प्रतापका डरले अनिकाल गराउने कुरा अतिवृष्टि, अनावृष्टिको समेत नाश भएको कुरा यसरी व्यक्त गरिएको छ ।

बेस भो देशमा धर्मको वृद्धिले,

क्लेश निःशेष भो कर्मको ऋद्धिले ।

नीतिको रीतिमा योग भो प्रीतिको,

दीप्तिको भीतिमा नाश भो ईतिको ॥ (आ.रा. १५।२०)

'कार्यप्रबन्ध' उपशीर्षकमा राजा वेदवाणी भएको, मन्त्री वाक्य स्मृतिको टीका जस्ता भएका, चारै वर्णले आ-आफ्नो आश्रम अनुसारका कर्म गरेको सबैले उत्साहसाथ नपाएको पाउनु (योग) तथा पाएको बचाउनु क्षेम गरेको, कार्य प्रबन्धको वर्णन गरिएको छ । रामले अनेकौं कार्यको असल प्रबन्ध मिलाई लोकको रक्षा गरेकाले आनन्दसाथ रामको छत्रछायाँमा सारा प्रजा भक्तिले नाच्न लागेको वर्णन महाकाव्यमा यसरी गरिएको छ ।

गर्दै नाना कार्यको सत् प्रबन्ध,

रक्षा गर्दा लोकको रामबाट ।

छत्रच्छाया पाइ आनन्द साथ,

सारा रैती भक्तिले नाच्न थाले ॥ (आ.रा. १५।२५)

'देश-शोभा' उपशीर्षकमा रामले नव नव सुधार गर्दै अतिथिका लागि धर्मशाला, वेद-वेदाङ्ग अध्ययन अध्यापनका लागि पाठशाला, असहायका लागि बस्ने घर, बटुवाका लागि प्रतिक्षालय, मठ, जलाशय, मन्दिर, विधिवत् मन्दिरमा पूजा आजाको प्रबन्ध, शान्तिकुञ्ज, सरसफाइयुक्त विशाल जुनसुकै समयमा हिलो नहुने बाटो, गाडा, बाटाका अगल बगलमा एकनाशे निवास गृहहरू माझमा दरबार, बजार, अन्न तथा वस्त्रका भण्डार, रत्न सुवर्ण तथा बगैंचा समेतको निर्माणले देश शोभित बनाएका छन् । यसप्रकारको सुविधा सम्पन्न सुखी देशमा सबै जनता प्रसन्न रहेको वर्णन गर्दै यो उपशीर्षक समाप्त भएको छ ।

उपकरण समेत वस्त्र अन्न

सुलभ हुँदा जनता थिए प्रसन्न ।

वहुविध सुविधा हुँदा विशेष

सुखद थियो सबलाई पूर्ण देश ॥ (आ.रा. १५।३५)

'सन्नीति' उपशीर्षकमा राम राज्यमा भएको असल नीतिको वर्णन गरिएको छ । वर्णनकै क्रममा रामको राज्यमा अबला तथा निमुखासम्म पनि न्यायको बलमा भएको तथा दुनियाँमा बलिया र निर्धा शरीरले मात्र छुट्टिएको प्रस्तुति यसरी दिइएको छ ।

अबला निमुखासम्मन्
        न्यायको बलमा थिए ।
दुनियाँ बलिया, निर्धा
        देहले मात्र छुट्टिए ॥ (आ.रा. १५।४१)

यसैक्रममा जहाँ धर्म नीतिले राज्य सञ्चालन गरिएको छ त्यहाँ दण्डनीतिको आवश्यकता नपर्ने अभिव्यक्ति यसरी प्रस्तुत गरिएको छ ।

प्रजालाई इशारामा
        चलायो धर्म-नीतिले ।
बसी बसी मान लियो
        रवाफी दण्ड-नीतिले ॥ (आ.रा. १५।४४)

यसैक्रममा असल नीतिका कारण सबै आनन्दित रहेको वर्णन गर्दै यो उपशीर्षक सकिएको छ ।

'राजा र प्रजाको प्रेम र भक्ति' उपशीर्षकमा राजाको प्रजा-प्रेम तथा प्रजाको राजभक्तिको उद्घाटन गरिएको छ । यही क्रममा राजा र प्रजाको इच्छा एकै श्लोकमा यसरी प्रस्तुत गरिएको छ ।

प्रजा श्रीमान् विद्वान् सुचरित सुखी धार्मिक बनून्,
        यही भित्री इच्छा हरदम थियो भूमिपतिको ।
पिता जस्तै स्नेही प्रिय अति विवेकी नृपतिको
        रहोस् छत्रच्छाया अटल, भनि भज्ने जन भए ॥ (आ.रा. १५।५०)

राजा र प्रजाको प्रेम र भक्ति प्रकाश पारिएको यस उपशीर्षकमा कथानकले थप गति पाएको छैन ।

'सैनिक शक्ति' उपशीर्षकमा रथी, अतिरथी, महारथी जस्ता महान् वीरहरूले युक्त प्रताप नै धन भएका, विजय नै इच्छा भएका फौजी विभागको शक्तिको निरूपण गर्दै शिक्षित तथा साहसी वीरको प्रभाव अनि तरवारको प्रकाशले प्रतिपक्षको नजर खिचेर वैरीलाई रामको शरणमा पारेको घटनाको वर्णन यसरी गरिएको छ ।

प्रभाव अति शिक्षित प्रबल साहसी वीरका,
प्रकाश तरवारको, चमक तेजिला तीरको ।
खिंचेर प्रतिपक्षको नजर फूर्तिलो ताउमा
थिची, शरण पार्दथ्यो अगम रामका पाउमा ॥ (आ.रा. १५।६१)

'प्रताप' उपशीर्षकमा रामचन्द्र तथा उनको राजतन्त्रको प्रतापको वर्णन गरिएको छ । उल्लेखनीय कथानक अप्राप्य देखिएको छ ।

'कीर्तिमान' उपशीर्षकमा राम नाम जनतामा स्थायी भएको रामको यशको झण्डा तीनैकालमा भारतको महत्त्व प्रकाशक हुने तथा राम राज्य आदर्श अनि नमुना लायक बनेको वर्णन गरिएको छ । यस उपशीर्षक तथा सर्गको अन्तिम श्लोकमा राज्य सुखको विश्राम मनमा जनाएको प्रसङ्ग प्रस्तुत गरिएको छ ।

यसप्रकार पञ्चदश सर्गमा असल राजकाज तथा धर्मको रक्षाका साथमा वर्णाश्रम अनुसारको कार्य विभाजन गर्दै नव नव देश विकास अनि असल नीतिद्वारा गरिएको राज्यसञ्चालनले राजा र प्रजाका बिचमा प्रेम र भक्ति जागृत भएको, अयोध्याको सैनिक शक्तिको प्रभावले शत्रुहरू रामको शरणमा आएकाले प्रताप बढेको कारण राम राज्यको कीर्ति फैलिएको कथानकको वर्णन गरिएको छ ।

## ३.३.१६ आदर्श-राघव महाकाव्यको षोडश सर्गको कथावस्तु

पन्ध्र सर्गको अन्त्यमा राज्य सुखको विश्रामको चर्चा गरिएको तथा सोह्रौं सर्गको पहिलो शीर्षक संसार रहेकाले यस सर्गको सर्गान्तमा पनि भावी कथाको सङ्केत गरिएकै छ ।

'संसार' उपशीर्षकमा ईश्वरको इच्छानुसार चल्ने परिवर्तनशील संसारको वर्णन गरिएको छ । संसारी चक्रको फन्का मूर्खले खप्न नसक्ने चर्चा यसरी गरिएको छ ।

खप्न सकिन्नन् शठले

संसारी चक्रका फन्का ।

नयन गराई तिरिमिरी,

दिलाउँछन् कानमा रन्का ॥ (आ.रा. १६।५)

'सीताको त्याग'उपशीर्षकमा व्रतमै रहे पनि लङ्कामा रहेकाले सीतालाई धोबीले शङ्काले कालो बोली निकालेको घटनाको वर्णन यसरी गरिएको छ ।

धोबीको मुख कालो,

रहेछ अझ पेट पो कालो ।

बोली निस्क्यो कालो,

धूवाँ अङ्गारको कालो । (आ.रा. १६।१८)

यो खबर चरद्वारा रामको कानमा पर्छ । आचार विचार सब केलाउँदा रति पनि शङ्का नलाग्ने सीतलाई पनि प्रजा तोषणका लागि अरुमा अपद्धर्म रहे पनि नृपालको धर्म डग्दैन भन्ने निश्चय गरी त्याग गर्ने कार्य मनमा लिएको दुःखद घटनाको वर्णन महाकाव्यमा यसरी गरिएको छ ।

यस्तो विचार गर्दै

रघुपुङ्गवले लिई धैर्य ।

मनमा दृढ गर्नुभयो

अर्धाङ्ग-त्यागको कार्य ॥ (आ.रा. १६।१३)

यसप्रकार मनमा निश्चय गरे पछि लक्ष्मणसित गर्भकालको इच्छा पूरा गर्ने भाव देखाई जानकीलाई वाल्मीकि तपोवनमा लगी छोड भन्ने रामको आज्ञा व्यक्त भएको छ । दुर्बल दुई आँखाले चार दिशाको सबै खबर दुनियाँले देख्न नसक्ने भए तापनि अपवाद दूर गर्नका लागि सीतालाई त्याग गरेको वर्णन यसरी गरिएको छ ।

लक्ष्मणसित भन्नु भयो

दोहनको भाव देखाई ।

"वाल्मीकि-तपोवनमा

छोड, लगी जानकीलाई ॥ (आ.रा. १६।१५)

दुर्बल दुइ आँखाले

चार दिशाको सबै खबर ।

दुनियाँ कसरी देखुन्,

त्यागी अपवाद दूर गर" ॥ (आ.रा. १६।१६)

रामको वाणसमान अटल वाणी मनमा बिभ्काई विह्वल भएर लक्ष्मणले निर्मल गङ्गा जस्तै जानकीलाई त्याग गर्ने राजाको आज्ञा पालन गर्न रथ लिएर आएका छन् । यो खबरबाट अन्जान सीताले पतिको चरणमा नमन गरी गर्भकालको इच्छापूर्ण गर्ने यात्रा सम्भ्केर अघि बढी रथमा चढेको घटनाको वर्णन यसरी भएको छ ।

विचरी अबोध सीता

पतिको चरण-प्रमाण गरी ।

दोहद-विहार सम्भ्की

रथ चढ्नुभयो अगाडि सरी ॥ (आ.रा. १६।१९)

यसैक्रममा वाल्मीकि-तपोवनको नजिक पुऱ्याएपछि लक्ष्मणले राजाको हुकुम प्रकट गरी शिरले क्षमाको भिक्षा मागेको प्रसङ्गसँगै 'सीताको-त्याग' उपशीर्षक सकिएको छ ।

'सीताको वेदना' उपशीर्षकमा लक्ष्मणले सीता त्यागको राजाज्ञा सुनाएकी सीता छाँगाबाट खसेभ्कैँ भुँइमा ढलेको अनि वेदना प्रकट गरेको घटनाको वर्णन गरिएको छ । वेदना प्रकट गर्दै गर्दा आफ्नो अभागले पातालमा धकेलेको भए तापनि रामको नासो गर्भमा बोकेर जीवन छोड्न नपाउने सीताको अभिव्यक्ति महाकाव्यमा यसरी प्रकट गरिएको छ ।

पाधा विरहानलको

साधारण सर्वथा हुन्न ।

नासो बोकी प्रभुको,

जीवन पनि छोड्न पाउन्न । (आ.रा. १६।२७)

आफ्नो तन, मन र वचन सबै रामको आत्मा भएको साक्षी स्वरूप अन्तर्यामी र परमात्मा भएको बताउँदै सीताले सबै जाँचमा पास भएर पनि रामको साथ नपाएकोमा अर्को जन्ममा साथ मिलोस् भन्ने अभिप्रायः यसरी व्यक्त गरेकी छिन् ।

आगामा, पानीमा

वनमा पनि जाँचियो हृदय ।

हा ! नाथ ! साथ रहने,

जन्मान्तरमा मिलोस् समय ॥ (आ.रा. १६।२९)

सीताको यस्तो विलाप सुनी प्रकृति नै रोएको देखाउँदै यस उपशीर्षकको विट मारिएको छ ।

'लक्ष्मणको विषाद' उपशीर्षकमा लक्ष्मणले दुःख प्रकट गर्दै रात बिताएर दिन आयो भनी उफ्रँदै खुसी हुँदा फेरि निशाले हाहा गरी शोक भोगाउन लागेको प्रतीकात्मक अभिव्यक्ति यसरी व्यक्त गरेका छन् ।

आहा ! रात बितायौं,

दिन भो भनी उफ्रने लोक ।

हा ! हा ! फेरि निशाले,

हा ! हा ! गरि भोग्दछन् शोक ॥ (आ.रा. १६।३३)

यसप्रकार अनेकौं विलाप गर्दै अन्तमा छाती बज्रै जस्तो पारेर रामको आज्ञा पालन गरी लक्ष्मण अयोध्या फर्केको वर्णनसँगै यस उपशीर्षकको समापन भएको छ ।

'वाल्मीकिको आश्रममा बास' उपशीर्षकमा सीतालाई वाल्मीकिका शिष्यले देखेर सम्झाउँदै कुटीनेर बास गराएको घटनाका साथै वाल्मीकि आश्रमको वर्णन समेत गरिएको छ ।

'सीतालाई प्रबोधन' उपशीर्षकमा सीता दुःखको समुद्रमा डुब्दै निस्सासिने देखेर वाल्मीकिले संसारको गीता सुनाई सम्झाउन लागेको प्रसङ्गको वर्णन गरिएको छ । अन्तमा वाल्मीकिले अनेकौं उपदेश तथा तत्त्व ज्ञानको श्रवण गराए पछि सीताको हृदय रसाएर मनमा सङ्कल्प विकल्प हटी योग विद्यामा प्रवृत्त भएको वर्णन गरिएको छ ।

यस्तै उपदेश लिँदै

हृदय रसाएर सीताको ।

सङ्कल्प-विकल्प हटी,

योग-कलामा भयो पाको ॥ (आ.रा. १६।५१)

'कुश-लव-जन्मसंस्कार' उपशीर्षकमा शुभ समयमा सीताका जुम्ल्याहा छोराको जन्म भएको अनि मुनिले कुश-लव नाम दिई कुशल रोपेको वर्णन यसरी भएको छ ।

शुभ समय लिई जन्मे

सीता-सुत तेजिला यमल ।

कुश लव भनि मुनिबाटै

नाम दिई, रोपियो कुशल ॥ (आ.रा. १६।५२)

यसै प्रसङ्गमा संस्कारले सम्पन्न कुश लवको समयमै उपनयन भएको, उचित शिक्षादीक्षा पाएको, वेद-वेदाङ्ग तथा सम्पूर्ण कला समूहको ज्ञानार्जन गरेको आदिकविबाट रचिएको रामको चरित्र (वाल्मीकि रामायण) चारैतर्फ गाउँदै हिँडेको घटनाको वर्णन भएको छ ।

'रामको अवस्था' उपशीर्षकमा सीताको चिन्तामा रामको मर्म शुष्क भएको, बत्ती जस्तो राघवको चैतन्य श्वास वायुको फुरफुरमा टिलपिल देखिन लागेको अवस्थाको चित्रण गर्दै रामलाई वर्णाश्रमभार लागेको वर्णन यसरी भएको छ ।

भारी रसायन भई

वर्णाश्रम भार राघवको ।

चैतन्य-यन्त्र चाली-

राख्ख्यो सन्तप्त जीवनको ॥ (आ.रा. १६।६०)

'अश्वमेध यज्ञ' उपशीर्षकमा रामले अश्वमेध यज्ञको थालनी गरेको, घोडा घुमाई ल्याएर वैभव जोडेको, ऋषिमुनिहरू बोलाएर अश्वमेध यज्ञ गरेको वर्णन यसरी गरिएको छ ।

घोडा घुमाइ ल्याई,

जोरी समान वैभवले ।

ऋषि मुनिहरू बोलाई

गरियो हय-यज्ञ रावघले ॥ (आ.रा. १६।६२)

यसै प्रसङ्गमा वाल्मीकि ऋषिलाई समेत अयोध्यामा निमन्त्रणा भएको मुनिका साथ लागी कथाका नायक (राम) देख्ने इच्छानुरूप कुश लव समेत आएका, रामले अतिथिहरूको उचित आदर सत्कार गरेको, वैदिक विधिअनुरूप वेदध्वनिका साथ वशिष्ठ गुरूको निरीक्षणमा अश्वमेध यज्ञ पूर्ण भएको, जसका प्रभावले सुरलोक मस्त भएको घटनाको वर्णन भएको छ ।

'कुश-लवको प्रवेश' उपशीर्षकमा यज्ञ सभामा आएर कुश लवले रामको चरित्र गान गरेको, रघुपति लगायत सबै चकित भएको, सोधखोज गर्दा दुवै आदिकवि वाल्मीकिका शिष्य भन्ने थाहा पाई तुरुन्त अतिथि बस्ने कुटीमा बोलावट भएको वर्णन यसरी गरिएको छ ।

सोधेर आदिकविका

शिष्य दुवै जानिंदा फगत ।

अतिथि-कुटीमा उनको

आह्वान गयो उही बखत ॥ (आ.रा. १६।६८)

'वाल्मीकिको उक्ति' उपशीर्षकमा याज्ञिक पत्नीको स्थान सीताको मूर्तिले पाएको देखर वाल्मीकिले राजा, प्रजा तथा सम्पूर्ण जगत्ले सीताको निर्दोषता जानेर आदर सत्कार गरी आफ्नो मनको शुद्धी गराइरहून् भन्ने विचारको अभिव्यक्ति यसरी दिएका छन् ।

राजा प्रजा जगत्ले,

जानी निर्दोषता उनको ।

सत्कार आदर गरी,

शुद्धि गराईरहून् मनको ॥ (आ.रा. १६।७२)

यसैक्रममा कुश लव सीताकै जुम्ल्याहा छोरा हुन् भन्ने जानकारी दिँदै आश्रमको संस्कारले विमल लव कुश नै रघुकुलका स्तम्भ भइ स्वर्ग चढाउने हुनेछन् भन्ने वाल्मीकिको वाक्यलाई वेदको अक्षर झैं जानी सबैले सीता भक्ति गर्दै लज्जा साथ अञ्जली जोडेको प्रस्तुति महाकाव्यमा यसरी दिइएको छ ।

यो वाक्य आदि-कविको
वेदाक्षर झैं गुनी मनले ।
भक्ति र लज्जा साथै
अञ्जलि जोडे सबै जनले । (आ.रा. १६।७५)

'सीताको उदयास्त' उपशीर्षकमा सबैले एकमुख भई सीतालाई ल्याउन विन्ति गरेकाले रामाज्ञा लिई लक्ष्मणले सीतालाई अयोध्या ल्याएको कथाको वर्णन यसरी भएको छ ।

एक-मुख भई सबले
विन्ति गरे ल्याउनालाई ।
रामाज्ञा लिइ ल्याए
लक्ष्मणले जानकीलाई ॥ (आ.रा. १६।७६)

मुखमा 'राम राम' को जप अनि शरीरमा दिव्य आलोक देखेर लोकले सीतालाई "वियोगिनी, योगिनी" भनेका छन् । राज सभामा सबैले प्रशंसापूर्वक सीताको जय जयकार गरेको, सबैले अग्नीमा खारेको सुवर्ण सरी निर्मल मान्ने भएकाले कान्ति फैलाई उज्ज्वल बन भनेका छन् । यसैक्रममा राजाका लागि जनरञ्जन सत्य प्रेमसरह हुने बताउँदै दुवै धर्मको धार पार गरी रामको मर्म सुस्थिर भएको यसरी बताइएको छ ।

सत्य प्रेम सरी हो,
जन-रञ्जन भूपको धर्म ।
पार गरी धार दुवै,
सुस्थिर भो रामको मर्म ॥ (आ.रा. १६।८०)

रामको वचनरूपी अमृतले आफ्नो सतीव्रतको पारण भएकोले सीताले कर जोडी आफ्नो मनको धारणा बताउन लागेकी छिन् । यसै प्रसङ्गमा 'हे नाथ ! देवतात्मा !, हे माता ! पृथ्वी!, हे प्रभो ! यो आत्मा दृढ 'शुद्ध छ, अब कुनै कर्तव्य बाँकी छैन, त्यसैले भित्रको सत्त्व स्वामीको आत्मामा अभिन्न होस् शरीरको विश्लेषणले पञ्चतत्त्व पञ्चतत्त्वमै मिलून' भन्ने सङ्कल्प मात्र हुँदा तुरुन्त राममा आत्मा मिलेको अनि अणु अणु भई देह पञ्चभूत स्वरूप बनेको प्रस्तुति यसरी अभिव्यक्त भएको छ ।

सङ्कल्प यो हुँदैमा
मिल्न गयो राममा आत्मा ।
अणु अणु भई तुरून्तै
देह बन्यो पञ्च-भूतात्मा ॥ (आ.रा. १६।८४)

यसप्रकार योग विद्याको महिमा अनि संयोग वियोगको योगले श्रीरामलाई आश्चर्य तथा वैराग्यको योगमा परिणत गराएको छ ।

योग-कलाको महिमा
संयोग वियोगको योग ।
श्रीरामलाई हुन गो
विस्मय वैराग्यको योग ॥ (आ.रा. १६।८५)

यसप्रकार आदर्श पुरुष तथा नारी राम र सीताको महिमा भारत वर्षकै गौरव गर्ने हुने तथा दुवैको संसारी खेल पूरा भएको बताउँदै वाल्मीकि, वशिष्ठ, ऋषि मुनि लगायत समस्त दुनियाँले एकै मुखमा जय जय गान गाएको बताइएको छ ।

'जयजयकार' अन्तर्गतका दस श्लोकमा राम र सीताको महत्त्व प्रकाश गर्दै जय गान गाइएको छ । जसको एक नमुनाका रूपमा महाकाव्यकै अन्तिम श्लोकलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

जय जय पूजनीय दुइ दम्पतिको महिमा
अविकल कल्प कल्पतक उज्ज्वल होस् क्षितिमा
जय-विजया भिराम शुभनाम अनन्त रहोस्,

नय-विनयावदान-गुण-गान निरन्तर होस् ॥ (आ.रा. १६।९७ )

श्री सीताराम-चरणार्पणमस्तु ।

यसप्रकार षोडश सर्गमा धोबीको कुराले रामले सीतालाई त्याग गर्न लक्ष्मणलाई पठाएको, गर्भकालको इच्छापूर्ण गर्ने विहार सम्झीएकी सीतालाई राम-को आज्ञा अनुसार वाल्मीकि तपोवनमा पुगेपछि यथार्थ बोध गराई लक्ष्मणले छोडी दिएको, सीताको वेदना तथा रामको चिनो गर्भमा भएकाले देह त्याग गर्न नपाएको अभिव्यक्ति सुनी लक्ष्मणको विषाद अभिव्यक्त हुँदै लक्ष्मण अयोध्या फर्किएको, वाल्मीकिका शिष्यले सीतालाई सम्झाउँदै कुटीनेर वास बसाएको, दुःखको समुद्रमा निसासिने देखेर वाल्मीकिले सीतालाई तत्त्व ज्ञान दिलाएर सम्झाउने क्रममा योग विद्यामा रहने सीताको निश्चय भएको, कुश लवको जन्म तथा उनलाई उपनयन र शिक्षादीक्षाको साथै वाल्मीकि रचित राम चरित्र गान कण्ठस्थ भएको, सीताको अभावमा शुष्क भएका रामले अश्वमेध यज्ञ गराउने हुँदा वाल्मीकिलाई समेत निमन्त्रण भएको, वाल्मीकिसँगै कुश र लव कथाका नायक हेर्ने इच्छा सहित अयोध्या आएको, यज्ञ सभामा कुश लवले रामको चरित्र गाएर सबैलाई चकित तुल्याएको, वाल्मीकिले याज्ञिक पत्नी पदमा सीताकै मूर्ति देखी सीताको पवित्रता तथा लवकुश नै स्वर्ग चढाउन सक्षम रघुकुलका स्तम्भ भएका वेदवाणी व्यक्त गरेको, सबैले भक्ति र लज्जामा रही रामलाई सीता ल्याउन बिन्ती गरेको, तदनुरूप लक्ष्मणले सीतालाई रामाज्ञानुसार अयोध्या ल्याएको, सबैको प्रशंसा र जयकार पछि रामले सत्य प्रेम सरह लोक रञ्जन पनि धर्म भएकाले सोको पालना गरेको बताएपछि सीतालाई आफ्नो सती व्रतको पारणा भएको अवगत हुँदा सीताको आत्मा शुद्ध र कर्तव्य निःशेष भएकाले आत्मा राममा तथा शरीर पञ्चतत्त्वमा मिलोस् भन्ने सङ्कल्प मात्रैले कार्य सिद्ध भएको, राम आश्चर्य र वैराग्य योगमा पुगेको, सबैले राम र सीताको जय जयकार गाएको घटनाको वर्णन गरिएको छ ।

यसप्रकार आदर्श-राघव महाकाव्यको समग्र कथावस्तुको अध्ययन, विश्लेषणबाट यसप्रकारको निष्कर्ष निस्किएको छ ।

(क) महाकाव्यको उपजीव्य कथावस्तु *योगवाशिष्ठ* तथा वाल्मीकि रचित *रामायण* रहेको छ । पण्डितराज सोमनाथ सिग्द्यालले उपजीव्य कथावस्तुलाई आफ्नो अनुकूलमा भाव नबिग्रने गरी निकै छाँट-काँट तथा परिवर्तन गर्दै स्व-दृष्टिकोणको प्रभाव समेत प्रस्तुत गरेका छन् । रामायणको (पूरा भवं अपि नवम्) 'पहिले भएर पनि अझ नवीनताको' पक्षलाई हटाउने हो भने यसलाई इतिहास मान्न सकिन्छ । अतः 'आदर्श-राघव' महाकाव्यको कथावस्तु इतिहासमूलक नै रहेको छ । हिन्दू परम्परा अनुसार भगवान्को दर्जा पाएका श्रीरामको कथा भएकाले पूर्णतया सज्जनाश्रित रहेको छ । यद्यपि महत्कथाको प्रस्तुतिका क्रममा महाकाव्यका अन्य तत्त्वको अक्षरशः पालना गर्ने प्रतिबद्धताले क्रमशः विकसित बन्न बाधा दिएको तथा कतिपय स्थानमा रामायणको कथाबाट अनभिज्ञ रहेका पाठकको मनमा कथाका बारेमा धेरै जिज्ञासा समन नहुने अवस्था रहेको भए तापनि विश्वनाथको इतिहासमूलक र अन्य सज्जनाश्रित कथावस्तु सम्बन्धी मान्यताको विवेच्य महाकाव्यमा अनुप्रयोग भएको नै छ ।

(ख) आदर्श-राघव महाकाव्यको अध्यनयका क्रममा जीवनको स्वभाव बुझाउने वीज, विन्दु, पताका, प्रकरी र कार्य गरी पञ्चअर्थ प्रकृतिलाई उचित विनियोजन गर्दै जीवनको क्रम बुझाउने पञ्च कार्यावस्था आरम्भ, यत्न, प्राप्त्याशा, नियताप्ति र फगागमलाई सबै नाट्यसन्धि मुख, प्रतिमुख, गर्भ, विमर्श र उपसंहृतिको उचित स्थानमा उचित तरिकाले संयोजित गरिएको पाइन्छ । फलस्वरूप महाकाव्यात्मक कथावस्तुको अङ्गसंरचनालाई सुगठित अङ्गीको स्वरूप प्राप्त भएको छ । अतः विश्वनाथको सबै नाट्य सन्धिहरूको प्रयोग भएको कथावस्तु हुनुपर्ने सिद्धान्तको समेत अनुप्रयोग भएको छ ।

(ग) विवेच्य महाकाव्यको प्रत्येक सर्गको अन्त्यमा भावी कथाको सङ्केत दिइएको अध्ययनले पुष्टि गरेको छ । महाकाव्यमा यो सिद्धान्तको प्रयोगका लागि कतिपय स्थानमा कथानक खण्डित भई अति आवश्यक नदेखिएका वर्णन समेत गरिएको पाइन्छ । जे होस् विश्वनाथको कथावस्तु सम्बन्धी अर्को सिद्धान्त सर्गान्तमा भावी कथाको सङ्केत दिनुपर्ने सिद्धान्तको समेत अक्षरशः अनुपालन भएको नै छ ।

(घ) महाकाव्यमा सत् पात्र रामादिको प्रशंसा तथा खलपात्र रावणदिको निन्दा र पतन देखाइएको छ । जुन विश्वनाथको सिद्धान्त अनुरूप नै रहेको छ ।

(ङ) यसप्रकार विश्वनाथको महाकाव्य मान्यताअनुरूपको कथावस्तु भएकाले विवेच्य महाकाव्य कथावस्तुका दृष्टिमा सिद्धान्त अनुरूप रहेको निष्कर्ष स्पष्ट रूपमा निकालिएको छ ।

## ३.४ आदर्श-राघव महाकाव्यको पात्र विधान

पूर्वीय महाकाव्य-चिन्तनको अध्ययन गर्दा एक महत्त्वपूर्ण तत्त्वका रूपमा महान् पात्र रहेको छ । के भयो ?,को उत्तरमा आउने कथावस्तुले कसलाई भयो ?,को उत्तरमा पात्रको अपेक्षा गरेको हुन्छ । महाकाव्यमा महान् पात्रका कार्यव्यापार प्रस्तुत भएको हुन्छ । आचार्य विश्वनाथको सिद्धान्त अनुरूप महाकाव्यको पात्रअन्तर्गत देवता, सद्‌वंशी, छेत्री वा धीरोदात्त प्रकृतिको कुनै कुलीन राजा वा एकै वंशका क्रमिक धेरै राजा पनि नायक हुन सक्दछन् भनिएको छ । नायकको मात्र महत्त्वका साथ चर्चा गरिए पनि जसको व्यापकता एवम् उदय देखाउन सकिँदैन त्यसको प्रशंसा सुरुदेखि नै गर्न नहुने तथा नायकभन्दा अर्कोलाई बढी महत्त्वपूर्ण देखाउन नहुने रूढीले महाकाव्यको पात्रविधान सम्बन्धी सिद्धान्त अडेको पाइन्छ । यिनै सिद्धान्तका सापेक्षमा आदर्श-राघव महाकाव्यको कृतिगत विशलेषणका लागि नायक रामको चरित्र चित्रण गर्दै अन्य प्रमुख पात्रको चरित्र चित्रण गरी अन्य पात्रको समाष्टिमा चर्चा गर्दै पात्र विधानको दृष्टिमा विवेच्य महाकाव्यको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### ३.४.१ 'आदर्श-राघव' महाकाव्यमा रामको चरित्र

'आदर्श-राघव' महाकाव्यको प्रथम सर्गको मङ्गलपछि उपक्रम उपशीर्षकमा प्रस्तुत महाकाव्यका नायकको जन्म हुनु पूर्व नै रामचन्द्रलाई यसरी प्रस्तुत गरिएको छ ।

देदीप्यमान मणि झैं गुणका निधान,
विश्वेशको छ महिमा सबमा प्रधान ।

संसार-सार पुरुषोत्तम पुण्यमूर्ति

श्रीरामचन्द्र हुनु भो उनका विभूति ॥ (आ.रा. १।७)

यसप्रकार रामचन्द्रलाई गुणका खानी, मणि झैं देदीप्यमान सबैमा प्रधान महिमा भएका, पुरुषोत्तम, संसारका सार तथा पुण्यमूर्तिका रूपमा उद्घाटित गरिएको छ । सूर्यवंशी रघुको वंशमा अयोध्या नरेश दशरथ र कौशल्याका छोराका रूपमा तीन जना भाइका साथ शुभ मुहुर्तमा रामको जन्म भएको छ ।

नक्षत्र साथ लिइ निर्मल पूर्ण चन्द्र

जस्तै हुँदा प्रकट सानुज रामचन्द्र । (आ.रा. १।६७)

यसप्रकार प्रथम सर्गको ६७ औं श्लोकबाट महाकाव्यमा रामको औपचारिक उपस्थिति रहेको छ । रामचन्द्रलाई बाल्यकालबाटै मेधावी चरित्रका रूपमा महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ ।

चारै थिए निर्मल, किन्तु राममा

विद्या भए उज्ज्वल पूर्ण भावमा । (आ.रा. २।२२)

सत्तीर्थमा विश्वामित्रबाट रहस्यास्त्र समेत पाएका रामको विनयी तथा वीर चरित्रको उद्घाटन बाल्यकालमा समेत भएको छ ।

आज्ञा लिई कौशिकबाट रामले

वर्षाउँदा शस्त्र र अस्त्र वीर्यले ।

मर्दै गिरेथ्यो जब दुष्टको दल

लेथ्नो भयो गैह्र विपक्षको बल ॥ (आ.रा. २।६६)

राम र सीताको विवाहको प्रसङ्गमा देश देशान्तरबाट आएका वीरहरूले डेग चलाउन नसकेको शिव धनु रामले विश्वामित्रको नैतिक मञ्जुरी लिई उठाएर ताँदो चढाउँदा शिव धनु नै भाँचिएको छ । जसले रामचन्द्रको वीर चरित्रको थप विकास भएको छ । भर्खरै कुनै वीरले उठाउन नसकेको शिवधनु भङ्ग गरी सीतासँग विवाह गरेर अयोध्या फर्केका रामलाई बाटोमा परशुरामले हेय शब्द प्रयोग गर्दै तेजिलो धनुमा ताँदो चढाउने चुनौती दिँदा समेत बोलीले कुनै प्रतिकार नगरी सहजै त्यो चुनौती

रामले पूरा गरेका छन् । यसपछि पनि विना शाब्दिक प्रतिकार तथा अहंता नदेखाई रामले आफ्नो चरित्रमा वीरता मात्र नभई धीरताको पनि संयोजन गराएका छन् ।

दशरथले रामलाई उत्तराधिकारी घोषणा गरेपछि माहिली आमा कैकेयीले रामलाई १४ वर्ष वनवास तथा भरतलाई राजसिंहासनको वर दशरथसँग मागेको अवस्थामा दशरथ विचलित भई बोल्न नसक्दा स्वयं रामले सहर्ष स्वीकारेका छन् । पितालाई सम्झाउँदै तथा माता कैकेयीमा प्रतिशोधको भावना नराखी वनबास गएबाट राममा पितृमातृ-सद्भावका साथै उदात्त भावनाको संयोजन पाइएको छ । वनवासका आरम्भमै पितृशोकको खबर सुनेका रामले त्यसको कारण आफूलाई नै ठहऱ्याएका छन् ।

भरत, कैकेयी आदि सबैले राजकाज गर्न अयोध्या फर्काउन खोज्दा रामले पितृवाक्यलाई मनुष्य वेदको संज्ञा दिँदै त्यसको पालना गर्ने कुरामा अटल रहेको भाव व्यक्त गर्दै सबैलाई अयोध्या फर्काएर आफू अझ पर पञ्चवटीमा आश्रम बनाउन पुगेका छन् । जसबाट उनको आदर्श पुत्रको चरित्र आदर्श झैं छर्लङ्गिएको छ ।

बहिनी शूर्पणखाको नाक काटिएको तथा रामद्वारा त्रिशिर र खर आदिको अन्त्य भएपछि सोको बदला लिने उद्देश्य अनुरूप रावण मारीचलाई सुनको मृग बनाई पञ्चवटी आएको छ । सीताले सुनको मृग देखी त्यो लिन मन लागेकोले रामलाई ल्याई दिन हरतरहले प्रेरणा दिँदै ढिपी गर्दा राम नक्कली मृग भन्ने चाल पाए पनि प्रेमीको मान राख्न मृगको पछि लागेको घटनाले उनलाई आदर्श प्रेमीको रूपमा चित्रण गर्न सकिन्छ ।

'नव हरिण सुनौला तेजिला देखिंदामा,
लिन मनसुब ज्यादै जानकीको हुँदामा ।
हर-तरह हुनाले प्रेरणा रामलाई,
अब नगइभएन, प्रेमको मानलाई ॥ (आ.रा. ६।५६)

यसै क्रममा भाइ लक्ष्मणलाई हरदम सीतासँगै रहनू यो कसैको जाल पो हो कि भनेर हिँडेको प्रसङ्गले सचेत पतिका रूपमा रामलाई चिनाएको छ ।

रावणले सीता हरण गरेपछि सीताको विरहमा व्याकुल भएका राम तुरुन्त धैर्य कायम गर्दै सीताको खोजीमा हिँडेका छन् । जटायु र कबन्धको सद्गति गराउने प्रसङ्गमा सीतालाई बचाउन नसके पनि बचाउने क्रममा आफ्नो जीवनलीला समाप्त पारेका जटायुलाई कृतज्ञता व्यक्त गर्दै उनको क्रिया गरेको प्रसङ्गले रामलाई कृतज्ञ तथा उदार हृदयका रूपमा चित्रण गरिएको छ ।

सुग्रीव, हुनमान्, अङ्गद आदि वानर समूहसँगको मित्रता तथा सहयोगको आदान प्रदानले रामको मिलनसार व्यक्तित्त्वलाई प्रस्तुत गरेको छ । सीतालाई हरण गरी दुःख दावानलमा पारेको रावणको हार विभीषण हनुमान् आदिको सहयोग समेतले सुनिश्चित हुँदा समेत अङ्गदलाई दूत बनाई रामसँग क्षमा मागेर जानकी रामलाई सुम्पी आफू, देश र कुललाई समेत बचाऊ भन्ने प्रस्ताव तथा सन्देश रामले रावण समक्ष पुऱ्याएबाट रामको क्षमाशील व्यक्तित्त्व प्रस्तुत भएको पाइन्छ ।

विभीषणलाई एकै नजरले जाँच्न सक्ने, शरण दिने अनि उनको समेत सहयोगमा उनको दाजु रावणको वध गरी लङ्काका अधिपति विभीषणलाई नै बनाएको घटनाबाट रामको चारित्रिक महत्तालाई अझ बढाएको पाइन्छ ।

सीतालाई हर दृष्टिले पवित्र मानी रामले स्वीकारेका छन् । जसको चित्रण प्रस्तुत श्लोकले गरेको छ ।

खारी खास गरी सतीब्रत कडा सन्तापको आँचमा,
सीतालाई पवित्र निर्मल बुझी, आचारको जाँचमा ।
अङ्गीकार विचार साथ गरियो, निश्चिन्त भै रामले,
साक्षी भै अनुमोदनाबल दिए ती राक्षसीसम्मले ॥ (आ.रा. ११।६२)

चौध वर्षको वनवास सकी रामसँगै वनवास बिताएका सीता र लक्ष्मण तथा मित्रहरू सुग्रीव, विभीषण, अङ्गद, हनुमान् समेतका साथमा अयोध्या फर्केका रामको विधिवत् अयोध्याका राजाका रूपमा राज्याभिषेक भएको छ । राज्याभिषेक पछि गुरु वशिष्ठले दिएको शुभोपदेशको रामले अनुपालन गरेका छन् । राजकाजको चाप र चिन्ताका बीचमा समेत सीतासँगको प्रेम वार्तालाप तथा ऋतुदानको प्रसङ्गले रामलाई आदर्श पतिका रूपमा चित्रण गरिएको छ । आदर्श पति यस अर्थले पनि मान्न सकिन्छ कि उनले चौध वर्षको वनवासमा सीतालाई गरेको माया, दिएको साथ तथा अभाव र दुःखका बीच सन्तानको रहरले पत्नीमाथि थप दुःख थोपरेका छैनन् ।

आफ्नो राज्यकालमा राज्य तथा लोकको उपकार तथा विकासका लागि अहोरात्र खटी शिक्षा, स्वास्थ्य, यातायात लगायतका विकास निर्माण कार्यले उनको विकासवादी व्यक्तित्त्वको प्रकाशन भएको छ । यति मात्र नभएर उनको राज्य व्यवस्थामा प्रजालाई धर्म नीतिले इशारामा चलाएर दण्ड नीतिको प्रयोग नै गर्न नपरेको चित्रण महाकाव्यमा यसरी भएको छ ।

प्रजालाई इशारामा
        चलायो धर्म नीतिले ।
बसी बसी मान लियो
        रवाफी दण्ड नीतिले ॥ (आ.रा. १५।४४)

यसले उनको चरित्रलाई आदर्श राजाका रूपमा चित्रित गरेको छ । राजा र प्रजाका बिचमा कायम भएको प्रेम र भक्तिले रामलाई लोकोपकारी व्यक्तित्त्वका रूपमा समेत चिनाएको छ ।

धोबीले सीताको चरित्रमा लङ्कामा हरण भई बसेकाले शङ्का गर्दै औंला उठाएको अर्थात् शङ्का व्यक्त गरेको छ । 'जनरञ्जन' राजाको सर्वोपरी धर्म भएकाले सोको पालनका लागि सतिसावित्री भनेर दृढ निश्चय भएको तथा गर्भिणी पत्नीलाई समेत त्याग गर्नुले आदर्श राजाको रूपमा उनको चरित्रको पराकाष्ठा नै भएको छ । उदाहरण

जन रञ्जन राजाको

सर्वोपरी हो महान्  धर्म ।

जीवनसम्मन् यसमा

सुम्पनु हो न्यायको कर्म ॥ (आ.रा. १६।११)

आदर्श राजा बन्ने क्रममा आदर्श पति र आदर्श पिताबाट वञ्चित हुने यस प्रकारको अवस्थाको सिर्जना हुँदा रामले धीरतापूर्वक भाइ लक्ष्मणलाई दोहनको भाव देखाएर जानकीलाई वाल्मीकि तपोवनमा छोडी आउने आज्ञा दिएका छन् ।

वैदिक विधान अनुसार अश्वमेध यज्ञको आयोजना गरेका रामले पत्नीको वियोगमा शुष्क हृदय बनाई जनताका लागि केवल प्राण धानेका छन् । यस्तो यज्ञमा यजमानको पत्नी अपरिहार्य मानिन्छ । पत्नीविनाको यज्ञ गर्न नसकिने तथा पत्नीलाई वाल्मीकि तपोवनबाट ल्याउन पनि नसकिने अवस्थामा सबैले रामको पुनर्विवाहको लख काट्न सकिने अवस्था रहेको छ । तर बुद्धिमान् रामले धर्मपत्नी पतिव्रता सीताको मूर्ति बनाई यज्ञ सम्पन्न गरेका छन् । यसले प्रजालाई सीताको चरित्रमाथि प्रकाश पार्नुका साथै एक पत्नी व्रतका उपासकका रूपमा समेत आफ्नो चारित्रिक विकास गरेका छन् ।

वाल्मीकिसँगै शिक्षा तथा संस्कार अनि राम चरित समेत कण्ठस्थ पारेका राम र सीताका जुम्ल्याहा छोरा कुश र लव पनि रामको यज्ञमा वाल्मीकिसँगै आएका हुन्छन् । जसले यज्ञ सभामा रामको चरित गान गरेर रामादिलाई चकित पारे पछि वाल्मीकिले परिचित गराएको, सीताको चरित्रमाथि थप प्रकाश पारेको घटना पछि जनताले सीतालाई दरबार ल्याउन रामसँग अनुरोध गरेका छन् । यसै अनुरोधको पालना गर्दै लक्ष्मणलाई सीता लिन पठाएका छन् । सीताको आगमन पछि गर्भिणी पत्नीलाई झुक्याएर अनाहक त्याग गर्न परेको घटनाले विक्षिप्त रामले लोकरञ्जनका लागि तिमीलाई त्याग्नु परेको हो । तिम्रो सच्चरित्रका कारण जानकारी दिन नसकेको भाव प्रकट गरी आत्मबोझ हल्का पारेका छन् । यसैक्रममा सङ्कल्प मात्रले सीताको आत्मा राममा  तथा शरीर पञ्चतत्त्वमा मिले पछि रामलाई आश्चर्य र वैराग्यले व्याप्त बनाएको प्रसङ्ग यसरी आएको छ ।

श्रीरामलाई हुन गो

विस्मय वैराग्यको योग ॥ (आ.रा. १६।८५)

यसप्रकार रामले धर्म, अर्थ, कामका साथ मोक्ष समेत प्राप्त गरेका छन् ।

विवेच्य महाकाव्यमा रामको व्यवहारको अध्ययन तथा विश्लेषणबाट राम, श्रीराम, रामचन्द्र, राघव आदि नामले महाकाव्यमा नायकका रूपमा प्रस्तुत भएका रामको चारित्रिक मूल्याङ्कन यसरी भएको छ :

(क) आदर्श मानवको रूपमा राघव,

(ख) मर्यादाका प्रतिपालक राघव,

(ग) लोकोपकारी राघव,

(घ) शूरवीर राघव,

(ङ) धीर पुरुषका रूपमा राघव,

(च) आदर्श पुत्रका रूपमा राघव

(छ ) आदर्श राजाका रूपमा राघव

(ज) आदर्श शिष्यका रूपमा राघव

(झ) आदर्श प्रेमीका रूपमा राघव

(ञ) आदर्श पतिका रूपमा राघव

(ट) एक पत्नी व्रतका उपासक राघव

(ठ) विकासवादी शासकका रूपमा राघव

(ड) क्षमाशील व्यक्तित्वका धनी राघव ।

## ३.४.२ आदर्श राघव महाकाव्यमा सीताको चरित्र

महाकाव्यमा तृतीय सर्गको पच्चिसौं श्लोकमा जनक-कन्यका २९ औं श्लोकमा जानकी शब्दले सम्बोधित भए तापनि ३५ औं श्लोकको सीता स्वयंवर उपशीर्षकमा सीताको औपचारिक उपस्थिति भएको छ । यद्यपि स्वयंवर भनेको आफैँले

वर चुन्नु हो तर पनि सर्त पूर्ण गरेका रामलाई स्वयंवरण गर्न समेत सीताले पिताजीको आदेश लिएकी छिन् । जसले उनको पितृ आदरको व्यक्तित्त्व प्रस्फुटित भएको छ । उदाहरण

प्रफुल्ल मिथिलेशको अमृत-तुल्य आदेशमा,
सखीसहित मस्कँदै अगि सरी वध-वेषमा ।
नुही रघु-किशोरको जनक-कन्यकाले अब,
स्वयंवरण गर्नु भो रुचिर माल्यले सोत्सव ॥ (३।३५)

राम वनवास जान तयार भएको खबर सुनेपछि तुरुन्त वनवास जान तयार भएकी सीतलाई रामले वनवासमा दुःख हुन्छ, स्त्रीजन जान सक्दैनन् भनी सम्झाउँदा सीताले यसको प्रत्युत्तर यसरी दिएकी छिन् । बाबुको कुल, आफन्त, जन्म घर तथा जन्म देश समेत तृण बराबर त्यागेर हजुरको साथ लागेर आएँ । पतिसित रहँदा कुनै वाधा हुँदैन । पतिको विरह सहने शक्ति कत्ति पनि छैन । पतिविनाको महलपनि छाप्रो हुन्छ भने पतिसित रहँदा वन समेत महल र कन्दमूल अनि जल पनि जीवन अनुकूल हुन्छ । श्रीमान र श्रीमती को सम्बन्ध देह र छाया तथा प्रकृति र पुरुष अनि चन्द्रमा र चाँदनीको जस्तो हुने बताउँदै आर्य नारीले पति-पदमा रही बुहारी बन्दछन् भन्ने जवाफ दिएकी छन् । यसबाट सीता आदर्श आर्य नारी तथा पत्नीको रूपमा महाकाव्यमा चित्रित रहेकी छिन् ।

वनवासका क्रममा राम र लक्ष्मण सिकार खेल्न गएका बखत डराउँदै होसियार भई बस्ने अनि फर्कंदा हँसिलो मुहार बनाएर बस्ने, रामलाई दिनभन्दा रात प्यारो भएको महसुस गराउने प्रसङ्गले सीताको असल गृहिणीको रूपमा समेत महाकाव्यमा चित्रण भएको पाइन्छ । यसै प्रसङ्गमा वनका बाघ, भालु पसारो पर्दा सीतालाई प्यारा लागेको अनि वनका मृगादिलाई घाँस तथा नीवारा मुठीका मुठी दिएको व्यवहारले दयालु व्यक्तित्त्वका रूपमा महाकाव्यमा चित्रण भएको छ । उनले मारीचरूपी सुनको मृग समाउन जान रामलाई हरतरहले प्रेरित गरेकी छिन् । मारीच रूपी सुनको मृग समाउन गएका रामको शब्द गरी मारीचले हाइ ! भाइ ! हा ! हा ! प्रिये ! अब मरें भनी प्राण त्याग गरेको छ । यो शब्द सुनेकी सीताले अवश्य दुष्टको छल हो भनी

बसेका लक्ष्मणलाई पेचिलो शब्द प्रहार गरी आश्रममा भाउजूलाई एक्लै छोडी जान बाध्य तुल्याएकी छिन् । यसलाई उनको अविवेकिता तथा अधीरताका रूपमा विश्लेषण गर्न सकिए तापनि यहाँ पतिप्रेमको कारण पनि रहेकै पाइन्छ ।

दुवै भाइ वन गएकाले रामाश्रममा एक्लै बसेकी सीतालाई रावणले जोगीको भेषमा आई आफ्नो वास्तविक परिचय दिँदै अनेकौं भौतिक सुखको प्रलोभन सहित रामको बद्ख्वाईं गर्दै सेवा गरेर पटरानी बनाइ राख्छु भन्ने अभिव्यक्ति दिएको छ । यसको जवाफमा श्रीमान्को अपमान तथा आफ्नो चरित्र विरोधी जहरिलो बोली सुन्न नसकी कान थुनी काँपेर जोगीको भेषमा आएको भोगीलाई चिन्ह नसकेकाले धोका खाई परतिर सर्दै अग्नि झैं नेत्र पारेर प्रतिकार गरेकी छिन् । भारती वीर नारी छुन नसकिने आगो समान हुने तथा तुरुन्त यहाँबाट भागेर नगए राम क्रोधित भई खरानी बन्न जालास् भन्ने अभिव्यक्ति दिएकी सीतालाई रावणले हरेको छ । लङ्का लगी राक्षसीहरूको घेरामा अशोक वनमा राखी अनेकौं जाल, प्रपञ्च तथा प्रलोभन देखाउँदा समेत केही नलगी रावणले हार खाएको छ । यसबाट सीताको पतिव्रता चरित्रको पुष्टि भएको छ ।

रामको सन्देश लिई अशोक वन पुगेका हुनमान्ले रामको नाम लेखिएको औंठी दिएपछि मात्र राक्षस होइन, रामकै सन्देसवाहक हो भन्ने मानेर रामलाई चाँडै लिन जानु मलाई एकक्षण पनि एक कल्प बराबर भएको छ भन्ने सन्देश दिँदै रामको औंठी हृदयमा राखेकी छिन् । जसले उनको सचेत तथा पतिप्रेमी चरित्रको पुष्टि गरेको छ ।

रावणको वध गरी आएका रामसँग रुँदै चरणमा परी बन्दना गरेर दासीमाथि दया रह्यो, सङ्कट-धारा टऱ्यो, पाउ पाएँ अब पाउको धुलाको कण सरी निश्चिन्त सेवा गरी रहन पाऊँ, भन्ने आग्रह गरेकी सीताको श्रीमान्सँगको दास्य भक्तिको चित्रण भएको पाइन्छ । उनले प्रेमोक्तिको सन्दर्भमा श्रीमान्-श्रीमतीलाई अर्धाङ्ग-अर्धाङ्गीको रूपमा यसरी अभिव्यक्त गरेकी छन् ।

विना चन्द्रमा, चन्द्रिका लीन हुन्छन्,
विना चन्द्रिका, चन्द्रमा दीन हुन्छन् ।
दुवैको सदा एकता हो स्वभाव,

कदाचित् फुटे हुन्छ अर्धाङ्ग-भाव ॥ (आ.रा. १४।४१)

श्रीमान्सँगको प्रेममय वार्तालापमा आफ्नो प्रेमको उद्घाटन तथा शारीरिक सम्बन्धको माग/स्वीकृति यसरी अभिव्यक्त गरेकी छिन् ।

खडा भैरहोस् शान यस्तो प्रभाको,
उज्यालो रहोस् देह सारा दिशाको ।
सुधा-पान पाओस् विचारी चकोरी,
मनाई रहोस् चन्द्रको जीत-होरी ॥ (आ.रा. १४।४८)

धोबीको कुरा सुनी रामले त्याग गरेको थाहा नपाई गर्भ कालको इच्छा पूर्ण गर्ने विहार सम्झी पतिको चरणमा नमन गर्दै लक्ष्मणसँग अयोध्याबाट खुसी मन निस्किएकी सीता वाल्मीकि तपोवनमा पुगेपछि लक्ष्मणले यथार्थ अवगत गराउँदा वेदनामा डुबेकी हुन्छिन् । पतिभन्दा माथि केही नमानेकी पति नै सर्वस्व ठान्ने सीताले पतिबाट त्याज्य हुँदा आफ्नो अभागले पातालतर्फ धकेलेको भए तापनि पतिको नासो बोकी जीवन छोड्न नहुने निष्कर्षमा पुगेकी छिन् । यसबाट उनको सन्तानप्रेमका अतिरिक्त पति प्रेमको पराकाष्ठ पुगेको छ ।

यसै क्रममा आगामा, पानीमा, वनमा समेत हृदय जाँचियो तर पनि साथ बस्न नपाएकोमा अर्को जन्ममा साथमा बस्ने समय मिलोस् (आ.रा. १६।२९) भन्ने सीताको अभिव्यक्तिले उनको धीरताको प्रकाशन गरेको छ ।

वाल्मीकिको प्रबोधन पश्चात् योग विद्यामा अडिग रहने निश्चयमा पुगेकी सीताको जुम्ल्याहा छोरा जन्मन्छन् । मुनिबाट कुश र लव नामकरण हुन्छ । छोराहरूले राजाको अश्वमेधमा स्वयं रामको चरित गाएर तथा वाल्मीकिको उक्ति पछि सबैको आग्रहमा लक्ष्मणलाई उनलाई अयोध्या ल्याउन पठाइन्छ । मुखमा 'राम राम' जप्दै शरीर दिव्य आलोक बनाएकी सीताले रामको लोकरञ्जन राजाको सत्यप्रेम सरहको धर्म भएकाले त्याग गरेको न कि चरित्रमा सन्देह भएर भन्ने अभिव्यक्ति सुनेपछि यो वाणीलाई आफ्नो सतीव्रतको पारण ठानेकी छिन् ।

सीताले आत्मा दृढ शुद्ध भएको तथा कुनै पनि कर्तव्य बाँकी नरहेको कारण देखाई आत्मा स्वामीको आत्मामा अभिन्न होस् शरीर पञ्चतत्त्वमा मिलून् भन्ने सङ्कल्प मात्रैले सो सङ्कल्प बमोजिम तुरुन्त कार्यसिद्धि भएको छ । यसरी उनको राममा पूर्ण मिलन भई मोक्ष प्राप्ति भएको तथा इहलीला समाप्त भएको छ ।

विवेच्य महाकाव्यमा सीताको व्यवहारको अध्ययन विश्लेषणबाट जानकी, सीता, जनककन्यका आदि नामले महाकाव्यमा जनककी पुत्री, रामकी धर्मपत्नी तथा महाकाव्यकी नायिकाकी रूपमा प्रस्तुत भएकी सीताको चारित्रिक मूल्याङ्कन गर्दा आदर्श हिन्दू नारी, आदर्श प्रेमिका, आदर्श पत्नी, आदर्श माता, आदर्श योग विद्या साधिका, पतिब्रता, धीर, दयालु तथा असल गृहिणीको रूपमा मूल्याङ्कित भएको छ ।

### ३.४.३ आदर्श राघव महाकाव्यमा रावणको चरित्र

आदर्श राघव महाकाव्यको छैटौं सर्गको ५३ औं श्लोकबाट महाकाव्यमा उपस्थित रहेको प्रस्तुत महाकाव्यको खलनायकका रूपमा रावणको चरित्र चित्रण भएको छ । आफ्नी बहिनी शूर्पणखाको नाक काटिएको राक्षस जातिका खर, त्रिशिर आदिको नाशको बदला लिन आफ्नो बन्धु मारीचसँग हठ सहित हात मिलाई छलबलसँग रामको हानी गराउन दशमुख भएको लङ्काको नरेश रावणको महाकाव्यमा औपचारिक उपस्थिति भएको छ । जसले रावणको कातरतालाई अभिव्यक्त गरेका छ ।

सुनि गति बहिनीको, जातिको नाश, लङ्का
पति अब अति जाग्यो चित्तमा मनि शङ्का ।
छल बलसँग वैरी रामको हानिलाई
हठ सहित मिलायो बन्धु मारीचलाई ॥ (आ.रा. ६।५३)

उसले आफ्नो स्वार्थका लागि मारीचलाई सुनको मृग बनाई पठाएको छ । जसले राम र लक्ष्मण दुवैलाई वनतिर तान्न मद्दत गरेको छ । यसकै कारण

रावणले सीताहरण गर्ने आफ्नो अभीष्ट पूरा गरेको छ । तर मारीचप्रति उसको कुनै सहानुभूति तथा कर्तव्य पालना भएको छैन । अतः रावणलाई कृतघ्न, स्वार्थी, छली तथा कुटिल चरित्र भएको पात्रका रूपमा चिनिएको छ ।

वनमा शान्तिपूर्ण तरिकाले दुःख भ्केलिरहेका न्यायी रामका विरुद्धमा थप दुःख थप्ने धर्मद्रोही कपटी पात्रका रूपमा रावणको चरित्र महाकाव्यमा प्रकटित भएको छ । सीतालाई विभिन्न प्रलोभन तथा जाल भ्केलले समेत आफ्नी बनाउन नसकेपछि हरण गरेको, लङ्का लैजाने क्रममा जटायुले बाटोमा प्रतिकार गर्दा जटायुलाई बीभत्स किसिमले मृत्यु दिएको घटनाले रावणलाई क्रूर, हिंस्रक तथा अधीर अनि परपीडक व्यक्तित्व भएको पात्रको रूपमा देखाइएको पाइन्छ ।

ब्रह्माका सुत पुलस्त्य ऋषिको सन्तान भएर पनि रावणको अधर्म प्रकृति बढेको वर्णन महाकाव्यमा गरिएकै छ । रावणसँग युद्ध गर्न आएका रामले अङ्गदलाई दूत बनाई रामसँग क्षमा मागी जानकी रामका चरणमा सुम्प र आफू र आफ्नो कुल अनि देश बचाऊ भन्ने सन्देशको प्रतिकार गर्दै पूरा बोल्नै नदिई सन्देसवाहकलाई नै मार्न भ्कम्टनुले रावणको अहंकारी, क्रोधी धैर्यहीन चरित्रको पुष्टि भएको छ ।

रावणले सीताहरण गरी ल्याएको र धेरै कुकर्म गरेको भए तापनि सीताको हत्या नगरी इज्जतमा जबर्जस्ती नगरेकाले सायद उसलाई दिन खोजिएको अवसरलाई समेत बे-वास्ता गरेकाले राम र रावणको युद्ध हुन्छ । अन्तमा एकादश सर्गको ५१ औं श्लोकमा युद्धमा रावणको मृत्यु भएको छ ।

यसप्रकार महाकाव्यको छैटौं सर्गको ५३ औं श्लोकबाट महाकाव्यमा उपस्थित भएको खलनायकको एघारौं सर्गको ५१ औं श्लोकमा अन्त्य भए तापनि उसको सीताहरण रूपी कुकृत्यले महाकाव्यको अन्तिम सर्गसम्मै ज्वलन्त नकारात्मक प्रभाव पारेको पाइन्छ ।

### ३.४.४ आदर्श-राघव महाकाव्यमा दशरथको चरित्र

रामादिका पिता, कौशल्यादिका पति तथा रघुवंशका अयोध्या नरेशका रूपमा महाकाव्यको प्रथम सर्गको 'पितृमातृ-वृत्तान्त' उपशीर्षकाबाट दशरथको उपस्थिति

रहेको छ । तीन रानी तथा साम्राज्यको पद समेत पाएका दशरथ अपुत्रताको कारण दुःखी रहेका छन् । नाना तीर्थ-व्रत, दान-धर्म, यज्ञ-यागादि, जप-पाठको प्रभावमा तीन रानीबाट ४ पुत्रका पिता भएका दशरथ आदर्श अनि प्रजाप्रेमी राजाका रूपमा चित्रित भएका छन् । उनले छोराको जन्ममा राजदरबारमा आएका सबैलाई बकस समेत बाँडेका छन् ।

तीन रानी र चार छोराले उनको गार्हस्थ जीवन सुखी भएको वर्णन महाकाव्यमा भएको छ (आ.रा. २।१-११) । अतः उनको असल गृहस्थ/अभिभावकको चरित्र समेत उद्घाटित भएको छ ।

विश्वामित्रले राम लक्ष्मणलाई बाल्यकालमै युद्ध गरी यज्ञ रक्षा गर्ने उद्देश्यले लिन आउँदा बालख छोरा होइन म आफैँ जान्छु भन्ने विचार अभिव्यक्त गर्दा उनको पुत्र प्रेमी व्यक्तित्त्व प्रकाशित भएको छ भने ऋषिले छोराहरूले सक्दछन् भनी विश्वस्त तुल्याए पछि पूर्वजको कीर्ति कायम राख्न तथा क्षात्र धर्म पालन गर्न सक्षम भएको देखिन्छ । दशरथले छोराहरूको विवाह सम्पन्न भए पछि आफ्नो उत्तरवयको अवस्थाको मनन गर्दै रामलाई गुण, हक, जनमनसाय समेत बुझी युवराज घोषणा गराएका छन् । दुईओटा वर जगेडा भएकी माहिली पत्नीले पहिलो वरमा रामलाई १४ वर्ष वनवास, दोस्रोमा भरतलाई राजसिंहासन मागेपछि विचलित भई केही बोल्न सक्दैनन् । यस्तो घडीमा रामले नै आफैँ वनवास जाने कुरा स्वीकार गरी वनवास गएपछि यही पुत्र वियोगको पीरले दशरथको मृत्यु भएको छ ।

### ३.४.५ आदर्श-राघव महाकाव्यमा लक्ष्मणको चरित्र

महाकाव्यमा रामको भाइका रूपमा सुमित्राको कोखबाट जन्मिएका लक्ष्मण रामको छायाँ झैं हर अवस्थामा रामलाई साथ दिन चाहने व्यक्तित्त्वका रूपमा महाकाव्यमा उपस्थित भएका छन् ।

बाल्यकालमा कौशिक आश्रममा यज्ञविघ्नध्वंस गर्न जाँदा होस् अथवा राम १४ वर्ष वनवास जाँदा नै किन नहोस् लक्ष्मण रामकै साथ लागेर सँगसँगै गएका

छन् । सधैँ दाजु भाउजूको भलो चिताउने तथा सेवा गर्न पाउँदा खुसी मान्ने लक्ष्मणले वनवासमा राम र सीतालाई यसरी सेवा गरेका छन् ।

हर-तरह सुविस्ता राम-सीता दुवैमा,
हुन उचित छ भन्दै चित्तलाई यसैमा ।
क्षण पनि नगुमाई भाइ लागीरहन्थे,
निशि-भर पहराको निम्ति जागीरहन्थे । (आ.रा ६।३९)

लक्ष्मणले नखरा पार्दै राम-लक्ष्मणलाई आकर्षित गर्न आएकी कुरूप शूर्पणखाको नाक काटी दिएका छन् । यसबाट उनको प्रतिकारात्मक स्वभाव तथा अधीरता सङ्केतित भएको छ ।

प्रेमको मान राख्न दाजु राम सुनको मृगको पछि लाग्दा लक्ष्मणलाई हरदम आश्रममै रहनु भनी हिँडेका हुन्छन् । लक्ष्मणले मारीच रूपी सनुको मृगले रामको स्वरमा बोलेको शब्द छल हो भन्ने थाहा पाएका हुन्छन् तर भाउजूलाई विश्वस्त पार्न नसकी भाउजूको पेचिलो जवाफले दाजुको आज्ञालाई काटी भाउजूको आज्ञा पालन गर्न वन जान उनी बाध्य भएका छन् । सीताहरण भए पछि दाजुसँगै भाउजूलाई खोज्न हिँडेका छन् । लङ्कामा समेतसँगै युद्धमा गएका छन् ।

१४ वर्ष वनवास बिताई अयोध्या फर्केर सुख मनाउँदै गर्दा धोबीको वचनका कारण गर्भिणी भाउजूलाई दोहनको भाव देखाई लगेर वाल्मीकि आश्रमनेर छोडेर विषाद गर्दै आएका छन् भने पछि सबैको निर्णय अनुसार अयोध्या ल्याउन पनि रामाज्ञा लिई लक्ष्मण नै गएका छन् । यसबाट लक्ष्मणको चरित्र आदर्श भ्राताको अझ भनौं भने रामको सहयोगीका रूपमा पुष्टि भएको छ ।

### ३.४.६ आदर्श-राघव महाकाव्यमा भरतको चरित्र चित्रण

रामका भाइका रूपमा तथा दशरथ र कैकेयीका पुत्रका रूपमा विवेच्य महाकाव्यमा भरतको उपस्थिति भएको छ । कैकेयीले भरतलाई राजसिंहासन र रामलाई १४ वर्षको वनवास सुनाउँदा मावलमै रहेका भरत रामको वनवास तथा दशरथको मृत्यु भएपछि अयोध्या बोलाइएका छन् । पिताको क्रिया गरी सकेपछि

आफैँलाई विपत्को पनेरो मान्दै दोषी ठान्दछन् । आफ्नै भाग्य छोटो मान्दछन् अनि सपरिवार रामलाई लिन वन जान्छन् । रामले पितृवाक्य पूरा नगरी अयोध्या नफर्कने अटल निष्ठा व्यक्त गरेपछि रामको खराउ ल्याई रामकै भावले राजकाज चलाई १४ वर्ष बसेका छन् भने रामको वनवास पछि राजकाज राममा हस्तान्तरण गरी महाकाव्यबाट उनी नेपथ्यमा पुगेका छन् । यसबाट उनको चरित्र कर्मवीरका रूपमा चित्रित भएको छ ।

### ३.४.७ आदर्श राघव महाकाव्यमा प्रस्तुत भएका अन्य पात्रहरू

आदर्श राघव महाकाव्यका अन्य पात्रहरू रामपक्षका तथा रावण पक्षका गरी दुई खेमामा बाँडिएका छन् भने केही तटस्थ समेत देखा परेका छन् । जसको सामान्य चर्चा गर्दै आवश्यक भएका पात्रको चारित्रिक रहस्योद्घाटन यहाँ गरिएको छ ।

रामको वंश वर्णनको क्रममा रघु तथा दिलिपको चर्चा गर्दै यिनलाई नैतिक, कीर्तिवान्, प्रतिष्ठित तथा आदर्शवान् राजाको व्यक्तित्वको रूपमा प्रस्तुत गरिएको छ जसले राम सद्वंशी, छेत्री, कुलीन राजपरिवारका हुन् भन्ने प्रमाणित गरिएको छ ।

यसै क्रममा शिक्षा, दीक्षा दिने, सन्मार्गदर्शन गराउने, यज्ञ-ज्ञागादि सम्पादन गराउने तथा सीता, कुश र लवलाई संरक्षण समेत गर्ने क्रममा राम पक्षका पात्रहरू, इक्ष्वाकु वंशज, ककुत्स्थ, भगीरथादि राजर्षि तथा भरद्वाज, विश्वामित्र, वाल्मीकि, वशिष्ठ आदि महर्षिको समेत महाकाव्यमा चर्चा गरिएको छ ।

रामादिका माता तथा दशरथका रानीहरूका रूपमा कौशल्या, कैकेयी र सुमित्राको चर्चा भएको छ । कौशल्या र सुमित्राको उल्लेख्य भूमिका नभए तापनि महाकाव्यमा कैकेयीको उल्लेख्य भूमिका रहेको छ । सानो दुईटा जगेडा वरको माग मात्र गरेकी कैकेयीले पहिलो वरमा युवराज घोषणा भएका रामको १४ वर्षको वनवास र दोस्रो वरमा आफ्ना छोरा भरतलाई राजसिंहासन मागेकी छिन्, जसले महाकाव्यमा अत्यन्तै ठूलो भूमिका वहन भएको र नयाँ मोड लिएको छ । उनको सौतेनी आमाको तथा स्वपुत्र प्रेमको चरित्र महाकाव्यमा चित्रित भएको छ । यसैक्रममा मन्थराको सल्लाहलाई समेत उपेक्षा गर्न सकिँदैन । कैकेयीलाई ती दुई वर

माग्ने सल्लाह दिएकी मन्थराको अयोध्यामा बसे पनि रामादिका विपक्षी झैं भूमिका देखिएको छ भने कैकेयीले दशरथको मृत्यु पछि मलिन मुख लगाएर रामलाई फर्काउन गएकीले पश्चात्ताप गरिएको देखाइएको छ ।

रामका भाइ तथा सुमित्राका जुम्ल्याहा छोरामध्येका एक शत्रुघ्नको महाकाव्यमा विशेष चर्चा तथा भूमिका रहेको छैन । अतः उनलाई महलको भौतिक सुख सुविधाको भोग गरेर बस्ने व्यक्तित्त्वको रूपमा चित्रण गर्न सकिन्छ ।

भरत, शत्रुघ्न तथा लक्ष्मणका पत्नीहरूको विवाहको क्रममा जनक कुलका कुमारीहरू भनी सम्बोधन गरिए तापनि  नाम समेत उल्लेख गर्न महाकाव्यमा आवश्यक मानिएको देखिँदैन । त्यसैगरी राम वनवास जाँदा उनकी श्रीमती सीता र लक्ष्मण समेत सँगै गएको देखाइएको छ तर लक्ष्मणकी पत्नीले के गरिन् कहीँ उल्लेख गरिएको छैन ।

सीताका पिताका रूपमा मिथिला नरेश जनकको चर्चा महाकाव्यमा गरिएको छ । कौशिकलाई सम्मान गरी राम लक्ष्मणको चरित्र सुनेर सीताको स्वयंवरमा मुस्कुराई सहमति दिई, विवाहको तयारी गर्नुका अतिरिक्त महाकाव्यमा संसारलाई झुठा सावित गराएको प्रसङ्ग सीताका मुखबाट प्रस्फुटित भएको छ । जसबाट उनको ब्रह्मज्ञानी तथा उत्तरदायी पिताको चरित्र उद्घाटित भएको छ ।

अहङ्कारी तथा रिसाहा र घमण्डी चरित्रका रूपमा रामलाई चुनौती दिई महाकाव्यमा प्रस्तुत भएका परशुरामले अन्त्यमा रामको चरित्र र वीरताबाट प्रभावित भई आफ्नो घमण्डप्रति पश्चात्ताप गर्दै रामको महत्त्व बुझी उनको कदर समेत गरेका छन् ।

यसैगरी राम पक्षका पात्रहरू जटायु, शबरी, सुग्रीव, अङ्गद, हनुमान् आदि वानर सेनाहरू, प्रजाहरू, ऋषिका शिष्यहरू रहेका छन् । जसमध्ये रावणले सीताहरण गरी लङ्का लाँदै गर्दा जटायुले बचाउन प्रयास गरेको तर आफैँ मृत्युवरण गर्न बाध्य भएको छ । सुग्रीवसँगको मित्रतामा बालीलाई दमन गरी रामले सुग्रीवलाई राज्य

दिलाएका छन् । सुग्रीवले हनुमान्सँग परिचित गराएको अनि हनुमान्ले समुद्र उडेर तरी सीतालाई रामको सन्देश तथा औंठी दिई लङ्का दहन गरी रामलाई सीताको खबर ल्याउनुका साथै रामको सुख दुःखमा साथ दिएका छन् । अङ्गदले रावणलाई शरण परी रामलाई जानकी सुम्पन दूतकर्म गर्दै रावण युद्धमा रामको समेत सहयोग गरेका छन् ।

यसैगरी विभीषण सत्यको पक्ष लिँदै रावणलाई कुल जोगाउने सल्लाह दिएको तर आफैं राज्य निकाला भई रामको शरणमा गएको तथा अन्त्यमा लङ्काको अधिपिति समेत भएकाले उनको सच्चरित्र उद्घाटित भएको छ । कुश र लवले रामचरित्र गान गरेर सीतालाई अयोध्या फर्काउने क्रममा सहयोगी भूमिका खेलेका छन् ।

यसैगरी रावणको वंश परिचयको क्रममा ब्रह्मा र उनका पुत्र पुलस्त्य ऋषिको चर्चा भएको छ । शूर्पणखाको कामुक अभिव्यक्तिका कारण नाक काटिएको तथा यसैले सीताहरण तथा राम रावण युद्धको बीजारोपण भएको छ । यसैगरी रामका पक्षधरहरूमा मारीचले सुनको मृग बनी जाली अभिव्यक्ति 'हाइ भाइ हे ! प्रिये मरें बचाऊ' प्रस्तुत गरी मर्ने बेलामा सीता हरणमा रावणलाई सहयोग गरेको छ । अन्य सहयोगीहरूमा दुर्वाहु, खर, त्रिशिर तथा राक्षसीहरू अनि रावणका छोरा इन्द्रजित् समेत रहेका छन् ।

यसप्रकार 'आदर्श-राघव' महाकाव्यका नायक श्रीराम हिन्दू धर्मानुसार विष्णुका अवतार भएकाले देवता तथा मानवीय दृष्टिले कुलीन, सद्वंशी (रघुवंशी), छेत्री, राजा तथा धीरोदात्त प्रकृतिका रहेका छन् । अनि अन्य पात्रहरूलाई रामलाई भन्दा अत्यन्त कम महत्त्व दिंदै व्यापकता देखाउन नसकिने डरले रावणादि खल पात्रको तथा लक्ष्मणादि सत् पात्रको पनि प्रकाश नपारिएकोले प्रस्तुत महाकाव्यको पात्र विधान आचार्य विश्वनाथका दृष्टिमा समेत सिद्धान्त अनुरूप रहेको मूल्याङ्कित भएको छ ।

### ३.५ निष्कर्ष

पूर्वीय महाकाव्य मान्यताको अक्षरशः अनुप्रयोग गरिएको मानिने विवेच्य महाकाव्यको कृतिगत विश्लेषणका लागि गरिएको सर्गबद्धता, कथावस्तु र पात्रविधान सम्बन्धी अध्ययन विश्लेषण तथा मूल्याङ्कन प्रस्तुत परिच्छेदमा गरिएको छ । नमस्कारात्मक मङ्गलाचरणका साथमा वस्तुनिर्देशात्मक तथा आशीर्वादात्मक मङ्गलाचरण समेतलाई संयोजन गरी महाकाव्यको आरम्भ भएको छ । शोध्य महाकाव्यमा सोह्र सर्ग रहेका छन् भने एक सर्गमा न्यूनतम ५४ श्लोक अनि अधिकतम ९७ श्लोक रहेका छन् । कूल १०६२ श्लोक संख्या रहेको यस महाकाव्यका सर्गहरू गणितीय कसीमा खरो उत्रदैं न ज्यादा लामा न ज्यादा छोटा अर्थात् मझौला आकारका रहेका छन् । यसमा रामादिको प्रशंसा तथा रावणादिको निन्दा गर्दै, सर्गान्तमा भावी कथाको सङ्केत गरी पञ्चसन्धियुक्त रामायण तथा योगवाशिष्ठलाई उपजीव्य स्रोत बनाइएको इतिहासमूलक अनि रामाश्रित कथावस्तु रहेको छ । हिन्दू धर्मानुसार देवता मानिएका तथा मानवीय गुणका आधारमा कुलीन, रघुवंशी, छेत्री अनि धीरोदात्त प्रकृतिका राजा रामलाई नायक बनाई उनको नै विशेष महत्त्वका साथ चित्रण गरी महाकाव्यको रचना भएको छ । अतः विवेच्य महाकाव्यको सर्गबद्धता, कथावस्तु र पात्रविधान आचार्य विश्वनाथको सिद्धान्त अनुरूप भएको पाइन्छ ।

# चतुर्थ परिच्छेद

## आदर्श-राघव महाकाव्यको रसाभिव्यक्ति, लय विधान र उद्देश्य

### ४.१ परिचय

'आदर्श-राघव' महाकाव्यको आचार्य विश्वनाथको महाकाव्य सिद्धान्तमा आधारित भई रसविधान, लय विधान र उद्देश्य के-कस्तो छ, सोको अध्ययन, अनुसन्धान एवम् विश्लेषण गर्नु विवेच्य महाकाव्यको कृतिगत विश्लेषणका सन्दर्भमा आवश्यक देखिएको छ । रसाभिव्यक्तिकै कारण महाकाव्यका श्रोता वा पाठक लाभान्वित हुन्छन् र उनले काव्यानन्द प्राप्त गरेका हुन्छन् । त्यस्तै महाकाव्य पद्य प्रबन्धात्मक रचना भएकाले छन्दोबद्धता अर्थात् लय विधान महाकाव्यको अपरिहार्य तत्त्वका रूपमा रहेको छ । उद्देश्य नहेरी मन्द व्यक्तिहरू समेत कुनै पनि कार्यमा प्रवृत्त हुँदैनन् भन्ने उक्तिअनुसार सचेत तथा बौद्धिक कार्य महाकाव्य रचना भएकाले यसमा उद्देश्य रहेको नै हुन्छ । यी तत्त्वहरूको विश्वनाथको सैद्धान्तिक कसीमा घोटी अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्दै प्रस्तुत परिच्छेदमा मूल्याङ्कन समेत गरिएको छ ।

### ४.२ 'आदर्श-राघव' महाकाव्यको रस विधान/रसाभिव्यक्ति

पूर्वीय महाकाव्य-चिन्तन परम्पराले स्थापित गरेको एक महत्त्वपूर्ण तत्त्व रसाभिव्यक्ति हो । जीवन समग्रताको अभिव्यक्ति गरिने महाकाव्यमा रससमग्रताको अभिव्यक्ति अपरिहार्य नै रहन्छ । पूर्वीय महाकाव्य सिद्धान्तका अनुरूप अन्य महाकाव्य चिन्तकले रससमग्रतामा नै जोड दिएका छन् भने आचार्य विश्वनाथले अङ्ग रस र अङ्गी रसको योजना गर्दै महाकाव्यको अङ्गीरसमा श्रृङ्गार, वीर र शान्त मध्ये कुनै एकलाई व्यक्त गरी अन्य सबै रसलाई अङ्ग रसका रूपमा प्रयोग गर्नुपर्छ भनेका छन् । विवेच्य महाकाव्यको उपजीव्य स्रोत रामायणमा अङ्गी रसका रूपमा स्पष्टसँग करुण रस अभिव्यक्त भएको छ । तर आचार्य विश्वनाथको सिद्धान्तका आधारमा महाकाव्यको अङ्गी रस करुण रस बन्न नसक्ने अभिव्यक्ति प्राप्त भएको छ । यिनै विरोधी सन्दर्भका

बिच विवेच्य महाकाव्यको रस विधानको निरूपण गर्दै अन्य रसको अङ्ग रूपमा प्रयोग देखाई अङ्गीरसको खोज गर्दै विश्वनाथको सिद्धान्तका कसीमा जाँच्नु आवश्यक रहेको छ । अतः नव रसको महाकाव्यमा प्रयोग भएको खोजी गर्दै अध्ययन विश्लेषण गरी अङ्गीरसको निरूपण गरेर विश्वनाथको रस सिद्धान्तको कसीमा घोट्नु बढी वैज्ञानिक, सहज र बोधगम्य हुने विश्वास गर्दै सोही अनुरूप अध्ययन, विश्लेषण गरी मूल्याङ्कन गरिएको छ ।

## ४.२.१ आदर्श-राघव महाकाव्यमा श्रृङ्गार रसाभिव्यक्ति

रसाभिव्यक्ति वा रस विधान निरूपण गर्नु पूर्व रस सामग्रीको सामान्य चर्चा गर्नु सान्दर्भिक देखिन्छ । आचार्य भरतले निर्माण गरेको रससूत्रलाई अध्ययन गर्दा विभाव, अनुभाव, व्यभिचारी भावको संयोगबाट रस निष्पन्न हुन्छ भन्ने अवगत भएको छ । विभाव भनेको भावकका मनमा विशेष रूपले रसोत्पादन गर्ने सामग्री हो । आचार्य विश्वनाथले दर्शक वा पाठकका मनमा स्थायी रूपले रहेका भावाङ्कुरलाई क्रियाशील गर्ने वस्तु नै विभाव हो भनेका छन् । विभावले गर्दा नै भावकका मनमा रहेको स्थायीभाव रसरूपमा परिणत हुन्छन् । यो आलम्बन र उद्दीपन गरी दुई प्रकारको हुन्छ । आलम्बन भनेको आधार हो जसमा रसको निष्पत्ति हुन्छ । यो पनि विषयालम्बन र आश्रयालम्बन गरी दुई प्रकारको हुन्छ। जुन वस्तुलाई देखेर स्थायी भाव जागृत हुन्छ त्यसलाई विषयालम्बन विभाव भनिन्छ भने जसमा स्थायी भाव जागृत हुन्छ त्यो आश्रयालम्बन विभाव हो । आलम्बनलाई आधार बनाएर जागृत भएको स्थायी भावलाई उत्तेजित गराउने विभावलाई उद्दीपन विभाव भनिन्छ । यो पनि स्वकीय उद्दीपन र परकीय उद्दीपन गरी दुई प्रकारको हुन्छ । अनुभावको अर्थ अनुभव गराउनु हो अर्थात् भावको जागृत भइसकेपछि देखा पर्ने कार्य रूप चेष्टा नै अनुभाव हो । यो कायिक, मानसिक, आहार्य र सात्विक गरी चार प्रकारको हुन्छ । शारीरिक क्रियाकलाप रोमाञ्च, स्वरभङ्ग, कटाक्ष, छाती पिट्नु आदि कायिक अनुभाव; अन्तः करणको मानसिक भावानुकूलको वाचिक चेष्टा मानसिक अनुभाव; पोशाक, आभूषण, पहिरनको शैली आदिबाट देखाइने प्रतिक्रियालाई आहार्य अनुभाव अनि निश्चल हुनु, कम्पन हुनु, आँसु झार्नु, रामोञ्चित हुनु, मुर्छा पर्नु आदि सात्विक

अनुभाव हुन् । विभाव र अनुभावको माध्यमबाट भावकका मनमा स्थायी रूपले रहेका भावहरू जागृत भइसकेपछि क्षण-क्षणमा निस्कने र दबिने भावहरूलाई व्यभिचारी भाव भनिन्छ । आचार्य भरतले व्यभिचारीलाई आवेग, दैन्य, मद, जडता, उग्रता, मोह आदि ३३ भागमा वर्गीकरण गरेका छन् । विश्वनाथका अनुसार 'प्रतिकूल वा अनुकूल भावद्वारा जो तिरोहित हुँदैन र रसास्वादनका लागि अनुकूल मानिन्छ त्यो नै स्थायी भाव हो ।' रसहरू कुनै अवस्था विशेषका माध्यमबाट जागृत भएर आस्वादित नभइञ्जेलसम्म रहने भाव नै स्थायी भाव हो । अन्य भावहरू जुनसुकै रसमा पनि घुमिरहन सक्ने अस्थायी प्रकृतिका हुन्छन् भने स्थायी भाव रसै पिच्छे फरक-फरक हुन्छन् । अझ भन्ने हो भने स्थायी भावका आधारमा नै रसको पहिचान हुन्छ । त्यस्ता स्थायी भावहरू रति, हाँसो, शोक, उत्साह, क्रोध, भय, जुगुप्सा र निर्वेद हुन् जुन क्रमशः श्रृङ्गार, हास्य, करुण, वीर, रौद्र, भयानक, बीभत्स, अद्‌भुत र शान्त रसका स्थायी भाव हुन् । यिनै भावहरूको विश्लेषणका आधारमा विवेच्य महाकाव्यमा प्रयोग गरिएका रसहरूको खोजी गर्दै उदाहरण सहित पुष्टि गरिएको छ । यसैक्रममा सर्वप्रथम श्रृङ्गार रसको अभिव्यक्तिको सोदाहरण पहिचान एवम् खोजी गरिएको छ ।

श्रृङ्ग र आरको योगबाट श्रृङ्गार शब्दको निष्पत्ति हुन्छ । श्रृङ्गको अर्थ कामोद्रेक वा कामोत्तेजना हो भने आरको अर्थ गति वा प्राप्ति हो । यसरी हेर्दा कामोद्रेक वा कामवासनाको प्राप्ति नै श्रृङ्गार हो । यसको स्थायी भाव रति हो । संयोग श्रृङ्गार र विप्रलम्भ श्रृङ्गार गरी यो दुई प्रकारको हुन्छ । अतः विवेच्य महाकाव्यमा प्रयोग भएको यी दुवै श्रृङ्गारको खोजी गरी विश्लेषण यहाँ गरिएको छ ।

### (क) **संयोग/सम्भोग श्रृङ्गार**

नायक र नायिकको मिलनको अवस्थामा हुने आशक्तिभाव, प्रेम, प्रणय, आलिङ्गन, चुम्बन, विलास आदि क्रियाकलाप संभोग श्रृङ्गार रसमा वर्णन हुन्छन् । यसमा नायक, नायिका आलम्बन विभाव; वसन्त ऋतु, एकान्त स्थल, वन र जलविहार, उपवन, भमरा, कोइलीको ध्वनि, सन्ध्याकाल चन्द्रोदय आदि उद्दीपन विभाव; मुस्कान, अङ्कमाल, चुम्बन, तिर्यक दृष्टि आदि अनुभाव; हर्ष, लज्जा, चिन्ता, भय, उत्सुकता

आदि व्यभिचारी भावका रूपमा आएका हुन्छन् । विवेच्य महाकाव्यको प्रस्तुत श्लोकमा संभोग श्रृङ्गार रसाभिव्यक्ति भएको छ ।

सुनी जानकी-वाक्य यस्तो रसीलो,
सबै दृश्य देखी सुकीलो भरीलो ।
नयाँ कल्पको कल्पनासाथ राम,
उठी पस्नु भो रात्रि-विश्राम धाम ॥ (आ.रा. १४।४९)

प्रस्तुत श्लोकमा विषयालम्बनका रूपमा सीता, आश्रयालम्बनका रूपमा राम, उद्दीपन विभावको रूपमा रात्रि समय, जानकीको प्रेममय वाणी, चन्द्रोदयले बनाएको सुकिलो र भरिलो दृश्य; नयाँ कल्पको कल्पना गर्नु अर्थात् सन्तानको इच्छा मानसिक अनुभाव तथा उठेर विश्राम कक्षतिर पस्नु कायिक अनुभाव; चपलता सञ्चारी भावले रति स्थायी भाव प्रकट भएकाले उपर्युक्त श्लोकमा संभोग श्रृङ्गार अभिव्यक्त भएको छ । अतः विवेच्य महाकाव्यमा सम्भोग श्रृङ्गार रसाभिव्यक्ति भएको पुष्टि गरिएको छ ।

### (ख) विप्रलम्भ श्रृङ्गार

विप्रलम्भ श्रृङ्गारलाई वियोग श्रृङ्गार पनि भनिन्छ । सुख र विलासको अवस्थाबाट टाढा रहेर विरहको स्थिति यसमा देखिन्छ । स्थायी भाव रति नै भएको यस रसमा नायक, नायिका आलम्बन विभाव; नायक नायिकाको रूप, सौन्दर्य, एकान्त, खाली शय्या आदि उद्दीपन विभाव; छटपटी, आँसु झार्नु, सुस्केरा हाल्नु अनुभाव; लज्जा, मोह उत्सुकता, आलस्य आदि व्यभिचारी भावका रूपमा आएका हुन्छन् । उदाहरण

पऱ्यो नजरमा त्यहाँ पछि विशाल पम्पा-सर
पवित्र जल, पद्मका लहर हंसले सुन्दर ।
झलक्क भइ संझिए, विमल जानकीको मन,
प्रफुल्ल नयन-प्रभा चरणको विलासीपन ॥ (आ.रा. ७।५२)

प्रस्तुत श्लोकमा जानकी विषयावलम्बन विभाव, राम आश्रयालम्बन विभाव; पम्पा तलाउको पवित्र जल, कमलको फूल, हाँसका समूह उद्दीपन विभाव; जानकीको

निर्मल मनको सम्झना आउनु मानसिक अनुभाव अनि आँखामा कान्ति आउनु सात्विक अनुभाव; छटपटी, मोह आदि सञ्चारी भावले रति स्थायी भाव प्रकट भएकाले उपर्युक्त श्लोकमा विप्रलम्भ श्रृङ्गार अभिव्यक्त भएको छ । जसले विवेच्य महाकाव्यमा विप्रलम्भ श्रृङ्गारको समेत रसाभिव्यक्ति भएको पुष्टि हुन्छ ।

### ४.२.२ 'आदर्श-राघव' महाकाव्यमा हास्य रसाभिव्यक्ति

रूप, आकार, बोली पहिरन र विभिन्न कार्यमा विकृति भएपछि हास्यरस उत्पन्न हुन्छ । यसको स्थायी भाव हाँसो हो । हास्यास्पद वस्तु/अनुहार, क्रियाकलाप, बोली आदि आलम्बन विभाव; विकृत रूप, आकार र क्रियाकलापहरू उद्दीपन विभाव; पेट मिच्नु, आँखा खुम्च्याउनु, मुख बाउनु, खित्का छोड्नु आदि अनुभाव र आँसु, कम्प, आलस्य, स्वेद, रोमाञ्च आदि सञ्चारी भावका रूपमा आउँछन् । उदाहरण

पाई प्यारो काख, सम्हालेर कहाली,
झुल्दै सीता, मन्तिरको दृश्य निहाली ।
हेर्दा हेर्दै हाँस्नु भयो, देखि जुहारी,
खेल्ने ढब्बू सागरको कस्रत भारी ॥ (आ.रा. १२।२१)

प्रस्तुत श्लोकमा सागर विषयालम्बन विभाव, जानकी आश्रयालम्बन विभाव; कस्रत खेल्दै गरेको ढब्बू सागर उद्दीपन विभाव, जानकी हाँस्नु कायिक अनुभाव; रोमाञ्च, उत्सुकता, चपलता आदि सञ्चारी भावले हाँसो स्थायी भाव प्रकट भएकाले उपर्युक्त श्लोकमा हास्य रस अभिव्यक्त भएको छ । अतः विवेच्य महाकाव्यमा हास्य रसाभिव्यक्ति समेत भएको छ ।

### ४.२.३ आदर्श-राघव महाकाव्यमा करुण रसाभिव्यक्ति

मन परेको व्यक्ति तथा वस्तुको नाश वा वियोग अनि अनिष्ट प्राप्तिबाट करुण रसको सिर्जना हुन्छ । यसको स्थायी भाव शोक हो । यसमा विनष्ट व्यक्ति, वस्तु तथा इष्टको नाश, अनिष्टको प्राप्ति जसमा हुन्छ त्यो आलम्बन विभाव; प्रियजन र वस्तुको गुण स्मरण, चित्रदर्शन र यससँग सम्बद्ध घटना, वस्तु, वस्त्र, अलङ्कार आदि उद्दीपन

विभाव; रोदन, उच्छ्वास, प्रलाप, मुर्च्छा, भूमिपतन, कम्प, वैधव्य आदि अनुभाव तथा निर्वेद, मोह, चिन्ता, ग्लानी, विषाद, दैन्य आदि सञ्चारी भाव हुन् । जस्तै :

फर्की आई खरखर गरी, रामले त्यो कुटीमा
देख्ता रित्तो, थर थर हुँदै, भित्र बारी पिंढीमा ।
फिक्री गर्दै सरसर घुमी खोजमा जानकीको,
जाहाँताहीं खबर बुझियो, छैन पत्ता कहींको ॥ (आ.रा ७।३१)

प्रस्तुत काव्यांशमा हराएकी जानकी विषयालम्बन विभाव, राम आश्रयालम्बन विभाव; रित्तो कुटी, उद्दीपन विभाव, थर थर काम्नु सात्त्विक अनुभाव, बारी, पिँढी लगायत सबैतिर खोज्नु कायिक अनुभाव; छटपटी, उत्सुकता, चिन्ता आदि व्यभिचारी भावले शोक स्थायी भावलाई प्रकट गरेकाले प्रस्तुत काव्यांशमा करुण रस अभिव्यक्त भएको छ । जसले विवेच्य महाकाव्यमा करुण रसाभिव्यक्ति समेत गराएको छ ।

### ४.२.४ आदर्श-राघव महाकाव्यमा वीर रसाभिव्यक्ति

युद्ध, दया, दान र धर्मसम्बन्धी कार्यमा विशेष उत्साह र सक्रियतापूर्ण कार्यमा वीर रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव उत्साह हो । विरोधी, शत्रु, माग्ने, दुःखी, तीर्थस्थल आदि आलम्बन विभाव; वल, हाँक, प्रभाव, अहंकार, दयनीय अवस्था प्रशंसा महिमा आदि उद्दीपन विभाव; सत्कार, गर्वयुक्त बाणी, बोली र आक्रमण आदि अनुभाव र धैर्य गर्नु, स्मृति, दया, आवेग, असूया, डाह आदि सञ्चारी भाव हुन् । उदाहरण

कार्यं वा साथयामि - प्रतिपल मनमा रामको नाम गन्दै,
देहं वा पातयामि - प्रियतम जनको काममा आज भन्दै ।
आत्मामा जोश ठोसी, अगम उदधिको पारमा पुग्न धोर,
उक्ले बुर्लुक्क उफ्री तट-गिरी-शिरमा साहसी कर्मवीर ॥ (आ.रा. ९।६४)

प्रस्तुत काव्यांशमा अगम समुद्र विषयालम्बन विभाव; हनुमान् आश्रयालम्बन विभाव; सीतालाई खोज्नै पर्ने कार्य, समुद्र तर्नु बाहेक विकल्प नहुनु उद्दीपन विभाव; प्रिय व्यक्तिको काममा शरीर सडाउँछु कि कार्य सफल बनाउँछु भन्ने अठोट मानसिक अनुभाव; बुर्लुक्क उफ्रेर नजिकको पहाडको टाकुरामा पुग्नु कायिक अनुभाव अनि

उत्साह, चपलता, चिन्ता आदि व्यभिचारी भावले उत्साह स्थायी भावलाई प्रकट गरेकाले प्रस्तुत काव्यांशमा वीर रस प्रकट भएको छ । जसले विवेच्य महाकाव्यमा वीर रसाभिव्यक्ति भएको पुष्टि गरेको छ ।

### ४.२.५ आदर्श-राघव महाकाव्यमा रौद्र रसाभिव्यक्ति

शत्रुको अपमानपूर्ण व्यवहार देश र धर्मको अपकार तथा गुरु र आत्मीय जनको अपमानबाट रौद्र रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव क्रोध हो । अनिष्टकर्ता, विरोधी वा शत्रु यसका आलम्बन विभाव; विपक्षीको अनुचित काम, बल, अपमान, कठोर बोली आदि उद्दीपन विभाव; मुख र आँखा रातो पार्नु, ओठ टोक्नु, दाह्रा किट्नु, हतियार समाउनु आदि अनुभाव; कठोरता, उग्रता, स्मृति, आवेग आदि सञ्चारी भाव हुन् । उदाहरण

भेरी दुन्दुभि शङ्ख वाद्यहरूको थर्काउने नादले,
घन्काई नभ, हाँकिए समरमा सेनाहरू रामले ।
निस्क्यो राक्षसवर्ग गर्व-मदले उम्लेर भेलै सरी,
दोहरै भिडिए, रणाङ्गणमहाँ संहार-वेदी गरी ॥ (आ.रा. ११।३७)

प्रस्तुत काव्यांशमा रामका लागि राक्षस तथा राक्षसका लागि राम विषयालम्बन विभाव, रामका लागि राम तथा राक्षसका लागि राक्षस आश्रयालम्बन विभाव; रामका लागि अहंकारको मदले उम्लेर भेलै सरी आएका राक्षसका समूह तथा राक्षसका लागि रामले नगरा, ढोल, शङ्ख आदि वाद्यहरूको नादले आकाश घन्काउँदै सेनाहरू सहित आउनु उद्दीपन विभाव; दोहोरो भिडन्त हुनु कायिक अनुभाव अनि उत्साह, चिन्ता, विस्मय आदि व्यभिचारी भावले क्रोध स्थायी भाव प्रकट गरेको हुँदा प्रस्तुत काव्यांशमा रौद्र रस अभिव्यक्त भएकाले विवेच्य महाकाव्यमा रौद्र रसभिव्यक्ति भएको छ ।

### ४.२.६ आदर्श-राघव महाकाव्यमा भयानक रसाभिव्यक्ति

डरलाग्दो वस्तु वा दृश्य देख्नाले वा सम्झनाले भयानक रस उत्पन्न हुन्छ । यसको स्थायी भाव भय हो । यसमा अन्धकार, एकान्त, बाघ, भालु आदि हिंस्रक जन्तु, मसान, भूत, प्रेत, डरलाग्दो वस्तुको सम्झना आदि आलम्बन विभाव; डरलाग्दा

वस्तुका क्रियाकलाप एकान्त आदि उद्दीपन विभाव; जीउ सिरिङ्ग हुनु, रौं ठाडा हुनु, काम्नु, पसिना आउनु, रुनु, कराउनु, भाग्नु आदि अनुभाव; दुःख, शोक, डर, घृणा आदि सञ्चारी भावका रूपमा आउँछन् । उदाहरण

"हिँड हिँड दगुरौं लौ, धेर टाढा छ बाटो,
कपटसहित फेर्ला दुष्टले आज साटो" ।
भनी, तुलबुलिएको चित्तलाई सम्हाली,
फटफट गरी फड्की, दौड्नु भो फाल-हाली ।। (आ.रा. ६।६४)

प्रस्तुत काव्यांशमा एकान्त कुटीमा एक्लै भएकी सीताको सम्झना विषयालम्बन विभाव, राम र लक्ष्मण आश्रयालम्बन विभाव; एक्ली सीताभन्दा धेरैपर पुगेको अनि कपटी दुष्टहरूको छलकपट उद्दीपन विभाव; मनमा तुलबुल भई छिटो दगुरौं भन्ने विचार अभिव्यक्त हुनु मानसिक/वाचिक अनुभाव तथा फटाफट हिँड्नु, दौड्नु कायिक अनुभाव अनि चिन्ता, विस्मय, घृणा आदि व्यभिचारी भावले भय स्थायी भावको प्रकटीकरण गरेको छ, जसले प्रस्तुत श्लोकमा भयानक रस अभिव्यक्त भएको छ । अतः विवेच्य महाकाव्यमा भयानक रसाभिव्यक्ति भएको ठहर्छ ।

### ४.२.७ आदर्श-राघव महाकाव्यमा बीभत्स रसाभिव्यक्ति

घृणित वस्तुलाई देखेर वा सम्झेर हुने घृणाबाट बीभत्स रस उत्पन्न हुन्छ । यसको स्थायी भाव घृणा हो । घृणा उत्पन्न गर्ने वस्तु वा प्राणी, सडेगलेको, मलमूत्र, रगत, पीप आदि आलम्बन विभाव; घृणोत्पादक वस्तुको दुर्गन्ध, कुत्सित र विकृत रूप उद्दीपन विभाव; आँखा चिम्लनु, नाक थुन्नु, मुख अर्को तर्फ फर्काउनु, थुक्नु आदि अनुभाव अनि आवेग, ग्लानी, चिन्ता घृणा आदि साञ्चारी भाव हुन् । उदाहरण

हुन्थे कम्पित गैह्र लोक, जसको, ज्वाला सरी दृष्टिमा,
घुम्थे राक्षस आड पाइ जसको थर्काउँदै सृष्टिमा ।
सोही सोतर भै लड्यो धरणिमा, दुर्दृश्य अर्कै भयो,
हाहाकार विदीर्ण भीषण भयो वीभत्स संसार यो ॥ (आ.रा. ११।५२)

प्रस्तुत हरफमा रावणको लाश आलम्बन विभाव; रावणको छिया छिया भएको भीषण लाश उद्दीपन विभाव; हाहाकार मच्चिनु, घिन मान्नु अनुभाव अनि घृणा, आवेग, डर आदि सञ्चारी भावले घृणा स्थायी भावलाई प्रकट गरेको छ । जसले प्रस्तुत हरफमा बीभत्स रस अभिव्यक्त भएको छ । अतः विवेच्य महाकाव्यमा बीभत्स रसाभिव्यक्ति भएको प्रमाणित हुन्छ ।

### ४.२.८ आदर्श-राघव महाकाव्यमा अद्भुत रसाभिव्यक्ति

अलौकिक अथवा विचित्र वस्तु, दृश्य वा घटनालाई देखी, सुनी उत्पन्न हुने विस्मयात्मक चित्तवृत्ति अद्भुत रस हो । यसको स्थायी भाव विस्मय/आश्चर्य हो । अलौकिक वा अनौठो विषय वा वस्तु आलम्बन विभाव; वस्तु वा विषयको महिमा, चमत्कार आदि उद्दीपन विभाव; पसिना, रोमाञ्च, आँखा फैलाउनु आदि अनुभाव अनि त्रास, जडता आदि सञ्चारी भाव हुन् । उदाहरण

हर-हर बल्दो मुस्लो
सरी लठारो घिसारि यी वीर ।
घर-घर घुम्दै आगो
लाउन लागे, अहो ! महाधीर ॥ (आ.रा. १०।५१)

प्रस्तुत काव्यांशमा हनुमान् आलम्बन विभाव; पुच्छरमा कपडाको लठारो बनाई तेल खन्याएर बाँधी दिई आगो सल्काइएका हनुमानले लङ्काका घर घर घुमी हर हर बल्दो मुस्लाले आगो लगाउनु उद्दीपन विभाव; रोमाञ्च, आँखा फैलाउनु, विस्मयित हुनु आदि अनुभाव अनि त्रास, चपलता, कौतुहल आदि सञ्चारी भावले विस्मय स्थायी भावको प्रकट गरेको छ । जसले प्रस्तुत काव्यांशमा अद्भूत रस अभिव्यक्त भएको छ । अतः विवेच्य महाकाव्यमा अद्भुत रसाभिव्यक्ति समेत भएको छ ।

### ४.२.९ आदर्श-राघव महाकाव्यमा शान्त रसाभिव्यक्ति

सांसारिक अनित्यता र निस्सारताको बोधबाट उत्पन्न हुने रस शान्तरस हो । वैराग्य वा निर्वेद नै यस रसको स्थायी भाव हो । सांसारिक अनित्यता, तात्विक ज्ञान,

वैरागी भावना, उपदेश वाक्य आदि यसका आलम्बन विभाव हुन् । आध्यत्मिक चिन्तन, तीर्थयात्रा, सत्सङ्ग आदि उद्दीपन विभाव हुन् । त्याग र तपस्या, ब्रह्म चिन्तन, दान-व्रत आदि अनुभाव हुन् भने हर्ष, भक्ति, धैर्य आदि सञ्चारी भाव हुन् । उदाहरण

गृह, देह, कुटुम्ब, सन्तति,
सब याहींतक हुन् भएजति ।
परको पथलाई सांबल
बल हो, निर्मल धर्म केवल ॥ (आ.रा. ५।३६)

प्रस्तुत कवितांशमा घर, शरीर, नातागोता, सन्तान सबै अनित्य छन्, सबैले एकदिन मर्नु नै पर्छ भन्ने ज्ञान आलम्वन विभाव; परलोकको मार्गमा निर्मल धर्म सञ्चय एक मात्र वल भएको चिन्तन उद्दीपन विभाव; धर्म सञ्चयको आग्रह अनुभाव अनि धैर्य, दैन्य आदि सञ्चारी भावले निर्वेद/वैराग्य स्थायी भावलाई प्रकट गरेको छ । जसले प्रस्तुत कवितांशमा शान्त रस अभिव्यक्त गरेको छ । अतः विवेच्य महाकाव्यमा शान्त रसाभिव्यक्ति भएको छ ।

यसप्रकार आदर्श राघव महाकाव्यमा नव रसको यथा योग्य प्रयोग भएको देखिन्छ । जसले आचार्य विश्वनाथको समग्र रसाभिव्यक्तिको अनुप्रयोग विवेच्य महाकाव्यमा गरिएको पुष्टि भएको छ ।

### ४.२.१० आदर्श राघव महाकाव्यको अङ्गीरस

आचार्य विश्वनाथले महाकाव्यमा अङ्ग रस र अङ्गी रसको व्यवस्था गरेका छन् भने श्रृङ्गार, वीर र शान्त रस मध्ये कुनै एक रस अङ्गी हुने मान्यता समेत राखेका छन् । विवेच्य महाकाव्यको उपजीव्य स्रोत वाल्मीकि रामायण भएको अनि त्यसमा करुण रस नै अङ्गी रस भएको स्वीकारोक्ति विद्वान्हरूको रहेको छ । यसै सन्दर्भमा *आदर्श-राघव* महाकाव्यको अङ्गी रसका बारेमा देखा परेका विकल्पको चर्चा एवम् विश्लेषण गर्दै अङ्गी रस पहिचान गर्ने चेष्टा यहाँ गरिएको छ ।

आदर्श राघवमा करुण रस नै अङ्गी रसका रूपमा अभिव्यक्त छ भन्ने विद्वान्हरू पनि रहेका छन् । ती मध्ये प्रमुख एक अनुसन्धाताको तर्क यस्तो रहेको छ ।

"'आदर्श-राघव' महाकाव्यको मूल रस 'करुण' मान्नमा कुनै आपत्ति छैन, किनभने आनन्दवर्धनले 'ध्वन्यालोक' ग्रन्थमा रसको विवेचना गर्ने प्रसङ्गमा *रामायण* को प्रबन्धात्मक अङ्गी रस 'करुण' नै मानेका छन्" (अधिकारी, २०६३,) । यिनले गरेको विश्लेषण, तर्क र प्रमाणको अध्ययन विश्लेषण गर्दा सहमतिको दरिलो आधार फेला परेको छैन । यिनको विश्लेषणअनुसार आदर्श राघव महाकाव्यको उपजीव्य कथानक स्रोत रामायण हो; त्यसमा अङ्गीरसका रूपमा करुण रसको अभिव्यक्ति भएको छ; भनी आनन्द वर्धनको 'ध्वन्यालोक' ग्रन्थमा समेत उल्लेख भएको छ, भन्ने यिनको यो तर्क र प्रमाण स्वयं रामायणको अङ्गीरस निरूपणमा अकाट्य रहन्छ तर आदर्श राघवका लागि रहँदैन । अझ रामायणका सन्दर्भमा स्वयं वाल्मीकिले रामायणमा करुण रसको अङ्गीत्व मात्र स्वीकारेका छैनन् । बर अन्य सबै रस करुणबाट उत्पन्न हुने मान्दै करुण रसलाई एक मात्र रसका रूपमा समेत व्याख्या गरेका छन् । जे होस् हाम्रो अध्ययनको प्रसङ्गअनुसार अधिकारीको उपर्युक्त तर्कमा सहमत हुन सक्ने/नसक्ने आधारहरू यसप्रकार रहेका छन् । आदर्श-राघवको उपजीव्य स्रोत रामायण हो भन्ने सबैको मत स्वीकार्य नै भए तापनि विवेच्य महाकाव्य रामायणको अनुवाद होइन । यसमा योगवाशिष्ठको कथादि अनि चन्द्र-चरितका मौलिकता तथा दृष्टिकोण समेत खचाखच भरिएको छ । अनि घटनाले रससँग पूर्ण अन्योन्याश्रित सम्बन्ध कायम गर्न सक्दैन त्यसमा त्यो घटनालाई हेर्ने दृष्टिकोणले बढी महत्त्व बोकेको हुन्छ । उदाहरणका लागि मानौं कुनै व्यक्तिको मृत्यु भएको घटना स्थलमा धेरै मानिसहरू रहेका छन् । त्यहाँ मृत्युको कारणले शोक स्थायी भाव प्रकट भई सबैले करुण रसाभिव्यक्ति मात्र गर्दछन् भन्नु अतार्किक ठहर्छ । अधिकांशलाई करुणा लागे पनि त्यही घटनाले अर्कोलाई अहो अघि भर्खर बोलेर आएको थिएँ भनी आश्चर्य लाग्न, अर्कोलाई लास देखेर भय उत्पन्न हुन, अर्कालाई उसको विकृत अनुहार देखेर हाँसो उठ्न, अर्कालाई उसको आश्रित परिवारको दुर्दशा देखेर दैवसँग क्रोध उठ्न अनि अर्कालाई हेर ! अघिसम्म के-के न गर्छु भनेर खटिरहेको थियो आखिर के लान पायो जस्तो भाव आई वैराग्य उत्पन्न हुन समेत सक्दछ फलस्वरूप करुणका अतिरिक्त अन्य अन्य रसाभिव्यक्ति समेत

हुन सक्ने अवस्था रहेको हुन्छ । अतः विवेच्य महाकाव्यमा अधिकारीको मतलाई आधार बनाई करुण रसलाई अङ्गी रस स्वीकारी अध्ययनलाई विट मार्नु असान्दर्भिक देखिन्छ ।

अर्काथरी विद्वान्हरूले 'आदर्श-राघव' महाकाव्यमा शान्त रस अङ्गी रसका रूपमा अभिव्यक्त भएको मानेका छन् । तीमध्ये प्रमुख एक विद्वान्को मत यसप्रकार रहेको छ - "यस (आदर्श-राघव) महकाव्यमा शान्त रसलाई अङ्गी रसका रूपमा र श्रृङ्गार, वीर, करुण, रौद्र, भयानक, अद्भुत, बीभत्स आदि अन्य रसलाई अङ्ग रसका रूपमा प्रयोग गर्ने शास्त्रीय झुकाउ पनि देखाइएकै छ" (अवस्थी, २०६४, पृ.१२७) । स्पष्ट रूपमा शान्त रसलाई अङ्गी रसका रूपमा व्यक्त गरे तापनि सोको पुष्टि तथा कारण दिनु आवश्यक ठानिएको छैन । अतः कारण तथा प्रमाणविना आँखा चिम्लिएर शान्त रसलाई यसरी अङ्गी रस स्वीकार्न वा नस्वीकार्न सकिदैन । अतः विवेच्य प्रमुख सन्दर्भ ग्रन्थ *आदर्श-राघव* महाकाव्यकै अध्ययन विश्लेषण गरी अङ्गी रस पहिचान गर्ने प्रयास गरिएको छ ।

कुनै पनि ग्रन्थ वा कृतिको तात्पर्य निर्णय गर्नुपर्दा त्यसको उपक्रम (आरम्भ), उपसंहार (अन्त्य), अभ्यास, अपूर्वताफल लगायत उद्देश्य समेतको आधार लिनु पर्ने मान्यता रहेको छ । अतः यिनको विश्लेषणबाट अङ्गीरसको निरूपणमा सहजता, तार्किकता, वैज्ञानिकता एवम् आधिकारिकता प्राप्त हुने विश्वास अनुरूप सोतर्फ प्रवृत्त भई अध्ययन गरिएको छ । महाकाव्यको प्रथम श्लोकमा सगुण रूपमा पशुपतिनाथलाई सम्झदा होस् अथवा निर्गुण रूपमा ब्रह्मको उपासना गर्दा होस् दुवै अवस्थामा शान्त रस नै अभिव्यक्त भएको छ ।

महाकाव्यको विषयवस्तुका आधारमा आउने अन्तिम श्लोकमा यसप्रकार शान्त रस नै अभिव्यक्त भएको छ ।

योग-कलाको महिमा
संयोग वियोगको योग ।
श्रीरामलाइ हुन गो
विस्मय वैराग्यको योग । (आ.रा. १६।८५)

यसप्रकार सीताले सङ्कल्प मात्रै गर्दा उनको आत्मा अणु-अणु भई तुरुन्त राममा मिल्न गएको अनि शरीर पञ्चतत्त्वमै मिलेको घटनाले रामलाई योग विद्याको महिमा अनि सीतासँगको संयोग भन्ने वा वियोग भन्ने अथवा दुवैको योग भन्ने अर्थात् संयोग भनौं भने सीताको इहलीला समाप्त भएको छ, भौतिक रूपमा वियोग भएको छ तथा वियोग भनौं भने पूर्ण आत्मिक मिलन/एकता (त्यो तिमी हौ/सीता नै तिमी हौ) को ज्ञान भएको छ । अतः दुवैको योग भन्ने आश्चर्यले रामलाई वैराग्यमा लगी जोडेको छ । यहाँ सीताको वियोग आलम्बन विभाव; संयोग र वियोगको योग, उद्दीपन विभाव; तत्त्वज्ञान अनुभाव, आश्चर्यादि, व्यभिचारी भावले वैराग्य स्थायी भावलाई प्रकट गरेकाले शान्त रस अभिव्यक्त भएको छ ।

कथानक मात्र नभई पूर्ण अन्तिम प्रसङ्गलाई समेत विश्लेषण गर्ने हो भने *श्रीमद् भागवत*मा 'वेदस्तुति' का लागि मात्र प्रयोग गरिएको नरकुटक/कुटक छन्दको केवल यही जयजयकारका १० श्लोकमा प्रयोग गरिएको छ । जसरी वेदस्तुतिमा तत्त्वज्ञान र शान्त रसको प्रसङ्ग आएको छ त्यसै गरी राम र सीताको जय-जयकारले शान्त रसाभिव्याक्तिमै भूमिका वहन गरेको छ ।

महाकाव्यका बिचका सर्ग तथा प्रसङ्गमा समेत कयौं स्थानमा शान्त रसको आवृत्ति भएको छ । यो नै अपूर्वता समेत हो । अनि विवेच्य महाकाव्यको उद्देश्य मोक्ष भएकोले मोक्षलाई अभिव्यक्त गर्ने एक मात्र रस शान्त रसलाई अङ्गी रस मान्दा न्याय हुने देखिएको छ ।

यद्यपि विकल्पमा आएको करुण रसको प्रमुख अभिव्यक्ति राम वनवास प्रसङ्ग, दशरथको मृत्युको प्रसङ्ग, सीताहरणको प्रसङ्ग, सीता त्यागको प्रसङ्ग अनि सीतान्तर्धानका प्रसङ्गमा समेत भएको पाइन्छ तथापि ती प्रसङ्गलाई तुरुन्तै शान्तरसका सापेक्षतामा विस्थापित गराइएको छ । जसका लागि महाकाव्यकार सिग्द्याललले ठूलो कसरत गरी स्वाभाविक तुल्याएको पाइन्छ । सायद यो उनको करुण रस अङ्गी रस बन्न नसक्ने आचार्य विश्वनाथको मतको अनुप्रयोग गर्ने उद्देश्यबाट अभिप्रेरित समेत हुन सक्ने देखिएको छ ।

यस प्रकार शान्त रसलाई अङ्गी रसका रूपमा अभिव्यक्त गरी अन्य सबै रसको प्रयोग गरिएको प्रस्तुत महाकाव्य रस विधानका दृष्टिमा आचार्य विश्वनाथको सिद्धान्त अनुरूप रहेको पाइन्छ ।

## ४.३ 'आदर्श-राघव' महाकाव्यको लय विधान

लय वा छन्दोबद्धता महाकाव्यको एक महत्त्वपूर्ण तत्त्व हो । वृत्त तथा जातिका भेदले समेत विभाजित विविध छन्दको प्रयोग गर्दै महाकाव्यको रचना भएको हुन्छ । आचार्य विश्वनाथका अनुसार महाकाव्यका प्रत्येक सर्गमा एक छन्द वा नाना छन्दको प्रयोग गरे पनि अन्त्यमा छन्द परिर्वतन गरियोस् भन्ने सिद्धान्त रहेको छ । छन्दको सामान्य परिचय दिई, यस महाकाव्यमा प्रयुक्त लयविधानको अध्ययन गर्दै आदर्श राघवमा सर्गगत छन्द प्रयोगको विश्लेषण गरी प्रत्येक छन्दको विस्तार समेतको अध्ययन गर्दै विश्वनाथको छन्द प्रयोगको कसीमा घोटी मूल्याङ्कन गर्नु उपयुक्त भएकोले सोही अनुसार अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### ४.३.१ लय/छन्दको सैद्धान्तिक परिचय

छन्दलाई पूर्वीय साहित्य शास्त्रमा वर्णमात्रिक र मात्रिक गरी विभाजन गरिएको पाइन्छ । जहाँ वर्णको ह्रस्व र दीर्घको आधारमा गण छुट्याई लय निर्माण गरिन्छ त्यसलाई वर्णमात्रिक छन्द भनिन्छ भने मात्राको गणना गरी लय छुट्याउँदा मात्रिक छन्द भनिन्छ । सामान्यतया उच्चारण गर्दा तुलनात्मक रूपमा थोरै समय लाग्ने अक्षरलाई ह्रस्व र धेरै समय लाग्ने अक्षरलाई दीर्घ मानिन्छ । यसलाई मूर्त रूपमा व्यक्त गर्दा व्यञ्जन वर्णको पछाडि जोडिएर वा स्वतन्त्र रूपमा अ, इ, उ तथा ऋ स्वरवर्ण रहँदा उक्त अक्षर ह्रस्व हुन्छ भने तदतिरिक्त आ, ई, ऊ, ए, ऐ, ओ, औ जस्ता स्वर वर्ण रहँदा उक्त अक्षर दीर्घ हुन्छ । कुनै पनि अक्षरको पछाडि संयुक्त व्यञ्जन रहँदा त्यो संयुक्त वर्णले अघिल्लो ह्रस्व स्वरलाई समेत दीर्घ नै बनाउँदछ अनि विसर्ग (:)ले सो अघिको अक्षरलाई दीर्घ बनाउँदछ भने कुनै पनि पाउको अन्तिम अक्षरलाई ह्रस्व भए तापनि आवश्यकता अनुसार दीर्घ समेत मान्न सकिने नियम छन्दशास्त्रमा उल्लेख भएको पाइन्छ । ह्रस्व अक्षरलाई (।) र दीर्घ अक्षरलाई (ऽ) सङ्केतले बुझाउने

प्रचलन समेत छन्द शास्त्रमा पाइको छ । यही मान्यता अनुरूप गण सङ्केत समेत निर्माण गरिएको छ ।

तीन-तीन अक्षरको समूहलाई गण भनिन्छ । यस्ता गणहरू आठ प्रकारका छन् । दीर्घ अक्षरको अवस्थितिका आधारमा भगण, जगण र सगण निर्धारित हुन्छन् । यी तीनै ओटा गणमा दीर्घ अक्षर (ऽ) एउटा मात्र हुन्छन् भने बाँकी दुई अक्षर ह्रस्व (।) हुन्छन् । सुरुको अक्षर दीर्घ हुँदा भगण (ऽ।।), बीचको अक्षर दीर्घ हुँदा जगण (।ऽ।) तथा अन्तिम अक्षर दीर्घ हुँदा सगण (।।ऽ)को निर्माण हुन्छ । त्यसै गरी ह्रस्व अक्षरको अवस्थितिका आधारमा यगण, रगण र तगण निर्धारित हुन्छन् । सुरुको अक्षर ह्रस्व हुँदा यगण (।ऽऽ), बीचको अक्षर ह्रस्व हुँदा रगण (ऽ।ऽ) तथा अन्तिम अक्षर ह्रस्व हुँदा तगण (ऽऽ।)को निर्माण हुन्छ । त्यसै गरी तीनवटै अक्षर दीर्घ हुँदा मगण (ऽऽऽ) र तीनवटै अक्षर ह्रस्व हुँदा नगण(।।।) हुन्छ । गण बन्नका लागि तीनवटा अक्षरको समूह हुनु पर्ने हुँदा छन्दका प्रकृति अनुसार तीन-तीन ओटाका अक्षर समूहका अतिरिक्त एक वा दुई अक्षरसम्म बाँकी रहन सक्ने सम्भावना देखिन्छ । त्यस्तो अवस्थामा ह्रस्वलाई लघु (।) र दीर्घलाई गुरु (ऽ) भनी अन्तिममा दुई लघु, दुई गुरु, लघु गुरु तथा गुरु लघु समेत हुन सक्ने देखिएको छ । यसरी वर्ण/अक्षरको ह्रस्व दीर्घका आधारमा भगण, जगण, सगण, यगण, रगण, तगण, मगण र नगण तथा लघु गुरुको निश्चित क्रममा क्रमबद्ध लयविधान भएका छन्दहरूलाई वार्णिक छन्द भनिन्छ । यस छन्दमा गणका अतिरिक्त गति र यतिको समेत निश्चित विधान गरिएको हुन्छ । निश्चित अक्षरमा विश्राम हुने अवस्थाको जानकारी यतिले प्रदान गर्दछ भने उच्चारणको निश्चित आरोह अवरोहलाई गतिले व्यक्त गर्दछ । जहाँ यति (विश्राम) हुन्छ त्यो अक्षर पदको अन्तिम अक्षर हुनुपर्दछ भन्ने मान्यता यतिको रहेको छ । यदि त्यसो भएन भने यतिभङ्ग भएको मानिन्छ । वार्णिक छन्द पनि सम, अर्धसम र विषम गरी तीन किसिमका हुन्छन् । श्लोकको चारवटै पाउमा समान अक्षर संरचना एवम् नियम भएका समपाद, पहिलो र तेस्रोमा एक नियम तथा संरचना र दोस्रो र चौंथोमा अर्को नियम तथा संरचना हुने अर्धसमपाद अनि चारवटै पाउमा फरक-फरक नियम तथा संरचना हुने विषमपाद वार्णिक छन्द हुन्छन् ।

वर्णको ह्रस्व दीर्घका आधारमा लघु वा गुरु नछुट्याई ह्रस्वलाई १ र दीर्घलाई २ मात्रा भनी मात्राको गणना गरिने लयविधान मात्रिक छन्द हो । झट्ट हेर्दा सङ्केतमा मात्र भिन्नता देखिएको लाग्ने भए तापनि यी दुई छन्दमा तात्त्विक भिन्नता रहेकै छ । वार्णिक छन्दमा अक्षर संख्या बराबर हुनुपर्दछ भने प्रत्येक पाउ/चरणका समान अक्षरहरू ह्रस्व भए ह्रस्व नै तथा दीर्घ भए दीर्घ न हुनुपर्ने अवस्थाको सिर्जना समेत भएको हुन्छ तर मात्रिक छन्दमा समान अक्षर संख्या तथा संरचनाको आवश्यकता नभई केवल जम्मा मात्रा संख्या पुगेमात्र हुन्छ । मात्रिक छन्द पनि सम, अर्धसम र विषम गरी तीनै प्रकारका हुन्छन् ।

### ४.३.२ आदर्श-राघव महाकाव्यमा प्रयुक्त छन्दहरू र तिनका व्याप्ति

आदर्श-राघव महाकाव्यको लय विधानका क्रममा के कस्ता छन्दहरू कसरी प्रयोग भएका छन् भन्ने सन्दर्भमा अध्ययन गर्दा महाकाव्यकार सोमनाथ सिग्द्यालले प्रत्येक छन्दको सुरुमा र छन्द परिवर्तन हुँदा समेत छन्दको नाम उल्लेख गरेको पाइन्छ । यसले महाकाव्यमा प्रयुक्त छन्दको संख्या र छन्द निर्धारणमा समेत सहयोग गरेको छ । छन्द प्रयोगको अध्ययन गर्दा आदर्श-राघव महाकाव्यमा २१ वटा वर्णमात्रिक र दुईवटा मात्रिक छन्दको प्रयोग भएको पाइन्छ । विवेच्य महाकाव्यमा प्रयुक्त २१वटा वर्णमात्रिक छन्दहरूमा वसन्ततिलका, स्वागता, मालिनी, इन्द्रवंशा, पञ्चचामर, पृथ्वी, हरिणी, पुष्पिताग्रा, मन्दाक्रान्ता, वियोगिनी, स्रग्धरा, द्रुतविलम्वित, प्रहर्षिणी, मत्तमयूर, शार्दूलविक्रीडित, भुजङ्गप्रयात, स्रग्विणी, शालिनी, अनुष्टुप्, शिखरिणी र कुटक तथा दुईवटा मात्रिक छन्दमा गीति र उपगीति गरी जम्मा २३वटा छन्दहरूको प्रयोग भएका छन् । आचार्य विश्वनाथको छन्द सम्बन्धी मान्यताको अनुपालन भए नभएको अध्ययन विश्लेषणका लागि सर्गगत रूपमा क्रमशः प्रयोग भएका छन्द र श्लोकसंख्याको विवरण तल प्रस्तुत गरिएको छ ।

| सर्ग | छन्द | छन्दको व्याप्ति | श्लोक संख्या | सर्गान्तमा छन्द परिवर्तन | सर्गमा प्रयुक्त छन्द संख्या |
|---|---|---|---|---|---|
| प्रथम | वसन्ततिलका | १–६७ सम्म | ६७ | भएको | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्वागता | ६८–७२ | ५ | | |
| | मालिनी | ७३ औं श्लोक | १ | | |
| द्वितीय | इन्द्रवंशा | १–७३ | ७३ | भएको | ३ |
| | वसन्ततिलका | ७४–७६ | ३ | | |
| | पञ्चचामर | ७७ | १ | | |
| तृतीय | पृथ्वी | १–५६ | ५६ | भएको | ४ |
| | मालिनी | ५७–५९ | ३ | | |
| | स्वागता | ६० | १ | | |
| | हरिणी | ६१ | १ | | |
| चतुर्थ | पुष्पिताग्रा | १–७३ | ७३ | भएको | ३ |
| | मन्दाक्रान्ता | ७४–७७ | ४ | | |
| | वसन्ततिलका | ७८–७९ | २ | | |
| पञ्चम | वियोगिनी | १–५९ | ५९ | भएको | ३ |
| | स्रग्धरा | ६० | १ | | |
| | हरिणी | ६१ | १ | | |
| षष्ठ | मालिनी | १–६४ | ६४ | भएको | २ |
| | मन्दाक्रान्ता | ६५ | १ | | |
| सप्तम | मन्दाक्रान्ता | १–४९ | ४९ | भएको | २ |
| | पृथ्वी | ५०–५४ | ५ | | |
| अष्टम | द्रुतविलम्वित | १–५० | ५० | भएको | ३ |
| | पृथ्वी | ५१–५४ | ४ | | |
| | हरिणी | ५५ | १ | | |
| नवम | प्रहर्षिणी | १–६१ | ६१ | भएको | ३ |
| | पृथ्वी | ६२–६३ | २ | | |
| | स्रग्धरा | ६४ | १ | | |
| दशम | गीति | १–६२ | ६२ | भएको | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | मत्तमयूर | ६३–६४ | २ | | |
| | अज्ञात | ६५ | १ | | |
| एकादश | शार्दूलविक्रीडित | १–६८ | ६८ | भएको | २ |
| | वसन्ततिलका | ६९ | १ | | |
| द्वादश | मत्तमयूर | १–५४ | ५४ | भएको | ३ |
| | पञ्चचामर | ५५–५६ | २ | | |
| | पृथ्वी | ५७ | १ | | |
| त्रयोदश | हरिणी | १–५५ | ५५ | भएको | २ |
| | वसन्ततिलका | ५६–५८ | ३ | | |
| चतुर्दश | भुजङ्गप्रयात | १–५१ | ५१ | भएको | ३ |
| | मत्तमयूर | ५२–५३ | २ | | |
| | स्रग्धरा | ५४ | १ | | |
| पञ्चदश | गीति | १–१० | १० | भएको | ९ |
| | स्रग्विणी | ११–२० | १० | | |
| | शालिनी | २१–२५ | ५ | | |
| | पुष्पिताग्रा | २६–३५ | १० | | |
| | अनुष्टुप् | ३६–४८ | १३ | | |
| | शिखरिणी | ४९–५६ | ८ | | |
| | पृथ्वी | ५७–६१ | ५ | | |
| | पञ्चचामर | ६२–६९ | ८ | | |
| | वसन्ततिलका | ७०–७३ | ४ | | |
| षोडश | उपगीति | १–८७ | ८७ | भएको | २ |
| | कुटक | ८८–९७ | १० | | |

उपर्युक्त विवरणबाट आदर्श-राघव महाकाव्यमा १६ सर्गका १०६२ श्लोकमा २१ वटा वर्णमात्रिक र २ वटा मात्रिक छन्दको प्रयोग भएको देखिन्छ । यसैगरी सबैभन्दा कम ५४ श्लोक ( सातौं र चौधौं सर्ग)देखि ९७ श्लोक(१६ सर्ग)सम्मको विस्तार समेत विवेच्य महाकाव्यमा पाइएको छ ।

पूर्वीय महाकाव्य मान्यता अनुरूप प्रस्तुत महाकाव्यमा प्रत्येक सर्गको अन्त्यमा छन्द परिवर्तन गरिएको पाइन्छ । परिवर्तित छन्दको श्लोक विस्तार निम्नानुसार रहेको छ । न्यूनतम एक श्लोकले सर्गान्तमा छन्द परिवर्तन गरिएका सर्गहरूमा सर्ग-१, २, ३, ५, ६, ८, ९, १०, ११, १२ र १४ गरी जम्मा एघारओटा; दुई श्लोकले सर्गान्तमा छन्द परिवर्तन गरिएको एकमात्र सर्ग चौँथो सर्ग; तीन श्लोकले सर्गान्तमा छन्द परिवर्तन गरिएको एकमात्र सर्ग १३औं सर्ग; चार श्लोकले सर्गान्तमा छन्द परिवर्तन गरिएको एकमात्र सर्ग १५औं सर्ग; पाँच श्लोकले सर्गान्तमा छन्द परिवर्तन गरिएको एकमात्र सर्ग सातौं सर्ग तथा अधिकतम १० श्लोकले सर्गान्तमा छन्द परिवर्तन गरिएको एकमात्र सर्ग १६औं सर्ग रहेका छन् । जे जति श्लोकले सर्गान्तमा छन्द परिवर्तन भए तापनि विवेच्य महाकाव्यमा सर्गान्तमा छन्द परिवर्तन गर्नु पर्ने पूर्वीय महाकाव्य सिद्धान्तको पालना गरिएको नै छ ।

पूर्वीय महाकाव्य चिन्तनमा कतिपय दण्डी लगायतका चिन्तकहरूले सर्गान्तमा परिवर्तित छन्द बाहेक एउटा सर्गमा एउटामात्रै छन्दको प्रयोग हुनुपर्ने मान्यता अघि सारेका भए तापनि अन्य चिन्तकको मतमा एक सर्गमा अनेक छन्दको प्रयोग गरिनु पर्ने मान्यता रहेको छ । आचार्य विश्वनाथका अनुसार एक सर्गमा एक छन्द वा नाना छन्दको प्रयोग गरिए पनि सर्गान्तमा छन्द परिवर्तन हुनु पर्ने मान्यताले सिद्धान्त समायोजन गरे झैं सो-मान्यताको विवेच्य महाकाव्यमा अनुप्रयोग भएको पाइन्छ । एउटा सर्गमा सर्गान्तमा परिवर्तित छन्द बाहेक एकमात्र छन्दको प्रयोग गरी ६, ७, ११, १३ र १६औं सर्गको रचना भएको छ भने बाँकी ११वटै सर्गमा अनेक छन्दको प्रयोग गरेका छन् । सर्गान्तमा परिवर्तित एक छन्दका अतिरिक्त ६, ७, ११, १३ र १६ गरी पाँच सर्गमा एकमात्र छन्दको; १, २, ४, ५, ८, ९, १०, १२ र १४ गरी नौ सर्गमा दुईवटा छन्दको; तेस्रो सर्गमा तीनवटा छन्दको तथा १५औं सर्गमा अधिकतम आठओटा छन्दको प्रयोग भएको छ ।

यसरी पूर्वीय महाकाव्य सिद्धान्तको अनुपालन गर्दै छन्द प्रयोग गर्ने क्रममा छन्दको नाम उल्लेख नगरी दशम सर्गको ६५औं श्लोक २२अक्षरीय छन्द ढाँचामा तगण, भगण, यगण, जगण, सगण, रगण, नगण र एक गुरुको संरचनामा नव प्रयोग

गरी रचिएको छ । विवेच्य महाकाव्यमा छन्दहरूको समान व्याप्ति भएको पाइँदैन । जसको विवरण निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

| छन्द | सर्ग | श्लोक व्याप्ति | श्लोक संख्या | जम्मा श्लोक सं. |
|---|---|---|---|---|
| वसन्ततिलका | १ | १–६७ | ६७ | |
| | २ | ७४–७६ | ३ | |
| | ४ | ७८–७९ | २ | |
| | ११ | ६९ | १ | |
| | १३ | ५६–५८ | ३ | |
| | १५ | ७०–७३ | ४ | ८० |
| स्वागता | १ | ६८–७२ | ५ | |
| | ३ | ६० | १ | ६ |
| मालिनी | १ | ७३ | १ | |
| | ३ | ५७–५९ | ३ | |
| | ६ | १–६४ | ६४ | ६८ |
| इन्द्रवंशा | २ | १–७३ | ७३ | ७३ |
| पञ्चचामर | २ | ७७ | १ | |
| | १२ | ५५–५६ | २ | |
| | १५ | ६२–६९ | ८ | ११ |
| पृथ्वी | ३ | १–५६ | ५६ | |
| | ७ | ५०–५४ | ५ | |
| | ८ | ५१–५४ | ४ | |
| | ९ | ६२–६३ | २ | |
| | १२ | ५७ | १ | |
| | १५ | ५७–६१ | ५ | ७३ |
| हरिणी | ३ | ६१ | १ | |

| | | | | |
|---|---|---|---|---|
| | ५ | ६१ | १ | |
| | ८ | ५५ | १ | |
| | १३ | १–५५ | ५५ | ५८ |
| पुष्पिताग्रा | ४ | १–७३ | ७३ | |
| | १५ | २६–३५ | १० | ८३ |
| मन्दाक्रान्ता | ४ | ७४–७७ | ४ | |
| | ६ | ६५ | १ | |
| | ७ | १–४९ | ४९ | ५४ |
| वियोगिनी | ५ | १–५९ | ५९ | ५९ |
| स्रग्धरा | ५ | ६० | १ | |
| | ९ | ६४ | १ | |
| | १४ | ५४ | १ | ३ |
| द्रुतविलम्वित | ८ | १–५० | ५० | ५० |
| प्रहर्षिणी | ९ | १–६१ | ६१ | ६१ |
| गीति | १० | १–६२ | ६२ | |
| | १५ | १–१० | १० | ७२ |
| मत्तमयूर | १० | ६३–६४ | २ | |
| | १२ | १–५४ | ५४ | |
| | १४ | ५२–५३ | २ | ५८ |
| शार्दूलविक्रीडित | ११ | १–६८ | ६८ | ६८ |
| भुजङ्गप्रयात | १४ | १–५१ | ५१ | ५१ |
| स्रग्विणी | १५ | ११–२० | १० | १० |
| शालिनी | १५ | २१–२५ | ५ | ५ |
| अनुष्टुप् | १५ | ३६–४८ | १३ | १३ |
| शिखरिणी | १५ | ४९–५६ | ८ | ८ |
| उपगीति | १६ | १–८७ | ८७ | ८७ |

| | | | | |
|---|---|---|---|---|
| कुटक | १६ | ८८–९७ | १० | १० |

उपर्युक्त विवरणबाट आदर्श-राघव महाकाव्यमा इन्द्रवंशा, वियोगिनी, द्रुतविलम्वित, प्रहर्षिणी, शार्दूलविक्रीडित, भुजङ्गप्रयात, स्रग्विणी, शालिनी, अनुष्टुप्, शिखरिणी, उपगीति र कुटक गरी जम्मा २३ छन्दमध्ये १२छन्दको पुनः प्रयोग भएको छैन । त्यस्तै स्वागता, पुष्पिताग्रा र गीति गरी तीन छन्दको दुई पटक प्रयोग गरिएको छ भने तीन पटक प्रयोग गरिएका छन्दहरूमा मालिनी, पञ्चचामर, मन्दाक्रान्ता, स्रग्धरा र मत्तमयूर गरी पाँचवटा छन्द रहेका छन् । त्यस्तै हरिणी छन्दको चार पटक प्रयोग भएको छ भने सबैभन्दा धेरै छ पटकसम्म प्रयोग भएका दुई छन्दहरूमा वसन्ततिलका र पृथ्वी रहेका छन् । एक सर्गमा छन्द परिवर्तन भएपछि पुनः छन्दको प्रयोग गर्दा त्यस सर्गमा प्रयुक्त छन्दहरू दोहोरिएका छैनन् अन्य सर्गमा मात्र ती छन्दहरूको आवृत्ति माथि उल्लेख गरिए बमोजिम भएका छन् । श्लोकगत विस्तारका हिसावले सबैभन्दा कम श्लोक तीनपटक आवृत्ति भएको स्रग्धरा छन्दको ३ श्लोक नै रहेको छ । यसै क्रमानुसार शालिनी ५ श्लोक, स्वागता ६ श्लोक, शिखरिणी ८ श्लोक, कुटक र स्रग्विणी १० श्लोक, पञ्चचामर ११ श्लोक, अनुष्टुप् १३ श्लोक, द्रुतविलम्वित ५० श्लोक, भुजङ्गप्रयात ५१ श्लोक, मन्दाक्रान्ता ५४ श्लोक, मत्तमयूर र हरिणी ५८ श्लोक, वियोगिनी ५९ श्लोक, प्रहर्षिणी ६१ श्लोक, मालिनी र शार्दूलविक्रीडित ६८ श्लोक, गीति ७२ श्लोक, इन्द्रवंशा र पृथ्वी ७३ श्लोक, वसन्ततिलका ८० श्लोक, पुष्पिताग्रा ८३ श्लोक तथा एकपटक मात्र प्रयोग गरिएको उपगीति मात्रिक छन्दमा सर्वाधिक ८७ श्लोकसम्मको व्याप्ति रहेको पाइन्छ । समग्र महाकाव्यको श्लोक संख्या १०६२ र छन्द संख्या २३को समानुपातिक दृष्टिले हुन आउने करिब ४६ श्लोक संख्यालाई मध्यनजर गर्दा स्रग्धरा, शालिनी, स्वागता, शिखरिणी, कुटक, स्रग्विणी, पञ्चचामर र अनुष्टुप् गरी आठ छन्दको प्रयोग श्लोकगत रूपमा कम भएको तथा अन्य छन्दहरूको प्रयोग सन्तोषजनक पाइएको छ ।

### ४.३.३ आदर्श-राघव महाकाव्यमा प्रयुक्त छन्द र तिनका उदाहरण

आदर्श-राघव महाकाव्यको लयविधानको अध्ययनका लागि यसमा प्रयोग भएका २१ वटा वर्णमात्रिक छन्दहरूको गण व्यवस्था, यति, गति एवम् अक्षर संख्याको स्थिति

तथा दुइटा मात्रिक छन्दको मात्रा योजना के कस्तो छ भन्ने अध्ययन विश्लेषणका लागि विवेच्य महाकाव्यमा प्रयुक्त छन्दहरूको एक-एक ओटा श्लोक उदाहरणार्थ प्रस्तुत गरी छन्द योजना देखाउनु आवश्यक भएकाले सोही अनुसार अध्ययन विश्लेषण गरिएको छ ।

क) वसन्ततिलका छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१४

आ) गण र तिनका सङ्केत

| त. | भ. | ज. | ज. | गु.गु. |
|---|---|---|---|---|
| ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ऽऽ |

इ)विश्राम : आठौं र चौधौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | जो विश्व | नायक | विनाय | क एक | रूप |
|---|---|---|---|---|---|
| १. | ऽ ऽ । | ऽ।। | । ऽ । | । ऽ । | ऽ (ऽ) |
| २. | जो अद्रि | तीय ग | णनाथ | सम स्व | रूप |
| | ऽ ऽ । | ऽ । । | । ऽ । | । ऽ । | ऽ (ऽ) |
| ३. | ती विघ्न | राज भ | इ विघ्न | विनाश | कारी |
| | ऽ ऽ । | ऽ । । | । ऽ । | । ऽ । | ऽ ऽ |
| ४. | देव प्र | सन्न मु | खको म | हिमा छ | भारी |
| | ऽ ऽ । | ऽ । । | । ऽ । | । ऽ । | ऽ ऽ |

(आ.रा. १।३)

प्रस्तुत उदाहरणमा छन्दमा आवश्यक गण र लघु-गुरुको आवश्यकताले गर्दा वर्ण विन्यासगत हेरफेर भई तेस्रो पाउमा असमापिका क्रिया भई-लाई भइ बनाइएको छ । पहिलो र दोस्रो पाउका अन्तिम अक्षर प ह्रस्व भए तापनि आवश्कता अनुरूप दीर्घ बनाउन सकिने नियम अनुसार छन्दमिलान उपयुक्त देखिएको छ ।

ख)स्वागता छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–११

आ) गण र तिनका सङ्केत

र. न. भ. गु.गु.

SIS III SII SS

इ)विश्राम : सातौं र एघारौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | चार बा | हु-सम | आयुध | धारी |
|---|---|---|---|---|
| १. | S I S | I I I | S I I | S S |
| २. | योग्य पुत् | र कल | मा, सम | नारी |
| | S I S | I I I | S I I | S S |
| ३. | साथमा | लिइ म | ही-तल | चारी |
| | S I S | I I I | S I I | S S |
| ४. | भूप दे | खिन ग | ए अव | तारी |
| | S I S | I I I | S I I | S S |

(आ. रा. ३ । ६०)

श्लोकको तेस्रो पाउमा लिई-लाई लिइ बनाएर भए पनि छन्द मिलान गरिएकै छ ।

ग)मालिनी छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१५

आ) गण र तिनका सङ्केत

न. न. म. य. य. .

III III SSS ISS ISS

इ)विश्राम : आठौं र पन्ध्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | कमल | कुमुद | पालो, बाँ | धि जागा | भएर |
|---|---|---|---|---|---|
| १. | । । । | । । । | ऽ ऽ ऽ | । ऽ ऽ | । ऽ (ऽ) |
| २. | हरब | खत स | रः श्री, ला | इ रक्षा | गरेर |
| | । । । | । । । | ऽ ऽ ऽ | । ऽ ऽ | । ऽ (ऽ) |
| ३. | कमल | र कम | लाको, बन् | धु शैली | जनाई |
| | ।।। | । । । | ऽ ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ |
| ४. | दिनदि | न दिन | लागे, सू | चना लो | कलाई |
| | ।।। | । । । | ऽ ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ |

(आ. रा. ६ । ६)

घ)इन्द्रवंशा छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१२

आ) गण र तिनका सङ्केत

| त. | त. | ज. | र. |
|---|---|---|---|
| ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ।ऽ |

इ)विश्राम : बाह्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | शोभा थि | यो आश्र | मको म | नोहर |
|---|---|---|---|---|
| १. | ऽ ऽ । | ऽ ऽ । | । ऽ । | ऽ । (ऽ) |
| २. | आभा र | छाया मु | छिंदा स | रोवर |
| | ऽ ऽ । | ऽ ऽ । | । ऽ । | ऽ । (ऽ) |
| ३. | चुर्लुम्म | भै बाल | कसम्म | शान्तिमा |
| | ऽ ऽ । | ऽ ऽ । | । ऽ । | ऽ । ऽ |
| ४. | देखिन्न | थे कम्ति | कदापि | कान्तिमा |
| | ऽ ऽ । | ऽ ऽ । | । ऽ । | ऽ । ऽ |

(आ. रा. २ । ४९)

ङ)पञ्चचामर छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१६

आ) गण र तिनका सङ्केत

| | | | | | |
|---|---|---|---|---|---|
| ज. | र. | ज. | र. | ज. | गु. |
| ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ।ऽ | ।ऽ। | ऽ |

इ)विश्राम : आठौं र सोह्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनाथ | झैं विषा | दमा, नि | मग्न गै | ह्र रैय | त |
| १. | । ऽ । | ऽ । ऽ | । ऽ । | ऽ । ऽ | । ऽ । | (ऽ) |
| २. | सनाथ | भै हुँदै | गए प्र | मोदले | समुन्न | त |
| | । ऽ । | ऽ । ऽ | । ऽ । | ऽ । ऽ | । ऽ । | (ऽ) |
| ३. | गयो वि | शेष रा | पिलो, वि | योग-भो | गको क | था |
| | । ऽ । | ऽ । ऽ | । ऽ । | ऽ । ऽ | । ऽ । | ऽ |
| ४. | चल्यो उ | मेर वृद् | धिको, वि | नोदका | नयाँ क | था |
| | । ऽ । | ऽ । ऽ | । ऽ । | ऽ । ऽ | । ऽ । | ऽ |

(आ. रा. १२ । ५५)

यहाँ चौंथो पाउमा चल्यो शब्दको चभन्दा पछाडि आधा अक्षर ल् भए तापनि त्यसलाई चले लिन सकेको छैन योले नै लिएको छ । जसलाई यको अर्धस्वरको गुण समेत मान्न सकिन्छ । जे होस् छन्द मिलान मिलेको नै छ ।

च)पृथ्वी छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१७

आ) गण र तिनका सङ्केत

| | | | | | |
|---|---|---|---|---|---|
| ज. | स. | ज. | स. | य. | ल.गु. |
| ।ऽ। | ।।ऽ | ।ऽ। | ।।ऽ | ।ऽऽ | ।ऽ |

इ)विश्राम : आठौं र सत्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | सुदीर्घ | खँदिलो | भुजा, न | यन पद् | म भैं पो | षिलो |
|---|---|---|---|---|---|---|
| १. | । ऽ । | । । ऽ | । ऽ । | । । ऽ | । ऽ ऽ | । ऽ |
| २. | उरःस्थ | ल फरा | किलो, क | दमको | कला जो | शिलो |
| | । ऽ । | । । ऽ | । ऽ । | । । ऽ | । ऽ ऽ | । ऽ |
| ३. | मुहार | भरिलो | प्रभा, च | हकिलो | थियो रा | मको |
| | । ऽ । | । । ऽ | । ऽ । | । । ऽ | । ऽ ऽ | । ऽ |
| ४ | उमेर | कलिलो | हुँदा स | ब भयो | नयाँ ना | मको |
| | । ऽ । | । । ऽ | । ऽ । | । । ऽ | । ऽ ऽ | । ऽ |

(आ. रा. ३ । ३४)

छ)हरिणी छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१७

आ) गण र तिनका सङ्केत

| न. | स. | म. | र. | स. | ल.गु. |
|---|---|---|---|---|---|
| ।।। | ।।ऽ | ऽऽऽ | ऽ।ऽ | ।।ऽ | ।ऽ |

इ)विश्राम : आठौं र सत्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | सुजन | हरुमा | ताजा नौ | नी शिला | बति दुष | टमा |
|---|---|---|---|---|---|---|
| १. | । । । | । । ऽ | ऽ ऽ ऽ | ऽ । ऽ | । । ऽ | । ऽ |
| २. | मृदुक | ठिनता | आधा आ | धा मिसा | इ निसर् | गमा |
| | । । । | । । ऽ | ऽ ऽ ऽ | ऽ । ऽ | । । ऽ | । ऽ |
| ३. | अमृत | विषका | मात्रा शो | धी प्रता | पतुषाग् | निमा |
| | । । । | । । ऽ | ऽ ऽ ऽ | ऽ । ऽ | । । ऽ | । ऽ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | नरप | तिहरू | भर्छन् भा | री रसा | यन लो | कमा |
| | । । । | । । ऽ | ऽ ऽ ऽ | ऽ । ऽ | । । ऽ | । ऽ |

(आ. रा. १३ । ३९)

प्रस्तुत श्लोकमा छन्दमिलानका लागि हरू-लाई ह्रस्व तथा दीर्घ दुवै रूपमा क्रमशः पहिलो र चौंथो पाउमा प्रयोग गरिएको छ ।

ज)पुष्पिताग्रा छन्द

अ)प्रत्येक विजोडा (१ र ३) पाउमा हुनु पर्ने अक्षर संख्या–१२

प्रत्येक जोडा (२ र ४) पाउमा हुनु पर्ने अक्षर संख्या–१३

आ) गण र तिनका सङ्केत (विजोडा पाउमा)

| | | | |
|---|---|---|---|
| न. | न. | र. | य. |
| ।।। | ।।। | ऽ।ऽ | ।ऽऽ |

(जोडा पाउमा)

| | | | | |
|---|---|---|---|---|
| न. | ज. | ज. | र. | गु |
| ।।। | ।ऽ। | ।ऽ। | ऽ।ऽ | ऽ |

इ)विश्रामः अन्तिम अक्षरमा

ई)छन्दमिलान

| पाउ | सरस | विरस | फुर्तिला | र ढीला | |
|---|---|---|---|---|---|
| १. | । । । | । । । | ऽ । ऽ | । ऽ ऽ | |
| २. | नव न | व जीव | नका च | लाइ ली | ला |
| | । । । | । ऽ । | । ऽ । | ऽ । ऽ | ऽ |
| ३. | फनन | घुमिर | हन्छ बा | ल-चक्र | |
| | । । । | । । । | ऽ । ऽ | । ऽ (ऽ) | |
| ४. | शिथिल | भई प | छि लिन्छ | चाल वक् | र |
| | । । । | । ऽ । | । ऽ । | ऽ । ऽ | (ऽ) |

(आ. रा. ४ । ३)

झ)मन्दाक्रान्ता छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१७

आ) गण र तिनका सङ्केत

| | | | | | |
|---|---|---|---|---|---|
| म. | भ. | न. | त. | त. | गु.गु. |
| ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽऽ |

इ)विश्राम :चौंथो, दशौं र सत्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | पाई मा | ता, गुरु | अनुज | का, साथ | मा भेट | घाट |
|---|---|---|---|---|---|---|
| १. | ऽ ऽ ऽ | ऽ । । | । । । | ऽ ऽ । | ऽ ऽ । | ऽ (ऽ) |
| २. | पत्नी भ्रा | तासँग | लिइ भ | यो, भाव | ना राम | बाट |
| | ऽ ऽ ऽ | ऽ । । | । । । | ऽ ऽ । | ऽ ऽ । | ऽ (ऽ) |
| ३. | चल्दा पा | रस्परि | क मन | को, भाव | वार्ता प्र | सङ्ग |
| | ऽ ऽ ऽ | ऽ । । | । । । | ऽ ऽ । | ऽ ऽ । | ऽ (ऽ) |
| ४. | वाधा गर् | दै, प्रक | ट हुन | गो, भूप | को स्वर्ग | सङ्ग |
| | ऽ ऽ ऽ | ऽ । । | । । । | ऽ ऽ । | ऽ ऽ । | ऽ (ऽ) |

(आ. रा. ४ । ७७)

श्लोकमा वर्ण विन्यासमा समेत हेरफर गर्दै छन्दमिलान गरिएको भए तापनि दोस्रो र तेस्रो पाउमा क्रमशः भ्रातासँग र पारस्परिक पदलाई भ्राता/सँग र पारस्/परिक बनाएर विश्राम गर्नु पर्ने भएकाले उक्त दुई स्थानमा यतिभङ्ग भएको छ ।

ञ)वियोगिनी छन्द

अ)प्रत्येक विजोडा (१ र ३) पाउमा हुनु पर्ने अक्षर संख्या–१०

प्रत्येक जोडा (२ र ४) पाउमा हुनु पर्ने अक्षर संख्या–११

आ) गण र तिनका सङ्केत (विजोडा पाउमा)

स. स. ज. गु.

।।ऽ ।।ऽ ।ऽ। ऽ

(जोडा पाउमा)

स. भ. र. ल.गु.

।।ऽ ऽ।। ऽ।ऽ ।ऽ

इ)विश्राम:छैटौं र अन्तिम अक्षरमा

ई)छन्दमिलान

| पाउ | जसको | जगमा | खडा भ | एँ |
|---|---|---|---|---|
| १. | । । ऽ | । । ऽ | । ऽ । | ऽ |
| २. | उनकै | नाश-नि | दान मै | भएँ |
| | । । ऽ | ऽ । । | ऽ । ऽ | । ऽ |
| ३. | कदली | तरुको | निमित्त | मा |
| | । । ऽ | । । ऽ | । ऽ । | ऽ |
| ४. | फल नै | घातक | हुन्छ अन् | तमा |
| | । । ऽ | ऽ । । | ऽ । ऽ | । ऽ |

(आ. रा. ५ । २)

ट)स्रग्धरा छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–२१

आ) गण र तिनका सङ्केत

म. र. भ. न. य. य. य.

ऽऽऽ ऽ।ऽ ऽ।। ।।। ।ऽऽ ।ऽऽ ।ऽऽ

इ)विश्राम :सातौं, चौधौं र एक्काइसौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | दाज्यू सस् तै | तपस् | वी, जटि | ल मुनि | बनी, स्था | न छोडी | पुरीको |
|---|---|---|---|---|---|---|---|
| १. | ऽ ऽ ऽ | ऽ । ऽ | ऽ । । | । । । | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | नन्दिग्रा | म-प्रजा | मा, मिलि | त हुन | गई, वा | स रोजी | कुटीको |
| | ऽ ऽ ऽ | ऽ । ऽ | ऽ । । | । । । | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ |
| ३. | पूजी प्या | रो खरा | उ, क्षिति | पति-प | दमा, रा | मको भा | वनाले |
| | ऽ ऽ ऽ | ऽ । ऽ | ऽ । । | । । । | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ |
| ४. | भ्राता आ | दर्श जस् | ता, विम | ल भर | तले, राज् | यको का | ज थाले |
| | ऽ ऽ ऽ | ऽ । ऽ | ऽ । । | । । । | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ |

(आ.रा. ५ । ६०)

ठ)द्रुतविलम्वित छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१२

आ) गण र तिनका सङ्केत

| | | | |
|---|---|---|---|
| न. | भ. | भ. | र. |
| ।।। | ऽ।। | ऽ।। | ऽ।ऽ |

इ)विश्रामः सातौं र बाह्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | अनल | झैं नल | झैं, नव | पालुवा |
|---|---|---|---|---|
| १. | । । । | ऽ । । | ऽ । । | ऽ । ऽ |
| २. | कमलि | नी मलि | नी, रज | बालुवा |
| | । । । | ऽ । । | ऽ । । | ऽ । ऽ |
| ३. | कदम | वेदम | वेग ब | ढाउने |
| | । । । | ऽ । । | ऽ । । | ऽ । ऽ |
| ४. | हुन ग | यो नग | यो दिल | फाउने |
| | । । । | ऽ । । | ऽ । । | ऽ । ऽ |

(आ. रा. ८ । ४६)

यहाँ तेस्रो पाउमा वेग-लाई वे/ग वनाई विश्राम गर्न परेकाले उक्त ठाउँमा यतिभङ्ग भएको छ ।

ड)प्रहर्षिणी छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१३

आ) गण र तिनका सङ्केत

| म. | न. | ज. | र. | गु. |
|---|---|---|---|---|
| ऽऽऽ | ।।। | ।ऽ। | ऽ।ऽ | ऽ |

इ)विश्राम :तेस्रो र तेह्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | घोटेमा | सलय | जको सु | वास बढ् | छ |
|---|---|---|---|---|---|
| १. | ऽ ऽ ऽ | । । । | । ऽ । | ऽ । ऽ | (ऽ) |
| २. | ठोसेमा | अनल | विषे प्र | काश चढ् | छ |
| | ऽ ऽ ऽ | । । । | । ऽ । | ऽ । ऽ | (ऽ) |
| ३. | गोडेमा | नव वि | रुवा वि | कास लिन् | छ |
| | ऽ ऽ ऽ | । । । | । ऽ । | ऽ । ऽ | (ऽ) |
| ४. | सोचेमा | गुण-ज | लले नि | कास लिन् | छ |
| | ऽ ऽ ऽ | । । । | । ऽ । | ऽ । ऽ | (ऽ) |

(आ. रा. ९ । ६०)

ढ) गीति छन्द (मात्रिक)

अ)प्रत्येक पाउमा हुनुपर्ने मात्रा

विजोडी पाउमा– १२ मात्रा

जोडी पाउमा– १७ मात्रा

आ)छन्दमिलान

| पाउ | लङ्का-तट लक्ष्य गरी | |
|---|---|---|
| १. | २ २ १ १ २ १ १ २ | १२ मात्रा |
| २. | फुङ्कार-समीरले भरी तीर | |

| | | |
|---|---|---|
| | २ २ १ १ २ १ २ १ २ २ १ | १७ मात्रा |
| ३. | डङ्का पिटाइ बलको | |
| | २ २ १ २ १ १ १ २ | १२ मात्रा |
| ४. | हुङ्कार गरी उठे महावीर | |
| | २ २ १ १ २ १ २ १ २ २ १ | १७ मात्रा |

(आ. रा. १० । ७)

ण)मत्तमयूर छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१३

आ) गण र तिनका सङ्केत

| म. | त. | य. | भ. | गु. |
|---|---|---|---|---|
| ऽऽऽ | ऽऽ। | ।ऽऽ | ।।ऽ | ऽ |

इ)विश्रामःचौंथो र अन्तिमं अक्षरमा

ई)छन्दमिलान

| पाउ | साना ठू | ला मध्य | म यावन् | त-तला | का |
|---|---|---|---|---|---|
| १. | ऽ ऽ ऽ | ऽ ऽ । | । ऽ ऽ | । । ऽ | ऽ |
| २. | ताना बा | ना सुन्द | र आनन् | द-कला | का |
| | ऽ ऽ ऽ | ऽ ऽ । | । ऽ ऽ | । । ऽ | ऽ |
| ३. | संसारी | को चित्त | उधारी | वशपा | री |
| | ऽ ऽ ऽ | ऽ ऽ । | । ऽ ऽ | । । ऽ | ऽ |
| ४. | हुन्छन् भा | री गौर | वकारी | श्रमहा | री |
| | ऽ ऽ ऽ | ऽ ऽ । | । ऽ ऽ | । । ऽ | ऽ |

(आ. रा. १२ । ३)

त)शार्दूलविक्रीडित छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१९

आ) गण र तिनका सङ्केत

| म. | स. | ज. | स. | त. | त. | गु. |
|---|---|---|---|---|---|---|
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

इ)विश्रामः बाह्रौं र उन्नाइसौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | दैवी भा | व र आ | सुरी वि | षयको, | सङ्घर्ष | मा आखि | र |
|---|---|---|---|---|---|---|---|
| १. | ऽ ऽ ऽ | । । ऽ | । ऽ । | । । ऽ | ऽ ऽ । | ऽ ऽ । | (ऽ) |
| २. | जो चर्को | छ उही | ठहर्छ | बलियो | देखाप | री बाहि | र |
| | ऽ ऽ ऽ | । । ऽ | । ऽ । | । । ऽ | ऽ ऽ । | ऽ ऽ । | (ऽ) |
| ३. | यस्तै सात् | विक ता | मस प्र | कृतिको | उत्कर्ष | ले मानि | स |
| | ऽ ऽ ऽ | । । ऽ | । ऽ । | । । ऽ | ऽ ऽ । | ऽ ऽ । | (ऽ) |
| ४. | प्रत्यक्षै | कहला | उँछन् भु | वनमा | यो देव | यो राक्ष | स |
| | ऽ ऽ ऽ | । । ऽ | । ऽ । | । । ऽ | ऽ ऽ । | ऽ ऽ । | (ऽ) |

(आ. रा. ११ । २)

थ)भुजङ्गप्रयात छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१२

आ) गण र तिनका सङ्केत

| य. | य. | य. | य. |
|---|---|---|---|
| ।ऽऽ | ।ऽऽ | ।ऽऽ | ।ऽऽ |

इ)विश्राम : छैटौं र बाह्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | विना चन् | द्रमा चन् | द्रिका ली | न हुन्छन् |
|---|---|---|---|---|
| १. | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ |
| २. | विना चन् | द्रिका चन् | द्रमा दी | न हुन्छन् |
| | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ |

| | | | | |
|---|---|---|---|---|
| ३. | दुवैको | सदा ए | कता हो | स्वभाव |
| | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ | । ऽ (ऽ) |
| ४. | कदाचित् | फुटे हुन् | छ अर्धाङ् | ग भाव |
| | । ऽ ऽ | । ऽ ऽ | । ऽ ऽ | । ऽ (ऽ) |

(आ. रा. १४ । ४१)

प्रत्येक पाउमा यतिभङ्ग भए तापनि छन्द मिलान भएकै छ ।

द)स्रग्विणी छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१२

आ) गण र तिनका सङ्केत

| | | | |
|---|---|---|---|
| र. | र. | र. | र. |
| ऽ।ऽ | ऽ।ऽ | ऽ।ऽ | ऽ।ऽ |

इ)विश्रामः प्रत्येक तीन-तीन (३,६,९ र १२ औं) अक्षरमा

ई)छन्दमिलान

| पाउ | यागमा | रागले | दानमा | मानले |
|---|---|---|---|---|
| १. | ऽ । ऽ | ऽ । ऽ | ऽ । ऽ | ऽ । ऽ |
| २. | भक्तिमा | शक्तिले | नीतिमा | प्रीतिले |
| | ऽ । ऽ | ऽ । ऽ | ऽ । ऽ | ऽ । ऽ |
| ३. | रामको | भावना | कामको | साधना |
| | ऽ । ऽ | ऽ । ऽ | ऽ । ऽ | ऽ । ऽ |
| ४. | तेजिलो | जानियो | स्वादिलो | मानियो |
| | ऽ । ऽ | ऽ । ऽ | ऽ । ऽ | ऽ । ऽ |

(आ. रा. १५ । १५)

ध)शालिनी छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–११

आ) गण र तिनका सङ्केत

म. त. त. गु.गु.

ऽऽऽ ऽऽ। ऽऽ। ऽऽ

इ)विश्राम :चौंथौं र एघारौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | | | | |
|---|---|---|---|---|
| | गर्दै ना | ना, कार्य | को सत् प्र | बन्ध |
| १. | ऽ ऽ ऽ | ऽ ऽ । | ऽ ऽ । | ऽ (ऽ) |
| २. | रक्षा गर् | दा, लोक | को राम | बाट |
| | ऽ ऽ ऽ | ऽ ऽ । | ऽ ऽ । | ऽ (ऽ) |
| ३. | छत्रच्छा | या, पाइ | आनन्द | साथ |
| | ऽ ऽ ऽ | ऽ ऽ । | ऽ ऽ । | ऽ (ऽ) |
| ४. | सारा रै | ती, भक्ति | ले नाच्न | थाले |
| | ऽ ऽ ऽ | ऽ ऽ । | ऽ ऽ । | ऽ ऽ |

(आ. रा. १५ । २५)

न)अनुष्टुप् छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–८

आ) स्वरूप:

पहिलो र तेस्रो पाउको पाँचौं अक्षर ह्रस्व तथा छैटौं र सातौं अक्षर दीर्घ दोस्रो र चौंथो पाउको पाँचौं र सातौं अक्षर ह्रस्व तथा छैटौं अक्षर दीर्घ, विशेष: पाउका सुरुमा तीनवटै अक्षर लघु नबनाउने मान्यता भएको यस छन्दमा अरु अक्षरहरूमा ह्रस्व दीर्घको कुनै नियम छैन ।

इ)विश्राम : पाउको अन्तिम अक्षरमा

ई)छन्दमिलान

पाउ न्यायको ज्योतिले नित्य

| | |
|---|---|
| १. | ऽ । ऽ ऽ । ऽ ऽ। |
| २. | उज्यालो राज-मार्गमा |
| | ऽ ऽ ऽ ऽ। ऽ। ऽ |
| ३. | बाल वृद्ध प्रौढ सारा |
| | ऽ ।ऽ । ऽ। ऽऽ |
| ४. | आनन्दसँग हिंड्दथे |
| | ऽऽ ।।। ऽ । ऽ |

(आ. रा. १५ । ४०)

यस श्लोकको तेस्रो पाउमा प्रौढ-को सट्टामा युवा प्रयोग गरेको भए सार्थक रूपमा छन्द मिलान हुने थियो । उक्त ठाउँमा छन्द भङ्ग भएको छ ।

प)शिखरिणी छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१७

आ) गण र तिनका सङ्केत

| य. | म. | न. | स. | भ. | ल.गु. |
|---|---|---|---|---|---|
| ।ऽऽ | ऽऽऽ | ।।। | ।।ऽ | ऽ।। | ।ऽ |

इ)विश्रामः छैटौं र सत्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | व्यवस्था | मर्यादा | मल ज | ल जरा | सम्म भ | रिंदा |
|---|---|---|---|---|---|---|
| १. | । ऽ ऽ | ऽ ऽ ऽ | । । । | । । ऽ | ऽ । । | । ऽ |
| २. | थिए शा | खा शाखा | बहुत | सरसप् | रेम-त | रुका |
| | । ऽ ऽ | ऽ ऽ ऽ | ।।। | । । ऽ | ऽ। । | । ऽ |
| ३. | यसैका | स्वादीला | अमर | फल खा | एर ज | नले |
| | । ऽ ऽ | ऽ ऽ ऽ | ।।। | । । ऽ | ऽ। । | । ऽ |
| ४. | छहारी | मा पाए | अनुभ | व सदा | शान्ति र | सको |
| | । ऽ ऽ | ऽ ऽ ऽ | ।।। | । । ऽ | ऽ । । | । ऽ |

(आ. रा. १५।५५)

फ) उपगीति छन्द (मात्रिक)

अ)प्रत्येक पाउमा हुनुपर्ने मात्रा

विजोडी पाउमा– १२ मात्रा

जोडी पाउमा– १५ मात्रा

आ)छन्दमिलान

| पाउ | | |
|---|---|---|
| | धोबीको मुख कालो, | |
| १. | २ २ २ १ १ २ २ | १२ मात्रा |
| २. | रहेछ अझ पेट पो कालो | |
| | १ २ १ १ १ २ १ २ २ २ | १५ मात्रा |
| ३. | बोली निस्क्यो कालो | |
| | २ २ २ २ २ २ | १२ मात्रा |
| ४. | धूवाँ अङ्गारको कालो | |
| | २ २ २ २ १ २ २ २ | १५ मात्रा |

ब)कुटक छन्द

अ)प्रत्येक पाउमा हुनु पर्ने अक्षर संख्या–१७

आ) गण र तिनका सङ्केत

| न. | ज. | भ. | ज. | ज. | ल.गु. |
|---|---|---|---|---|---|
| ।।। | ।ऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | । ऽ |

इ)विश्रामः सातौं र सत्रौं अक्षरमा

ई)छन्दमिलान

| पाउ | जय ज | य देव | रूप न | र देव | विवेक | निधे |
|---|---|---|---|---|---|---|
| १. | । । । | । ऽ । | ऽ । । | । ऽ । | । ऽ । | । ऽ |
| २. | निरव | धि धैर्य | सागर | अगाध | विधान | विधे |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ।।। | । ऽ । | ऽ । । | । ऽ । | । ऽ । | । ऽ |
| ३. | जय ज | नरञ्ज | न ब्रत | जगज्ज | पनीय | प्रभो |
| | । । । | । ऽ । | ऽ । । | । ऽ । | । ऽ। | । ऽ |
| ४. | अतिदृ | ढ धर्म | रक्षक | उदार | विचार | विभो |
| | ।।। | । ऽ । | ऽ । । | । ऽ । | । ऽ । | । ऽ |

(आ.रा. १६।८८)

यस प्रकार विवेच्य महाकाव्यको लयविधानको अध्ययन विश्लेषण गर्दा प्रत्येक सर्गको अन्तमा छन्द परिवर्तन गर्दै परिवर्तित छन्द बाहेक एकमात्र छन्दमा ६, ७, ११, १३ र १६ गरी जम्मा पाँच सर्गको रचना भएको छ भने बाँकी एघार सर्गमा अनेक छन्दको प्रयोग भएको छ । कतै-कतै यतिभङ्ग भएको तथा छन्दमिलानका लागि वर्णविन्यासमा हेरफेर गरिएको, समस्त तत्सम शब्दहरूको बहुलता रहेको अनि नगन्य मात्रामा छन्दभङ्ग भएको भए तापनि लयविधान सशक्त देखिएको छ । आचार्य विश्वनाथको मान्यताको अनुपालन भएको नै छ ।

## ४.४ 'आदर्श-रावघ' महाकाव्यको उद्देश्य

महाकाव्यको उद्देश्यका रूपमा चतुर्वग अर्थात् पुरुषार्थ चतुष्टय चित्रण गर्नु पर्ने मान्यतामा पूर्वीय महाकाव्य चिन्तकको मतैक्य रहेको छ । चारवटा पुरुषार्थहरू धर्म, अर्थ, काम र मोक्षमध्ये कसलाई फलका रूपमा अभिव्यक्त गर्ने भन्ने मतमा विवाद भए तापनि आचार्य विश्वनाथको सिद्धान्तले ती मध्ये कुनै एकलाई फलका रूपमा अभिव्यक्ति दिनु पर्ने मत अघि सारी समन्यव गरेका छन् । उनकै मान्यता अनुरूप कृतिगत विश्लेषण गरिएको प्रस्तुत महाकाव्यको उद्देश्यको अध्ययन, अनुसन्धान एवम् विश्लेषण गरी धर्म, अर्थ, काम र मोक्षको चित्रण गरे नगरेको अध्ययन गर्दै अन्त्यमा प्रमुख उद्देश्य अर्थात् ती मध्ये कुनलाई फलका रूपमा अभिव्यक्त गरिएको छ भन्ने अध्ययन गर्नु सान्दर्भिक रहेको हुँदा सोही अनुरूप अध्ययन, विश्लेषण गरी मूल्याङ्कन समेत गरिएको छ ।

### ४.४.१ 'आदर्श-राघव' महाकाव्यमा धर्मको चित्रण

पुरूषार्थ-चतुष्टयअन्तर्गत धर्मको चित्रण गर्ने सन्दर्भमा महाकाव्यमा विविध यज्ञको वर्णन समेत गरिएको छ भने अन्तिम सर्गमा अश्वमेध यज्ञको पनि वर्णन भएको छ । त्यसैगरी १५ औं सर्गका ११ देखि २० सम्म कूल १० श्लोकमा 'धर्मरक्षा' उपशीर्षकमा धर्मको प्रष्ट चित्रण गरिएको छ । उदाहरणको रूपमा धर्मको चित्रण गरिएको प्रस्तुत श्लोकलाई अघि सारिएको छ ।

धर्म नै मूल हो अर्थमा काममा,
धर्म नै पूल हो मोक्षका धाममा ।
धर्म नै बीज हो शान्ति आराममा,
धर्म नै चीज हो तेजिला नाममा ॥ (आ.रा. १५।१३)

चतुर्विध पुरुषार्थको चर्चा गरिएको प्रस्तुत श्लोकमा धर्मलाई अर्थ र कामको मूल अनि मोक्षको पुलका रूपमा चित्रण गर्दै जुनसुकै पुरुषार्थ प्राप्तिका लागि धर्मको अपरिहार्यता दर्शाइएको छ भने धर्मलाई शान्तिको बीज तथा तेजिलो नामका रूपमा समेत चिनाइएको छ ।

यसै प्रसङ्गमा रामराज्यमा धर्मको रक्षा भएको वर्णनका क्रममा धर्मको व्यापक चित्रण भएको छ भने यसका अतिरिक्त महाकाव्यमा हिन्दू धर्मानुसारका वर्ण-धर्म तथा आश्रम-धर्मको समेत चित्रण प्रस्तुत गरिएको छ । यसैक्रममा वर्ण-धर्म अर्थात् वर्ण व्यवस्थाअन्तर्गत ब्राह्मण, क्षत्री, वैश्य र शूद्रको वर्ण धर्मको वर्णन प्रस्तुत श्लोकमा यसरी भएको छ ।

लाग्थे-विप्र ध्यान पूजाहरूमा,
रक्षा सेना-कर्ममा क्षात्र-वर्ग ।
खेती वाणिज्यादिमा वैश्य-सङ्घ,
सच्चा सेवा-कर्ममा शूद्र-जाति ॥ (आ.रा. १५।२३)

यसैगरी महाकाव्यमा ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास आश्रमको धर्म अर्थात् उक्त आश्रममा पालना गर्नुपर्ने कर्मको चित्रण यसरी भएको छ ।

तत्त्वोपदेश-श्रवणादि आद्यमा,

सन्मार्ग-चर्चा मनन द्वितीयमा ।

एकाग्रता ध्यान हुँदा तृतीयमा,

उक्लन्छ तुर्याश्रम आत्म-लाभमा ॥ (आ.रा. २।४)

यसैगरी महाकाव्यमा राज धर्म, पुत्र धर्म, पतिव्रता धर्म, एक पत्नी उपासक धर्म, पितृ धर्म समेतको व्यापक चर्चा गरिएको छ । जसले महाकाव्यमा धर्मको चित्रण गरिएको पुष्टि मिल्नुका साथै धर्मलाई अर्थ र कामभन्दा उत्कृष्ट तथा मोक्षका तुलनामा निकृष्ट देखाउँदै यसलाई मोक्षको समेत पुलका रूपमा अर्थात् मोक्ष प्राप्तिको साधनका रूपमा समेत चित्रण गरिएको देखिएको छ ।

### ४.४.२ 'आदर्श-राघव' महाकाव्यमा अर्थको चित्रण

विवेच्य महाकाव्यमा अर्थको चित्रण गरिएको छ । वनवासी तथा राज्यबासी क्रमशः दुःख तथा सुखको चित्रणले महाकाव्यमा अर्थलाई भौतिक सुख सुविधाको साधनका रूपमा यसरी चित्रण गरिएको छ ।

डट्यो पर्णशाला, बन्यो राज शाला,

उड्यो दुःख हाला, मिल्यो हर्ष-माला ।

रह्यौँ कष्टमा फाल-हाली कहाली,

मिल्यो शान्तिमा फेरि हाली-मुहाली ॥ (आ.रा. १४।३०)

यसैगरी अर्थको चित्रण गर्ने क्रममा अर्थलाई जीवनमा भौतिक सुखको अनि आर्थिक विकासको साधनका रूपमा समेत वर्णन गरिएको छ । 'देश-शोभा' शीर्षकका १० श्लोकमा अर्थको व्यापक चित्रण भएको छ । यसैक्रममा रामराज्यको आर्थिक व्यवस्थाले पूर्ण देश सुखद बनाएको वर्णन यसरी भएको छ ।

उपकरण समेत वस्त्र अन्न

सुलभ हुँदा जनता थिए प्रसन्न ।

वहुविध सुविधा हुँदा विशेष

सुखद थियो सबलाई पूर्ण देश ॥ (आ.रा. १५।३५)

यसप्रकार विवेच्य महाकाव्यमा अर्थको चित्रण गरिएको पाइए तापनि भामहका अनुसार अर्थको व्यापक चित्रण गरी अर्थको मुख्यता भने देखाइएको छैन ।

### ४.४.३ 'आदर्श-राघव' महाकाव्यमा कामको चित्रण

काम अर्थात् एषणालाई सांसारिक दृष्टिले प्रमुख पुरुषार्थ मानिएको पाइन्छ । विवेच्य महाकाव्यमा कामको चित्रण गरिएको छ । दशरथको सन्तान प्राप्तिको एषणा (इच्छा) अनि रामलाई युवराज बनाउने इच्छा, पितृऋणबाट मोक्ष पाउने इच्छा रहेको छ भने कैकेयीको रामलाई वनवास तथा आफ्नो छोरालाई राजसिंहासन दिलाउने इच्छा रहेको छ । रामलाई पितृवाक्यको पालना गर्ने एषणाले आदर्श राजा, पुत्र, पति, मानव आदिका रूपमा प्रस्तुत गराएको छ । लक्ष्मणलाई दाजु रामको सहयोगी तथा आज्ञापालक बन्ने इच्छा, भरतलाई रामलाई वनवासबाट फर्काउने इच्छा, सो पूर्ण नहुँदा रामको खराउलाई रामभावले पूजी राज्य सञ्चालन गर्ने इच्छा, सीतालाई आदर्श पतिव्रता भई रामसँगै वनवास जाने इच्छा रावणलाई सबैमाथि शासन गर्दै सीतालाई फकाउने र आफ्नी बनाउने इच्छा समेतको विविध कामनाको चित्रण विवेच्य महाकाव्यमा भएको नै छ । सांसारिक सुख प्राप्ति तथा यौनिक आनन्दका रूपमा कामको व्याख्या गर्ने हो भने सो को समेत चित्रण महाकाव्यमा यसरी भएको छ ।

सुनी जानकी-वाक्य यस्तो रसीलो
    सबै दृश्य देखी सुकीलो भरीलो ।
नयाँ कल्पको कल्पनासाथ राम,
    उठी पस्नु भो रात्रि-विश्राम धाम ॥ (आ.रा. १४।४९)

यसप्रकार महाकाव्यमा कामको चित्रण समेत गरिएको पाइन्छ ।

### ४.४.४ 'आदर्श-राघव' महाकाव्यमा मोक्षको चित्रण

चतुर्विध पुरुषार्थअन्तर्गत अलौकिक पुरुषार्थका रूपमा मोक्षलाई लिइएको छ । चारवटा आश्रम धर्मअन्तर्गत चतुर्थ आश्रम संन्यास आश्रमलाई आत्मलाभका रूपमा ग्रहण गरिएको छ । आत्मलाभद्वारा मोक्ष प्राप्ति हुने मान्यता रहेको छ । विवेच्य

महाकाव्यमा मोक्षको चित्रण आरम्भदेखि नै गरिएको पाइन्छ । मोक्षको चित्रणको क्रममा उदाहरणका रूपमा प्रस्तुत श्लोकलाई लिइएको छ ।

सङ्कल्प यो हुँदैमा
मिल्न गयो राममा आत्मा ।
अणु अणु भई तुरुन्तै
देह बन्यो पञ्च-भूतात्मा ॥ (आ.रा.१६।८४)

सीताको सङ्कल्पअनुसार आत्मा राममा मिल्न गएको अनि देह पञ्चभूतात्मामा परिणत भएको वर्णनले मोक्षको चित्रण भएको छ । आत्माको परमात्मासँगको मेल नै मोक्षको अन्तिम सार भएकाले सोको चित्रणले विवेच्य महाकाव्यमा मोक्षको चित्रण गरिएको पुष्टि भएको छ ।

## ४.४.५ 'आदर्श-राघव' महाकाव्यको प्रमुख उद्देश्य

'आदर्श-रावघ' महाकाव्यको प्रथम श्लोकले निर्गुण ब्रह्म समेतको स्मरण गरेको छ । पशुपतिको स्मरण सगुण रूपमा भएको छ । यसप्रकार प्रथम श्लोकमा नै श्लेष अलङ्कारका रूपमा स्मरण गरिएको ब्रह्म चिन्तन मोक्षका लागि आवश्यक रहने हुँदा सोको समावेशले मोक्षलाई प्रतिपाद्य विषय बनाइएको देखिन्छ । रामको जन्मले धर्म, अर्थ र काम त्रिविध पुरुषार्थ आर्जन गरेका दशरथले चौंथो मोक्ष रूप पुरुषार्थ समेत आर्जन गरेका छन् । जुन पारमार्थिक नभई सांसारिक देखा परेको छ । अर्थात् गृहस्थ जीवनमा पितृको ऋणबाट मुक्ति पाउनुलाई मोक्षका रूपमा महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ ।

धर्मार्थकाम, पितृको ऋणबाट मुक्ति,
सम्मन् सधाइ, गरि जीवन कार्य चुक्ति ।
पूरा गरे नृपतिले पुरुषार्थ चार,
लाग्यो उदार परमेश्वरमा पुकार ॥ (आ.रा. १।६३)

वेदान्त दर्शनका अनुसार जीव र ब्रह्मका बीच एकता भावको साक्षात्कारबाट मोक्ष मिल्ने मान्यता अनुरूप जीवको असत्-जड-दुःख-रूप चैतन्य तथा ब्रह्मको सत-

चित्-आनन्द-रूप चैतन्यमा रहेका उपाधिको त्याग पछि दुवै चैतन्य मात्र हुने कारणले उपाधिलाई त्याग गरी एकता कायमबाट मोक्षपद प्राप्त हुने मान्यता रहेको छ । यसैलाई सङ्केत गरी मोक्ष निरूपण गर्न परशुराम दमन शीर्षकमा परशुराम र रामचन्द्र दुई पात्रको क्रमशः परशु तथा चन्द्र दुई उपाधिको त्याग पछि अभेद हुने देखाउँदै नाम, रूप तथा उपाधिका कारण मात्र संसारमा भेद देखिएको जीवमा वासनाको अन्त्य भएमा ती नामादिको अन्त्य भई मोक्ष मार्गमा (एकै मार्गमा) हिँड्ने सङ्केत यसरी गरिएको छ ।

उपाधि सब अल्पिदा युगल रामको रूपमा,
अभेद बलियो भयो, फगत भेद यो रूपमा ।
परस्पर भिजी रहे सरस निर्मल प्रेममा,
चले चरण वासना-वश पृथक्-पृथक मार्गमा ॥ (आ.रा. ३।५६)

दशरथले उत्तरवयको अवस्थामा धर्म, अर्थ, काम आदि विषय सुख मह र घिउ बराबर मिसिएको हितकारी मिश्रण झैं अगाडि (युवावस्थामा) लागे तापनि अन्त्यमा अहित हुने बताउँदै विषय सुखलाई विष सरह त्याज्य बुझेर बुद्धिमान्ले तत्त्वज्ञान अर्थात् ब्रह्म चिन्तन गरी मोक्ष खोज्दछन् भन्ने भाव यसरी प्रकट गरेका छन् ।

सम मधु घृत झैं भई अगाडि,
अहित हुने परिपाकमा पछाडि ।
विषय विष सरी बुझेर हेय,
सहृदय खोज्दछ भित्रको प्रमेय ॥ (आ.रा. ४।६ )

यसैगरी पटक-पटक मोक्षलाई परम पुरुषार्थका रूपमा चित्रण गरिएको प्रस्तुत महाकाव्यमा मोक्षको चित्रण व्यापक रूपमा भएको छ । धर्म, अर्थ र कामलाई सामान्य पुरुषार्थका रूपमा महाकाव्यमा प्रस्तुत गर्दै मोक्षलाई उत्कृष्ट तथा दुर्लभ पुरुषार्थका रूपमा चित्रण समेत गरिएको छ । दशरथले आफ्नो गार्हस्थ जीवनमा त्रिवर्ग अर्थात् धर्म, अर्थ र काम आर्जन गरेको तर मोक्ष आर्जन नभएको देखाइएको छ भने उनको मोक्ष प्राप्तिको चाहना अन्य प्रसङ्गमा समेत आएको छ ।

रक्षा गर निर्मल वर्ण-धर्मको,
कक्षा चढी आश्रम-पुण्य कर्मको ।
गार्हस्थ्य भो भूपतिका, त्रिवर्गको,
आधार, बाधाहर लोक-सर्गको ॥ (आ.रा. २।१)

यसैगरी रामले समेत यस लोकमा सन्यायले त्रिवर्ग प्राप्त गरे तापनि परलोकको पोल्टामा मोक्ष बाँकी रहेको यसरी देखाइएको छ जसले मोक्षलाई प्रमुख उद्देश्य अर्थात् फलका रूपमा अभिव्यक्त गरेको छ ।

न्यायले साधिन गयो
त्रिवर्ग इह-लोकमा ।
मोक्ष बाँकी रह्यो एक
पोल्टामा परलोकको ॥ (आ.रा. १५।४२)

यसैगरी महाकाव्यको कथानकको अन्त्यमा सीताले आफ्नो आत्मा राममा तथा देह पञ्चतत्त्वमा मिलून् भनी गरेको सङ्कल्प यथार्यमा परिणत भएको छ । जसले सीताको मोक्षको चित्रण भएको छ । जसबाट श्रीरामलाई आश्चर्य तथा वैराग्यको योग भएको छ । जसले श्रीरामको मोक्ष चित्रण-तर्फ सङ्केत यसरी गरेको छ ।

योग कलाको महिमा
संयोग वियोगको योग ।
श्रीरामलाई हुनगो
विस्मय वैराग्यको योग । (आ.रा. १६।८५)

महाकाव्यका अन्तिम १० श्लोक जयजयकार शीर्षकमा कूटक छन्दमा रचिएको छ । जसले राम र सीताको जयगान गायनको प्रस्तुति गरेको छ । जसरी *श्रीमद्भागवत* महापुराणमा वेदस्तुतिका क्रममा मोक्षपरक श्लोकहरू मात्र कूटक छन्दमा रचिएका छन् त्यसैगरी विवेच्य महाकाव्यमा पनि सीताराम स्तुतिका क्रममा मात्र यस छन्दमा रचना गरिएका श्लोकले मोक्षतर्फ नै सङ्केत गरेका छन् ।

यसप्रकार ग्रन्थको तात्पर्य निर्णयका कसीहरू उपक्रम, उपसंहार, अभ्यास आदिमा विवेच्य महाकाव्यलाई परीक्षण गर्दा फलका रूपमा मोक्षलाई नै प्रमुख उद्देश्य मानिएको पाइन्छ । यस (आदर्श-राघव) महाकाव्यमा . . . पुरूषार्थ चतुष्टय मध्ये मोक्षलाई फलागम वा अन्तिम प्रयोजनका रूपमा प्रस्तुत गर्ने ध्येय पनि कविले लिएकै भेटिन्छ (अवस्थी, २०६४, पृ.१२७) । यसप्रकार कसरी अन्तिम प्रयोजन मोक्ष हो भन्ने निरूपण नभए तापनि मोक्ष नै अन्तिम प्रयोजनका रूपमा प्रस्तुत भएको तथा कवि उद्देश्य पनि सोही अनुरूप रहेको पुष्टि अवस्थीको समेत रहेको छ । कविले महाकाव्यमा रामादिलाई चतुर्विध पुरुषार्थका रूपमा यसरी तुलना गरेका छन् - **'जन्मे सुपुत्र पुरुषार्थ-समान चार'** (आ.रा.१।६०) । यस काव्यांशमा दशरथका चार छोरालाई चारवटै पुरुषार्थका रूपमा तुलना गरिएको छ जसले उनको मोक्षलाई प्रमुख उद्देश्य बनाउने ध्येयको पुष्टि गरेको छ । जसअनुसार समग्र महाकाव्यको अध्ययन विश्लेषणबाट लक्ष्मणलाई धर्म, शत्रुघ्नलाई अर्थ, भरतलाई काम अनि रामलाई मोक्षसँग तुलना गर्न सकिन्छ । लक्ष्मणले धर्मको प्रतिनिधित्व गरेका छन् । जसरी धर्मलाई मोक्षको पुल मानिएको छ त्यसै गरी लक्ष्मण महाकाव्यका पुल हुन् जसले शूर्पणखाको नाक काटिदिएर राम र रावणलाई जोड्ने पुल निर्माण गरेका छन् । मोक्षको साथ अर्थात् रामको साथ हरदम छोडेका छैनन् । भरतले राज्य पाऊन् भन्ने कैकेयीको कामना नै रामलाई वनवास पठाउन तत्पर भएको देखिन्छ भने भरतले पिताको दशगात्रकर्म तथा दाजु रामको अभावमा उनको खराउको प्रतिनिधित्त्व गर्दै समग्र काम सम्पादन गरेका छन् । शुत्रघ्नको दरबारको सुख भोगभन्दा बाहेक महाकाव्यमा भूमिका नै रहेको देखिँदैन । रामको निर्विकार, निर्मल तथा निर्गुण स्वभावले उनलाई मोक्षमार्गमा गतिशील तुल्याएको छ । यसप्रकार कविको तुलनाले समेत रामलाई मोक्षतर्फ सङ्केत गर्दै उनको व्यापकता अभिव्यक्त गराएर महाकाव्यको प्रमुख प्रयोजन मोक्ष नै भएको सावित गरेका छन् ।

यसप्रकार धर्म, अर्थ, काम र मोक्षको चर्चा गर्दै मोक्षलाई प्रमुख उद्देश्यका रूपमा विवेच्य महाकाव्यमा चित्रण गरिएको छ । जुन आचार्य विश्वनाथको सिद्धान्त अनुरूप पाइन्छ ।

## ४.५ निष्कर्ष

'आदर्श-राघव' महाकाव्यको कृतिगत विश्लेषणका लागि प्रस्तुत परिच्छेदमा गरिएको रसाभिव्यक्ति, लय विधान र उद्देश्यको अध्ययन, विश्लेषणबाट विवेच्य महाकाव्यमा आचार्य विश्वनाथको सिद्धान्तको अनुपालन पूर्ण रूपमा भएको छ । सबै रसलाई अङ्ग रूपमा अभिव्यक्त गर्दै महाकाव्यको अङ्गी रस शान्त रसलाई बनाइएको नै छ । प्रत्येक सर्गान्तमा छन्द परिवर्तन गर्दै पाँच सर्गमा सर्गान्तमा परिवर्तित छन्द बाहेक एक छन्दको तथा बाँकी एघार सर्गमा अनेक छन्दको प्रयोग गरिएको छ । धर्म, अर्थ, काम र मोक्ष अर्थात् चतुर्विध पुरुषार्थको चित्रण गरी मोक्षलाई फलका रूपमा अभिव्यक्ति दिइएको छ । अतः महाकाव्य आचार्यको सैद्धान्तिक कसीमा खरो उत्रिएको छ ।

# पञ्चम परिच्छेद

# आदर्श-राघव महाकाव्यको परिवेश विधान र शीर्षकीकरण

## ५.१ परिचय

'आदर्श-राघव' महाकाव्यको आचार्य विश्वनाथको महाकाव्य सिद्धान्तमा आधारित भई परिवेश, विधान र शीर्षकीकरण के-कस्तो छ भनी अध्ययन, अनुसन्धान गर्नु कृतिगत विश्लेषणका सन्दर्भमा आवश्यक भएको छ । विविध काव्यस्थानको चित्रण नै महाकाव्यको परिवेश विधान हो भने महाकाव्यमा विषयवस्तुगत देशकाल परिस्थितिको चित्रणले महाकाव्यलाई स्वाभाविक, विश्वसनीय तथा मनमोहक बनाएको हुन्छ । शीर्षकविना महाकाव्यको चिनारी नै हुँदैन । अतः महाकाव्यको परिचायक चिन्ह शीर्षक भएको हुँदा शीर्षकीकरणको महाकाव्यमा ठूलो भूमिका रहेको हुन्छ । यिनको प्रयोग जुनसुकै महाकाव्यमा गरिने भए तापनि आचार्य विश्वनाथको सिद्धान्तका सापेक्षतामा सोको अध्ययन, विश्लेषण र मूल्याङ्कन प्रस्तुत परिच्छेदमा गरिएको छ ।

## ५.२ आदर्श-राघव महाकाव्यको परिवेश विधान

पूर्वीय महाकाव्य चिन्तन परम्पराले स्थापित गरेको एक महत्त्वपूर्ण तत्त्व परिवेश विधान हो । जसले विविध काव्यस्थानको चित्रणलाई बोध गराएको हुन्छ । महाकाव्यलाई स्वाभाविक, विश्वसनीय तथा मनमोहक बनाउन परिवेशले भूमिका खेलेको हुन्छ । आचार्य विश्वनाथको महाकाव्य सिद्धान्तको अध्ययन विश्लेषण गर्दा महाकाव्यको परिवेशअन्तर्गत सूर्य, चन्द्र, रात्रि, प्रदोष, अन्धकार, दिवा, प्रातःकाल, मध्यान्ह, सिकार, युद्ध, पर्वत, ऋतु, वन, समुद्र, सम्भोग वा विप्रलम्भ श्रृङ्गार, मुनि, स्वर्ग, पुर, यज्ञ, यात्रा, विवाह, पुत्रजन्म आदि विषयको यथायोग्य वर्णन गरिएको हुनुपर्छ भन्ने रहेको छ । यिनै काव्यस्थानका सापेक्षमा 'आदर्श-राघव' महकाव्यको पृथक्-पृथक् काव्यस्थानको अध्ययन विश्लेषण गरिनु सान्दर्भिक देखिएकाले सोही अनुरूप पृथक्-पृथक् अध्ययन विश्लेषण गरी समष्टिमा मूल्याङ्कन समेत गरिएको छ ।

### ५.२.१ साकेत (नगर वर्णन)

महाकाव्यमा नगरवर्णनका ६ श्लोकमा अयोध्या नगरीको वर्णन भएको छ । भूलोकलाई भुवनावलीको मध्यमणिका रूपमा वर्णन गर्दै तीनकुने भारतवर्षको किरण केन्द्रका रूपमा साकेतलाई चिनाइएको छ । प्राचीन शिल्पबाट बनेको असल राज्य व्यवस्था भएको प्रख्यात नगरी अयोध्यालाई शत्रुहरूले पनि युद्ध गर्न नसकिने (अयोध्या) भनी भन्ने गरेको वर्णन यसरी गरिएको छ ।

हो देश कोशल पुरातन-शिल्प-सिद्ध,<br>
सौराज्यको जगमगाइ अति प्रसिद्ध ।<br>
प्रख्यात नै छ जसको नगरी अयोध्या<br>
भन्थे विपक्षहरूले पनि हो अयोध्या ॥ (आ.रा.१।१९)

यसै क्रममा सरयु नदीको तरङ्गलाई साङ्गितिक तरङ्गका रूपमा समेत वर्णन गरी दृढ धर्मरूपी खम्भा खडा गरेर सूर्यवंशी ककुत्स्थका सन्तानहरूले महिमा रूपी सिँढी बनाई विजयगाथा फैलाएको वर्णन गरिएको छ । यसप्रकारको विशेषतायुक्त अयोध्या नगरीमा भारतवर्षका सपूत, राजपूत आदि जन्मिएर वीरता प्रदर्शन गरेको वर्णन गरिएको छ । यसप्रकार कथानकको विकास विना गरिएको साकेत वर्णनले परिवेश विधानमा नगर वर्णनकै भूमिका खेलेको छ ।

### ५.२.२ विश्वामित्र आश्रम (यज्ञ/वन तथा मुनि वर्णन)

महाकाव्यमा आश्रमको मनोहर वर्णन गर्दै आश्रमका बालकसम्म कान्तिमा कहिल्यै पनि कम्ति नदेखिने वर्णन भएको छ । सत्कर्मको आचरण प्रशान्त वातावरण युक्त एकान्त अनि पवित्र आश्रममा श्रुतिको पदक्रम गुञ्जिरहेको स्वाभाविक वर्णनले परिवेश चित्रणमा थप स्वाभाविकता थपेको देखिन्छ ।

चारैतिर वृक्षहरू झम्म भएका, सफा सुग्घर भएको, फलफूल अनि कोमल घाँसले टम्म भएको यस क्षेत्रमा गाई, मृगादि चरेर डम्म भएको वर्णनले महाकाव्यमा गरिनु पर्ने वनको वर्णन समेत भएको देखिन्छ । यसै क्रममा कतै छहराहरू खुल्दैरहेका, कतै लहराहरू झुल्दै रहेका, कतै पहराहरूले सुशोभित भएका अनि कतै पाप नाश

गर्ने नदीहरूको छङ-छङ आवाजको वर्णनले परिवेश चित्रण अझ सशक्त बनेको छ । एकान्तमा कतै-कतै विरल मात्रामा कुटी देख्न पाइने अनि चारैतर्फ घाँससरह जडिबुटी पाइने यस पुण्य क्षेत्रमा वेद-ध्वनि सहितको यज्ञमा ब्राहमणहरू जुटेका छन् । महाकाव्यमा यज्ञको वर्ण गरिनु पर्दछ भन्ने सिद्धान्तानुरूप विवेच्य महाकाव्यमा यज्ञको सशक्त वर्णन यसरी भएको छ ।

जाहाँतहीँ चल्दछ काम होमको,
मुस्लो उठेको छ पवित्र धूमको ।
डङ्गूर देखिन्छ समित्कुशादिको,
चल्दो छ सद्गन्ध सदा घृतादिको ॥ (आ.रा. २।५४)

वैदिक अग्निद्वारा साँझ विहानमा उज्यालो मिल्ने कुटीलाई दिव्य निवास बनेको भन्दै शोकविहीन सन्तोषयुक्त सिधा-साधा विचार भएका लोकको वर्णन समेतले तत्कालीन वैदिक परिस्थितिको यथार्थ चित्रण भएको छ । वेदको चर्चा, विधिवत् अर्चना, अध्यात्मको विचार गर्ने चातुर्य अनि नयाँ यज्ञको आतुरीको वर्णनले यज्ञको थप वर्णन समेत गरिएको छ । वटुक ब्राह्मणहरूले छहारी मुनि बसी वेदका ऋचाहरूको आवृत्ति गरेको, मुनिहरू एकान्तमा बसी योगमा मग्न भएको अनि कतै यज्ञको तालिम दिइँदै गरिएको वर्णनले मुनि मात्र नभई मुनिको आश्रम तथा दिनचर्याको समेत सशक्त वर्णन भएको छ ।

### ५.२.३ अन्धकार वर्णन

महाकाव्यमा अन्धकारको स्वाभाविक आगमनलाई राक्षसहरूको दमन तथा विश्रामको उद्देश्य समेत देखाई निशा (अन्धकार) को आगमनको वर्णन यसरी गरिएकोछ ।

द्वेषी निशचर अशेष हटाइनाले
सन्ताप राप मनका पनि अल्पिहाले ।
सन्देश शान्तिमय चारतिरै जनाई,
विश्रामखातिर निशा पनि झट्ट आई ॥ (आ.रा. २।७४)

### ५.२.४ प्रातः काल वर्णन

महाकाव्यमा काव्य स्थानको वर्णनका क्रममा प्रातःकाल वर्णनको अपेक्षा अनुरूप  तृतीय सर्गका १-२२ श्लोकसम्म प्रातः काल वर्णन गरिएको छ ।

पूर्वी आकाशलाई प्रसन्नमुख बनाउँदै, उद्बोधको मधुर सूचना दिई प्रातः कालको आगमन हुने वर्णन गर्दै निशा कालको छटा घन-घटा सरि पर सरेको अनि शुभ विहानले प्रलय जस्तो निद्राको अन्त गराई प्रपञ्च रचना अर्थात् लोक व्यवहार चल्न थालेको वर्णन विवेच्य महाकाव्यमा यसरी भएको छ ।

छटा घन-घटा सरी पर सऱ्यो निशा-कालको,
विना शुभ विभातको प्रकट भो नयाँ चालको ।
प्रपञ्च रचना चल्यो प्रलय-सुप्तिको अन्तमा,
प्रबोल कलिलो खुल्यो सलबलाउँदो लोकमा ॥ (आ.रा. ३।३)

टाढाको यात्रा गरी नव उषा यता फर्कंदा मुकुटका रत्न जस्ता सूर्यको प्रकाशले अन्धकारको अन्त्य भएको वर्णनले भौगोलिक ज्ञानमाथि प्रकाश पार्दै एउटा गोलार्द्धमा अर्थात् पृथ्वीको एक भागमा उज्यालो हुँदा अर्को भागमा अन्धकार हुने यथार्थ वर्णनले परिवेश विधानलाई थप विश्वसनीय तुल्याएको छ ।

विशाल आकाशको बेसरी सफाइ गरी नयाँ सूर्यको सभा बसेको, सूर्यका किरण रूपी कुचीले विविध रङ्गको योजना गरी प्रकृतिले गजबको शिल्पको कल्पना गरेको वर्णन भएको छ । सूर्यले सातवटा घोडा सरी सातरङ्ग खडा गरेको, सुवर्णमय तेजिलो परिधिले बग्गीको निर्माण भएको अनि सूर्य विश्व भ्रमणमा आकाशमा हिँड्न तयार भएको वर्णनले महाकाव्यमा अपेक्षित सूर्य वर्णन गर्दै सूर्यलाई मानविकीकरण समेत गरिएको छ ।

खडा गरि थरी थरी किरण, सात घोडा सरी,
सुवर्णमय तेजिलो परिधि दिव्य बग्गी गरी ।
अनन्त-पथमा भरी कदम-चालमा आदर,
सहस्र-रुचि विश्वको सफरमा भए तत्पर ॥ (आ.रा. ३।८)

विहानपख चल्ने शीतल हावाले नवविहानीको सन्देश दिएको कविताको अभिव्यक्ति रहेको छ । प्रातःकालको आगमनले मलिन आसुरीको विभालाई हटाई अपूर्व दैवी प्रभा लिई शोभिंदा नवप्रकाशमा सबै वस्तुको विवेक हुन गएको छ अर्थात् सबै बस्नु प्रकाशित भएका छन्। आकाशमा सूर्यको प्रकाशले छाउने रक्तिमा/लालीलाई अन्धकारको समूहलाई किरणको चोट पर्दा निस्किएको रगतको संज्ञा दिइएको छ (आ.रा. ३।११) । रात्रि र विहानीको भेदलाई महाकाव्यमा यसरी चित्रण गरिएको छ ।

निशा फनफनाउँदै जब हिँडिन् अँध्यारोतिर,
निशापति पछ्याउँदै फिकरमा डुबे आखिर ।
उषा अब खडा भइन् जमजमाउँदो वेषमा,
उषापति सराग मै सुमसुम्याउँथे स्नेहमा । (आ.रा. ३।१२)

यसप्रकार प्रातः कालको सजीव वर्णन अनि प्रातः कालमा वनस्पति, जीव-जन्तु तथा लोक अनि ऋषिको दिनचर्याको आरम्भ हुने स्वाभाविक अभिव्यक्तिलाई साहित्यिक रङ्ग भर्दै गरिएको वर्णनले महाकाव्यमा प्रातः काल तथा सूर्यको अनि चन्द्रमाको समेत वर्णनको अपेक्षालाई समेटिएको छ ।

### ५.२.५ विवाह वर्णन

राम-सीताको विवाहका साथमा भरतादिको समेत विवाह भएको वर्णनले विवेच्य महाकाव्यमा विवाहको वर्णन गरिनु पर्ने सिद्धान्तलाई आत्मसात् गरेको छ । सीताले रामलाई स्वयंवरण गरेपछि विवाहको खबर मिथिलाबाट साकेतमा पुग्दछ । दुवैतर्फ विवाहको तयारी गर्दा तदनुरूप सहरको प्रभा फैलिएको छ । दरबारमा विविध ध्वजा पताकाले, हजारौं मणिका बत्तीले क्रमशः सयवटा हात तथा नयन जालको रूप लिएका छन् भने फूलहरू टाँगिएको अनि प्रजाहरू सिँगारिई पुर अनि बजारमा फैलिएका छन् भनी गरिएको वर्णनले साँच्चै नै विवाहको झलकको कल्पना दिलाउन सफल भएको देखिन्छ । शुभ मुहुर्तमा, मङ्गल ध्वनिका साथमा वेदोक्त विधिअनुसार अनि राजालायक अपूर्व कल्पना गरिएको घटनाले विवाहको प्रक्रियामाथि प्रकाश पारिएको छ । विवाह केवल वर वधूका बिचको मिलनमात्र होइन यो

दुई परिवार/राज्यको समेत मिलन र अभेद हो भनी गरिएको वर्णनले विवाहको व्यावहारिक पक्षको समेत उद्घाटन गरिएको छ ।

न केवल विवाह यो बर वधू जना चारको,
परन्तु मिथिला-महीसँग समेत साकेतको ।
भयो सदृक-योग यो, मिलनले दुवै तर्फको,
अभेद पनि देखियो, दुइ सुहाउँदा राज्यको ॥ (आ.रा. ३।४२)

परस्पर हृदय रूपी दियोमा कल्पनाको धागोलाई स्नेहको स्व-रसमा भिजाई शुभ भावको जुन अपूर्व दीपक बल्दछ त्यही दीपकले गृहाश्रमलाई समुज्ज्वल बनाउँदछ भनी गरिएको वर्णनले विवाहको दार्शनिकता माथि समेत प्रकाश पारेको छ ।

लरी हृदय-दीपिका उपर कल्पनासूत्रको,
भिजी स्व-रसमा लदाबद परस्पर स्नेहको ।
अपूर्व शुभभावको, जुन बल्यो नयाँ दीपक,
यही हुन गयो गृंहाश्रममहाँ समुद्दीपक ॥ (३।४५)

## ५.२.६ शरद् ऋतु वर्णन

महाकाव्यमा काव्यस्थानको वर्णनमा ऋतु वर्णन गरिनु पर्छ भन्ने विश्वनाथको सिद्धान्तनुरूप विवेच्य महाकाव्यको षष्ठसर्गमा शारदी शोभा उपशीर्षक दिँदै शरद् ऋतु अनि त्यसको सुन्दरताको समेत वर्णन गरिएको छ । शरद् ऋतुको आगमनले वृष्टिले छुट्टि पाएको, आकाश उज्यालो भएको, मेघ बिलाएको, पानी निर्मल भएको, हिलो हराएको, सूर्यको किरण लामो भएको स्वाभाविक वर्णन महाकाव्यमा यसरी भएको छ ।

शरद्ऋतु जब आयो, वृष्टिले छुट्टी पायो
गगन झलमलायो, मेघ-माला बिलायो ।
जल विमल गरायो, गैह्र हीलो हरायो,
रवि-किरण बढायो, पद्ममा श्री चढायो ॥ (आ.रा. ६।२)

हरिणहरू गल्ली-गल्ली चर्ने, मौरीले मह सँगाल्ने, मयुरहरू उँधोमण्टो लाएर उड्ने, हाँस मुस्कुराउने, ताराहरू वर्षाको धारमा धोइनाले शरत्को रातमा झलमल

भई बल्ने, मध्याह्नमा पशुपंक्षी नदीमा झुम्म हुने, दिनमा कमल रातमा कुमुद फुलेर तलाउको शोभा बढाउने वर्णनले शरद्‌कालीन सुन्दरता तथा प्रकृतिको वर्णन भएको छ ।

### ५.२.७ सिकार वर्णन

महाकाव्यमा सिकारको वर्णन गरिनु पर्ने मान्यताको अनुपालन गर्ने सन्दर्भमा सिकारको विस्तृत वर्णन नभए तापनि दिनचर्या उपशीर्षकमा राम र लक्ष्मण सिकार गर्न गएको प्रसङ्‌गको वर्णन विवेच्य महाकाव्यमा यसरी गरिएको छ ।

पर पर गइ गर्दा भाइ दाज्यू शिकार,
थर-थर भइ बस्ने जानकी होशियार ।
खुस भइ पति फिर्दा स्वाच्छ पारी मुहार,
अब टहलिनुहुन्थ्यो साथ गर्दै विहार ॥ (आ.रा. ६।३१)

### ५.२.८ हेमन्त समय वर्णन

शरद् ऋतुको वर्णन पछि शरद् लगत्तै आउने हेमन्त समयको वर्णनले ऋतु वर्णनको विस्तार भएको छ । शरद् ऋतुको समाप्ति पश्चात् आएको हेमन्त ऋतुमा सूर्यका किरण मधुरो तथा प्रिय बन्ने अनि वनस्पति तथा शिखरहरूमा तुषारो पर्ने वर्णन गरिएको छ । यसै क्रममा कमल ठिंगुराएको, मेघले गर्भधारण गरेको, फूलहरू हराएको, अग्निले मान पाएको, जल जड कहलाएको अर्थात् पानी जमेर बग्न समेत रोकिएको, जाडोको बाधा बढेको समेत चर्चा गरी हेमन्त ऋतुको वर्णन गरिएको छ ।

सरसिज ठिगुराए, मेघले गर्भ  छाए
कुसुमहरु बिलाए, अग्निले मान पाए ।
जल जड कहलाए शीत-बाधा बढाए,
वन-पवन फिराए, चाल भिन्ने चलाए ॥ (आ.रा. ६।४१)

## ५.२.९ ऋतु परिवर्तन वर्णन

राम सीताको वियोगले सन्तापको आगोमा पिल्सिएर बस्दा अझ प्रचण्ड घाम थपिएको अनि आत्तिएर मेघलाई खोज्दै गएको, वर्षाको कारणले वनमा सीतालाई खोज्दै हिँड्ने कार्य रोकिएकाले गुफाको बास उचित भएको अनि दुःखीलाई कुनै सहारा दिन नसकी आकाश झन् आँसुको धारा गिराएर रोएको वर्णनले कथानकसँगै ऋतु परिवर्तनको क्रमशः ग्रीष्म र वर्षा वर्णन गरी परिवेश विधानमा थप सुन्दरता थपेको छ । यसै क्रममा वर्षा ऋतु पछि पुनः शारदीय दृष्टि अर्थात् शरद ऋतुको आगमन भएको वर्णन समेत प्रस्तुत गरिएको छ ।

## ५.२.१० समुद्र वर्णन

हनुमानादिले सीतालाई खोज्दै जाँदा समुद्रको तटमा पुगेको, समुद्रको तटबाट पल्लो किनारा नदेखिएको चर्चा गरिएको छ । हनुमान्ले उडेर समुद्र पार गरेको अनि राम सहित वानर सेना समुद्रको उचो तरङ्गले तर्सिएको समुद्रमा पुल निर्माण गरी तरेको प्रसङ्गको चर्चाले विवेच्य महाकाव्यको काव्यस्थानका रूपमा समुद्रलाई समेत समाविष्ट गरेको देखिन्छ ।

## ५.२.११ युद्ध वर्णन

द्वितीय सर्गमा विश्वामित्रको यज्ञ ध्वंस गर्न आएका मारीच, दुर्वाहुहरूले चारैतर्फ रामले विश्वामित्रसँग आज्ञा लिई आफ्ना पराक्रमले शस्त्र र अस्त्रको वर्षा गराएर दुष्टको दललाई मारेको वर्णन गरिएको छ । धनुदण्डको ताण्डव बढ्दै गएको दोहोरो भीडन्त भएको, शस्त्रास्त्रको वर्षा भएको, चारैतिर निःश्वासको प्रवाह भएको अनि राक्षसको तवाह भएको वर्णन यसरी गरिएको छ ।

शस्त्रास्त्रका ठक्कर फाँट फाँटका,
खाई लडी घुस्मुटिईछ ताटका ।
निःश्वासको चारतिर प्रवाह भो,
उच्छ्वास ती राक्षसको तवाह भो ॥ (आ.रा. २।६८ )

यसरी राक्षसको अन्त्य हुन लागेको देखी कोही भागेका, कोही टाढा-टाढा गई लुकेका, कोही विसुरमा घुस्मुटिँदै घोप्टो परेका वर्णनले काव्यस्थानका रूपमा युद्धवर्णन आरम्भ भएको छ । छैटौं सर्गमा शूर्पणखाको नाक काटिए पछि यो खबर पाएका खर, त्रिशिर आदिले राक्षसी फौज तयार गरी रामसँग युद्ध गर्न आएका छन् । यसै क्रममा धनु, ठोक्रा सहित युद्धस्थलमा वीरता देखाउँदै उपस्थित भएका राघवले रिपुको बल तौलन लागेका छन् । यसैक्रममा गरिएको युद्ध वर्णनमा राक्षसहरूले चारैतिरबाट प्रलयसमय डाके झैं वाण, लगुड, घुयेंत्रा, शूल, रूख, रूखका हाँगा, ढुङ्गा आदिको वर्षा गरेका छन् । जवाफी प्रतिकारमा रामले भ्रकुटी खुम्चाउँदै धनुवाण जोडेर दुष्टको घमण्ड तोड्दै दृढतापूर्वक तुरुन्त हुण्डहाण्ड गरी संहारकाण्ड मच्चाएको वर्णन भएको छ । युद्धको घटनालाई पूजासँग समायोजन गर्दै महाकाव्यमा शत्रुहरूको रगतलाई पाद्य (पूजामा पाउ धुने जल), शरीरको धडलाई नैवेद्य, सयौं हातहरूलाई ध्वजा पताका, अनगिन्ति टाउकालाई मालासँग तुलना गर्दै अविचलित रघुवंशी सिंहको (रामको) वीरताले उग्रचण्डीको पूजा आराधना हुन लागेको वर्णन यसरी गरिएको छ ।

रुधिर रिपुहरूको पाद्य, नैवेद्य रुण्ड,
ध्वज भुज-शत गर्दै, माल्य वेगिन्ति मुण्ड ।
अविचल रघुवंशी सिंहको वीर-चर्या,
वरिपरि हुन लाग्यो उग्र-चण्डी-सपर्या ॥ (आ.रा. ६।५०)

यसै युद्धका क्रममा त्रिशिर र खर लगायत ‘सलह-दल जलाई चौधहजार सैन्य (६।५१) अवधकुमारले नष्ट गरेको वर्णन समेत भएको छ । जसले युद्धवर्णनलाई उत्कर्षतर्फ लाँदै गरेको छ । सुनको मृग बनी सीतारहणमा साथ दिन आएको मारीचलाई रामले सहजसँग वाण हानी मारेको प्रसङ्गले समेत युद्ध वर्णन तर्फ सङ्केत गरेको छ भने रावण र सीताको वाक्युद्धले पनि युद्धको भेदतर्फ नै सङ्केत गरेको मान्न सकिन्छ ।

सप्तम सर्गमा सीतालाई हरण गरी लङ्का लैजाने क्रममा गिद्ध (जटायु) र रावणको युद्ध भएको छ । सुरुमा जटायुले रावणको रथ ठुङ्दा-ठुङ्दा धुलोपिठो

पार्दै रावणको सेखी झारे तापनि अन्त्यमा भिड्दा भिड्दै दुष्ट रावणको प्रवल चोटले जटायु चित्ता खाई जमिनमा खसेको र उनको बाँकी आयु अन्त्य भएको वर्णन यसरी गरिएको छ ।

जाँदा जाँदै वनबिच कुनै गृध्रले दृश्य देखी,
ठुङ्दा ठुङ्दै रथ धुलिपिठी पारियो झारी सेखी ।
भिड्दा भिड्दा प्रबल खलको चोटले ती जटायु,
चित्ता खाई तलतिर गिरे, बाँकि भो अन्त्य आयु ॥ (आ.रा. ७४२)

यसैक्रममा क्रौञ्च झाडीबाट डरलाग्दो अनुहार भएको कबन्ध ह्वाङ्ग मुखबाई रामलाई आक्रमण गर्न आएको र त्यो द्रोही कबन्धलाई पनि मुक्ति दिएको वर्णन महाकाव्यमा भएको छ ।

रामसँग सुग्रीवको राज्य तथा उनकी पत्नी तारा समेत हरण गरेको बालीका बिच भएको युद्धको वर्णनले महाकाव्यमा युद्ध वर्णनको अर्को सिलसिला थपेको छ । यसै युद्धमा गदा-गदाको भिडन्त हुँदा आगाको झिल्काको लहर चलेको, फलामे दण्ड लिई एक आपसमा लडेको अन्त्यमा बालीको अति खँदिलो गदाको प्रहार छलेर बालीलाई आक्रमण गरी बालीलाई मृत्यु दिएको वर्णन गरिएको छ ।

हनुमान्ले लङ्का ध्वंश गरेको यसै क्रममा राक्षसहरूसँग भिडन्त भएको रावणको आज्ञा पाई उनका छोरा इन्द्रजित्ले हनुमान्लाई छलले समातेर ल्याई लुगाको लठारो बनाएर तेल खन्याई पुच्छुरमा बाँधेर आगो लगाइ दिएको, उनले त्यही आगोले लङ्का दहन गरेको वर्णनले युद्ध वर्णनलाई थप उत्कर्ष दिएको छ ।

युद्ध तथा युद्ध वर्णनको चरमोत्कर्ष महाकाव्यमा राम-रावण युद्धमा भएको छ । अङ्गदको दूतकर्म पश्चात् रावणको अन्तिम उपाय दण्ड नै भएको निर्णय गरेका राम तथा रामका लक्ष्मण अनि वानरादि सेनाले युद्धको तयारी गरेका छन् । भेरी,दुन्दुभि, शङ्ख आदि वाजाका स्वरले आकास नै घन्काउँदै रामका सेनाहरू रामले युद्धमा लगेका छन् । त्यो देखी राक्षसवर्ग पनि त्यस्तै बाजा त्यसरी नै बजाउँदै घमण्डको मदमा उम्लेर भेलै सरह निस्किएका अनि दोहोरो भिडन्त भएको जसले युद्धको मैदान संहार

गर्ने वेदी जस्तै भएको वर्णन गरिएको छ । तेजिला हतियारहरूको चमक चारैतर्फ फर्काएका, नगरा ढोलहरूको ध्वनि अनि जोशिलो गर्जाइका स्वरले राक्षसले जगत् नै गुञ्जायमान गराई चर्काएका अनि त्यस्तै राम पक्षका सेनाको तमकले त्रैलोक्य थर्काएको वर्णन महाकाव्यमा गरिएको छ (आ.रा. ११।३७-३८) ।

फर्सा, तोमर, शूल, मुङ्ग्रो, गदा, भाला, कटारी, छुरी लगायत कयौं डरलाग्दा शस्त्र-अस्त्रले राक्षसीहरूले गरेको आक्रमणको जवाफमा शूरा वानरहरूले खड्ग, वाण, वन्चरो, च्याप्सा, ढुङ्गा तथा रूखको आक्रमणले विपक्षीलाई चोट दिँदै स्वपक्षको बलियो रक्षा गरेको युद्धको सजीव वर्णन महाकाव्यमा यसरी भएको छ ।

फर्सा, तोमर, शूल, मुद्‌गर, गदा, भाला, कटारी, छुरी,
कैयन् भीषण शस्त्रअस्त्रहरूको पर्रा छुट्यो आसुरी ।
शूरा वानर खड्ग, वाण, परशु, च्याप्सा, शिला, वृक्षको
गर्थे चोट विपक्षमाथि, बलियो रक्षा गरी पक्षको ॥ (आ.रा. ११।३९)

शस्त्रास्त्रको सङ्घर्ष भई विजुली सरी चम्किएको, शुत्रहरूको गर्जनले मेघ गर्जना गरेको अनि पानीका वर्षा सरी वाणका असङ्ख्य लहरी छुटेकोले प्रलयको कुहिरो झैं देखिएकोले सबै तर्सेको वर्णन भएको छ । यसैक्रममा रामको बाहुदण्ड राक्षसहरूको घमण्ड तोड्ने, धनुको नृत्य, दुवै पक्षको हानाहान, ठोकाठोक, काटाकाटका बीचमा दुष्टहरू मरेका, निश्चेष्ट भएका, लक्ष्मणले राक्षसका छातीको रगतले पृथ्वी भिजाई लडेका, अनि धड र टाउको छुट्टाएका, दुर्गन्धले युद्धस्थल भरिएको अनि कयौं स्याल गिद्धहरूको भोज सरह भएको वर्णनले स्वाभाविकता र विश्वसनीयता थपेको छ । राम, लक्ष्मण, सुग्रीव, अङ्गद हनुमान् मिली राक्षसको समूहको अन्त्य गरेको, मुर्छा हुँदा मात्र निमिषभर संग्रामको विश्राम भएको, रामले कुम्भकर्ण तथा लक्ष्मणले इन्द्रजितको वध गरेको अनि राक्षसका प्रख्यात दलप्रमुखहरूको शोकले रावण दोधारमा परेको वर्णन (आ.रा. ११।४६) गरिएको छ । यसैक्रममा रावणले हडबडी साथ आँखी भौंको रन्थनिएको चेष्टा प्रकट गर्दै बादलको थुप्रो जस्तो दुर्दुष्टि दिई गर्जना गर्दै असङ्ख्य तीखा वाणका समूहले चारै दिशामा आक्रमण गर्दा रामका सेनामा आतसको बर्खे रातरूपी आतङ्क फैलाएको छ ।

उत्र्यो अद्भुत सम्भ्रम भ्रुकुटिको उद्भ्रान्त चेष्टा भरी,
अभ्र-व्यूह-समान रावण, दिँदै दुर्दृष्टि विद्युत् सरी ।
गर्जी तीक्ष्ण असङ्ख्य वाण-गणले छोपेर सारा दिशा,
फैलायो प्रतिपक्ष राम-दलमा आतङ्क वर्षा-निशा ॥ (आ.रा. ११।४७)

एकैनाशले दसै दिशा घुमी घुमी वाणको वर्षा गराउने दस मुख र बीस हात भएको रावणले नाम अनुसारको काम गर्दा सम्मुख परेका वानरहरू तर्सेर दङ्ग परेको वर्णन गरिएको छ । रावणको महा-अंहकारपूर्ण हुङ्कार धमाधम गड्केको अनि राघवको धनुको चटाचट टङ्कार र ठङ्कारका बीच अन्धाधुन्ध धनुको वर्षा हुँदा युद्ध मैदानमा ताण्डव चलेको बाण लागेर टाउको आकाशमा अनि गींड जमिनमा रन्थनिंदा मुर्कट्टाको नाच वाणको टुप्पामा उनिएर आकाशिएका टाएकाले देखेको (आ.रा. ११।४९) वर्णनले युद्धको चरमोत्कर्ष भएको छ ।

रिसले चुर सर्पको भ्रान्ति गराई रामको सेना रावणले भड्काएको रामले युद्ध मैदानमा लामो समयसम्म रावण सेनालाई त्राहि त्राहि गराएको दुईतर्फी घमासान युद्धले संहारको रूप लिएको यस प्रकारको युद्ध न आज अघि कहिल्यै भयो न भविष्यमा नै होला भनी लेखिएको वर्णनले युद्धलाई 'न भूतो न भविष्यति' भन्ने संज्ञा यसरी दिइएको छ ।

क्रोध-व्याप्त भुजङ्गको भ्रम भरी भड्काउने रावण,
त्राहि त्राहि गराइ राम रणमा गर्ने युगान्त-क्षण ।
दोतर्फा घमसान घोर घटना संहारको देखियो,
यस्तो युद्ध भयो न ता पछि हुने होला भनी लेखियो । (आ.रा. ११।५०)

यसप्रकारको युद्धमा रावणको छातिमा विषालु वाणले रामले डङ्का दिई रावणको अन्त्य गरेको वर्णनसँगै महाकाव्यमा युद्ध वर्णनको अवसान भएको छ ।

### ५.२.१२ यात्रा वर्णन

राम लक्ष्मण विश्वामित्रको यज्ञमा भएको विघ्न नाश गर्ने उद्देश्य अनुरूप कौशिक ऋषिसँग उनको आश्रम जाँदाको वर्णनले यात्रा वर्णनको श्रृङ्खला आरम्भ

भएको छ । यस प्रसङ्गमा पुराना रमणीय कीर्तन गर्दै, राजकुमारका मनमा खुसी भर्दै, अनेक सूक्ति सहित दृश्यहरू देखाउँदै महर्षिले यात्रामा सजिलैसँग बाटो कटाएको वर्णन महाकाव्यमा यसरी भएको छ ।

गर्दै पुराना रमणीय कीर्तन
भर्दै खुशीमा नृप-पुत्रको मन ।
देखाउँदै दृश्य अनेक सूक्तिले,
बाटो कटाए सहजै महर्षिले ॥ (आ.रा. २।४६)

सीतालाई खोज्ने क्रममा सुग्रीवादिलाई लिएर रावणको घमण्ड तोड्न लङ्काको यात्रा तय गरेको वर्णन महाकाव्यमा भएकै छ । यसैगरी फुर्तिलो गौरवका साथ नगरा कर्णालको घोष सहित विजय उत्साहका साथ यात्रा गरिएको वर्णन समेत महाकाव्यमा गरिएको छ (आ.रा. ११।१४-१६) ।

यात्रावर्णनको उत्कर्षका रूपमा रामको १४ वर्षको वनवास सकी अयोध्या तर्फको विमान यात्रा गरेको प्रसङ्ग रहेको छ । दायाँ बायाँ भाइ र पत्नी अनि सुग्रीव, विभीषण, हनुमान् आदि पुष्पक यान भित्र राखी गरिएको विमान यात्राका क्रममा आकाशबाट देखिने पृथ्वीको वर्णन समेत भएको छ ।

### ५.२.१३ रात्रि समय वर्णन

साँझको अन्धकार समूहले दिवाकालको पर्दा हटाई रात्रीकालीन पर्दा बदलेको जसबाट आकाशमा आँखाले केही नदेखेको, आँखाको बाटो (दृश्य) बन्द भएकोले पूर्वबाट चन्द्रमाले बाटो खुलाउन सुरु गर्दा नयाँ छाँट देखिएको वर्णनले रात्री समयको झलक देखा परेको छ । साँझलाई रजोगुण प्रधान, रातलाई तमोगुण प्रधान अनि चन्द्रमालाई सत्त्वगुण प्रधान मान्दै महाकाव्यमा रात्री समयलाई त्रिगुण (रातो, कालो र सेतो क्रमशः रज, तम र सत्व) सँग यसरी तुलना गरिएको छ ।

सन्ध्या रजो-गुण चढाइ बढाइँ भर्थ्यो ।
रात्री तमो-गुण बढाइ बढाइँ भर्थ्यो ।
फैलाइ सत्त्व-गुणका अनमोल विन्दु,

शुद्धयाउने हुन गए सबलाई इन्दु ॥ (आ.रा. १३।५७)

यसप्रकार गरिएको रात्रि समय वर्णनले महाकाव्यको काव्यस्थानमा विस्तार गर्दै महाकाव्यलाई थप स्वाभाविक तुल्याएको छ ।

### ५.२.१४ यज्ञ वर्णन (अश्वमेध यज्ञ)

ऋषि आश्रमका यज्ञका अतिरिक्त महाकाव्यमा विशेष महत्त्वका साथ हेरिने अश्वमेध यज्ञको वर्णन समेत गरिएको छ । जीवनलाई पानीको फोका जस्तो जानेर राघवले उत्तम सद्धर्मको कर्म हयमेधको आरम्भ गरेको, यज्ञको घोडा घुमाइ ल्याएर ऋषिमुनिहरू बोलाई, दिशा-दिशाका राजाहरू समेतलाई बोलाएर वैदिक विधि विधान सहित यज्ञ भएको छ । वैदिक विधि समातेर प्रत्येक क्षण वेद ध्वनिका साथ वशिष्ठ गुरूको निरीक्षणमा यज्ञका सबै कार्य पूर्ण भएको वर्णन यसरी गरिएको छ ।

श्रौत विधान समाई,
वेद-ध्वनि भै प्रतिक्षणमा ।
पूर्ण भयो कार्य सबै,
वशिष्ठ गुरुको निरीक्षणमा ॥ (आ.रा. १६।६५)

यज्ञको कारण समस्त देवलोक मस्त भएको अनि यज्ञान्तको उत्सव/भोजमा समस्त नरलोक पनि आनन्दित भएको वर्णन गरिएको छ । यसै प्रसङ्गले स्वर्ग वर्णनलाई समेत समेट्न खोजिएको छ । यज्ञको हविले/प्रभावले स्वर्ग आनन्दित हुने प्रसङ्गले महाकाव्यको काव्यस्थानका रूपमा स्वर्गलाई चटक्कै बिर्सिएको भन्न नपाइने व्यवस्था समेत गरिएको छ ।

### ५.२.१५ पुत्रजन्म वर्णन

दशरथको तीनवटी रानी कौशल्या, कैकेयी र सुमित्रामध्ये कसैबाट पनि सन्तान नभए पछि तीर्थ, व्रत, दान, धर्मका प्रभावले तीनवटी रानीबाट क्रमशः राम, भरत अनि शत्रुघ्न र लक्ष्मण गरी चार पुरुषार्थ समानका चारवटा छोरा जन्मेको वर्णन गरिएको छ । पुत्रजन्मले पितृको ऋणबाट समेत मुक्ति हुने अभिव्यक्ति दिँदै पुत्रलाई मोक्षका दाताका रूपमा समेत व्याख्या गरिएको छ । यसप्रकार पुत्रको महत्त्व, पुत्र प्राप्तिका

लागि गरिएको सत्कर्म अनि पुत्रजन्म वर्णन तथा पुत्रप्राप्ति पश्चात् प्राप्त आनन्दको वर्णन समेतले महाकाव्यमा पुत्रजन्म वर्णनलाई सशक्त तुल्याइएको छ ।

नक्षत्र साथ लिइ निर्मल पूर्ण चन्द्र,
जस्तै हुँदा प्रकट सानुज रामचन्द्र ।
आनन्द-मग्न जन मस्त भएर नाचे,
सन्तोषको रस अनन्त गराई साँचे ॥ (आ.रा. १।६७)

महाकाव्यमा समग्र जीवनको अभिव्यक्ति हुनुपर्ने अपेक्षा अनुरूप भएको वर्णनमा दशरथको कोखबाट प्रथम सर्गमा जन्मिएका रामको १६ सर्गमा जुम्ल्याहा छोरा कुश र लवको जन्म भएको प्रसङ्ग समेतले पुत्र जन्म वर्णनलाई व्यापक तुल्याएको छ । गर्भिणी सीतालाई वाल्मीकि आश्रममा ल्याई छोडिएको स्थानमै शुभ समय लिई जुम्ल्याहा छोरा भएको र वाल्मीकिले कुशलव नामकरण गरेको वर्णन यसरी भएको छ ।

शुभ समय लिई जन्मे
सीता-सुत तेजिला यमल ।
कुशलव भनि मुनिबाटै
नाम दिई, रोपियो कुशल ॥ (आ.रा. १६।५२)

### ५.२.१६ चन्द्रोदय वर्णन

पूर्णिमाको पूर्ण चन्द्रोदयको वर्णनले महाकाव्यको चन्द्रोदय काव्यस्थानको अपेक्षा पूर्ण गरेको छ । भूलोकमा राम उदाए सरी, आकाशमा पूर्ण चन्द्रमाको उदय भएको अनि राम र जानकी धरामा सुहाए सरी गगनमा चन्द्रिका साथ चन्द्रमा सुहाएको तुलना गर्दै चन्द्रोदयको वर्णन आरम्भ भएको छ । वसन्त ऋतुको रात्रीकालीन भव्य शोभा अनि सबै दिशाको देह सुगन्धी भएको स्थितिमा जुनेली प्रभाले अमृतको प्रवाह गराएको वर्णन गरिएको छ । जुनेली रातको उज्यालोमा लोक आनन्दित भएको, चन्द्रोदयले रातको अँध्यारो भगाई आनन्दकारी उज्यालो प्रदान गरेकोले चारै दिशाले जयन्ती मनाएको वर्णन भएको छ । आकाशमा उषा र निशाको लुकाछिपी भकुण्डो

खेल ताराहरूले हेर्न लागेको वर्णन भएको छ । चन्द्रमाको ज्योतिले आकाश गम्म भएको अनि उज्यालो अमृतले डम्म अघाई दिशा, पहाड, पृथ्वी अनि समुद्र समेत उज्यालो भएको वर्णन महाकाव्यमा यसरी भएको छ ।

भई चन्द्रको ज्योतिले व्योम गम्म,
प्रभाको सुधाले अघाएर डम्म ।
दिशा शैल पृथ्वी समुद्रान्तसम्म,
उज्यालो रहेको छ पारी अचम्म ॥ (आ.रा. १४।८)

यसप्रकार चन्द्रोदयको व्यापक वर्णन विवेच्य महाकाव्यमा भएको छ ।

### ५.२.१७ वसन्त ऋतु वर्णन

ठाउँ-ठाउँमा वसन्त ऋतुको सकारात्मक एवम् नकारात्मक प्रभावको वर्णन गरिएको विवेच्य महाकाव्यमा २६ श्लोक खर्चंदै वसन्त ऋतु उपशीर्षककै रचना गरिएको छ । यस उपशीर्षकमा भएको वसन्त ऋतु वर्णनले महाकाव्यको काव्यस्थानका रूपमा आउने ऋतु वर्णनको थप अपेक्षा पूर्ति गरेको छ । शीतल शीतको कमी भएको वर्णन गरी शिशिर ऋतुको समाप्ती पछि वसन्त ऋतुको उदय भई चित्र विचित्रका प्राकृतिक छवि प्रकट भएकाले प्रकृतिको सृष्टिको सिर्जना नै सुन्दर भएको वर्णन यसरी गरिएको छ ।

उदय भो अब सन्त वसन्तको,
प्रकट भो छवि चित्र विचित्रको ।
कम भयो बल शीतल शीतको
रुचिर भो अनि सर्ग निसर्गको ॥ (आ.रा. ८।१)

हिमालको सुन्दरता, तलाउमा सरोज (कमल) फुलेको, अशोक निश्चिन्त भई बढेको वर्णन गर्दै शतिल शीत, आतप आँत, बादलका दल समेत वसन्त ऋतुमा नहुने वर्णन गरी अन्य वसन्तेतर ऋतुको कमजोरी देखाई वसन्त ऋतुको महत्त्वमाथि प्रकाश पारिएको छ । मनै खुसी तुल्याउने फूल फुलेर, वकुलका रमणीय चाल देखेर अनि शिशिरको जाडो पर भएर लोकमा अनि वनमा समेत रमणीयता बढेको वर्णन

गरिएको छ । मौरीहरूले मह बटुल्न लाग्ने, शिशिर ऋतुमा पातहरू झरी कमजोर भएका रूख, लहरा आदिमा नव पालुवाले तागत भरेका दृश्यहरूले जनलाई आनन्दित बनाएका छन् । फूल फुलेर वसन्तको स्वागत गरेको, कोइलीको स्वर र भ्रमरको हालको वर्णन गरी सूर्यका किरणले हिमालयका हिँउ पग्लन लागेको वर्णन समेत गरिएको छ । समयको तुलनासहित वसन्त ऋतुलाई ऋतु राजको संज्ञा दिई वसन्त ऋतुमा प्राकृतिक कार्यको महिमा बढेको अनि सृष्टिमा सुन्दरता चढेको वर्णन यसरी भएको छ ।

गजब भो जब भो ऋतु राज यो,
समयको मयको तुलना भयो ।
प्रकृतिको कृतिको महिमा बढ्यो,
निसिपको सिपको सुषमा चढ्यो ॥ (आ.रा. ८।११)

वसन्त ऋतुमा कमलको सुन्दरता अनि फूलहरूको वास्ना तथा रस चुस्न मौरी र भमराको आगमनको दृश्य, हरियो चौर तथा वनको दृश्य, वनभोजको भवन झैं बनेको, भोग विलासको प्रसव भएको, भोक प्यास समेत मेट्न सक्ने किसिमको वसन्त ऋतुको मनमोहक वर्णनका साथमा विवेच्य महाकाव्यमा सीताको विरहलाई वसन्त ऋतुको समयमा रामले विरह थप्ने भनी वसन्त ऋतुको प्रतिकुल अवस्था समेतको वर्णन गरिएको छ । जसले प्रकृतिको एउटै दृश्य समेत सम्बन्धित व्यक्तिको हृदय भावका आधारमा फरक-फरक देखिने सङ्केत समेत गरी वसन्त ऋतु वर्णन गरेका छन् ।

## ५.२.१८ सम्भोग वा विप्रलम्भ श्रृङ्गार

विवेच्य महाकाव्यमा राम र सीताको मिलनको क्षणमा सम्भोग श्रृङ्गारको तथा विरहका समयमा विप्रलम्भ श्रृङ्गारको समेत वर्णन भएको छ । सिद्धान्त अनुरूप दुई मध्ये कुनै एक मात्र वर्णन भए पनि हुने अवस्थामा स्वाभाविक दुई अवस्थाको सिर्जना हुँदा दुवै श्रृङ्गारको वर्णन भएको छ ।

यसप्रकार आदर्श राघव महाकाव्यको परिवेश विधानको अध्ययन, विश्लेषण गर्दा परिवेश विधानका क्रममा आएका विविध काव्यस्थानले कथावस्तुमा तथा चरित्रमा पूर्ण प्रभाव पार्न सकेको छैन । अनि कतिपय काव्यस्थान सिद्धान्तको परिपालना गर्ने उद्देश्यलाई प्रधान मानी आएका छन् । अझ कतिपय स्थानमा काव्यस्थानमा कथानकादि प्रकाशित गर्न सकिएको छैन । तर पनि आचार्य विश्वनाथको परिवेश सम्बन्धी सिद्धान्त अनुरूप विवेच्य महाकाव्यमा विविध काव्यस्थानहरूको नगर वन, मुनि, अन्धकार, प्रातःकाल, विवाह, वसन्तादि ऋतु, सिकार, समुद्र, युद्ध, यात्रा, रात्रिसमय, यज्ञ, पुत्रजन्म, चन्द्रोदय, सम्भोग तथा विप्रलम्भ श्रृङ्गारको यथोचित वर्णन गर्दै स्वर्ग, दिवा समय, सन्ध्याकाल आदि समेतको चर्चा गरिएको छ । अतः परिवेश विधानका दृष्टिमा विवेच्य महाकाव्य पूर्णतः विश्वनाथको सिद्धान्त अनुरूप रहेको मूल्याङ्कित भएको छ ।

## ५.३ 'आदर्श-राघव' महाकाव्यको शीर्षकीकरण

महाकाव्यको परिचायक चिन्ह शीर्षक भएको हुँदा शीर्षकीकरणको महाकाव्यमा ठूलो भूमिका रहन्छ । महाकाव्यलाई खुम्च्चाउँदै अन्तिम विन्दुमा पुऱ्याउँदा शीर्षक बन्ने अनि शीर्षकलाई विधिवत् तन्काउँदै जाँदा महाकाव्यको सिर्जना हुने मतलाई मान्ने हो भने शीर्षकलाई बीज अनि महाकाव्यलाई पूर्ण वृक्ष मान्नु सान्दर्भिक देखिन्छ । के पढियो?, भन्ने प्रश्नले विधाको अपेक्षा गरे झैं कुन पढियो?, भन्ने प्रश्नले शीर्षकको अपेक्षा गरेको हुन्छ । जे होस् शीर्षकले परिचय दिएकै हुन्छ । महाकाव्यको शीर्षकीकरणतर्फ स्पष्ट सङ्केत गर्दै त्यसको सिद्धान्त समेत प्रस्तुत गर्ने पूर्वीय महाकाव्य चिन्तक आचार्य विश्वनाथ नै रहेका छन् । शीर्षकीकरण/नामकरण-का सन्दर्भमा उनको मत यस्तो रहेको छ - महाकाव्यको शीर्षककीकरण/नामकरण कविनाम वा नायकनाम वा अन्य कसैका नामका आधारमा गरिनुपर्छ भने अवान्तर सर्गको शीर्षक त्यसमा वर्णित कथा अनुरूप हुनुपर्छ । यसप्रकार विश्वनाथको शीर्षकीकरण सम्बन्धी मान्यता अनुरूप विवेच्य महाकाव्यको अवान्तर शीर्षकको चर्चा गर्दै शीर्षकीकरणको अध्ययन विश्लेषण गरी मूल्याङ्कन समेत गरिएको छ ।

### ५.३.१ 'आदर्श-राघव' महाकाव्यका सर्गमा अन्तर्निहित अवान्तर शीर्षक

प्रथम सर्गमा मङ्गल, उपक्रम, साकेत, पूर्ववृत्त, पितृमातृ-वृत्तान्त, अपुत्रता, श्रीरामादिजन्म र आनन्दोत्सव गरी नौवटा उपशीर्षक अर्थात् अवान्तर सर्गको शीर्षक रहेका छन् । मङ्गल शीर्षकमा मङ्गलाचरण गरिएको, उपक्रम शीर्षकमा रामको चरित्रको वर्णन गरी महाकाव्यको आरम्भ गरिएको, साकेत शीर्षकमा अयोध्या/साकेतको वर्णन गरिएको, पूर्ववृत्त शीर्षकमा रामायण महाकाव्यलाई उपजीव्य बनाएको प्रसङ्गसँगै राघवको वंशवर्णन गरिएको, पितृमातृ-वृत्तान्तमा राघवका माता पिताको परिचय एवं विशेषता बताइएको, अपुत्रता शीर्षकमा दशरथको सन्तान/छोरा नभएको वर्णन गरिएको, श्रीरामादिजन्म शीर्षकमा धर्मकर्म गरी श्रीराम र उनको अन्य तीन भाइको जन्म भएको वर्णन गरिएको, अनि आनन्दोत्सव शीर्षकमा पुत्र जन्मले दशरथादि र अयोध्याबासीले हर्षित हुँदै आनन्द प्रकट गरेको वर्णन गरिएको छ ।

द्वितीय सर्गमा गार्हस्थ, बाल-संस्कार-शिक्षा, विश्वामित्रको आगमन, आश्रमतिर प्रस्थान, विश्वमित्राश्रम, यज्ञविघ्न ध्वंस, रामको अभिनन्दन र रात्री विश्राम गरी आठवटा अवान्तर शीर्षक रहेका छन् । गार्हस्थ्य शीर्षकमा चार आश्रमको परचय दिँदै गृहस्थाश्रमको वर्णन गरिएको, बाल-संस्कार-शिक्षा शीर्षकमा रामादिको शिक्षा र संस्कारको अभिव्यक्ति दिइएको, विश्वामित्रको आगमन शीर्षकमा राम लक्ष्मणलाई यज्ञको रक्षा गर्न लैजाने उद्देश्य सहित विश्वामित्र ऋषि अयोध्या आएको वर्णन गरिएको, आश्रमतिर प्रस्थान शीर्षकमा राम र लक्ष्मणलाई लिएर विश्वामित्र आफ्नो आश्रमतर्फ गएको वर्णन गरिएको, विश्वामित्राश्रम शीर्षकमा विश्वामित्र आश्रमको वर्णन गरिएको, यज्ञविघ्नध्वंश शीर्षकमा यज्ञ विथोल्न आएका राक्षसलाई रामले दमन गरी यज्ञको रक्षा गरेको वर्णन गरिएको, रामको अभिनन्द शीर्षकमा यज्ञको विघ्न नाश गरेकामा सबै ऋषि तथा उनका शिष्यले रामको प्रशंसा तथा अभिनन्दन गरेको वर्णन गरिएको अनि रात्री विश्राम शीर्षकमा रातको वर्णन तथा रामादिले विश्राम गरेको वर्णन गरिएको छ ।

तृतीय सर्गमा प्रातः काल, मिथिलागमन, शिवधनुर्भङ्ग, सीता-स्वयंवर, विवाह, परशुराम दमन र अयोध्या-गमन गरी सातवटा अवान्तर शीर्षक रहेका छन् । प्रातःकाल

शीर्षकमा विहानीको, मिथिलागमन शीर्षकमा राम, लक्ष्मण र विश्वामित्र मिथिला/जनकपुर गएको, शिवधनुर्भङ्ग शीर्षकमा रामले शिवधनुमा ताँदो चढाउँदा सो धनु भाँचिएको, सीता-स्वयंवर शीर्षकमा सीताले रामलाई स्वयंवरण गरेको, विवाह शीर्षकमा राम र सीताको विवाहसँगै भरतादिको पनि विवाह भएको, परशुराम दमन शीर्षकमा रामले वीरता र धीरताले परशुरामको दमन गर्दै उनको हृदयमा आफ्नो महत्त्व प्रकाशित गराएको अनि अयोध्या-गमन शीर्षकमा दशरथ रामादि छोरा बुहारीका साथ स्वराज्य अयोध्या गएको वर्णन गरिएको छ ।

चतुर्थ सर्गमा उत्तर-वयको विचार, यौवराज्यभङ्ग, राम-वनवास, लक्ष्मणको दृढ प्रेम, सीताको पतिभक्ति, वन-प्रस्थान, अयोध्यामा शोक, भरत विलाप र भरतको प्रस्थान गरी नौवटा अवान्तर शीर्षक रहेका छन् । उत्तर-वयको विचार शीर्षकमा दशरथले आफ्नो उमेर ढल्केकाले रामलाई युवराज घोषणा गर्ने सोच गरेको, यौवराज्य-भङ्ग शीर्षकमा रामलाई युवराज घोषणा गरेको अनि कैकेयीको दुई वरले तुरुन्त रामको युवराजपद भङ्ग भएको, राम-वनवास शीर्षकमा कैकेयीको माग बमोजिम वनवास-जान तयार भई दशरथलाई सम्झाएको, लक्ष्मणको दृढप्रेम शीर्षकमा लक्ष्मण रामसँगै वनवास जान दृढ भएको, सीताको पतिभक्ति शीर्षकमा सीताले महलको सुख त्यागी पति रामसँगै वनवास जान तत्पर भएको, वन-प्रस्थान शीर्षकमा राम, सीता र लक्ष्मण वनवास गएको, अयोध्यामा शोक शीर्षकमा रामादिको वनवास यात्राले शोकमग्न अयोध्यामा दशरथको मृत्युले थप शोक थपेको, भरत विलाप शीर्षकमा भरतले विलाप गर्दै दशरथको काजक्रिया गरेको अनि भरतको प्रस्थान शीर्षकमा पितालाई फर्काउन नसके पनि भ्रातालाई फर्काएर अयोध्या ल्याउने उद्देश्यले मातादिसहित भरत वनतर्फ प्रस्थान गरेको वर्णन गरिएको छ ।

पञ्चम सर्गमा पितृ-शोक, वशिष्ठको प्रबोधन, भरतादिको विनय, रामको अटल निष्ठा र भरतको प्रत्यावर्तन गरी पाँचवटा अवान्तर शीर्षक रहेका छन् । पितृ-शोक शीर्षकमा भरतादिको मुखबाट पिताको मृत्युको खबर सुनेका राम पितृशोकमा शोकमग्न भएको, वशिष्ठको प्रबोधन शीर्षकमा पितृशोकले विक्षिप्त रामलाई वशिष्ठले तत्त्वज्ञान दिँदै सम्झाएको, भरतादिको विनय शीर्षकमा भरत, कैकेयी, कौशल्या, प्रजा,

गुरु आदि सबैले रामलाई अयोध्या फर्काई राजकाज चलाउन अनुरोध गरेको, रामको अटल निष्ठा शीर्षकमा उनले वेदरूपी पितृवाक्यको अवज्ञा हुने गरी वनवासको समय व्यतित नगरी अयोध्या नफर्कने दृढ निष्ठा प्रकट गरेको अनि भरतको प्रत्यावर्तन शीर्षकमा रामको निष्ठा देखेर भरत रामको खराउ बोकी अयोध्यामै फर्किएको वर्णन गरिएको छ ।

षष्ठ सर्गमा शारदी शोभा, पञ्चवटी-प्रवेश, रामाश्रम, दिनचर्या, हेमन्त समय, शूर्पणखादि-दमन र मारीच वध गरी सातवटा अवान्तर शीर्षक रहेका छन् । शारदी शोभा शीर्षकमा शरद् ऋतु र त्यसको वातावरणीय शोभाको, पञ्चवटी-प्रवेश शीर्षकमा अयोध्याबाट अझ टाढा जाने उद्देश्यले रामादि पञ्चवटी पुगेको, रामाश्रम शीर्षकमा पञ्चवटीमा रामको आश्रम (निवास स्थान) तयार गरी त्यसको विस्तृत वर्णन भएको, दिनचर्या शीर्षकमा राम, लक्ष्मण र सीताको दैनिक जन-जीवनको, हेमन्त समय शीर्षकमा हेमन्त ऋतु र त्यसको प्रभावको, शूर्पणखादि-दमन शीर्षकमा शूर्पणखाको कामुक आक्रमण खप्न नसकी लक्ष्मणले उनको नाक काटिदिएको यो खबर सुनी लडाइँ गर्न आएका खर, त्रिशिर आदिलाई रामले दमन गरेको अनि मारीच वध शीर्षकमा सुनका मृग बनी छल गर्न आएको मारीचलाई रामले बध गरेको वर्णन गरिएको छ ।

सप्तम सर्गमा रावणको दुष्टता, सीता-हरण, लङ्का-नयन, रामको व्याकुलता, रामको धैर्य, जटायु र कबन्धको सद्गति, शबरी-सङ्गम र पम्पा प्राप्ति गरी आठवटा अवान्तर शीर्षक रहेका छन् । रावणको दुष्टता शीर्षकमा रावणको दुश्चरित्रको चर्चा गर्दै रावणले सीता हर्ने दृष्टता गर्न लागेको, सीता-हरण शीर्षकमा एक्ली सीतालाई जोगीको भेषमा आई अनेक प्रलोभन देखाउँदा पनि केही नलागे पछि सीतालाई जवर्जस्ती हरण गरेको, लङ्का-नयन शीर्षकमा जटायुले अवरोध गर्दा उसैलाई मारी सीतालाई रावणले आफ्नो देश लङ्का लगेको, रामको व्याकुलता शीर्षकमा आश्रममा आईपुग्दा सीतालाई कहीँ कतै नदेखी रामले विलौना गरेको, रामको धैर्य शीर्षकमा रामलाई सम्झाउन खोज्दा उल्टै लक्ष्मणले डाँको छोडी रुन लागेपछि रामले धैर्यपूर्वक लक्ष्मणलाई दुवै मिली सीतालाई खोज्न जाऔं

भनी सम्झाएको, जटायु र कबन्धको सद्गति शीर्षकमा खोज्दै जाँदा बाटोमा जटायुको मृत्यु भएको अनि रावणको चिन्ह त्यहाँ फेला परेकाले यथार्थ पत्ता लागी जटायुको सद्गत गरेको र कबन्धको आक्रमणलाई प्रतिकार गर्दा उसले पनि सद्गति पाएको, शबरी-सङ्गम शीर्षकमा रामलक्ष्मणको शबरीसँग भेट भएको अनि पम्पा प्राप्ति शीर्षकमा रामलक्ष्मण पम्पा सरोवरमा पुगेको वर्णन गरिएको छ ।

अष्टम सर्गमा वसन्त ऋतु, वासन्तिक वाधा र वानरसङ्गम गरी जम्मा तीनवटा अवान्तर शीर्षक रहेका छन् । वसन्त ऋतु शीर्षकमा वसन्त ऋतु अनि वसन्त ऋतुको मनोहर वातावरणको, वासन्तिक वाधा शीर्षकमा वसन्त ऋतुको मनोहरतामा पनि राघवको विरहको प्रस्तुति दिइएको अनि वानर-सङ्गम शीर्षकमा सुग्रीव, हनुमान् आदि वानरहरूसँग भेट भई वार्तालाप भएको वर्णन गरिएको छ ।

नवम सर्गमा मित्र-लाभ, सुग्रीव-सङ्गम र मित्रता, सुग्रीवलाई राज्य-लाभ, ऋतुपरिवर्तन, वानरप्रेषण र हनुमानको साहस गरी ६ वटा अवान्तर शीर्षक रहेका छन् । मित्र-लाभ शीर्षकमा असल मित्रबाट हुने फाइदाको, सुग्रीव-सङ्गम र मित्रता शीर्षकमा सुग्रीवसँग रामको भेट भएको अनि रामले बालीसँग लडी सुग्रीवलाई राज्य र श्रीमती फिर्ता दिलाउने तथा सुग्रीवले सीतालाई खोज्न सघाउने भनी गरिएको सम्झौताअनुरूप रामले बाली दमन गरेको, सुग्रीवलाई राज्यलाभ शीर्षकमा बालीको दमन गरिएकाले सुग्रीवले श्रीमती तारा र आफ्नो राज्य प्राप्त गरेको, ऋतु परिवर्तन शीर्षकमा ग्रीष्म पछि वर्षा हुँदै शरद् ऋतुको आगमन भएको, वानरप्रेषण शीर्षकमा सुग्रीवले आफ्ना वानर सेनालाई सीताको खोजी गर्न यत्र तत्र पठाएको अनि हनुमान्को साहस शीर्षकमा सीताको खोजीमा गएका हनुमानादि वानर सेनाले लङ्कामा सीता भएको पत्ता लगाई लङ्का जाने बाटोमा रहेको विशाल समुद्र हनुमान्ले उडेर पार गर्ने साहस गरेको वर्णन गरिएको छ ।

दशम सर्गमा उत्साह र साहस, समुद्र-प्लवन, सीता-दर्शन, हनूमत्सीता-संवाद, लङ्का-विध्वंस, लङ्का-दहन, हनुमान्को प्रत्यागमन र लङ्का-यात्रा-प्रबन्ध गरी आठवटा शीर्षक रहेका छन् । उत्साह र साहस शीर्षकमा हनुमान्ले उत्साह र साहस देखाउँदै समुद्र उडेर पार गर्न नजिकैको पहाड चढेको, समुद्र-प्लवन शीर्षकमा

विविध सङ्घर्षका बाबजुद हनुमान्ले समुद्रपार गरी लङ्कामा पुगेको, सीता-दर्शन शीर्षकमा हनुमान्ले अशोक वनमा सीतालाई देखेको, हनूमत्सीता-संवाद शीर्षकमा हनुमानसँग सीताको चिनजान भई दुवैका बीच वार्तालाप भएको, लङ्का-विध्वंश शीर्षकमा क्रोधित हनुमान्ले लङ्कामा तोडफोड गर्दै लङ्कालाई क्षत-विक्षत बनाएको, लङ्का-दहन शीर्षकमा रावणादिले हनुमान्को पुच्छरमा लगाएको आगोले हनुमान्ले उल्टै लङ्का जलाएको, हनुमान्को प्रत्यागमन शीर्षकमा लङ्काबाट हनुमान् रामादि भएको स्थान किष्किन्धामा आएको अनि लङ्का-यात्रा-प्रबन्ध शीर्षकमा सीता लङ्कामा भएको खबर हनुमान्ले बताएपछि युद्ध गर्नका लागि रामले वानरादि सेना समेत भई लङ्का जाने यात्राको तयारी गरेको वर्णन गरिएको छ ।

एकादश सर्गमा रावणको अधर्म प्रकृति, विजय-यात्रा, सामुद्रिक प्रतिबन्ध, सेतु-निर्माण, समुद्र-पारगमन, विभीषणको ग्रहण, अङ्गदको दूतकर्म, राम-रावण युद्ध, रावण-वध, सीताको भेट र आश्वासन र विभीषण-राज्य गरी एघार वटा अवान्तर शीर्षक रहेका छन् । रावणको अधर्मप्रकृति शीर्षकमा रावणको सद्वंश (पितृ) तथा असद्वंश (मातृ) को चर्चा गर्दै रावणको अधार्मिक गतिविधिको, विजय-यात्रा शीर्षकमा रामादिको विजयको उत्साह सहित किष्किन्धादेखि समुद्रतिरसम्मको यात्राको, सामुद्रिक प्रतिबन्ध शीर्षकमा समुद्रले लङ्काको यात्रामा अवरोध खडा गरेको, सेतु-निर्माण शीर्षकमा रामादिले लङ्का जान समुद्रमा पहाडी वस्तुहरूको प्रयोग गरी पुल बनाएको, समुद्र-पारगमन शीर्षकमा रामादि समुद्र तरी लङ्काको नजिकै सुबेल गिरि पुगेको, विभीषणको ग्रहण शीर्षकमा रावणलाई सदुपदेश दिँदा राज्यबाट निकालिएका रावणका भाइ विभीषणलाई रामले एकै दृष्टिमा जाँच गरी आफ्नो साथमा लिएको/शरण दिएको, अङ्गदको दूतकर्म शीर्षकमा रामाज्ञानुसार अङ्गदले रावण समक्ष गई रामको सन्देश 'रामसँग माफी मागी जानकीलाई रामको चरणमा सुम्पी' आफ्नो ज्यान जोगाउने सन्देश सुनाएको तर रावणले अङ्गदमाथि आक्रमण गरेको, राम-रावण युद्ध शीर्षकमा रामलाई दण्ड दिनु नै उचित भनी निष्कर्ष निकाली रामादिले रावाणदिसँग घमासान युद्ध गरेको, रावण-वध शीर्षकमा रामले रावणलाई मारेको, सीताको भेट र आश्वासन शीर्षकमा राम र सीताको भेट

भएको रामले सीतालाई जाँची अब नछुटिने भनी आश्वस्त पारेको अनि विभीषण-राज्य शीर्षकमा लङ्काको राजसिंहासनमा रामले विभीषणलाई राजकाजको (राजपदको) टीका लगाई दिएको वर्णन गरिएको छ ।

द्वादश सर्गमा विजयानन्द, रामको विमान-यात्रा, भरद्वाजाश्रम प्राप्ति, भरतादिको प्रत्युद्गमन, आत्मीय-समागम, हर्षोदय, पुर-प्रासाद-प्रवेश र आनन्दवृद्धि गरी आठवटा अवान्तर शीर्षक रहेका छन् । विजयानन्द शीर्षकमा विभीषण, सुग्रीवादि वानर सेना, प्रजा समेतले रावणमाथि रामको विजय भएको उपलक्ष्यमा हर्षसाथ विजय उत्सव मनाएको, रामको विमान यात्रा शीर्षकमा १४ वर्षको वनवास सकी रामादि विभीषण, वानर सेना सहित अयोध्या जान विमानमा यात्रा गरेको, भरद्वाजाश्रम प्राप्ति शीर्षकमा रामादिको विमान भरद्वाजको आश्रममा आएपछि रोकेको अनि हुनमान्लाई अयोध्यामा सूचन गर्न पठाएको, भरतादिको प्रत्युद्गमन शीर्षकमा हनुमान्को रामदि अयोध्या आएको सूचना पाई भरत, मातादि, प्रजा, गुरु आदि रामादि लिन निस्किएको, आत्मीय भेटघाट भएको, हर्षोदय शीर्षकमा रामको आगमनले मन्त्री, भारदार, प्रजा बान्धव आदिमा खुसी छाएको, पुर-प्रासाद-प्रवेश शीर्षकमा रामादि वैदिक मन्त्र, वाजा-गाजा सहित अयोध्या हुँदै दरबार प्रवेश गरेको, अनि आनन्दवृद्धि शीर्षकमा अयोध्याबासी सबैमा आनन्द प्राप्ति भएको वर्णन गरिएको छ ।

त्रयोदश सर्गमा सम्मान, श्रीराम-राज्याभिषेक, नगर-यात्रोत्सव, वशिष्ठको शुभोपदेश, प्रजामा आनन्दोत्सव, सुग्रीवहरूको विदाइ र रात्रि-समय गरी सातवटा अवान्तर शीर्षक रहेका छन् । सम्मान शीर्षकमा राजा रामको सम्मानको, श्रीराम-राज्याभिषेक शीर्षकमा अयोध्याका राजाका रूपमा रामको राज्याभिषेक भएको, नगरयात्रोत्सव शीर्षकमा राजा भए पछि राम अयोध्याका गाउँ, सहरमा रथ यात्रा गर्दै हिँड्दा उत्सव भएको, वशिष्ठको शुभोपदेश शीर्षकमा वशिष्ठले रामलाई लक्ष्य गर्दै सबैका माझ अर्ति, ज्ञान एवम्  उपदेश दिएको, प्रजामा आनन्दोत्सव शीर्षकमा प्रजा हर्षित भई रामराज्यमा उत्सव मनाउँदै गरेको, सुग्रीवहरूको विदाइ शीर्षकमा सुग्रीव, अङ्गद, विभीषण, हनुमान् आदि उचित समयमा रामसँग विदा मागी

आ-आफ्नो देश फर्किएको अनि रात्रि समय शीर्षकमा रातको समयको वर्णन गरिएको छ ।

चतुर्दश सर्गमा चन्द्रोदय, रामको आनन्दवाणी, सीताको प्रेमोक्ति र राज-कार्य-चिन्ता गरी चारवटा अवान्तर शीर्षक रहेका छन् । चन्द्रोदय शीर्षकमा चन्द्रोदयको रामको  आनन्दवाणी शीर्षकमा राम र सीताका बीच वार्ता हुँदा रामले वनवासी र अहिले (राज्यबासी) जीवनको तुलना गर्दै सीतालाई आनन्द लाग्ने कुराहरू गरेका, सीताको प्रेमोक्ति शीर्षकमा सीताले रामलाई प्रेम व्यक्त गरेको तथा नयाँ सृष्टिको विचारको प्रादुर्भाव भएको अनि राज-कार्य-चिन्ता शीर्षकमा रामले आफ्नो सुखमा नभई राज्य र जनताको सुखमा समर्पित हुनुपर्छ भनी चिन्तन गरेको वर्णन गरिएको छ ।

पञ्चदश सर्गमा सौराज्य, धर्मरक्षा, कार्यप्रबन्ध, देश-शोभा, सन्नीति, राजा र प्रजाको प्रेम र भक्ति, सैनिक शक्ति, प्रताप र कीर्तिगान, गरी नौवटा अवान्तर शीर्षक रहेका छन् । सौराज्य शीर्षकमा रामको असल राजकाजको, धर्म-रक्षा शीर्षकमा धर्मको वर्णन गर्दै रामको राजकाजकालमा धर्मको रक्षा भएको, कार्यप्रबन्ध शीर्षकमा रामले ब्राहमण, क्षेत्री, वैश्य, शुद्रको वर्णानुसार कार्य विभाजन गरेको सोही बमोजिम आनन्दसाथ सबैले आ-आफ्नो कार्य वहन गरेको, देश-शोभा शीर्षकमा देशमा आर्थिक विकासका कार्यहरूले देशको चौतर्फी विकास अनि शोभा बढेको, सन्नीति शीर्षकमा सत् न्यायले/धर्मको न्यायले शासन गरेकाले दण्डनीतिको आवश्यकता नरहेको, राजा र प्रजाको प्रेम र भक्ति शीर्षकमा राजाको प्रजाप्रतिको अगाध माया तथा प्रजाको राजाप्रतिको असीम भक्तिको, सैनिक शक्ति शीर्षकमा अयोध्याको अतुलनीय सैनिक शक्तिले अन्य राष्ट्रहरू शरण पर्न आएको, प्रताप शीर्षकमा रामको प्रतापको अनि कीर्तिगान शीर्षकमा रामको राज्य व्यवस्थाबाट सुखी तथा आनन्दित भई सबैले रामकै गुणगान गाएको वर्णन गरिएको छ ।

षोडश सर्गमा संसार, सीताको त्याग, सीताको वेदना, लक्ष्मणको विषाद, वाल्मीकिको आश्रममा बास, सीतालाई प्रबोधन, कुश-लव-जन्मसंस्कार, रामको अवस्था, अश्वमेघ यज्ञ, कुश-लवको प्रवेश, वाल्मीकिको उक्ति, सीताको उदयास्त र जयजयकार

गरी सबैभन्दा बढी तेह्रवटा अवान्तर शीर्षक रहेका छन् । संसार शीर्षकमा संसारको दुःखरूपको वर्णन, सीताको त्याग शीर्षकमा धोबीले सीताप्रति गरेको शङ्कालाई लोक रञ्जन भन्दै दोहनको भाव देखाई वाल्मीकि तपोवनमा लगी त्याग गरी आउन लक्ष्मणलाई रामले आज्ञा दिएको, सीताको वेदना शीर्षकमा दोहद-विहार सम्झी अयोध्याबाट वाल्मीकि तपोवन पुगेकी सीताको विरहको, लक्ष्मणको विषाद शीर्षकमा लक्ष्मणले पतिब्रता भाउज्यूलाई गर्भिणी अवस्थामा तपोवनमा छोडी आउनु परेकामा खेद प्रकट गर्दै अयोध्या फर्केको, वाल्मीकिको आश्रममा बास शीर्षकमा तपोवनमा छोडिएकी सीतालाई वाल्मीकिका शिष्यले आश्रमनेर ल्याएर बास बसाएको, सीतालाई प्रबोधन शीर्षकमा वाल्मीकिले दुःखको समुद्रमा डुबेर निसासिने देखिएकी सीतालाई सम्झाउँदै तत्त्वज्ञान तथा योगविद्याको ज्ञान दिँदै सम्झाएको, कुश-लव-जन्मसंस्कार शीर्षकमा सीताको गर्भबाट जुम्ल्याहा छोरा जन्मिएका ऋषिले कुश-लव नामकरण गरी उचित शिक्षा एवम् संस्कार दिँदै रामचरित कण्ठस्थ गराएको, रामको अवस्था शीर्षकमा सीताको चिन्तामा रामको हृदय शुष्क भई राजकाजको भारले मात्र चैतन्य यन्त्रले सन्तप्त जीवन चलाएको, अश्वमेधयज्ञ शीर्षकमा रामले विधिपूर्वक अश्वमेध यज्ञ गरेको, कुशलवको प्रवेश शीर्षकमा वाल्मीकिलाई निमन्त्रण गर्दा उनको साथ लागेर आएका कुशलवले यज्ञसभामा प्रवेश गरी राम चरित गाएको, वाल्मीकिको उक्ति शीर्षकमा यज्ञपत्नीका रूपमा सीताको मूर्तिले स्थान पाएको देखी सीताको पवित्रता एवम् कुशलताले कुलको मर्यादा पालन गर्न सक्ने कथन प्रस्तुत गरेको, सीताको उदयास्त शीर्षकमा सबैको आग्रहमा अयोध्या ल्याइएकी सीताले सङ्कल्प मात्रले आत्मा रामको आत्मामा तथा शरीर पञ्चतत्त्वमा मिलाएको अनि जयजयकार शीर्षकमा सबैले राम र सीताको जयगान गरेको वर्णन गरिएको छ ।

यसै क्रममा प्रत्येक सर्गलाई छुट्टा-छुट्टै शीर्षक दिनु पर्ने विश्वनाथको मान्यता नभए तापनि सिग्द्यालले महाकाव्यको प्रत्येक सर्गका अन्त्यमा क्रमशः रामचन्द्र जन्म, बालचरित्र, विवाहोत्सव, रामवनगमन, राम-प्रबोधन, पञ्चवटी-निवास, सीता हरण, वसन्तस्थिति, सुग्रीव-सङ्गम, लङ्का-विध्वंस, रावणवध, राम-प्रत्यावर्तन, राज्याभिषेक,

चन्द्रोदय, राम-राज्य र सीतान्तर्धान गरी प्रत्येक सर्गका प्रमुख अवान्तर शीर्षकलाई सर्ग शीर्षकका रूपमा व्यक्त गरेका छन् ।

यसप्रकार घटीमा तिनवटा अवान्तर शीर्षक (अष्टम सर्ग) देखि बढीमा तेह्रवटा अवान्तर शीर्षक (षोडश सर्ग) सम्म पाइएको अनि कुल १२२ अवान्तर शीर्षक भएको विवेच्य महाकाव्यको अवान्तर शीर्षक घटीमा दुई श्लोक (उदाहरण हेमन्त समय)देखि बढीमा ३० (सुग्रीव संगम र मित्रता) श्लोकसम्म विस्तारित भएको छ । आचार्य विश्वनाथको मान्यता अनुरूप महाकाव्यमा प्रत्येक सर्गमा अवान्तर शीर्षक दिइएको अझ भन्ने हो भने विनाअवान्तर शीर्षकको एक श्लोक पनि नभएको देखिन्छ भने अवान्तर शीर्षक त्यसमा वर्णित कथादि अनुरूप नै भएको पाइन्छ ।

### ५.३.२ 'आदर्श-राघव' महाकाव्यको शीर्षकीकरण

'आदर्श-राघव' शीर्षकमा आदर्श र राघव गरी दुई शब्दहरू समस्त शब्दका रूपमा आएका छन् । महाकाव्यमा श्रीरामको अर्को नामका रूपमा राघव शब्दको प्रयोग पटक-पटक गरिएको छ भने उनको चरित्र चित्रण गर्दा उनलाई सर्वतोभावेन आदर्श पात्रका रूपमा प्रस्तुत गरिएको छ । यसरी राघवको चरित्र ऐना झैं (आदर्श झैं) स्वच्छ, निर्मल अनि पारदर्शी देखा परेको छ । अतः महाकाव्यको शीर्षकीकरण सार्थक देखा परेको छ । आचार्य विश्वनाथका अनुसार महाकाव्यको शीर्षक नायक नामका आधारमा राखिनु पर्ने पहिलो प्राथमिकतालाई स्पष्ट रूपमा अनुपालन गरिएको छ ।

यसका अतिरिक्त रामको आदर्श पात्रका रूपमा महाकाव्यमा शिवलाई प्रस्तुत गरिएको 'गर्दा चिन्तन इष्ट देव शिवको, श्रद्धा गरी रामले' (आ.रा. ११।१९) छ । शिवको अर्को नाम सोमनाथ समेत रहेको छ । यस प्रकार 'आदर्श-राघव' को विग्रह गर्दा रामका आदर्श भनी गरिएमा महाकाव्यको शीर्षकले शिवलाई समेटिएको अनि शिवको अर्को नाम सोमनाथ भएकाले अप्रत्यक्ष एवम् गुढ रूपमा कविनामलाई समेत प्रस्तुत शीर्षकले सङ्केत गर्न सक्ने देखिएको छ ।

यसैगरी पाणिनि व्याकरणका अनुसार रघुका सन्तान (तस्यापत्यम् ४।१।९२) भन्ने विग्रहअनुसार रघु+अण् (अ) मिली राघव शब्द बन्दछ । अपत्य अर्थात् सन्तान (छोरा) ले गोत्रलाई समेत बुझाउने पाणिनी व्याकरणको निष्कर्ष रहेको छ । यस प्रकार राघव शब्दले महाकाव्यमा दशरथ, लक्ष्मण, भरत, शत्रुघ्न, कुश-लव समेतलाई बुझाएको पाइन्छ । दशरथलाई आदर्श राजा, पिता, पति, शिष्य आदिका रूपमा अनि लक्ष्मणलाई आदर्श भ्राता तथा देवरको रूपमा र भरतलाई पनि आदर्श-पुत्र, भ्राता आदिका रूपमा चित्रण गरिएको पुष्टि यिनीहरूको चरित्र चित्रण अन्तर्गत नै भएको पाइन्छ । शत्रुघ्नको चरित्रको वर्णन महाकाव्यमा नभए तापनि कुश र लवलाई पनि आदर्श पुत्र तथा शिष्यकै रूपमा महाकाव्यमा प्रस्तुत गरिएको छ । यस प्रकार 'आदर्श-राघव' को शीर्षकीकरण रघुका सन्तानको अर्थमा समेत सार्थक देखिएको छ । जसले महाकाव्यको शीर्षकीकरण अन्य कुनै पात्रको नामका आधारमा गरिनुपर्छ भन्ने आचार्य विश्वनाथको मत समेत समेटिएको छ ।

यसप्रकार 'आदर्श-राघव' महाकाव्यको शीर्षक अभिधार्थमा नायकको विशेषण सहितको नामका आधारमा रहेको छ, जसले राघवको आदर्श रूपलाई चित्रण गरेको छ । साङ्केतिक रूपमा रामका आदर्श शिव अर्थात् सोमनाथका रूपमा कविनामका आधारमा रहेको छ । व्याकरणिक दृष्टिमा राघवको शाब्दिक अर्थका आधारमा रघुकुलको आदर्शलाई समेत देखाइएको छ । जसले क्रमशः नायकनाम, कविनाम तथा अन्य नामका आधारमा शीर्षकीकरण भएको जनाएको छ । यति हुँदा हुँदै पनि राघव अर्थात् रामलाई आदर्शका रूपमा प्रस्तुत गर्नु महाकाव्यको पहिलो प्राथमिकता रहे अनुरूप नायकनामका आधारमा शीर्षक बढी सार्थक रहेको छ भने अन्य नामलाई समेत समायोजन गरिएकै छ । जसले आचार्य विश्वनाथको महाकाव्यको नामकरण कविनाम वा नायक नाम वा अन्य कसैका नामका आधारमा गरिनुपर्छ भन्ने मान्यताको अनि अवान्तर सर्गको शीर्षक त्यसमा वर्णित कथा अनुरूप भएकाले विवेच्य महाकाव्यको शीर्षकीकरणले आचार्यको सिद्धान्तको अक्षरशः अनुपालन गरेको नै छ ।

## ५.४ निष्कर्ष

'आदर्श-राघव' महाकाव्यको कृतिगत विश्लेषणका लागि परिवेश विधान तथा शीर्षकीकरणको अध्ययन, विश्लेषण र मूल्याङ्कन प्रस्तुत परिच्छेदमा गरिएको छ । विवेच्य महाकाव्यमा परिवेश विधानका क्रममा विविध काव्यस्थानका रूपमा नगर, वन, भूमि, अन्धकार प्रातः काल, विवाह, वसन्तादि ऋतु, सिकार, समुद्र, युद्ध, यात्रा, रात्रि समय, यज्ञ, पुत्रजन्म, चन्द्रोदय, सम्भोग तथा विप्रलम्भ श्रृङ्गार समेतको यथोचित वर्णन भएको छ भने स्वर्ग, दिवा समय, सन्ध्याकाल समेतको यथोचित चर्चा भएको छ । परिवेशले कथानक तथा चरित्रलाई पूर्ण रूपले प्रभावित नपारे तापनि परिवेश विधान सशक्त रहेको छ । 'आदर्श-राघव' महाकाव्यमा कूल १२२ अवान्तर शीर्षक रहेका छन् । अवान्तर शीर्षक त्यसमा वर्णित विषयवस्तु तथा कथा अनुरूप नै रहेका छन् । आदर्श विशेषण सहितको नायक नाम राघवको समस्त शब्द 'आदर्श-राघव' विवेच्य महाकाव्यको शीर्षक रहेको छ । यसले अभिधेयार्थका रूपमा राघवको आदर्श रूपको, साङ्केतिक रूपमा रामका आदर्श शिव अर्थात् सोमनाथको अनि व्याकरणिक रूपमा रघुका सन्तानको आदर्श रूपको अर्थ प्रदान गर्ने हुँदा क्रमशः विशेषण सहित नायक नामको कविनामको अनि विशेषण सहित अन्य 'रघुका सन्तान' नामको आधारमा नामकरण भएको अभिव्यक्त भएको छ । जसमध्ये समग्र महाकाव्यको मूल केन्द्रविन्दु रामको आदर्श रूपको चित्रण नै रहेको छ । अतः शीर्षक सार्थक समेत रहेको छ । अतः प्रस्तुत महाकाव्यको परिवेश विधान र शीर्षकीकरण आचार्य विश्वनाथको सिद्धान्त अनुरूप भएको मूल्याङ्कन गरिएको छ ।

# षष्ठ परिच्छेद

# शोध सारांश तथा निष्कर्ष

## ६.१ शोध सारांश

आदर्श-राघव महाकाव्यको कृतिगत विश्लेषण शीर्षकको प्रस्तुत शोधपत्रमा ६ ओटा परिच्छेदहरू रहेका छन् । प्रथम परिच्छेद शोध परिचय र षष्ठ परिच्छेद शोध निष्कर्ष शोधको औपचारिक भागका रूपमा आएका छन् । द्वितीय परिच्छेद महाकाव्य विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा निर्माण गर्ने सैद्धान्तिक प्रकृतिको रहेको छ । बाँकी तृतीय, चतुर्थ तथा पञ्चम परिच्छेदमा द्वितीय परिच्छेदमा निर्मित आधार तथा ढाँचा बमोजिम महाकाव्यको कृतिगत अध्ययन विश्लेषण गरिएको छ ।

द्वितीय परिच्छेदमा महाकाव्य विश्लेषणको पाश्चात्य तथा पूर्वीय उल्लेखनीय सिद्धान्तको चर्चा गर्दै विवेच्य महाकाव्य विश्लेषणका लागि पूर्वीय महाकाव्य चिन्तक आचार्य विश्वनाथले आफ्नो लक्षण ग्रन्थ *साहित्य दर्पण*को षष्ठ परिच्छेदका २१५ श्लोकदेखि २२८ श्लोकसम्म निर्दिष्ट महाकाव्य मान्यताको आधार उपयुक्त हुने कारण समेत प्रस्तुत गर्दै सोही आधारमा महाकाव्यको विश्लेषण गर्ने ठहर गरिएको छ । यसै क्रममा विश्वनाथको महाकाव्य लक्षणमा निर्दिष्ट महाकाव्य तत्त्वहरू सर्गबद्धता, कथावस्तु, पात्रविधान, रसाभिव्यक्ति, लयविधान, उद्देश्य, परिवेशविधान र शीर्षकीकरणलाई नै प्रस्तुत शोधपत्रको ढाँचा बनाइएको छ ।

तृतीय परिच्छेदमा आदर्श-राघव महाकाव्यको सर्गबद्धता, कथावस्तु र पात्रविधानको अध्ययन-विश्लेषण गरिएको छ । शोध्य महाकाव्यमा अष्टाधिक सोह्र सर्ग रहेका छन् । जो न ज्यादा लामा छन्, न ज्यादा छोटा नै छन्, अर्थात् प्रत्येक सर्ग समानुपातिक दृष्टिमा मझौला आकारका छन् । विवेच्य महाकाव्यको कथावस्तुमा वाल्मीकि *रामायण* तथा *योगवाशिष्ठ*लाई उपजीव्य स्रोत बनाई  भाव नबिग्रने गरेर प्रशस्त मौलिकता तथा नवीन दार्शनिक दृष्टिकोण समेत थपिएको छ । कथावस्तु इतिहास-पुराण प्रसिद्ध छ । रामादि सत् पात्रको प्रशंसा तथा रावणादि असत् पात्रको

निन्दा गर्दै सर्गान्तमा भावी कथाको सङ्केत दिँदै पञ्चसन्धियुक्त सदाश्रित (रामाश्रित) महाकाव्यको कथानक अन्य महाकाव्य मान्यताको अनुपालन गर्दा-गर्दै सुगठित एवम् सुसङ्गठित नभई ठाउँ-ठाउँमा खण्डित भए तापनि सिद्धान्त अनुरूप नै रहेको छ । प्रस्तुत महाकाव्यका नायक हिन्दू धर्म अनुसार विष्णुका अवतारका रूपमा देवता तथा मानवका रूपमा रघुवंशी, छेत्री राजाका रूपमा आएका छन् । रामचन्द्रको चरित्रलाई धीर तथा उदात्त चरित्रका रूपमा महाकाव्यमा चित्रण गरिएको छ । अन्य पात्रहरूको भव्यता देखाइएको छैन भने अन्य पात्रहरू रामकै भव्योदात्त चरित्र चित्रणका परिपूरकका रूपमा समेत आएका छन् ।

चतुर्थ परिच्छेदमा शोध्य महाकाव्यको रसाभिव्यक्ति, लयविधान र उद्देश्यको सापेक्षतामा अध्ययन विश्लेषण गरिएको छ । महाकाव्यमा अङ्गी रसका रूपमा शान्त रस अभिव्यक्त भएको छ भने अन्य सबै रसको अङ्ग रूपमा अभिव्यक्ति गरिएको छ । झण्डै दुई दर्जन छन्दहरूको प्रयोगले महाकाव्यको लय विधान व्याप्त भएको छ । समपाद तथा अर्धसमपाद छन्दहरूको समेत प्रयोग गरिएको यस महाकाव्यमा दुई ओटा मात्रिक र एक्काइस ओटा वर्णमात्रिक छन्दको प्रयोग भएको छ । वर्णविन्यासमा हेरफेर गरेरै भए पनि छन्द मिलान गरिएकै छ । सबै सर्गको अन्त्यमा छन्द परिवर्तन गरिएको छ । सर्गान्तमा परिवर्तित छन्द बाहेक एक सर्गमा एकमात्र छन्दको प्रयोग (६, ७, ११, १३ र १६औं) गरी पाँच सर्गमा भएको छ भने बाँकी एघार सर्गमा अनेक छन्दको प्रयोग भएको छ । पुरुषार्थ चतुष्टय धर्म, अर्थ, काम र मोक्षको यथायोग्य चित्रण गरिएको यस महाकाव्यमा मोक्षलाई नै फलका रूपमा अभिव्यक्त गरिएको छ । अतः मोक्ष नै महाकाव्यको प्रमुख उद्देश्य बनेको छ ।

पञ्चम परिच्छेदमा शोध्य महाकाव्यको परिवेशविधान र शीर्षकीकरणको अध्ययन विश्लेषण गरिएको छ । महाकाव्यमा विश्वनाथले सूचीबद्ध गरेका विविध काव्यस्थानको वर्णन गरिएको छ । परिवेशले कथानकमा तथा पात्रका कार्यव्यापारमा पूर्णतया नियन्त्रण गर्न नसके तापनि परिवेश विधान सिद्धान्त अनुरूप भएको पाइन्छ । राघव नामपदका साथमा आदर्श विशेषण सहितको समस्त शब्द आदर्श-राघव महाकाव्यको शीर्षक रहेको छ । जसले सामान्य अर्थमा नायक राघव (रामचन्द्र)को

आदर्शको उद्घाटनमा व्याप्त भएकाले शीर्षक नायक नामका आधारमा राखिएको छ अनि सार्थक समेत देखिएको छ । यसका अतिरिक्त शीर्षक समस्त शब्दका रुममा भएकाले रामका आदर्शका अर्थमा शिव अर्थात् सोमनाथका रूपमा कविनामलाई समेत अप्रत्यक्ष रूपमा सङ्केत गर्न सक्षम देखा परेको छ । रघुका सन्तान/वंशका अर्थमा राघव शब्दको व्युत्पत्ति गर्दा समेत रघुका सन्तान/वंशका रूपमा महाकाव्यमा प्रयुक्त रामका अतिरिक्त अन्य पात्रहरू दशरथ, लक्ष्मण, भरत, लव तथा कुशमा पनि आदर्शकै प्रतिरूप देखाइएकाले शीर्षक यस अर्थमा अन्य नामका आधारमा राखिएको भन्न समेत सकिन्छ । जसले शीर्षकको सार्थकता समेत देखाएको छ । कूल १२२ अवान्तर शीर्षकहरू समेत त्यसमा वर्णित घटना/विषय/प्रसङ्ग अनुरूप रहेका छन् । अतः शीर्षकीकरण समेत आचार्यको सिद्धान्त अनुरूप रहेको छ ।

## ६.२ शोध निष्कर्ष

प्रस्तुत शोधपत्रको निष्कर्षलाई बुँदागत रूपमा यस प्रकार व्यक्त गरिएको छ ।

(क) विवेच्य महाकाव्यमा सोह्र सर्ग तथा १०६२ श्लोक रहेका छन् ।

(ख) महाकाव्यका सबै सर्ग समानुपातिक दृष्टिले मझौला आकारका छन् ।

(ग) वाल्मीकि रामायणलाई उपजीव्य स्रोत बनाए तापनि महाकाव्यको कथानकमा मौलिकता तथा नवीन दृष्टिकोणको सूत्रपात समेत भएको छ ।

(घ) महाकाव्यको कथानक पञ्चसन्धियुक्त, सर्गान्तमा भावी कथाको सङ्केत गर्दै सत् पात्रको प्रशंसा अनि असत् पात्रको निन्दा गर्दै अघि बढेको छ ।

(ङ) महाकाव्यका नायक रामको चरित्र हिन्दू धर्मानुसार देवता तथा मानवीय गुणका आधारमा रघुवंशी, धीर अनि उदात्त छेत्री राजाका रूपमा समेत चित्रण भएको छ ।

(च) यस महाकाव्यमा शान्त रस अङ्गी रस तथा अन्य सबै रस अङ्ग रसका रूपमा अभिव्यक्त भएका छन् ।

(छ) महाकाव्यको प्रत्येक सर्गको अन्त्यमा छन्द परिवर्तन गरिएको छ ।

(ज) ६, ७, ११, १३ र १६-औं गरी पाँच सर्गमा सर्गान्तमा परिवर्तित छन्द बाहेक एक छन्द तथा बाँकी एघार सर्गमा अनेक छन्दको प्रयोग भएको छ ।

(झ) धर्म, अर्थ र कामको समेत चित्रण भएको यस महाकाव्यमा मोक्षको चित्रण फल अर्थात् प्रमुख उद्देश्यका रूपमा भएको छ ।

(ञ) महाकाव्यमा विविध स्थानको प्रयोगले परिवेशविधान भव्य देखिएको छ ।

(ट) महाकाव्यमा वर्णित विषय, घटना तथा प्रसङ्ग अनुरूप कूल १२२ अवान्तर शीर्षकको प्रयोग भएको छ ।

(ठ) रामका आदर्श रूपहरूको चित्रण गरिएको विवेच्य महाकाव्यको शीर्षक नायक नामको केन्द्रीयतामा, कविनामलाई अप्रत्यक्ष सङ्केत गर्दै अन्य रघुका सन्तानको नामलाई समेत समायोजन गर्न सबल देखिएको छ ।

यस प्रकार विवेच्य महाकाव्यमा पूर्वाचार्यहरूको मतलाई समायोजन गर्दै नवीन चिन्तनको थप प्रकाशन समेत गरिएको आचार्य विश्वनाथको महाकाव्य मान्यताको अक्षरशः अनुपालन भएको छ । यस अर्थमा *आदर्श-राघव* महाकाव्य नेपाली महाकाव्य परम्पराकै आदर्श उदाहरण बन्न सफल भएको छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, ऋषीश्वर (२०६३),"आदर्श राघव महाकाव्यमा अलङ्कार विधान", अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.के.वि. त्रि.वि. कीर्तिपुर ।

अवस्थी, महादेव (२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* इन्टेलेक्चुअल्ल बुक प्यालेश: कीर्तिपुर ।

आचार्य, नरहरि (२०४९), *सोमनाथ सिग्द्याल र उनको महाकाव्य साधना,* काठमाडौं : सोमनाथ सिग्द्याल शतवार्षिकी समिति ।

आचार्य, बाबुराम (२०४९) "आदर्श राघवको तत्सम शब्दकोश" अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.के.वि. त्रि.वि. कीर्तिपुर ।

जोशी, ताराप्रसाद (२०२७), *आदर्शराघवको शास्त्रीय विवेचना,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव (२०३२), *सिंहावलोकन,* दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ।

पराजुली, ठाकुर (२०५६), *नेपाली साहित्यको परिक्रमा,* दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन ।

पहाडी, वामदेव (२०३८) "आदर्श राघव महाकाव्यमा शून्य युगबोध" *रूपरेखा,* २२:४, पृ. २६-३२ ।

मिश्र, सत्येन्द्र सम्पा. (ई. १९७१), *काव्यालङ्कारम्,* पाँचौ संस्करण, वाराणसी : चौखम्बा विद्याभवन ।

शास्त्री, शिवनारायण सम्पा. (ई. २००९), *काव्यादर्श:,* दोस्रो संस्करण, दिल्ली : परिमल पब्लिकेशन्स ।

शुक्ल, रामदेव सम्पा. (ई.२०१०), *काव्यालङ्कार:,* दोस्रो संस्करण, वाराणसी : चौखम्बा विद्याभवन ।

सिग्द्याल, सोमनाथ (२०१७), *साहित्य प्रदीप,* काठमाडौ : साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०५०), *आदर्श-राघव,* पाँचौं संस्करण, काठमाडौं : साझा प्रकाशन ।

सिंह, सत्यव्रत, सम्पा. (ई. १९९२), *साहित्य दर्पण:,* नवौं संस्करण, वाराणसी : चौखम्बा विद्याभवन ।